वर्ष १ अङ्क ८ / २०६४, भदौ

# शारदा

## मासिक



*शारदा* का ऐतिहासिक मौलिक पृष्ठहरू

पारिजातको नाटकको विवेचना

विजय मल्लकृत अनुराधाको समालोचना

समसामयिक व्यङ्ग्य

सिर्जना मञ्च

संस्कृति-परम्परा

सामयिकी

साथमा

कविता, कथा, लघुकथा, गीत, गजल, मुक्तक, लेख, निबन्ध, संस्मरणलगायत स्थायी स्तम्भ *कैफियत*

८


SPA
CASINO
GOLF
The Fulbari
RESORT & SPA
POKHARA • NEPAL
Destination Paradise
Tel No: 432451,431675, Fax No:431482, Email:resvpkr@fulbari.com.np Website: http://www.fulbari.com

वर्ष १, अङ्क ८
वि.सं. २०६४ भदौ

शारदा

जि.प्र.का.का. द.नं. ५२/०६३
स्थापना दर्ता नं. ००१
प्रथम प्रकाशन मिति : वि.सं. १९९१ फागुन

संस्थापक सम्पादक/प्रकाशक
सुब्बा ऋद्धिबहादुर मल्ल

संस्थापक सदस्य
सिद्धिबहादुर मल्ल

प्रकाशक
शान्तबहादुर मल्ल

सल्लाहकार-मण्डल
शिव रेग्मी
इन्द्र माली
मोहन दुवाल
उद्धव उपाध्याय
कोमल प्रकाश घिमिरे

प्रधान सम्पादक
नरेन्द्रबहादुर श्रेष्ठ

कार्यकारी सम्पादक
विमल भौकाजी




*साहित्य सुधा संचार गरी*
*जगजीवनमा अमरत्व भरी*
*प्राण प्राणमा स्फूर्ति दिलाई*
*बनन शारदा उरको माली*

# सम्पादकीय

राजनीतिक सङ्कटले देशबाट अझै निकास पाइसकेको छैन। यस अवस्थामा *शारदा* ले यस पटकको सम्पादकीयमा साहित्यिक मूल-धारबाट केही पृथकता खोजेको छ।

गत महिना मात्रै दिनदहाडै राजधानीका व्यस्त सडकहरूमा शृङ्खलावद्ध भएका वम-विस्फोटनले अनभिज्ञ स्कुले किशोर-किशोरीहरूलाई समेत आफ्नो फन्दामा पार्‍यो, त्यसको केही समयलगत्तै बुद्ध-भूमि कपिलवस्तुमा वीभत्स रूपमा फैलिएको तथाकथित साम्प्रदायिक दङ्गाले दर्जनौं निर्दोष व्यक्तिहरूलाई मृत्युको मुखमा धकेलिदियो।

सुन्दैमा कहालिलाग्दो ती घटनाक्रमका मृत्यु-दृश्यहरूले के सङ्केत गरेको छ भने, आज विश्वभर मौलाउँदै गएको आतङ्कबाट यति चाँडै पार पाउन सकिन्न - जति आतङ्कवादविरुद्ध राजनीतिज्ञहरू डिङ् हाँक्ने गर्छन्।

टेलिभिजनका समाचारमा देखाइने दृश्याङ्कन देखेर बालबालिकाहरू सोध्ने गर्छन् - किन पोखिन्छ रगत यस्तरी ?

बालबालिकाहरूका मनमा त्रासले घर जमाएको छ। बिहान विद्यालय जाँदा वा विद्यालयबाट घर फर्कंदा सकुशल रहिन्छ कि रहिन्न ? सशङ्कित छन् उनीहरू।

थाहा छैन तिनलाई, यो मूलतः राजनीति हो। र, यही राजनीतिको कारोबारले बालबालिकाको पठन-पाठनमा प्रत्यक्ष असर पुर्‍याउँदै आइरहेको छ। फलस्वरूप बालबालिकाभित्र रहेका अनेक प्रतिभाहरूको उजागर हुने सम्भावना क्षीण हुँदै गइरहेको छ। अर्थात्, यही सम्भावनाभित्र साहित्य समाहित छ, संस्कृति-कला समाहित छन्, विज्ञानका आविष्कारहरू पनि समाहित छन्।

बालबालिकाको प्रतिभासँग खेलबाड गरिनु हुन्न। त्यसप्रति सरोकारवालाहरूको ध्यानाकर्षण यतिखेरको आवश्यकता हो। विशेषतः यस्तो सङ्क्रमण-समयमा अभिभावकहरू स्वयम् सचेत हुन अत्यन्त जरुरी छ।

धन्यवाद !

कार्यकारी सम्पादक

प्रधान सम्पादक

**शारदा** मासिक
वर्ष १, अङ्क ८, वि.सं. २०६४ भदौ

**शारदा** मासिकको ठेगाना
पुतलीसडक, काठमाडौं
फोन नं. ०१-२००३८४१
पो.ब.नं. १९११३
इमेल : sharadamasik@gmail.com

मूल्य रू. ५०/-
भारतमा भा. रू. ५०/-
विदेशमा $ २.००

**Sharada Masik**
A collection of Contemporary Nepali Literature

साजसज्जा : पूर्ण कार्की/आनन्द राउत

मुद्रण
हिसी अफसेट प्रेस, जमल/ काठमाडौं



आवरण चित्र:



श्यामलाल श्रेष्ठ




# विषयक्रम


१. शारदाका ऐतिहासिक मौलिक पृष्ठहरू ........ ५
२. कविता /विनोद अश्रुमाली........ १३
३. अतीत /मोदनाथ प्रश्रित ........ १४
४. कथा /नीलम कार्की निहारिका ........ १७
५. गजल /रूपक वनवासी ........ २१
६. व्यङ्ग्य /नरेन्द्रराज पौडेल ........ २२
७. कविता /मनु मञ्जिल ........ २५
८. संस्मरण /भरतराज पन्त ........ २७
९. गजल /सन्तोष शर्मा 'पवन' ........ २८
१०. निबन्ध /तेजेश्वरबाबु ग्वंग: ........ २९
११. गीत /चेतन कार्की ........ ३२
१२. कविता /रमेश क्षितिज ........ ३३
१३. सामयिकी /डा. वीणा पौड्याल ........ ३४
१४. कविता /मुरारि पराजुली ........ ३७
१५. गजल /घनश्याम परिश्रमी ........ ३८
१६. समालोचना /डा. खेम दाहाल ........ ३९
१७. लघुकथा /महेश प्रसाई ........ ४८
१८. कविता /सरस्वती शर्मा 'जिज्ञासु' ........ ४९
१९. लेख /नगेन्द्रराज शर्मा रेग्मी ........ ५०
२०. कविता /टंक भट्टराई ........ ५५
२१. गजल /ज्ञान उदास ........ ५६
२२. कथा /कन्हैया नासनीन ........ ५७
२३. संस्कृति/परम्परा /सरस्वती पन्त भट्टराई ........ ६२
२४. गजल /मणिचन्द्र कैदी राना ........ ६४
२५. कविता /छबिरमण सिलवाल ........ ६५
२६. विवेचना /कृष्णप्रसाद घिमिरे ........ ६७
२७. कविता /झमक घिमिरे ........ ७४
२८. संस्मरण /रामप्रसाद पन्त ........ ७५
२९. गीत /विष्णु पौडेल ........ ७९
३०. समीक्षा /रमेश गोर्खाली ........ ८०
३१. लघुकथा /एकनारायण सुवेदी, अरुणबाबु खत्री 'नदी' ........ ८५
३२. कथा /हिरण्यकुमारी पाठक ........ ८६
३३. सिर्जनामञ्च /बरु ........ ८९
३४. पुस्तक चर्चा ........ ९०
३५. कैफियत /विमल भौकाजी ........ ९२

श्रीमान् सम्पादकज्यू,

***शारदा*** को अङ्क ५ (जेठ, ०६४) मा पुराना-नयाँ सबै सर्जकहरूलाई समेट्नु भएकोमा ***शारदा*** को निष्पक्षतामाथि गर्व लाग्यो ।

यस अङ्कको सम्पादकीयमा भनिएझैं जनताका लागि लेखिएको साहित्य जनताले पढ्ने-बुझ्ने वातावरण बनोस्।

*– इन्द्रकुमार श्रेष्ठ*
*कमलाकुञ्ज, ओखलढुङ्गा*

जेठको अङ्मा ***शारदा*** को ऐतिहासिक मौलिक पृष्ठहरू मार्फत वर्तमानमा बाटो खन्दा विगत बिर्सन हुन्न भन्ने कुरा पुष्टि भएको छ। ***शारदा*** का हरेक रचनाहरू गहकिला छन्। स्नातक र स्नाकोत्तर तहमा समाविष्ट रचनाहरू एवम् कृतिहरूका बारेमा गरिएका समालोचनासमेत ***शारदा*** मा पढ्न पाए सुनमा सुगन्ध हुने थियो।

*- लक्ष्मी रिजाल*
*रूपनगर - ७, प्रगतिटोल, सप्तरी*

अङ्क ५ अन्तर्गत 'कैफियत' शीर्षकको स्तम्भमा समेटिएको सम्मान खोज्नेले प्रेमको भाषा सिक्नुपर्छ भन्ने भावनालाई अकाट्य तथ्यका रूपमा स्वीकार्न सकिन्छ। अहिले मधेसले बनाएको घाउले पूरै नेपाल मूर्छित अवस्थामा छ । यस शाश्वत पक्षको मूल्याङ्कन साहित्यले पनि गर्नुपर्छ। राजनीतिमा पनि प्रेमले स्थान भेट्नुपर्छ। राजनीतिक दर्शन छाट्ने काम साहित्यले नगर्ला तर राजनीतिज्ञबाट अछुतो रहेर साहित्य बाँच्न सक्दैन। साहित्यिक स्रष्टाहरूले यी कुराहरूमा ध्यानदृष्टि दिन आवश्यक छ।

वस्तुपरक शैलीमा लेखिएको 'लेखिन बाँकी हामी' शीर्षकको डा. गोविन्दराज भट्टराईको लेख नै यस अङ्कको श्रेष्ठ रचना हो। जीवनको यथार्थ धरातलमा उभिएर भावी पुस्ताका निम्ति एक धरोहर बन्न यो लेख सफल छ। गीतमार्फत वर्तमान समयका विकृति-विसङ्गतिको चिरफार गर्ने इन्द्रकुमार श्रेष्ठको गजल अर्को उत्कृष्ट रचना हो । हाँसिरहेको फोटोझैं सधैँ मान्छेले हाँस्न पाए कति उत्तम हुन्थ्यो भन्ने भावना सँगालेको रामविक्रम थापाको 'हाँसिरहेको मान्छे' कविताले मन छोयो।

*- नन्दलाल आचार्य*
*लिटिल फ्लावर मावि, राजविराज - ९, सप्तरी*

केही ढिलो गरेर ***शारदा*** को अङ्क ६ पढ्न पाइयो। यसले साहित्यका सबै विधाहरूलाई एकैसाथ भरी-भराउ गरी पस्कन खोज्नु नै यसको सबल पक्ष लाग्यो । मुख्य कुरा कुमार नगरकोटीको अत्याधुनिक कथा 'सिल्भिया' सामाजिक रूपले र मनोवैज्ञानिक रूपले असाध्यै सशक्त छ। यसबाट घुमाउरो पाराले यौन मनोविज्ञानलाई भित्रैबाट अनुभव गरेको महसुस भयो। आजको सामाजिक परिवेश अनि युवा पुस्ताको लागि नगरकोटीजस्ता कथाकारको आवश्यकता छ। तर उहाँले प्रयोग गर्नु भएका अङ्ग्रेजी र नेपाली मिसिएका शब्दहरूले कत्तै नेपाली शब्दकोषमै असर पार्ने त होइन ? त्यसैले शब्द-चयनमा ध्यान दिँदा खासै केही बिग्रदैनथ्यो कि ?

समग्रमा ***शारदा*** एक स्वादिष्ट परिकार हो, साहित्यकर्मीको लागि सु-सज्जित बाटो हो। त्यसैले आउने अङ्कहरू पनि अझै उत्साहका साथ पढ्न पाइयोस्। लाखौं-लाख शुभकामना !

*-मनबहादुर खत्री (सागर)*
*बाग्लुङ गलकोट, हरिचौर - ५*

***शारदा*** को वर्ष १ अङ्क ६ प्राप्तपछि अद्योपान्त पढें। यसमा ऐतिहासिक मौलिक पृष्ठहरूबाट आरम्भ भएर 'रोपाईं' कविता हुँदै अन्तिम पातोमा सम्पादकले लेखेको 'सपना देख्ने हामी गोटीहरू' सम्म पुग्दा सबै रचनाहरू स्तरीय लागे।

राजनीतिज्ञ एवम् समालोचक प्रदीप गिरिको कवितामाथिको टिप्पणी विशेष उम्दा लाग्यो । वास्तवमा यो आलेख खोजेर ***शारदा*** मा स्थान दिनुभएकोमा ***शारदा*** को सम्पादन टोलीलाई विशेष-विशेष आभार छ। आगामी अङ्कमा पनि साहित्यका विविध विधामा यस प्रकारका आलेखहरू समावेश हुने नै छन्।

कथातर्फ, लघुकथा नसमेटिएकोले केही तीतो अनुभव भयो। तथापि कुमार नगरकोटीको 'सिल्भिया' केही भद्दा भए पनि नवीनताको खोजीमा निस्केको छ। कवितातर्फ उपेन्द्र श्रेष्ठ, यादव थपलिया, भोगेन एक्ले निकै जमेका छन् । श्रीबाबु कार्की 'उदास'को 'युवती र स्ट्रेबरी' कविताले छोटो भए पनि मनमा झट्का छाड्न सफल भयो । गजलतर्फ क्षेत्रप्रताप अधिकारी पठनीय लाग्यो भने अन्य गीत-मुक्तक पनि रुचिकर नै छन्। इतिहासमा, डा. रामकुमार भौकाजीको खोज उल्लेख्य छ।

*- दिनेश केसी 'रवि'*
*खोपाचागु - ८,* दोलखा

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



# अभिलाषा

[ लेखक-श्यामराजा ]

कामनाको तीव्र धारामा मानिस कसरी फनफनि घुम्दछ । [illegible] दिन पर दिन बढ्दै गयो । हुँदा हुँदा उनी हिन्दुस्थान भरको प्रसिद्ध अभीनेत्री बनी ; तर शान्ति पाइएन । आखीर मातृभूमिमा फर्की , पहाड तिर गई । शान्ति खोजी । यसमा यी कुराको बडो सुन्दर तथा मतलाग्दो हिसावले वर्णन भएकोछ ।

—अनुवादक

सेतो सुखमा पालीएको थिइन् ? एकलौटी सन्तान भएकोले उनको इच्छाने आमाबाबुको इच्छा थियो। उनको वचन भुँइमा खसन पाउँदैनथ्यो । तसर्थ उनको अभिलाषा बढ्दै गयो । ११ वर्षको उमेरैमा उनलाइ सुनको चुराले अत्यन्त आकर्षण गर्न लाग्यो । एकलो सन्तान भए तापनि उनको आमा बाबुलाइ छोरीको यो इच्छा पूर्ण गराउनलाइ ६ , ७ , महिना लाग्यो । यो दिनहरू सेतोलाइ वर्षौं समानको भियो , बनी सुतदा , उठ्दा हिड्दा जहिले पनि त्यही सुनको चुरानै देखी रहन्थिन् । यस तरह ६ महिनाको कठोन परिश्रमले उनको बाबुले त्यो कुरा पुऱ्याए ।

यस्तै हिसावले दिन वित्दै गयो । सेतो पनि अब १६ वर्षको युवति भइन् । अब त्यो सुनको चुरा उनलाइ त्यति मन पर्देन । हुन पनि हो मानिसको प्रकृति नै यस्तो छ की न पाउँञ्याल खूब [illegible] हुन्छ तर आफ्नु इच्छा पूर्ण भए पछि कोहीनूर हीरा पनि फीक्का हुन थाल्दछ । त्यस्तै हाल सेतोको पनि भयो । अब बालक कालको चुराको अभिलाषा भन्दा दुगुना चाहले उनको चित्त विलायती क्याटेलग्को पत्रमा सजीएका वस्तुमा आकर्षित भयो । उनलाइ स्वदेशी वस्तुको अभाव नहुनाले , ईती वस्तुलाइ उनले अवहेलनाको दृष्टिले हेर्न लागीन् । तसर्थ क्रमशः उनलाइ प्रकृतिले दिएको त्यो रूप लावण्यमा चित्त नबुझी उति त्यो स्वच्छ नेपाली मुखमा जर्मनो पाउडर, विलायती लीप्सी र फ्रान्सीसी लालीहरुले सजाई नौ रङ्ग ढाँके झैं हुनलागिन् । पश्चिमो सभ्यताको माथि तिनो पुर्वीय श्रृङ्गार पनि गर्दै थिइन् उनको मुखमा मानो पुर्व र पश्चीम एकै ठाँउ जोड़ीएको थियो ।

छोरी ठूली भई भन्ने आमा बाबुलाइ थाहा भयो । उनको विवाहको कुरा पनि चल्न लाग्यो । तर विवाहको प्रस्तावको नाम मात्र सुन पर्थ्यो सेतो रिसाई हाल्थिइन । किन भने उनको अभिलाष

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



योटा घरको सानु दुलही भई आफ्नु सासु ससुरा पतिको सेवामा दिन बिताउनु कदापि मान्देन थियो। फेरि अलि अलि हिन्दी पढेकी र उपन्यासमा भुलेकी हुनाले उनी चाहन्थीन् उपन्यासको प्रेम जो प्रेम सच्चा हृदयको होइनकी कविको कल्पनाबाट उपन्यासको पृष्ठ भरिएको । संसारको वास्तविक प्रेम र कविको कल्पनाको प्रेममा छुट्याउन सक्ने उनमा शक्ति थिएन । खाली के थियो ? अभिलाषा। केको ? अज्ञात वस्तुको ।

( २ )

२ वर्ष बिती सक्यो ! संसारमा कति हेरफेर भइसक्यो तर सेतीको अभिलाषामा केही फरक हुन पाएको थिएन । उनलाइ उपन्यासले देशतिर खिच्न लागी रहेको थियो। यत्तिकैमा उनको जीवनमा योटा ठूलो परिवर्तन भयो। मजलिसघरमा देखाइएको योटा बोल्ने छाया नाचले उनको अभिलाषा लाई सार्थक गऱ्यो । उनलाइ कुनै कुरा अब फिक्री नै रहेन। उनी खाली आफुलाइ योटा सिनेमा अभिनेत्रीको रूपमा देख्न चाहन्थीन। तर के तालीम विना यो हुन सक्थ्यो र ? तसर्थ उपन्यासले विदेशतिर तानेको मन झन् यो छाया नाचले जीउ सुद्धा हिन्दुस्थानको सिनेमा हल मा पुऱ्यायो ! त्यहाँ उनलाइ केही कुराको पर्वाह थिएन । खाली उनी आफ्नु सुरिलो तानले संसारलाइ मुग्ध गर्न खोज्द थिइन। भर्ना भएको ३ महिनाको भित्रै उनी तेस्रो दर्जाको अभीनेत्रीमा चोसीस गर्न लागीन्। यै हिसावले २ वर्षको भित्र मै पहिलो दर्जाको सर्व प्रथम अभीनेत्री भइन्। मैनेजरको पनि इनीमाथि विशेष ध्यान पर्नलाग्यो। उनको नाँउको योटा नोटीसले हजारौं मानिसको भीड खिचिन लाग्यो । पचासौं अरु अभिनेत्रीहरुको उनी इर्ष्याको पात्र भइन् । तर उनको मन भने कहिल्यै संतुष्ट भएन। उनी आफुलाइ अझ ठूलो रूपमा देखन् चाहन्थीन् । ईश्वर पनि अझसम्म उनको प्रतिकूलै थिए । बंवइको ठूलो पार्सी सेठसंग उनको मित्रता दिनदिनै बढ्न लाग्यो। उनको यो सौभाग्यले सबैको मनमा इर्ष्याको आगो भनभनाउनलाग्यो। सेंठको घरमा हुने हरेक चाडवाडमा उनी नै हर्ताकर्ता थिइन् । उनको हरेक मुस्कान र हरेक बोलीको वर्षा जतातिर हुन्थ्यो त्यतातिरका मानिसहरु आफुलाइ धन्य सम्झन लाग्थे । यस्तै हिसावले कैयौं दिन व्यतीत हुन लाग्यो । तर अरु मानिस भने आपसमा भन्दथे ' सेंठले आजसम्म कुनै स्वास्नीमानिसलाई प्यारो गरेको छैन '। अर्को कोही ' अब गर्न आँटी हालेनी '' भन्दथ्यो ।

( ३ )

ग्रीष्म ऋतुको समय थियो ? बंवईको प्रचण्ड गर्मीले सवै प्राणीहरुको जीउ आकुल व्याकुल गराउन लागेको थियो । समुद्र तटमा हजारौं डुङ्गाहरु खेल्न लागी रहेका थिए। मानो कुनै विरहमा डुबेको मानिसको, अरुको शान्त्वनाले एक छीन बुझेको दिल तर फेरि अगि भन्दा बढ्ता विरहले छोपीएको दिल झैं नि नाउहरुको डाँडले एक छीन समुद्रको उपरी भागमा घाउ लाउँदै फेरि अगि भन्दा जोडले समुद्री पहाड तिर चली रहेको थियो ।

यस्तैमा योटा डुङ्गामा माथि वसेकी सेतीको मन कहिले ' यो गर्मीमा म किन वसेछु ' कहिले ' आह ! नेपालको त्यो चीसो पानी

## वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



अहिले पाए देखी कस्तो हुने थियो ' भन्थ्यो । धन्य ईश्वर जुन नेपाल देखि तैंले विचरी सेतीलाइ अभिलाषाको धारा बहाई यहाँ पुन्याइस् नेपालमा आज फेरि तैंलेनै मन फर्काइ रहेछस् ! हे विचित्र जादुगर तेरो चटकलाइ धन्यवाद छ !

साँझ पऱ्यो , उनी घाटतिर फर्कीन् । घाटको किनारैमा सेठजी उभिईरहेका थिए। उनको त्यो हँसीलो मुखमा एक किसीमको मुस्कान उमडी रहेको थियो। तर सेतीको मुख आज एकदम मलीन थियो । उनको आँखाको अगाडि बस्नेको त्यो समुद्रतटमा नेपालको पाहाड़को पवित्र झरनाहरु खस्नलागी रहेका थिए । जुन अभिलाषाले बाल्यकालमा उनलाइ सुनको चुरा दिलायो, जुन अभिलाषाले उनलाइ यो पदमा पुऱ्यायो अब उनको त्यही अभिलाषाले उनलाइ नेपालको पहाडतिर मन फर्काउन लगायो। यत्तिकैमा सेठले भन्यो " किन तपाइँ आज अलि मलीन हुनु हुन्छ ? के यो समुद्रको हावा तपाँइले मन पराउनु भएन ? "

सेती:— होइन , आजकालको गर्मीले मलाइ सारै नै विह्वल पारी रहेको छ। मलाइ त........

सेठ:— ठीकै त हो ! म पनि यो ठाँउदेखि अघाई सकें । मलाइ पनि लण्डन की स्वीट्जरलेन्डको सैर गर्ने अभिलाषा छ। तपाइँ पनि अभिलाषी हुनु हुन्छ भन्ने कुरामा मलाइ पक्का विश्वास छ । " सेतीले यो कुराको केही जवाफै दिइनन् । मानिसको प्रकृतिनै यस्तो छ कि , मृत्युशैय्यामा परेकोलाइ मर्छस् भनी नभन्नु हुने , चोरलाइ चोर भन्यो की रिसाई हाल्ने। यस्तै सेतीलाइ अभिलाषी छस् भन्ने यो लवज सुन्ना साथ मन बिग्री हाल्यो । उनी चुपचाप आफ्नु मोटरमा बसी ड्राइभरलाइ घरतिर लैजा भनी ज्ञान शून्य झैं समुद्र पट्टि हेर्न लागीन् । सेठ मनमनै यो केही बुझ्न नसकी विस्तारै आफ्नु दृष्टिबाट ओझल हुनु लागेको मोटरतिर टोल्याई रहे ।

(४)

सेतीले Talkie Company काँहा २ महिको बिदा मागी पठाएको मन्जुर भयो । उनी खुसी साथ नेपालतिर आउन लागिन् , बाटोमा उनी व्याकुल भएर नेपाल कहिले पुगुँला भनी भनथिन । आखीरमा यथा समय नेपाल आई पुगीन् । तर उनको अभिलाषा भने अझै शान्त भएन । उनलाइ यो कलधाराको पानीको चाहा थिएन । उनलाइ खाली त्यही पहाडको झरनासित बेसरी प्रेम लागेको थियो । तसर्थ उनी काठमान्डु आई पुगेको चारै दिनभित्र धुलीखेल तिर गइन् । यौटा सानु झुपडीमा रात विताई उनी सबेरै यौटा पहाडको टुप्पामा बसी चारै तिर हेर्न लागीन् । पहाड़को त्यो दृश्यले उनको मन आकर्षित गऱ्यो। पवित्र हिमालय त्यही अगाडिकै पहाडेसंग जोरीएको झैं देखीन्थ्यो । ठाँउ ठाँउबाट कालो पहाड भइ सेतो चाँदिको रेखा झैं पवित्र झरनाहरु खस्न लागी रहेका थिए। उनी यही दृश्यमा मन्त्र मुग्ध झैं भइ हेर्न लागी रहेकी थिईं , गोठालोको रसिलो घाँटीबाट निस्केको भयाउरे गीत सुनिन लाग्यो ।

भोटेको नाङ्गो पहाड घुम्ने कानो त्यो बतास
हिमालमाथि परेर टकर देख्छ परकाश
पात मोड़ेको फूल झड़ेको हरियो जंगल
देखेर तल गाँउछ त्यसले खुशिको मंगल
गाएर गीत आनन्द साथ तल त्यो ओर्लन्छ
पहेंलो बाला चिरिने गाला देखेर दङ्पर्छ

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



आशाको पाशो खूब कसीन्छ अगाड़ि बढ़्दछ
गएर टाढ़ा ताप बटुली फेरि त्यो फर्कन्छ

उनलाइ आज किन हो कुन्नी यो गीत असाध्य राम्रो लाग्यो । बम्बै टकीकंपनीको पचासौं अभिनेत्रीहरुको सुरीलो तानलाइ त्यो गोठालाको भेड़ेरागले आज मातगर्‍यो । स्वर नजीकै आउन लाग्यो । उनी टोलयाएर त्यतातिर हेरीरहेको थिइन् । पाँच सात ओटा गाइ धपाउँदै त्यो गोठालो मस्तसंग गाँउदै आउन लागी रहेको थियो । यौटा भोटो, त्यही भोटोमाथि वासकटको यौटा भेष्टा जसमा पचासौं सेतो सीपीको टाँक थियो, यौटा कम्मर देखी घुँडा सम्म आउने धोती र यौटा छकल्ले टोपी लाएको त्यो गोटालो आज सेतीको आँखामा बम्बईको अचैंस्टा मा बसेको कुनै रइस भन्दा बढता सुन्दर भइ चड्न लाग्यो ।

यत्तीकैमा अगाडिको २, ३, ओटागाई गोरु एकदम तर्सेर भड्की कोहीकता कोही कता दगुर्न लागे। गोठालोको पनि आँखा सेतीमाथि पर्‍यो । उसले कड्केर भन्यो " कस्तो झिलीमीली लुगालाएर बसेको ये गाँठि। झन्नै राती गाइले हामफालेकी थिइ। को हौ तिमी ? " सेती चुपचाप लागी हेरी रहीन् अनि विस्तारै भनीन् । " किन र ? राम्रा लुगा लाँउदैमा मैले तिम्लाइ के गरेँ र ! के तिमीलाइ राम्रा लाउँ मीठो खाउँ भन्ने छैन। "

गोठालो:—छैन. मलाइ चाँहीदैन, बाजुबाजेले जुन लुगा लाये, जुन कुरा खाए त्यही कुरा म पनि लाउदैछु खाँदै छु। अरू कुराको मलाई पर्वाह छैन ।

सेतीले फेरि भनीन् " के साँच्चै त तिमो म ठूलो हुं, मेरो राम्रो वर होस्, गाइ गोरुहरू पनी वर्षै बढोस् भनी भन्दैनौ त ?

गो:—के कुरा गरेको, मान्छेले भन्दैमा हुन्छ र। तिमीले भनेको कुरा हुने भए तिमी अहिलेसम्म स्वर्गकी रानी भई सक्थ्यौ। मलाइ केही वास्ता छैन। जुन कुरा पुर्व जुनीमा मैले दान गरेको थिएँ, आज त्यही कुरा म पाइरहेछु यसैमा मलाइ सन्तोष छ। "

सेती छक परीन्। उन्लाइ आज ठुलो धक्का लाग्यो। उनको त्यो अभिलाषाले गोठालोको सन्तोषमा यौटा छेउ पनि छुन सकेन। उनको अन्तरात्माले उन्लाइ धीक्कार्न लाग्यो। उनी मनमनै आफुलाइ घिनाउन लागीन्। साँझ पर्‍यो। त्यही गोठालोको त्यही भयाउरे गीत सुनीयो। गोठालो तल फेदी तिर बर्लन लागीरहेको थियो। सेती पनि पछि पछि गइन्। तल गोठमा पुगी गोठालाले ढोका थुन्न लाग्यो। यही वखतमा सेतीले भनीन्। " मलाइ पनि वास दिनु हुन्छ की टाढ़ाबाट आएकी हुँ। के तपाइँ यत्ति दया ............... "

गोठालो:— हुन्छ ! आच्चै किन नहुनु ? आउन तर पछीरन् भने भडाझीको जस्तो छ मसंग भने केही छैन। हिजो जमाएको एक राते दहि अलिकति र ३ माना दुध छ लौ यही खाऊ बस। "

सेतीले केही बोलीनन् ? उनी बिस्तारै भित्र पसी त्यही गोठको परालमा उत्तानो परी सुतिन्। उनीले केही देखीनन्। आफ्नु लुगा आफ्नु सुन्दरता, आफ्नु चाल देखो उनीलाइ आफै लाज र घीन बढ्दै आयो। खुरुखुरु काँटा क्लीपहरू झीकी उनले त्यही गोठमा वालो राखेको धुनीमा फाल्न लागीन्।

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



बिस्तारै आफ्नु वेस किमती सारी पनी च्यातन लागीन्। अनित्यो विदेशी चीजले पोतीयेको मुखलाइ यौटा पवित्र झरनाको पानीले पखाल्न लागीन्।

× × × × × ×

उज्यालो भो । हिजोको गोठालो गाई चराउन भनी जान लाग्यो। तर आज उसको संगसंगै यौटी छीटको फरीया र घर्बुनाको चोलो लाएकी, हातमा यौटा हँसीया र थापलोमा नाम्लोलाई, पछिल् तिर डोको बोकी हाम्रो उही पूर्व परीचित अभिलाषी सेती पनि घाँस काट्न जान लागेकी थिइन्।

## कवि-हृदयमा

[ रचयिता–गोपाल प्रसाद ]

मानस–वनमा कहिलेदेखि झर्न लाग्यो निर्झर  
जसको इन्द्रधनुले गर्दा जीवन भो सुन्दर सुन्दर

यसको प्रवाहमा देखिन्छ उज्वल फींज र फोका  
स्वच्छ निर्मल अनन्त जस्तै अणु अणु सम्म सादा  
कल्पनाको रङ्ग चढाई फूकी दिन्छु तिनीहरुलाइ  
जो उड्नेछन् सबको मनोगगनमा रुवाई हँसाइ  
सुख दु:ख रङ्गिन्छन् कहिले,मानव जीवनका दु इ रङ्ग  
कहिले प्रेम-शशिको प्रकाशमा हृदय दधिका उत्तार  
कहिले पात पातमा टल्की रहने अनन्तताको शीत  
विश्व गीतमा नाचिरहेको सौन्दर्य्यको काख बीच

निर्झर , पर्वत , वनहरुमा सौन्दर्य्यको अति छाप छ  
मानव-आत्मामा उत्तिकै त्यै रमणीयताको भाग छ !

## वर्ष ३ सम्वत् १९९३, फागुण, चैत्र सङ्ख्या १-२ बाट साभार लेख



# मन

[ रचयिता–पूर्णबहादुर ]

लेखकले मानसिक शक्तिको विचार पूर्ण सुन्दर वर्णन गरेका छन् । विचार उच्च छ, ढंग राम्रो छ । शारदाको गौरवको मालामा यो लेख पुष्पको पनि स्थान छ ।
—शारदा

ईश्वरको सृष्टिमा सब भन्दा ठूलो चीज के ? मन। यसै सृष्टिमा, सबै भन्दा सानु चीज के हो ? मनै। जसलाइ हामी मन भन्दछौं त्यो सृष्टिमा सब भन्दा ठूलो तथा सानु पनि छ । सब भन्दा ठूलो, अझ ठूलो केले पार्दछ ? मनले। सब भन्दा सानु भन्दा पनि सानु अझ त्यस भन्दा पनि सानु अझ सानु केले पार्दछ ? मनैले । यो मनको खुम्च्याइ र फैलाइ गजब छ। धन्य यस मनको लीला ! यसगतिशील जीवन क्षेत्रमा जुन खेल मन खेल्दछ त्यो सानु अथवा तुच्छ छैन। यो खेल धूमधामको छ, मानिसको गमबाट बाहिरको छ। परन्तु यो नजानी नहुने पनि छ। यस अखिल संसारमा हामीहरू हिड्छौं, फिर्छौं, हेर्छौं, सुन्छौं, पढ्छौं, लेख्छौं, खुशी हुन्छौं, दिक हुन्छौं, रुन्छौं, हाँस्छौं, अनेक काम गर्छौं। तर, ई सबै हामीहरू के गर्छौं ?

खाली यही सानुमा हदसे हद सानु ठूलोमा हदसे हद ठूलो मनको निरन्तर अध्ययन गर्छौं। जो जति छ त्यतिलाई लिन्छौं र भाग गरी, गुनी, जोडी घटाई, यताको उता उताको यता पारी अनेक गरी यसै मनको हिसाव मिलाउन खोज्दछौं । तर यो हिसाब मिल्दैन । जत्ति पल्ट गर, दोहऱ्याऊ तेहऱ्याऊ, मिल्दै मिल्दैन । किन मिल्दैन ? मिलो राखेकै हिसाव फेरि मिलाउन खोजेकोले । यही हिसाव मिलाउन खोज्दा अंकगणित, बीजगणित, रेखागणित आदिको सहज सृष्टि भयो । परन्तु यो मानसिक हिसाबको समस्या हल भएन जस्ताको तस्त रह्यो ।

क्षण भरको हेरा-हेरमा सावित्री र सत्यवान, शकुन्तला र दुष्यन्त नल र दमयन्ति बलियो प्रेम बन्धनमा बाँधियो रे ! यो के भएको हो ? खालि मनसंग मन मिलेको नहो !

मन आफ्नो सृष्टि आफै गर्दछ, आफ्नो विनाशको खाल्टो पनि आफै खंछ र फेरि खस्न पनि आफै खस्दछ । तर, मनको खसाइ खूब निराला ढंगको छ। मानिस खाल्टोमा खस्दछ, रुंछ, कराँछ र ऐय्या बाबा पनि भन्दछ, कारण, खुट्टा मर्कंछ, हात भाँचिछ, टाउको ठोकिंछ र अनेक दुःख हुन्छ । तर मनको खसाइमा रुनु, कराउनु र एय्या बा-बा को ध्वनि बिलकुल सुनिदैन । तर यस वेलामा मनलाइ मात्रै केही नहुने होइन। जरुर केही हुन्छ । के हुन्छ ? त्यो पाँच तल्ले घरमा छाना छाउन जादा, अकस्मात छानाबाट खस्दा जुन रोमांचकारी रिंगलाको भावमा त्यो आवाले पर्दछ

# वर्ष ३ सम्वत् १९९३, फागुण, चैत्र सङ्ख्या १-२ बाट साभार लेख



मन पनि यही भावमा पर्दछ । मानिस जमीनको खाल्टोमा खस्दछ । तर कहा सम्म ? खाल्टोको अन्तिम तह सम्मै । मन पनि खस्छ , नखस्ने होइन, अवश्य खस्दछ ।

यो मन आफ्ना खाल्टोमा खस्दछ , तर अकाशमा तारिका खसे झैं । मन आफ्ना विस्मृतिमा खस्दछ र स्मृतिमा आफुलाइ आफै सम्हाल्दछ । मन भावमा खस्दैन , भानमा खस्छ ।

इशामसीले क्षणभरको जोशमा आफ्नो मुटुको रगत सुकायो । सुकरातले आफुलाइ जुन तथ्य लागेको थियो त्यसैको बलिवेदीमा आफ्नो प्राण सम्मको आहुति दियो ।

यो के भएको अथवा गरेको हो ? यो पनि वास्तवमा खालि मनकै एक खेल हो । मन एक विद्युत्मय संसारको निरंकुश सत्ताधारी राजा हो । यो आफ्नो चाहको मुताविक समयमा जे पनि गर्दछ, गर्न पनि शक्तछ । नशक्तु किन ? यो आफै बलियो छ । यसलाइ रोक-टोक गर्ने को छ र ? यो मनपरि गर्दछ असल होस् चाहे खराबै । यसलाइ असलको वास्ता किन ? कसदा आफ्नो खेलैमा मग्न रहन्छ ।

तर धन्य ईश्वरको लीला , धन्य उसको शक्ति , धन्य उसको शुद्ध प्रभुता । मन अब आफ्नो मन परि खेल खेल्दछ त्यस बेलामा , अरुले नरोके ता पनि आफुले आफैलाइ रोक्दछ । कसरी ? मन मनपरि गर्दछ । तर , त्यसं होइन । जब त्यो यसो गर्दछ त्यो एक मनपरि नै नियम बनाउँदछ र उही नियम मुताविक चल्छ । सृष्टिको अरु चीज जस्तै यो पनि आफ्नो नियममा चल्दछ ।

यो मन खूब उडंदास छ । तर , उत्तिकै मितव्ययी पनि । त्यो एक एक लहरमा आफ्नो विद्युत् शक्तिको करोडौं रुपियाँ खर्च गरी आमोद प्रमोद युक्त खेलहरु खेली संसारलाईनै माद्न खोज्दछ । तर जब सांसारिक अंतरिक्षमा दुःख , कष्ट , आपद् विपद्को कालो कालिमाले घेर्दछ , जब रोग शोकको आधि-व्याधि चल्दछ , जब प्राणी मात्रलाइ त्राही त्राही पार्ने भय भूकंप चल्दछ , जब नैराश्यको विकट मुसलधारा पानी बर्सछ , जब चारै तिरबाट विश्व-वातावरणमा प्रलयको संकेत लहराउँदछ तब यो मन त्यसै चूप लागेर बस्दैन , आफुसित भएको सबै जाँगरलाइ एकत्रित गरी आत्म-रक्षाको बाटोमा प्रयोग गर्दछ। यस आसन्न विपत्को समयमा त यो राजाले आफ्नो विद्युत्मय संसारबाट तरिकाले विद्युत-शक्तिको प्रबल समूहलाइ एक अक्षम केन्द्रमा केन्द्रिभूत पार्दछ र यसै शक्ति-समूहलाइ यौटा विशाल तथा दया दाक्षिन्य मैत्रि-मूलक ईश्वरीय यंत्रमा यसरी प्रयोग गर्दछ कि जुन यंत्र चल्नाका साथै निराश मनमा पूर्ण आशा , अशक्तमा शक्तिको संचार , भय संत्रस्त जनमा प्रोत्साहनको लहर , शुष्कतामा सरसता , अन्धकारमा प्रवल ज्योत्स्ना दुःखोमा सुख , दारिद्यको प्यालामा संपत्तिको झोल , मरु भूमिको नाटोमा मन्द समीर , प्रकृति देवीको कलुषित मुखमा मन्द हास्यको स्वतः पादुर्भाव हुन्छ । धन्य यस मनोगत दृष्टिको सृष्टि ! कस्तो अपूर्व ! कस्तो लीलामय ! यत्तिनै काफी ।

(*शारदा* का ऐतिहासिक मौलिक पृष्ठहरूका सौजन्यः *शिव रेग्मी*)

# ***शारदा*** मासिक सूचना

नेपालको जेठो साहित्यिक पत्रिका ***शारदा*** ले नेपाली वाङ्मयका क्षेत्रमा पुऱ्याएको योगदानलाई निरन्तरता दिने उद्देश्यले पुनः थालिएको ***शारदा***को प्रकाशनमा टेवा पुऱ्याउन यहाँले ***शारदा*** को सदस्यता ग्रहण गरिदिनु भई सहयोग गरिदिनु हुनका साथै यसमा आफ्नो संस्थाको विज्ञापन दिई तपाईको संस्थागत विकासमा ***शारदा*** लाई सहभागी हुने अवसर प्रदान गर्न हार्दिक अनुरोध गर्दछौं ।

| | |
|---|---|
| वार्षिक सदस्यता शुल्क | रू. ५००।- |
| आजीवन सदस्यता शुल्क | रू. १०,०००।- |
| संस्थागत सदस्यता शुल्क | रू. २५,०००।- |


## विज्ञापन दर

| विवरण | एक अङ्क | तीन अङ्क | छ अङ्क | बाह्र अङ्क |
|---|---|---|---|---|
| अन्तिम पृष्ठ रङ्गिन | ३०,०००।- | ७२,०००।- | १०८,०००।- | १८०,०००।- |
| कभर भित्री पहिलो पृष्ठ रङ्गिन | २७,०००।- | ६६,०००।- | ९९,०००।- | १६२,०००।- |
| कभर भित्री अन्तिम पृष्ठ रङ्गिन | २५,०००।- | ६०,०००।- | ९०,०००।- | १५०,०००।- |
| पूरा पृष्ठ रङ्गिन | २०,०००।- | ४८,०००।- | ७२,०००।- | १२०,०००।- |
| आधा पृष्ठ रङ्गिन | १२,०००।- | २८,८००।- | ४३,२००।- | ७२,०००।- |
| एक पृष्ठ एकरङ्गी | १०,०००।- | २४,०००।- | ३६,०००।- | ६०,०००।- |
| आधा पृष्ठ एकरङ्गी | ६,०००।- | १४,४००।- | २१,६००।- | ३६,०००।- |

(अतिरिक्त १३% मूल्य अभिवृद्धि करबाहेक)

कविता

# पुराना फोटाहरू





विनोद अश्रुमाली

'एनालग' क्यामेरा रहेछ
उनको र मेरो मन
'डिलिट' हुनै सकेन
'डिजिटल'मा जस्तो
हाम्रा पुराना फोटाहरू ।

धेरै वर्षपछि
पशुपतिनाथ मन्दिरमा
अचानक
हाम्रो फेरि भेट भयो
गोसाईंकुण्ड र सूर्यकुण्ड बनेका
हाम्रा नयनबाट अश्रुधारा छुट्यो
धैर्यको बाँध टुट्यो ।

शब्दहरूको चौवन्दीबाहिर
वर्णनको हदवन्दीबाहिर
समयको पावन्दीबाहिर
यो प्रेमको संसार
कति लामो, कति ठूलो
अनि कति अग्लो छ
कसले जान्दछ ?

धन्य प्रेम !
तिमी छौ र विश्वचराचर छ
स्वयम् ईश्वर पनि ।

*- अगस्त '०७*

# कहिल्यै नबिर्सिने माया



मोदनाथ प्रश्रित

मायाका धेरै रूप हुँदा रहेछन् - उमेरअनुसारको माया, ठाउँअनुसारको माया, मनअनुसारको माया, धनअनुसारको माया आदि । तर सबभन्दा गाढा  र कहिल्यै नबिर्सिने माया हुँदो रहेछ बाल्यकाल र किशोर उमेरको । ती उमेरमा मान्छे जहाँ हुर्कन्छ, जुन बाटोमा हिँड्छ, जोसित खेल्छ, जेजे चीज देख्छ तिनै कुराले जीवनमा कहिल्यै नबिर्सिने-नमेटिने गहिरो छाप पार्दा रहेछन् ।

मान्छे प्रायः युवाकालपछि आफ्नो जन्मथलो छोडेर अस्थायी या स्थायी रूपले विभिन्न ठाउँमा जान्छ । पहिलेका मान्छे आफ्नै देशका विभिन्न जिल्ला या छिमेकी देशहरूसम्म पुग्थे । अहिले मान्छे आफ्नै देश मात्र हैन, महाद्वीप छोडेर सात समुन्द्रपारीका देशहरूसम्म पुग्छन् । उतै बिहेबारी र घरजम पनि गर्न सक्छन् । पहिले चीनको तिब्बत, भारतको आसाम र पाकिस्तानको लाहोरसम्म व्यापार, पशुपालन या नोकरी गर्न जाने नेपालीहरू अहिले छ ओटै महादेशमा छरिएका छन् । एक जना विश्वकर्मा त अन्टार्कटिकामा समेत केही महिना बसेर फर्के । भविष्यमा ग्रह-उपग्रहमा पनि बस्ती बस्लान् र अहिले अन्तरिक्ष-यानमा चक्कर लगाइरहेका मान्छे उतैका स्थायी बासिन्दा पनि हुन सक्लान् ।

मान्छे जहाँ पुग्छ त्यहाँ उसले साथी, मित्र या प्रेमिका पनि बनाउन सक्छ र नातापाता, सन्तान दरसन्तान पनि फैलाउन सक्छ । आफू पुगेका खासखास ठाउँ उसलाई मन पर्न पनि सक्छ । त्यहाँ उसले बनाएका घर, परिवार, बैठक, फूलबारी, छोराछोरी, साथी मित्र, पालेका पशुपक्षी, सङ्ग्रह गरेका पुस्तक, कलात्मक या उपयोगी सरसामान आदिप्रति उसको माया मोह बढ्दै जानु पनि स्वाभाविक हुन्छ । आफ्नो देशदेखि धेरै टाढा विरानो मुलुकमा भएको माया प्रेम पराकाष्ठामा पनि पुग्न सक्छ । उनीहरूले इन्द्रेणीको भरेङ चढेर बादलमा लुकामारी खेल्दै ताराका गुच्छा

बटुल्ने कल्पनाले दिन रात बिताउन पनि सक्छन् । त्यहाँ अध्ययन गर्दा जीवनमा एकदम नयाँ आलोक फैलाइदिने अद्‌भूत विद्वान्, विराट वैज्ञानिक र बेजोड प्रतिभाशाली कवि-कलाकारहरूको स्नेह र ममताबाट ज्ञान-विज्ञान-साहित्यको प्राज्ञिक वैभव पनि उपलब्ध हुनसक्छ । आफ्नै प्रयासले ऊ विशाल व्यापार र उद्योगको विख्यात मालिक पनि बन्नसक्छ ।

तर मान्छेको प्रकृति, संस्कार र मनोविज्ञान ज्यादै विचित्रको हुँदो रहेछ । किशोर उमेरपछि उसले चाहे जहाँ पुगेर जे जति विशाल र महान् उपलब्धि हासिल गरोस् उसको बाल्य र किशोर वयका साथी, ठाउँ र साधारण वस्तुसँग जस्तो कहिल्यै नमेटिने प्रगाढ मायाको ठाउँपछिका कुनै कुराले पनि लिन सक्दा रहेनछन् । म जन्मेर हुर्केको ठाउँ नेपाल, अर्घाखाँची जिल्लाको खिदिम गाउँ हो । जब म कवितामा बाटाको कल्पना गर्छु, मेरो मनमा चट्ट हर्राबोटदेखि पोखराथोक जाने ढुङ्गेबाटो सग्बगाउँछ । मेरा कथा-काव्यका पात्रहरू त्यसै बाटामा हिँड्न थाल्छन् । गाई चराउने जङ्गल र पहाडका कुरा चल्दा मेरो मनमा तराईका ठूला जङ्गल र महाभारत श्रृङ्खलाका हरिया वनहरूभन्दा पहिले मैले किशोर कालमा गाई चराएका छर्छरे र मरुवाकोटकै साना र सिखा वन उभिन्छन् । म प्रायः सपनामा पनि मरुवाकोट आलमथानमा गहिरो खाडलनिर पुग्दा भित्र कताकता पानीको छङ्छङ् आवाज आएको र चिदेरीमाथिको धारानिर भारी बिसाएर खेतालाहरूले घट्‌घट् पानी खाएको देख्छु ।

युवाकालदेखि यता आफ्नो देशमा हजारौँ र विदेशमा सयौँ साथी, मित्र र कमरेड बनाइयो । थुप्रै साथीसँग विश्वविद्यालयका ज्ञानार्जन वर्ष बिताइयो । थुप्रैसँग जेलका चिसा वर्ष र आन्दोलनका नाता र तुफानी महिना बिताइयो । उनीहरूसँग गहिरो मित्रताका असङ्ख्य सम्झना छन् । मर्नुपरे सङ्घर्षको मैदानमा सँगै बलिदान हुने सङ्कल्पका जल्दाबल्दा सम्झना छन् । तीमध्ये घनिष्टहरूका सम्झना मनमा नाचिरहन्छन् । समय समयमा पत्राचार पनि हुन्छ । तर बाल्यकालीन साथी वेदे सार्की, पोष्टराज घिमिरे, भन्टुरे खत्री, टोमे कामी, लाटू बैनी, डल्ले र तिउते पोखरेल, मैयाँ दिदी आदिको जस्तो ज्यादै तिख्खर सम्झना अरू कसैको हुँदैन । पोष्टराज र मैले दलानको गौँथलीको गुँडमा पसेर बच्चा खाने भीरमा गौँथली पक्डेर काटेको २००४ सालतिरको घटना अहिले पनि झल्झली सम्झन्छु । भुन्टुरे र मैले ढीकमा उभिएर कसले टाढा धारा फाल्ने भनेर होड गर्दै पिसाब फेर्थ्यौं । तिउते र म सानी पिपलबाट माइकाथानको चिर्के सल्लो छुन 'को चाँडो पुग्ने ?' भनेर खरायोभन्दा छिटो दगुर्थ्यौं । वेदे र भन्टुरे मर्दा मेरो मन यति साह्रै रोयो, कयौँ दिनसम्म मलाई खाना नै मीठो लागेन । छोराहरूको सम्झनामा भुन्टुरेका आमाबाबुले मलाई दौरा सुर्वाल र वेदेका बुबा-आमाले घरमै सिलाएका छालाका जुत्ता दिएका थिए । ती कपडा र जुत्ता लगाएर उनीहरूको घरतिर जाँदा आमाहरू मलाई अँगालो हालेर धुरुधुरु रुन्थे । लाटू बहिनीसँग सेलरोटी खोसाखोस गरेर खाँदा मेरो हातमा चोट लागेको थियो । मैयाँ दिदीलाई डोलामा अन्माएर पठाउँदा 'मेरो भाइलाई नलिई म मरे पनि जान्न' भनेर डाँको छोडेर चिच्याएकीले मलाई पनि साथमै डोलामा हालेर केही परसम्म लगेका थिए ।

त्यस खाले घटनाहरूसँग गाँसिएका ती साथी-सँगी, दिदी-बैनी, ती घर-गोठ, बाटा-घाटा वन-जङ्गल, घाम-झरी, धुलेबाजी, पुतली खेल, डण्डीबियो, पोलेका मकै, फपरका रोटी, हाँसो र आँसु, दगुरा दगुरजस्ता कुराबाट नै त हाम्रो जीवनको उषा काल बित्यो । त्यसै बेलाका जीवनचर्याले नै हाम्रो संस्कार, देशको माया र मनोविज्ञानको जग बस्यो ।

जब अहिले किशोर उमेरका केटाकेटीहरू खेलेको-दगुरेको देख्छु, मलाई बारीका बेलौती र नस्पातीका बोटमा चढेर पोष्टराज र टोमेलाई बोलाएको सम्झना हुन्छ । बेँसीका आँपको बगैँचामा पुगेर ठूल्ठूला रूखका हाँगा-हाँगा टुप्पा-टुप्पा पुगेर आँप टिप्दा आमा-बाहरू आत्तिएर तुरुन्तै ओर्लन अत्याएका आवाज कानमा गुन्जदै छन् । गुलावजामुनो खान रूखमा चढ्दा लोटेर मेरो दाहिने हात भाँचिएको थियो । पोखराथोक, अमराई र लेखतिरका आफू चढेका ठूल्ठूला काफलका बोट अझै सम्झनामा छन् ।

किशोर उमेर विद्यार्थी साथी घनश्याम गौतमसँग परस्पर घरमा आँउदा जाँदा दश वर्षे उमेरमा सात वर्षे रामप्यारीसँग भएको भेटघाट र चिनाजानीको माया

हुर्कंदै गएर उनले दश टेक्दा म सोह्र वर्षे दुलाहा बनेर बाजा बजाउँदै गएकोजस्तो रमाइलो जीवनमा फेरि कहिले आयो ? मलाई ठूल्ठूला नदी र सागरको कल्पना गर्न आधार दिने हाम्रै बेंसीमा साउनमा उर्लने रिडी खोला त हो । छ वर्षको उमेरमा सानो रिडी बजारमा पुग्दा ठूल्ठूला सहरको तस्बिर मनमा नाचेको थियो । ठूल्ठूला कारखानाको बीउ मगजमा रोपेको माइला-सूचीकारको सिलाइ मेसिनले त हो ।

मैले हवाई जहाजबाट पूर्व पश्चिम यात्रा गर्दा धेरै पटक उत्तरका हिमाली श्रृङ्खला हेर्ने गरेको छु । तर मेरै घर हर्राबोटको आँगनका डिलको चेप्टो नुहाउने ढुङ्गामा उभिएर बिहान साँझ हिमाल हेर्दा मन उफारेको उस बेलाको जस्तो आनन्द फेरि अनुभव गरेको छैन ।

साँच्चै नै आफ्नो बाल्यकाल र किशोर कालका दृश्य, घटना र साथी-सँगीजस्तो रमाइलो, बिर्सिनसक्नु र मीठो सम्झना अरू केही हुँदो रहेनछ । मलाई चीनको तियामेन चोक र जर्मनीका चिल्ला ठूला सडकमा हिँड्दाभन्दा मेरो बारीमुनिको पोखरीदेखि भुसालटोलतिर जाने तेर्सो बाटोमा हिँडेको सम्झना हजार गुणा बढी रमाइलो लाग्छ । जब म पुराणहरूमा देवताहरू बस्ने सुमेरु पर्वतको कथा सुन्छु मेरो दिमागमा पामीर हैन आलमदेवीको ध्वजा फहराइरहेको र खिदिमका सात-आठ ओटा गाउँका बीचमा उभिएको मरुवाकोटकै सम्झना हुन्छ ।

यस्तै भएर त होला कास्कीमा जन्मेका लेखनाथ पौडेल, भक्तपुरका युद्धप्रसाद मिश्र र ओखलढुङ्गाका सिद्धिचरण श्रेष्ठहरूले आ-आफ्नो बाल्यकाल र गाउँ सम्झेर 'अर्चले', 'चरखण्डीको खोँच' र 'मेरो प्यारो ओखलढुङ्गा' जस्ता कविता लेखे । कविता सङ्गीतवद्ध भएर अहिले सबको मनलाई झङ्कृत गर्दैछन् । ती कविता र गीत पढ्दा र सुन्दा पनि मलाई खिदिमकै छह्रि, पोखराथोकको पाठशाला र दुर्गाफाँटको दुर्वासा गुफाको सम्झना हुन्छ र म धेरै बेर भावविभोर हुन्छु । धेरै देशका ठूल्ठूला सहर र ज्यादै झिलीमिलि राजधानीहरू हेरियो, कतिपयमा लामै समय बसियो, घुमियो तर हर्राबोटका पाखा पखेरा, लेक, बेंसी, वन-जङ्गल एवम् ती बाल्यकाल र किशोरकालका साथी-सँगीको सम्झनाजस्तो रमाइलो कुरा संसारमा कतै भेटिएन ।


विगत ६ दशकभन्दा अघिदेखि निरन्तर पुस्तक प्रकाशनमार्फत् पाठकहरूमाझ समर्पित हुँदै आएको संस्था हो **रत्न पुस्तक भण्डार ।**

आफ्ना हरेक प्रकाशनको गुणात्मकताप्रति हामी सदैव सजग छौं ।

***हाम्रो प्रकाशनका उत्कृष्ट केही पुस्तकहरू***

- **फेरि कहिले भेट होला** (उपन्यास) - **युधिर थापा**
- **यो जिन्दगी खै के जिन्दगी** (कविता) - **हरिभक्त कटुवाल**
- **आनन्दको आविष्कार** (बालसाहित्य) - **प्रेमा शाह**
- **वैज्ञानिक गोरेटोमा** (जीवनी) - **डा. दयानन्द बज्राचार्य**
- **नेपाली लोककथा सागालो** (लोककथा) - **राम बिक्रम सिजापती**
- **अतीतका पाना** (नेपाली साहित्यिक पत्रिकाहरू) - **शिव रेग्मी**

**रत्न पुस्तक भण्डार**
पो.ब.नं. ९८, ७१ 'ग' बैंक मार्ग, बागबजार, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४२२३०२६, ४२४२०७७, फ्याक्स ९७७-१-४२४८४२१

# संस्कार



नीलम कार्की निहारिका

यति बेला मेरो ठाउँमा ऊ।
यति बेला उसको ठाउँमा म।
हामीबीच हेराफेरि भएको छ।

मैले हरेक बिहान भगवान्सँग पूजा गर्दा भन्ने गर्थें- 'कुन जुनीमा के पाप गरेर यस्तो भयो कस्तो मान्छेसँग परेछु,

आइमाईको दर्द कहिले बुझ्नेन।

कस्तो पापी रहेछ।'

भगवान्ले भक्तको आवाज सुनेछन्। मलाई मुक्ति दिए। उसलाई आइमाईमान्छे बनाए, मलाई लोग्नेमान्छे।

- म लोग्नेमान्छे।
- म ऊ, ऊ म।

भगवान्को सर्त रह्यो, यो वरदान त्यो बेला खोसिन सक्छ जब आपसमा कलह हुन्छ।

मेरो मन फुरफुर छ। म अब लोग्नेमान्छे ! यो सामाजिक बन्धन कहीं छैन। न कुनै वस्त्र लगाउन रोकिन्छ। गर्मीको बेला खुला लुगा लाएर हिँड्न सक्छु। जत्रो जति लुगा लाए पनि हुन्छ। पार्कमा आकाश हेरेर सुत्न सक्छु। साराको अगाडि उपरखुट्टी लाएर बस्न सक्छु। चाहेको कुरा खान सक्छु। चाहेको समयसम्म म बाहिर बस्न सक्छु।

वाह, अब बारमा बसेर पिउँदाको मजा नै अर्कै होला। तिहारमा मजाले तास खेलिन्छ। दशैंमा मजाले लाग्ने गरी पिइन्छ। वाह जिन्दगी ! चुरोट पनि लुकीलुकी पिउनु पर्दैन। घरमा आफ्नै हैकम चल्छ। घरमुली आफैं भइन्छ। वाह, जिन्दगी ! वाह !

भगवान्, धन्य तिम्रो वरदान !

सधैँ छोराछोरीले गरेको फोहोर सोहोर्दा सोहोर्दै हैरान भा'को थैं । उसलाई पकाऊ - खुवाऊ । घरकै चाकरी गर । यो चाकरीको जिन्दगीबाट छुटकारा पाइयो । पाहुना सत्कार गर । बुहार्तन गर । अब त छुट्टी । वाह, जिन्दगी वाह !

बाँच्नु त अब पो बाँच्नु !

जिन्दगी सुरु हुन्छ ।

पहिलो दिन !

घरभित्र म पस्न नपाउँदै ऊ ढोकामा झोला समाउन उभिएकी हुन्छे । ...यही सोच्दै आउँछु ।

नभन्दै ऊ मुसुक्क हाँसेर उभिएकी छे । तर थाकेको अनुहार । सुन्तलाको छोक्राजस्तो अनुहार । भरसक अनुहारमा लिपपोत गरेर सुन्दर हुन खोज्दैछे ऊ ।

ऊ पनि अफिस सकेर आएकी हो ।

नोकरी गर्छे । घर चलाउन थपथाप भएको छ ।

मभन्दा ढिलो निस्केकी हो घरबाट, मभन्दा छिटो आइसकिछे ।

बिहान -

म उठ्दा उठिसकेकी थिई । बेडमा चिया पुऱ्याएर उठाएकी हो । घरको बिहानको धन्दा सकेर चिया ल्याइदिएकी थिई । म लामो थकाइको आरामबाट उठ्छु, त्यस्तै पाराले ।

चियाको पहिलो घुट्कोमै बोल्छु म - 'कति चिनी हालेको, यो चिया हो कि चास्नी चिया बनाउन पनि आउँदैन ?

ऊ लुरुक्क जान्छे । चिया टेबलमा यसै राख्छु । यसो घडी हेर्छु । कसो-कसो ज्यान दुखेजस्तो भा'कोले पुनः सुत्छु ।

आँखा लाग्न खोज्छ । उसले झकझकाउँछे ।

'किन ?' ब्यूँझन परेकोमा अलि चर्को स्वर निस्कन्छ ।

- 'दूधवाला पैसा लिन आ' को छ ।'

पर्स राखेको ठाउँमा सङ्केत गर्छु । फेरि बोल्छु - 'यता, यता यता यहाँ !'

पैसा लिएर निस्कन्छे ।

यसो घडी हेर्छु, अब त सुत्नु भएन । उठेर बाथरुम पस्छु ।

- 'यो के मन्जन राखिराखेको । बोक्रा मात्रै छ । अर्को ल्याउनु पर्दैन ? साबुनको ताल हेर न, पग्लिएर ल्यारल्यार छ, ...टावेल यूज गरेपछि सुकाउन जानेको भए पो, हेर त गन्हाएको !'

बाथरुमबाट निस्कन्छु ।

- 'प्यान सफा राखौँ भन्ने कहिल्यै छैन । साथीहरूको बाथरूम ट्वाइलेट कस्तो चम्केको हुन्छ ।'

सोफामा बस्छु ।

- 'ब्रेक फास्टमा केही लिने कि ?' उसले सोध्छे ।

- 'बिहानमा म ब्याल्क 'टि' मात्र, लिन्छु, ब्रेक फास्ट लिन्न भन्ने थाहा छैन ?'

टेलिभिजन खोल्छु ।

बन्द गरेर व्यायाम गर्छु । पुनः खोल्छु ।

योगासम्बन्धी कार्यक्रम आइरहेछ ।

खूब चाख लाग्छ यसमा ।

सानो छोरा ३ वर्षको छ, छोरी ७ वर्षकी ।

अलि दुब्ली छ छोरी । खाने बेला जहिले झगडा गर्छे ।

ऊ दुवैलाई पालोपालो खुवाउँदैछ ।

छोरा रुँदैछ । छोरी झगडा गर्छे । यता योगाको स्टेप बुझिँदैन । केपछि के गर्ने ? न्यूजको हेड लाइन आउँछ । झन् इन्ट्रेस्टिङ कुरा । राष्ट्रपतिको चुनावमा के नतिजा आयो ? छिमेकी राष्ट्रको चासो हुने नै भयो । केटाकेटीको आवाजले सुन्न दे'को हो र ?

- 'होइन ! कत्ति रुवाएको यत्ति चुप लाउन पनि सकिन्न ?'

ऊ केही बोल्दिन । आवाज झन् चर्को छ उनीहरूको ।

म टेलिभिजनको आवाज बढाउँछु ।

ऊ केटाकेटी उचालेर अर्कोतिर लाग्छे ।

एक थप्पड खान्छे ठूलीले ।

- 'किन पिटेको बच्चालाई ? यसको रिस हेर न !'

यसै बेला साथीको फोन आउँछ ।

केटाकेटीले सुन्न दे'को हो र ? मोबाइलबाट कुरा गर्छु भनेको चार्ज नै छैन ।

-'यति चार्ज त गरिदिनु पर्छ ! साथीका श्रीमतीहरूले कति गर्दिन्छन् ।'

ऊ केटाकेटीलाई स्कुल पठाउने तयारी गर्दैछे ।

फोन आउँछ । उसको रहेछ ।

छोरीले सर्ट मात्र लगाएकी छे । स्कट टाई, मोजा, लाउनु त्यसै छ । झोलामा किताब, टिफीन राख्नु त्यसै बाँकी छ ।

- 'पछि कुरा गरे हुन्न अफिसबाटै कुरा गरे हुन्छ नि ! यो जाडोमा छोरीलाई नाङ्गै राखेर ।' भन्छु ।

फेरि बोल्छु - 'के आज पनि छोरीले बिस्कुट लाने टिफीनमा ? कम्प्लेन आउँछ । रिपोर्टमा यस्तो खाजा नपठाउनू लेख्या'थ्यो । यति त याद गर्नुपर्छ ।'

सानो छोरालाई पनि स्कुल हालेको छु, प्ले ग्रुपमा । त्यसैले जागिर भ्याएको ।

खाना खान बोलाउँछे ।

- 'एक छिन है, आज धेरै पुरानो साथी च्याटमा आएछ । अष्ट्रेलिया छ । त्यहाँ हाम्रो स्कोपबारे सोध्दैछु ।'

एक छिनपछि पुनः खान बोलाउँछे ।

- 'एक छिन भन्या, बल्ल-बल्ल आइडी पत्ता लागेको छ । कहिलेदेखि खोजेको थिएँ । इम्पोर्टेन्ट कुरा छ ।'

तेस्रो पटक खान बोलाएपछि जान्छु ।

- 'ओहो ! सबै ठीक्क पारेर बोलाउनु पर्छ नि ।'

- 'होइन हामीलाई हतार भएन अफिस जानु पर्दैन ?'

- 'यी खानामा कपाल । लौ आफैँ खाने । मलाई यो साह्रै घिन लाग्छ ।'

म उठ्छु । चुठ्छु । ऊ खाँदैछे ।

- 'होइन मेरो नीलो सर्ट कहाँ छ ?'

- 'त्यही झुण्याएको छ त !'

- 'ल हेर, आइरन नै गरेको छैन । आइरन कहाँ छ ? ...ल यो प्लगको ताल हेर त ! सामान कुनै कन्डिसनमा छैन । बाँदरको हातमा नरिवल ...हेर यो हिटर बिलरहेको ! त्यसै हो त्यतिका बिल आउने ? ... अर्काको टाउकोमा नाच्न पाएपछि त !'

- 'म पनि जागिर गर्छु नि ! कत्ति नै बसी बसी खाएझैँ ।' ऊ बोल्छे ।

- 'यहाँको जागिर यहाँलाई लिपिस्टिक लाउन त पुग्दैन । बडो जागिरको फूर्ति !'

ऊ चुप लाग्छे ।

- 'मेरो पेन खोइ ? त्यो पेन्सिल के, लिडवाला ।' मेरो मात्र आवाज छ यहाँ ।

- 'थाहा छैन भने पुग्यो, कत्ति सजिलो जवाफ । कि धानीजत्रो टाउको हल्लायो, कि ओंठ लोब्यायो ।'

फेरि बोल्छु - 'तयार भएको हो ? ...ल म पर्खन भ्याउँदिन, ...बसमा जानू !'

बाइकको चाबी कहाँ छ ?

हेलमेट खोइ ?

हिँड्ने बेला कुनै सामान ठाउँमा भेटिए मार्दिनु ।

सेल-फोन पनि छिटो !'

अफिस पुग्छु ।

अफिस त्यही हो । काम गर्नुपर्छ । त्यसै तलब कसले दिन्छ एसिस्टेन्ट छ । चिया बनाइदिन्छे । मेरो चिनीको मात्रा ठ्याक्कै थाहा छ उसलाई ।

साँझ पर्कँदा ऊ आइसकेकी छे ।

केटाकेटी घरमै छन् । खाजा खाँदैछन् ।

लुगा फेर्छु ।

नास्ता तयार छ ।

- 'ल हेर भिङ्गा लागेको । फोहोर भएर त आउँछ भिङ्गा !'

फ्रेस भएर सोफामा बस्छु ।

कौशीमा निस्कन्छु । फेरि सोफामा बस्छु ।

टीभीको रिमोट मेरो हातमा छ ।

भान्साबाट भाँडा ठोक्किएको आवाज आउँछ ।

- 'होइन किन ठोकेको भाँडा ? कसलाई रिस पोखेको ?' म झोक्किँदै भन्छु - 'बिहान चिनी कडा, अहिले रङ्ग कडा । बिहान ब्याल्क टि खान्छु मिल्क राखेर, अहिले मिल्क टी खान्छु, कत्ति भनिरहनु एउटै कुरा । बोलेर नसक्ने भएँ म ।'

ऊ केटाकेटीलाई खुवाएर होमवर्क गराउनतिर लाग्छे ।

म टीभी हेरिरहेछु ।

ऊ छोराछोरीलाई साँझको खाना खुवाउँछे । बिजुली, पानी र टेलिफोन, केटोकेटीको स्कुल फीको बिल मेरो अगाडि राखिदिन्छे । सँगै उसको तलबको रकम पनि छ ।

मेरो आँखा पुनः टीभीतिर छ । उसले पटक पटक घडी हेर्छे । सायद उसको मनपर्ने कार्यक्रम आउँदैछ ।

- 'विज्ञापन आउँदा उता लाउने कि ?'

हो रहेछ मेरो अड्कल साँच्चो रहेछ ।

तल स्कोर दिइरहेछ ।

ऊ खुट्टा बजार्दै भान्छातिर लाग्छे ।

- 'अब खाना खाने कि ?' फर्केर सोध्छे ।

- 'खानाभन्दा चिया खाने कि ? चियाको धीत मरेन ।'

चियाको पानी उम्लदै थियो, फोनको घण्टी बज्छ ।

- 'ल म आएँ ।'

साँढे आठ बजेतिर निस्कन्छु ।

मिटिङ हुन्छ । गोप्य शाखामा गोप्य मिटिङ, मन्त्रीज्यूसँग ।

मिटिङ सकिएपछि, खानपिनको बन्दोबस्त त्यहीँ छ ।

- 'म जाऊँ कि ?'

- 'होइन, अलिअलि नास्ता गरौँ ।'

मन्त्रीज्यूको अनुरोध टार्ने कसरी ?

घर फर्कँदा राम्रै राती हुन्छ ।

सीधै कोठातिर लाग्छु ।

- 'होइन, खाना खाने होइन ?'

- 'खाएर आएको ।'

- 'अनि खबर गर्नु पर्दैन खाएर आउँछु भनेर ?'

हामीबीच दोहोरो वार्तालाप हुन्छ –

- 'खबर गर्नु मिल्नु पऱ्यो नि !'

- 'एक मिनेट फोन गर्न पनि मिलेन ?'

- 'मिलेन र त नगरेको नि !'

- 'के नमिल्नु ? खुरुक्क तलाई फोन गर्न मन भएन भन्नू नि !'

- 'ल मन भएन भने भएन । मन नभएर गरिनँ । केही भन्नु छ ?'

- 'हेर न रक्सी पनि धोकेर आ'को, होइन ?'

- 'खानै पऱ्यो ।'

- 'के खानै पऱ्यो नि ! यहाँको मुखमा कसैले कोचिदिएको थे'न होला त !'

- 'कस्तो कुरा नबुझ्ने आइमाई रहिछ ।'

- 'हेर, मलाई आइमाई-आइमाई भनेर गाली नगर है !'

- 'के भन्ने त तलाई ? आइमाईलाई आइमाई नभनेर लोग्नमान्छे भनूँ ?'

भनाभन बढ्दै जान्छ –

- 'हेर न जड्याँहालाई, धोकेर यति बेला आएर उसैको ठूलो स्वर ।'

- 'मेरो रहरले गा'को हो र त्यहाँ ?'

- 'रहरले हो कि केले हो, मलाई के था' ?'

- 'थाहा नभए के बोल्नु, चुप लाग्नु नि !'

- 'लाटी बिहे गरेको भए भैहाल्थ्यो नि चुप लाग्न ।'

- 'लाटी नै जाति हुन्थ्यो यस्ती मुखालेभन्दा ।'

- 'अन्यायमा बोल्ने त मुखाले हुन्छन् नि ! ती दिन गए, चुपचाप मुखमा पट्टी बाँधेर बस्ने । सहने पनि कति ! ढलेको सिन्को ठाडो पार्नु छैन ।'

- 'ए, तैले चलाएकी होस् यो घर ?'

'यहाँले मात्र चलाउनुभएको छ घर । म दिनभर सुतेर बसेकी छु खुट्टा पसारेर । एक पटक आइमाईमान्छे बनेर हेर्नू नि !'


'एक पटक लोग्नेमान्छे बनेर हेर् न !'

हामी दुवैको मुखबाट वाक्य पूरा हुन्छ ।

हामी दुवैले दुवैलाई सम्झन्छौँ ।
म आफैँ आइमाईमान्छे ।
ऊ आफैँ लोग्नेमान्छे ।

भगवान् हाम्रो अघिल्तिर छन् ।
म पहिलोको 'म' भैसकेको छु ।
ऊ पहिलाको 'ऊ' भैसकेको छ ।

## गजल





रूपक वनवासी

हेरौं कसले कुनमा हिर्काउँछ ।
सुनारले सुनमा हिर्काउँछ ॥

दूध पाउन बाछ्राले पनि त
माउको त्यो थुनमा हिर्काउँछ ॥

उज्यालो शत्रु चोरले रातमा
रिसाएर जूनमा हिर्काउँछ ॥

महसुरै मान्नुपर्छ त्यसलाई नि
जसले तातो खुनमा हिर्काउँछ ।

चर्काएर नारा चित्त नबुझ्नेले
देशको काननमा हिर्काउँछ ।

व्यङ्ग्य

# नेताजीको स्वास्थ्य


नरेन्द्रराज पौडेल

ताजी स्वस्थ भए देश स्वस्थ रहला, राज्य संयन्त्र मजबूत होला । नेताजी स्वस्थ भए जनताको सुविस्ता बढ्ला । सास्ती घट्ला । नेताजी स्वस्थ रहे देशको भविष्य सुनिश्चित होला । नेताजीलाई शीतलो नभए सरकार फितलो होला । नेताजीलाई सधैं खरो पल्टिरहे देशले दह्रोसँग खुट्टा टेक्नु सम्भवै छैन । त्यसैले नेताजीको स्वास्थ्यबारे देशले चासो राख्नै पर्छ । नेताजीको स्वास्थ्य लाभको लागि देशवासीले इष्ट देवलाई भाक्नै पर्छ । नेताभक्त हामी कार्यकर्ता सधैं चिन्तित बनेर सिन्कीको आकारमा खुम्चिँदै गएका थियौं ।

जन-आन्दोलन चम्किँदै जाँदा नेताजी पहिल्यै पक्राउ पर्नुभयो । ए-ग्रेड नेता भएकाले हिरासतचाहिँ उहाँले विरासतमै पाउनुभएको वपौती रहेछ । केही दिन विद्यार्थी र तल्लो तहका कार्यकर्तालाई सडकमा उतारेर आफू पछि लाग्नुभयो । गोली, लाठी, फोहरा सबै कार्यकर्ताले खाए । उहाँ पछाडिबाटै दूला दूला पस्दै सट्ट अन्तै लाग्नुभयो । उहाँको पुर्पुरै बलियो । दुई चार दिन यसो सडकतिर डुल्दै दूला, गल्ली-गल्ली, गल्छिडा भुल्दैमा उहाँलाई हिरासत मिल्यो । नेताभक्त हामी कार्यकर्ता पहिले त कुरै नबुझेर रनभुल्लमा पर्‍यौं । अनि उहाँको सुरक्षित अवतरण देखेर ढुक्क पनि भयौं । यता सडक ताते, बल्दै गए । गोली चल्दै गए । मान्छे ढल्दै गए । सहिदको सङ्ख्या थपिँदै गयो । लोकतन्त्रको नारा चर्किंदै गयो । तर हामी नेताभक्त बबुरा प्राणी भने नेताजीको स्वास्थ्यबारे दिनदिनै र छिनछिनै चिन्तामग्न हुन थाल्यौं ।

एक दिन हामी दुई चार लबिधरे कार्यकर्ताहरू हिरासत नेताजीलाई भेट्न भनेर पुलीसथाना हुँदो लागेका थियौं । आन्दोलन निर्णायक बिन्दुमा पुगिसकेको थियो तर लोकतन्त्रको घोषणा भइसकेको थिएन । बाटोमा जाँदै गर्दा लाग्यो नजरबन्दी भनेको अवश्य पनि खोरभित्रको सास्ती हो । साँगुरो कोठाको सानो खाटमा ओल्टेकोल्टे गर्दै क्षण-क्षण बिताउनुपर्छ होला । अँध्यारो

कोठामा चारैतिरका जब्बर भित्ताहरूले ढसमस्स ठेलेर कतै हलचल गर्नसमेत नदिने होला । सानो भ्यालबाट छिरेर प्रकाशका छिर्काहरूलाई पनि पर्दा र पल्लाले छेकिदिन्छ होला । कस्तो खाना दिन्छ होला ? के लगाएका होलान् ? उसै त दुब्ला पातला हाम्रा नेताजी थुनुवा-पूर्जी पाएर ठाना चलान भएपछि झन् सारो दुब्लाएर खर्लप्पै त भएनन् ?

नेताजीको चिन्ता र चासोमा निमग्न हुँदै हामी ठानाबाहिरको मूल-गेटमा पुग्यौँ । अनि त्यहाँका प्रहरी-हाकिमको अनुमति लिएर सेन्ट्रीहरूलाई बिन्तीभाउ गर्दै तीन चार गेट नाघेर नेताजीलाई राखेको थुनुवाघरको प्राङ्गणसम्म पुगेका थियौँ । सिजनअनुसारका फूल र झारपातले रङ्गीचङ्गी देखिने सानो बगैँचाको भित्तामा चिटिक्क परेको भुइँ-घर रहेछ । सायद नेताजीको वास्स्थान । कहाँको हामीले कल्पना गरेको अँध्यारो गुफाजस्तो गोलघर ! कहाँको स्वर होटलको रिसोर्टजस्तो बगैँचा किनारमा चिटिक्क परेको सफा सुग्घर भुइँ-घर । हामी राम्रो घर देखेर एक छिन त्यसै चकित परेछौँ । भुइँ-घरको बगलमा अर्को घुमाउने घर रहेछ । जिल्लामा पुलीस प्रसाशनहरूको वासस्थाननजिक यस्ता घरहरू हुन्थे ।

अनुमान गर्‍यौँ - नेताजीलाई भेटघाट र बसोबासको सुविधा राम्रै रहेछ । दश बान्ह जना लहरै कुरा गर्न मिल्ने घुमाउने भुइँ-घरमा पुगेर हामीले त्यहाँको रैथाने टहलुवाजस्तो लाग्ने लोर्के केटालाई आफ्नो कुरा राख्यौँ । फारक फुरुक गर्दै उसले हामीलाई सद्व्यवहार देखाएर घुमाउने घरमा बस्न अनुरोध गर्‍यो अनि अलि परको सानो भुइँ-बङ्गलातिर लाग्यो ।

एकै छिनपछि कागजको थुन्सेजस्तो लाग्ने होचो कदको घ्वाइँ खाले जन्तु हामी भएतिर समसमती सोझियो । कुनै अर्कै पिण्ड हो कि मान्छे हो खुट्याउन नसकेर हामी रनभुल्ल भयौँ । महाकवि माघको शिशुपालवध महाकाव्यको एउटा प्रसङ्ग सम्झियौँ । भगवान् कृष्णलाई भेट्न आकाशमार्गबाट आएका नारद ऋषि पहिले त्यस्तै देखिएका थिए रे !

चयत्विषामित्यवधारितं पुरा
ततःशरीरीति विभाविताकृतिः
विर्भुविभक्तावयवानसौ पुमान्
ऋमादमुं नारदइत्यवोधि सः

हामी एक टकसँग त्यतै हेर्दै थियौँ । कागजको थुन्से बिस्तारै घ्वाइँबाट मानवाकृतिमा बदलिँदै गयो र हुँदाहुँदै नेताजीकै आकृति रूप, वर्ण र अनुहारमा रूपान्तरित हुन पुग्यो । हामी निकै बेरसम्म त्यसै विलखबन्दमा परेका थियौँ । अब बुझ्दै जान थाल्यौँ - हो उहाँ हाम्रै नेताजी हुनुहुँदो रहेछ । साँच्चै बाहिर आन्दोलनले उचाइ लिँदै जाँदा भित्र बसेका नेताजीले होचाइ लिँदै जानुभएको रहेछ । पहिला सिकुटे फुकिढल हुनुहुन्थ्यो । अगाडि लगाएर सडक आन्दोलनमा जाँदा हामी कार्यकर्ताहरू उहाँको जीउ-ज्यानमा तलवितल पर्ने हो कि भनेर खलखल पसिना काढिरहेका हुन्थ्यौँ । दुई चार दिन दूला, देवल, गल्छिडावरपर दुम्किँदैमा आन्दोलनबाट उम्किएर गिरफ्तारी दिनतिर लाग्नु भए'थ्यो । अनि हिरासतमा भित्रिँदैमा तीन चार हप्तामै हृष्टपुष्ट हुनु भएछ । खियाउटे ज्यानमा पाक्कपुक्क मासु थुप्रिएर ड्याम्मै भरिएछ । सुकेका गाला हुप्प फुलेर फर्सीका कैँडा झुण्डिएझैँ भएछन् । बसेका कञ्चट भुक्क उक्सिएछन् गहुँको रोटी या मैदाको वावरभन्दा पनि सुहाउने गरी । फुस्रो अनुहार त यति बेर चिन्नै नसक्ने गरी रातो-पीरो भएछ । लिखुरे ज्यान थियो, पुलीसले भुक्क एक बक्सिङ बजाए हिरिक्कै प्राण जालाजस्तो अहिले थाम्मथुम्म मासु भरिएर बङ्गुरजस्तै बाक्लिएछ, त्यतिबेरको कद अलिक उँभो बढेजस्तो लाग्थ्यो । तर अहिले डावरको विज्ञापनजस्तै तेर्सो बढेर असरल्ल भएछ । तेर्सोसम्म पनि ठीकै थियो । अझै उँधो बढ्ने हो कि भनेर फेरि हामीलाई चिन्ताले चिमोट्न थालेथ्यो । तर शरीरजस्तो देखिए पनि अनुहारले हाम्रै नेताजी भएकोमा शङ्का थिएन ।

हामीले आफ्नै पार्टी शैलीको अभिवादन चढाएपछि नेताजीले जदौ पाराले फर्काउनुभयो । अनि उहाँले कुर्सीको ढाड समाए पनि हामीले पनि बेञ्चमा थुपुथुपु आसन जमायौँ । नेताजीको हातको पुन्टे रेडियो एफएमबाट समाचार वाचन गर्दै रहेछ - फलानु फलानु ठाउँमा गोली चल्दा यति घाइते, यति जना अस्पताल लग्दैमा ठहरै । फलानु ठाउँमा पुलीस भागे । चौकी

जलाइयो । फलानु ठाउँमा पुलीसले फोहरा हान्यो । लाठी बर्सायो । फलानु ठाउँमा आन्दोलनकारीले सरकारी कार्यालय कब्जा गरे आदि इत्यादि । राजधानीबाहिर-भित्रबाट आन्दोलनका ताजा खबरको प्रत्यक्ष प्रसारणले नेताजीको अनुहार पनि चहकिलो बनेको थियो । हामीले पनि समाचारको पुस्ट्याइ गर्दै आन्दोलनका थप खबर सुनायौँ । त्यसपछि आरामविराम हिरासतको हालखबरबारे चासो देखाउँदै चिन्ता प्रकट गरेका थियौँ । आन्दोलन चर्किएको खबरले नेताजीलाई खुराक मिलेछ । उहाँ वत्तीसै दन्त देखाएर हामीतिर उन्मुक्त मुस्कान फिँजाउँदै हुनुहुन्थ्यो । तर के डोठ्याङ परेर हो, फेरि उत्ति बेरै आकाशबाट पुच्छ्रेतारा हराएजस्तै नेताजीको अनुहारबाट हाँसो भन्ने वस्तु पनि साटसुट्ट हरायो । धिपिक्क बत्ती निभेझैँ दिउँसै लोडसेडिङ्ग आइलाग्यो हामीलाई । हामी नेताभक्त बबुरा अलमल्लमा पर्‍यौँ । खाली हात गएका थियौँ । त्यसैले त होइन ? साउने बादल आकाशमा खेलेझैँ मनमा प्रश्न मडारिँदै थियो । तर सौभाग्यले सम्वादविहीन अँध्यारो अवस्था धेरै बेर रहन पाएन । दुवै हातमा एमानमा झोला झुण्ड्याएर निकै खाइलाग्दो मान्छे टुपलुक्क आइपुग्यो हाम्रो अगाडि । स्याउ, सुन्तला, घिउ, हर्लिक्सले भरिएका दुवै झोलाहरू नेताजीका हातमा टक्रयाउँदै धनुष्टङ्कार खाले नमस्कार गर्न पस्रियो । अनि हामी भएतिर मल्याकमुलुक हेर्दै आटमाथि राखेको कुभिन्डाको पोजिसनमा नेताजीको छेउमै गएर बेञ्चमाथि टुसुक्क बस्यो ।

यिनीहरू गाला चाटाचाटै त गर्ने हैनन् कतै ? नवागन्तुक र नेताजीको बसाईको अवस्थाले प्रश्न उठिरहेथ्यो । दुवैले एक पटक हामी भएतिर पुलुक्क संयुक्त हेराई फ्याँके । तर हामी पनि नेताभक्त कार्यकर्ता भएकाले जैडे खालकै थियौँ । अलिक पर मात्रै सरेर उनीहरूमाथि अटेरी दृष्टि बर्सायौँ र डिस्टर्भ नगर्ने आसय फिँजाएर नजानिदोसँग तर्सायौँ । नयाँ मान्छे नेताजीको कानैछेउ थुतुनु पुऱ्याएर भन्दै थियो - 'आन्दोलन पूरै सफल भइसक्यो हजुर अब । भरे भोलि नै नयाँ सरकार बन्दैछ'अरे । सरकारको नेतृत्व पनि हजुरले नै गर्नुपर्ने भयो रे । सर्वदलीय भूमिगत बैठकको हिजो मात्रै निर्णय भयो'अरे । अब त मेरो बाँकी रकम भुक्तानी पनि हजुरकै आदेशबाट हुने भयो । छाङ खोलामा पर्ने छ्यालव्याल सिँचाइ योजनादेखि भादगाउँको भताभुङ्ग मन्दिर मर्मतसम्मको करोडौँ रुपियाँ डुबेको छ । प्रतिगमनकारी राजनीतिको कुदृष्टि परेर कामै गर्न पाइएन । मण्डले मन्त्रीको इसारामा अख्तियारले मुद्दामामिलाको जालमा फसाइदियो । बल्ल अदालतले न्याय दिएर मुद्दासम्म जितायो । तर करोडौँको बिल भुक्तानी त्यसै रोकिएको छ । लाखौँको धरौटी धितो रहेको छ । अब हजुरको दयादृष्टिमा दाम काम मिलाउन पाए जे मर्जी हुन्थ्यो सोही सेवा गर्ने थिएँ प्रभो !'

आउने मान्छेले लामो अर्जी तेर्स्यायो । नेताजीले 'हुन्छ भैहाल्छ' मर्जी भएर उज्यालो अनुहारले बिदा गर्नुभयो । एकाध घण्टाको भलाकुसारी सुन्दा थाहा पाइयो - भेट्न आउने ठेकदारको नगरेको कामको रकमचाहिँ भुक्तानी पाउनै पर्ने दाबी रहेछ । सायद उनको लागि लोकतन्त्र भनेकै काम नभए पनि दामचाहिँ पाउनै पर्ने व्यवस्था हो । काम न हुनु त प्रतिगमनकारी प्रशासन इन्जिनियरहरूको दोष हो । ठेकदारको काम भनेको ठेक्का लिने हो, बिल बनाउने हो जो भइसकेको छ र मर्का पर्ने उनीजस्तालाई वास्तविक न्याय दिने लोकतन्त्रै व्यवस्था मात्रै हो । अब यो आउनै लागेको छ ।

ठेकदार साहेब बिदा हुँदा नहुँदै भेट्न आउने क्रममा उत्तिबेरै जखमले महिला देखा परिन् । उनको पनि हातको कोसेली झोला कम गह्रौं थिएन अघिल्लोभन्दा । अत्याधुनिक दामी फेशनको नामी नमूनामा सजिएकी थिइन् उनी । फुकेको फराक छाती र चाँदीको चेहरामाथि सुनकेस्रा कपाल लर्काएर बारुले कम्मर बङ्ग्याउँदै आइ-ब्रोले छोपिएको कर्के नजर नेताजीका मुहारभरि बर्साएर उहाँकै पार्टी ब्राण्डको नमस्कार पड्काउँदै नेताजीको हातमा झोला थमाउन पुगिन् । अनि थुचुक्क बस्न नपाउँदै हत्तपत्त व्यागबाट अत्याधुनिक मोवाइल सेट झिकेर टक्रयाउँदै भनिन् - 'यो, दाइलाई भनेर मैले स्टेटदेखिन् ल्याएकी ।' अनि झोलाभित्रका उपझोलाहरू झिकेर परी लाउँदै भनिन् - 'यो केन्याको काजु, यो ब्राजीलको एभोकार्डो, यो इटालीको अङ्गुर । हजुर हिरासतमा रहेको उहीँ थाहा पाएर मैले ल्याएकी । भेट्न नभएसम्म हजुरकै

चिन्ताले निद्रा लाग्न छाडेर हतार हतार आएकी। बिहान मात्रै काठमाडौँ उत्रिएको।'

उनको रूप-रङ्ग र छनक-मनक हेर्दै नेताजी एक छिन त्यसै ट्वाल्ल पर्नुभयो । अनि हास्यमिश्रित मुस्कानसँगै प्रसन्नता फिंजाएर एक एक उपहार ग्रहण गर्नुभयो ।

'यो प्रतिगमनकारी तानाशाहीले धर्मपुत्र-पुत्री लाने फायल रोक्या गरिदियो । यतिका दिनसम्म हजारौँ अनाथ र असहाय बालबालिकाहरू विदेश जानबाट बञ्चित रहे ।' महिलाले आफ्नो पेशामाथि आइलागेको आपतजन्य आक्रोश पोखिन् एकै सासमा । अनि थपिन् - 'अब भोलि नै लोकतन्त्र घोषणा भएर सरकार गठन भइहाल्छ रे । हजुर सरकारमा नपर्ने त कुरै भएन ।'

नेताजी मख्ख परेर सम्भावित मन्त्रीको आसनमा जम्नुभयो । अनि भएभरका समस्या एकै मिनेटमा साटसुट मिलाउने फायल खुलाउने आश्वासनले भद्र महिलाको भत्किएको मन मर्मत गरिदिनु भयो ।

अलि बेरपछि म्यान पावर कम्पनीका सञ्चालक आइपुगे । उनी पनि अनगिन्ती युवा-युवतीलाई पाताल पठाउने ग्यारेन्टी गरेर घरबारी सिरिसम्पत्तिमाथि पन्जा धसाउने बहादुर परेछन् । ठगी काण्डमा केही महिना जेल जीवन बिताएर भर्खरै धरौटीमा रिहा भएका । उनले पनि दस्तुरबमोजिमको नमस्कार पड्काउँदैमा बैङ्क ठगी काण्डका अर्का नाइके टुप्लुक्क देखा परेर उनको शिष्टाचार पूरा हुँदा नहुँदै ऋणमाफी आन्दोलनको नेतृत्व सम्हाल्ने अर्का होटल व्यवसायी उपस्थित भए । सबैका नमस्कारका पारा पोजिसन आ-आफ्नै थिए, अनि समस्याका रूप, आकार र कोसेलीका रूप, आकार पनि विभिन्न खाले देखिन्थ्यो । डोल्पाको यार्सागुम्बादेखि बैद्यखानाको सिलाजितसम्म सिङ्गापुरे क्यामरादेखि क्याडवरी चकलेटसम्मका विविध खाले कोसेलीहरूले वरिपरि उरुङ्ग लागेर नेताजलाई छोपिहाल्छ कि झैँ देखिन्थ्यो । नेताजीले एक-एक गरेर सबै कोसेली ग्रहण गरिसकेपछि आश्वासनको पोको फुकाउनुभयो । त्यसपछि विभिन्न खाले जाल झेलमा जेलिएका र समस्यामा पेलिएका आगन्तुकहरूलाई लोकतन्त्र आउनेबित्तिकै माग पूरा गरिदिने आश्वासन बाँड्नुभयो । अनि गफका पर्रा छोडेर मनोरञ्जनका कित्तातर्फ फाल हाल्नुभयो । हामी कार्यकर्ता भनाउँदा लविधरेहरू भने उनीहरूका गफ सुनेर चकित पर्‍यौं । नेताजीसँग बात मार्ने चान्स देखिएन । त्यसैले उहाँको सु-स्वास्थ्यको कामना गर्दै हामी आ-आफ्ना डेरातिर झर्‍यौं ।

कविता

# पतझड



- मनु मन्जिल


भर्खरै समयले
यौटा तारा
एस्ट्रेमा निभाएर गएको छ

बगैँचाको
नौलो यौटा फूल खसेर
पत्थर भएको छ


अहिले शून्यले
लिएको छ
नदी-किनाराको माझीको ठाउँ

पतझड
अब सुरु भएको छ ।

# २०६४ विजया दशमीको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना




नेशनल शैक्षिक कर्जा




नेशनल आवास कर्जा

नेशनल व्यापारिक कर्जा




## तपाईले सोचेजस्तो **विभिन्न कर्जाहरु** उपभोग गरी लाभान्वित हुनुहोस् ।




नेशनल सामाजिक कार्य कर्जा

- उपयुक्त ब्याज
- सुरक्षित बचत
- सुगम कर्जा सुविधा

तपाईंको सनतुष्टि, हाम्रो सफलता

पाको, न्यूरोड, पो.ब.नं. ६९४२,
काठमाडौं
फोन: ४२४०१३४, ४२४२३०२,
४२२८३८०
फ्याक्स: ४२२२९२०

**नेशनल फाइनान्स लि.**
**National Finance Ltd**
(वित्तिय संस्था)

संस्मरण

# शारदा केही सम्झना



भरतराज पन्त

अवश्य हो । *शारदा* मासिक पत्रको प्रकाशन नेपाली साहित्यको इतिहासमा महत्वपूर्ण उपलब्धि मानिन्छ; जो निर्विवाद सत्य हो । यसमा स्वर्गीय उपन्यासकार सुब्बा ऋद्धिबहादुर मल्लको त्यो जमानाको अत्यन्त साहसिलो कदमलाई स्वीकार्नु पर्दछ । ९० सालको महाभूकम्पले गराएको अपार धनजनको क्षति देखेर केही द्रवित हुन पुगेका श्री ३ जुद्धजस्ता कडा प्रशासकलाई मौका पारेर बिन्ती चढाएर, पाउ मलेर नै भए पनि साहित्यप्रधान मासिक *शारदा* को प्रकाशन को शुभारम्भ मात्र गरेर छोडेका होइनन्, १९९१ सालदेखि कैयन् वर्षसम्म निरन्तरता दिएर सञ्चालनसमेत गरे ।

म किशोर अवस्थामै पिताजी प.मणिदत्त पन्तको साथ लागेर आफू बसेको घरनजिक प्यूखाटोलको पुछार डुगम्बहिलको सामुन्ने पन्नाप्रसाद जोशीको वैद्य पसल आरोग्यालय थियो । भित्तामा आरोग्यालयको भित्तेपात्रो हल्लिरहेको थियो । त्यसमा लेखनाथ पौड्यालको एक श्लोक अनुष्टुप छन्दको पङ्क्ति प्रकाशित थियो -

*हाम्रो जीवन हो वृक्ष त्यसमा आरोग्य हो जल,*
*सत्कर्म शुद्ध हावा हो, मुक्ति मुक्ति दुवै फल*

त्यसैको सामुन्ने काठको मेच र टेबिल थियो, तिनै मेचमा पिताजीसाथ बसियो । टेबिलमा ***शारदा*** पहिलो अङ्क तथा बालकृष्ण समशेरको 'धुव' र 'मुकुन्दइन्दिरा' भन्ने नाटक पनि थियो । उक्त ***शारदा*** को भित्री मुखपृष्ठमा एउटा श्लोक थियो :-

*निकाली विघ्नको जाल पखाली चित्तको मल*
*शारदे ! देउ सद्‌बुद्धि बढाई देहमा बल !*

भित्र क-कसका थिए पङ्क्तिहरू ! किशोर हृदयले पक्रन सकेन । 'धुव' नाटकको पङ्क्ति पिताजीले लयसाथ पढेर सुनाएको चाहिँ सम्झना छ –

*सुवर्ण जति ठोकिन्छ गहना मात्र बन्दछ*
*फलामलाई ठोके पो घातकी अस्त्र बन्दथ्यो ।*

नजाने त्यस पङ्क्तिभित्र पिताजीले के कस्तो भाव भेट्टाउनुभयो होला !


यतिसम्म आफ्ना शैशव सस्मरणका कुराहरू भए। अब फर्कौं *शारदा* तिर। बीस वर्ष पाठशालामा, तीस वर्ष महाविद्यालयमा अध्यापन गराउँदा नेपाली साहित्य र साहित्यकारका थुप्रै लेख तथा कृतिहरू पढाइए। *शारदा* पत्रिकाको प्रथम अङ्कदेखि अन्तिम अङ्कसम्म क्रमशः उदाहरण दिएर लेख्ने सामग्री आफूसँग अहिले केही पनि भएन। जीवनले कडा कडा अभिशाप भोग्यो। उमेरले असीमा धक्का दिइसक्यो। नयाँ युवकहरूको झैं जोश, जाँगर, उत्साह र हौसला भन्ने कुरो कथा मात्र रहेको छ।

कुनै दिन एउटा पसलमा चिउरा किन्दा एउटा कागतको खोल प्रयोगमा आएको थियो। सो खोल *शारदा* कै एउटा अङ्कको वर्ष २ संख्या ५ को रहेछ। त्यसमा अगाडिको पृष्ठमा पू. वा. नेवाको जीनालोक शीर्षकको गद्यकविता रहेछ। पृष्ठ २मा पं. लेखनाथ पौड्यालको 'अलका र कान्तिपुरी' शीर्षकमा सम्वादात्मक शार्दूल विक्रीडित छन्दको दुई श्लोक कविता रहेछ। यस्ता सम्वादात्मक कविताहरू अरू पनि पाइन्छन् - पं लेखनाथ पौड्यालका। त्यस्तै, अनुष्टुय छन्दमा नाटक लेखेर सम्वादात्मक शैलीको छनक देखाए - बालकृष्ण समशेरले।

अब त्यसैको वस्तुगत कुरा गरौं - नब्बे सालको महाभूकम्पमा क्षतिग्रस्त जनताले श्री ३ जुद्धबाट प्रशस्त राहत पाएका थिए। यस प्रसङ्गमा यस्तो पनि सुनिन्छ - जापान सरकारले भूकम्पपीडित नेपालप्रति गहिरो समवेदना व्यक्त गर्नुका साथै नेपाललाई आर्थिक सहयोग गर्ने प्रस्ताव पनि पठाएकोमा श्री ३ जुद्धले धन्यवादपूर्वक अहितोलाई आफैं काम चलाइन्छ, पछि परिआएमा यहाँहरूसँग अवश्य निवेदन गरौंला भन्ने जवाफ पठाएका थिए रे। त्यसै सन्दर्भमा कुबेरको राजधानी अलका र नेपालको राजधानी कान्तिपुरीका बीच भएको कुराकानीको माध्यमबाट अचानक लडेर घाइते हुन पुगेकी कान्तिपुरीलाई युद्धनरेन्द्रले सञ्जीवनीको विधि प्रयोग गर्दा फाइदा भएको कुरो देखाएर पर्यायोक्ता अलङ्कारको राम्रो प्रयोग देखाइएको उक्त कवितामा स्तुतिवाद भए तापनि अनौठो तरिकाले युग सापेक्षता व्यक्त गरिएको देखिन्छ।

यसै गरी नेपाली साहित्यमा आधुनिक उपन्यासको सूत्रपात गर्ने चार जना उपन्यासकारहरू चर्चित छन् - रुद्रराज पाण्डे, विष्णुचरण श्रेष्ठ, रूपनारायण सिंह तथा सुब्बा ऋद्धिबहादुर मल्ल। सुब्बा ऋद्धिबहादुर मल्लको 'शर्मिष्ठा' पौराणिक उपन्यास चर्चित छ, जसको विवेचना 'उन्नयन' पत्रिकाको विशेषाङ्कमा यस पङ्क्तिकारले प्रस्तुत गरिसकेको छ। कथा, कविता, निबन्ध, समालोचनाजस्ता विधामा *शारदा* पत्रिकाले धेरै साहित्यकारको परिचय दिलाउने काममा अङ्ग्रेजी भूमिका लेखेको विषय धेरै इतिहासकार तथा समीक्षकहरूले चर्चा गरिसकेको विषय हुनाले त्यसलाई दोहोऱ्याएर कुनै नौलो प्रस्तुति हुन सक्दैन।

गजल



# तिमी नबोल भो

*- सन्तोष शर्मा 'पवन'*

यो जुगैलाई पुग्यो अब, तिमी नबोल भो
बाँकी एउटा मुटु फुट्छ, तिमी नबोल भो।

गल्ती जति मेरै भए, तिमी चौता रै'छौ
देउता पनि बोल्न हुन्छ तिमी नबाले भो।

हातमाथि हात राख्यौ, ल्यायौ आज यहाँसम्म
जति झर्छ आँसु, तिमी नबोल भो।

फूलको नाता काँडा भयो छाँया भयो टाढा
अझै हेर्छु के के हुन्छ, तिमी नबोल भो।

खुशी छैनस्, 'पवन' तँलाई के भो भन्छन्।
सुन्छु जसले जे जे भन्छ, तिमी नबोल भो।

निबन्ध

# रङ्ग विभीषिकाहरू


तेजेश्वरबाबु ग्वँग:

रङ्गहरूसित जतिजति नजिकिन थालेँ त्यतित्यति नै रङ्गहरूले जिस्क्याएझैँ लाग्न थाल्यो मलाई । रङ्गहरू अब मस्किन थालिरहेछन् । रङ्गहरू अँगाल्न थालिरहेछन् मलाई । रङ्गहरू अँगालो चालै नपाइने गरी मस्किन्छन् आङभरि । जिउभरि चस्कैचस्काका अँगालाहरू । रङ्गहरूका अँगालो पाएपछि नै रङ्गीन अँगालोको अनुभूतिका भारतौल राख्न सकिँदो रहेछ । अचेल रङ्गीन अँगालोहरूबाट भारी छु । केही समय त रङ्गहरूले इशारा मात्र गरिरहे । रङ्गका इशाराहरूका भावभङ्गिमा बुझ्न फजित पऱ्यो मलाई । रङ्गका भावभङ्गिमा पनि रङ्गीनै हुँदारै'छन् । तिनका भावभङ्गिमा बुझ्नै सकिनँ मैले । हम्मेहम्मे परेपछि मैले भनेँ रङ्गसित, 'तिमी ल माधुरी हौ मेरा । तैपनि तिम्रो मधुरता बुझ्न सकिनँ मैले ।' कस्तो मधुरिमा यो जो बुझेर पनि हम्मे छ मलाई । रङ्गको मधुरिमाभित्र किचकिन्ने गर्भ छ कि कसो कहिले डर ! कहिले अत्यास ! कहिले झसङ्ग ! कहिले भरङ्ग ! रिङ्रिङ्याउँछ किचकिन्नेहरू ! रङ्गीन अँगालोहरूले मलाई रिङ्ग्याउन थालिरहेछन् अचेल । भाउन्न पर्छ, लड्छु । उठ्नै साह्रो पर्छ । होसहवास उड्न खोज्छ । सम्हाल्नु पर्दारै'छ । सम्हाल्छु आफूलाई आफैँले । भनिरहेझैँ लाग्छ नेपथ्यबाट, 'अचेल कसैले कसैलाई सम्हाल्न सक्दैन ।'

रङ्गहरूलाई चिमोट्न खोजेँ । रङ्गहरूका त जिउ नै नहुँदा रै'छन् । जिउबिनाका रङ्गहरूका टाउका पनि नहुँदा रै'छन् । बिना टाउकाका रङ्गहरू त मुर्कट्टा पो हुँदाहुन् । छुन खोज्यो छोइन्नन् । हेर्न खोज्यो देखिन्नन् । टाउकोविहीन मुर्कट्टा म ! जसका लागि दुर्भेद्य बन्छन् । मुर्कट्टा रङ्गहरू अरूलाई कहर दिन सक्छन् । कहर खेप्न सक्दैनन् । अर्काका कहरमा रहर मच्चाउनु मुर्कट्टा स्वभाव बन्छन् । मुर्कट्टाहरू यस्तै गर्छन् । साँझ/बिहान/रात/दिन/सन्ध्या/भोर/मध्यान्न/मध्यरात आठै प्रहर !

अहो ! रङ्गका अँगालाका इशाराभित्रका कहरहरू बक्न पो पुगेछु म । धत्तेरीका ! रङ्ग विभीषिका कत्रो त्रासदीपूर्ण ! रङ्गहरूका छरपष्ट अँगालोले कुरूप बनेछु । ऐना हेर्छु, आफूलाई आफैँले नचिन्ने भएछु । झन्डै गाईजात्रे पात्र ! झन्डै होलीका दहनपछिको आकृति । झन्डै अमेरिकी हलेवीन दिवसका पात्रहरूझैँ आफैँसित आफ्ना अनुहार हराएकाहरूजस्तै ! रूपहीन आकृति भइदिन्छु । बुख्याचाजस्तो ! प्राणहीन आकृति । किसानले खेतबारीमा जनावर नपसाल्न झोसिएका आलुबाख्याः बुँख्याचाजस्तो । धत्तेरीका ! के भएछ यो आफूलाई रूपान्तरित गर्नु आफैँ अस्तित्व-प्रतिको धज्जी ! कहाँ आत्मप्रतिष्ठा कहाँ आत्मआस्था आस्था अनास्था आफ्नै अन्तरङ्का बहना न हुन् रङ्गका अन्तरङ्ग पीडाबोधहरूका मानस विकृति ! कहाँ स्वीकृति कहाँ विकृति नब्बे डिग्रीको अन्तरभेद ! म भोगिरहेछु रङ्गका छेस्काहरूमाझ ! छेस्काहरू कहाँ मुढाझैँ भेद्य हुन्छन् । यति सूक्ष्म छेस्काहरू दुर्भेद्य हुन्छन् । मात्र छेस्एिका अवयव हुँदा चस्किन्छ आफ्नै अन्तराल ! छेस्का विभीषिकाहरू चेत-परक प्रसङ्ग पनि छेस्का रूप-स्वाभावहरूका लागि छेस्का नै बन्न सक्छ । बन्नु पनि पर्छ । नत्र छेस्का विभीषिकाको बखान बहादुर नै बनोस्, को यहाँनिर रङ्ग र छेस्का भेद यति समीवर्ती भइदिन्छ । मलाई अन्तर दर्शाउन साऱ्होगाऱ्हो पर्न थाल्छ ।

रङ्ग विभीषिका मुक्ति सोच-सागरमा पौडदापौडदा थकित हुन्छु । थाकेको ज्यान भुत्तो हतियारजत्तिकै भइसक्छ । शान्त र शिथिल जिउ । मात्र निद्राले वसमा राखेको देह । निदाइदिन्छु । अवचेनत मन ! मात्र सपनामा सक्रिय ! त्यस बेलाको अवस्था स्वप्न जगत् । स्वप्निल चेत । वास्तविक पनि अवास्तविक पनि, दुवै हुनसक्ने । असम्भव पनि सम्भव पनि । सम्भव असम्भव बन्ने, असम्भव सम्भव हुने । कपोलकल्पित जीवन क्षण ! न त्यस घडीको सीमारेखा हुन्छ न त कुनै पर्खाल न बार ! रङ्गहरू हिँडिराखेका हुन्छन् । बोलिरहेका हुन्छन् । मस्तमस्त पिङ मच्चाइरहेका हुन्छन् । पिङ जो आफसेआफ मच्चाइन्छ । पिङ जसको मच्चाइमा मच्चाउनेकै ताकत मच्चिछ । पिङ मच्चाउने त रङ्गहरू नै हुन्छन् । रङ्गहरू जुन आफैँ शक्ति परिशिलनका संवेगमा हुन्छन् । सायद रङ्गहरूलाई संयुक्त प्रयासका परिशिलन थाहा छैन, र आउँदैन पनि । समस्या हिँडाइको होइन । समस्या हिँडाइमा पनि छैन । समस्या संयुक्त पर्खाइमा पनि होइन । समस्या संयुक्त परिचालनमा । रङ्गहरू संयुक्त परिचालनमा छँदै छैनन् । रङ्ग संयुक्त गतिमा हुँदै रहन्नन् । मानौँ रङ्गहरूका संयुक्त पाइताला नै छैनन् । मानौँ रङ्गहरू कुनै लामखुट्टे हुन् । मानौँ रङ्गहरू कुनै छोटा खुट्टाधारी हुन् । मानौँ खुट्टाहरू लुला छन्, लङ्डा छन् । रङ्गहरू एकजुट हिँड्नै सक्दैनन् । साँच्चै रङ्गहरू एकजुट हिँडे सेता बन्न सक्छन् । सायद, तिनलाई यो विज्ञानका अभिज्ञान आउँदैन । थाहा नै छैन क्यार सप्तरङ्ग एकसाथ घुम्दा सूर्यले देदिप्यमान प्रकाश पार्न सकेका पनि तिनीहरूलाई ! लाग्छ, कतै अनभिज्ञता अवरोध बन्छन् क्यार । लाग्छ, कतै अवरोध नै गतिशीलतामा अवरोध हाल्छन् । न जिन्दगी अवरोध हो न जिन्दगी समस्या हो । जिन्दगी त कर्मशील गतिशीलता हो । सपनामा पनि रङ्गसित बोलिरहेको हुन्छु, बोली नै रहन्छु । नपत्याए एक पटक न्यूटन डिस्क घुमाएर हेरौँ । रङ्गहरू सप्तरङ्गी भएर पनि सूर्यकिरण सेतो प्रकाश छर्छ । सूर्यकिरण सेतो प्रकाश बन्छ । एउटै धुरीमा आफ्नो सूर्य घुम्छ, घुमिरहन्छ । आफ्नै धुरीवरिपरी घुम्दै सूर्यचक्र सप्तरङ्गलाई मन्थन गर्छ । मन्थन हुन्छ सप्तरङ्ग । घोलिन्छ सप्तरङ्ग । यसरी घोलिन्छ सप्तरङ्ग कि गतिमान गतिले सप्तरङ्गलाई सेतोमा पनि उज्यालो प्रकाशमा परिणत पारिदिन्छ । यस्तो उज्यालो प्रकाश पार्छ कि त्यसले ब्रम्हाण्डलाई नै चहकिलो पारिदिन्छ । ब्रम्हाण्ड भन्नु खगोल बन्छ । ब्रम्ह नै अण्ड बन्छ । अण्ड आकार बनेको ब्रम्हाण्ड खगोल बन्छ ।

हाम्रा पुर्खाहरू ब्रम्हतेजको कुरा गर्थे । म कान थापिरहेको हुन्थेँ । मानौँ कान पनि एक द्वार हो । ब्रम्हतेजलाई आफ्नै घैँटोमा पसाल्ने निकाय । आफैँलाई घैँटो भनेँ मैले । म आफैँ एउटा घैँटो बनेजस्तो आफूलाई आफैँले घैँटो बनाएजस्तो । घैँटो देह । घैटो शरीर । घैँटो मान्छे । मान्छे घैँटोमा परिणत भइन्छ ब्रम्हतेजविहीन अवस्थामा । ब्रम्हतेज भन्नु परमब्रम्ह तेज । परम्बाट परा बन्यो । वा पराबाट परम् बन्यो, एउटा युगीन

सोचको कुरो ! अण्डबाट चल्ला वा चल्ला माउ बनेर अण्डा पाऱ्यो ! मन्थनको गन्थन । गन्थनभित्रको मन्थन । यस्तै रहन्छ यस्तै । जस्ताको तस्तै, भन्डै दूरदर्शन साधनको जनमतको जस्ताको तस्तैजस्तो ! तैपनि ब्रम्ह विवेककै कुरो हो - जस्ताको तस्तै रहन्न केही । जस्ताको तस्तै उच्चारण मन राख्ने शब्दावली । चित्त बुझाउने स्वरमुखरण मात्र । जस्ताको तस्तै सबै भइदिएको भए दोधारे अवस्था उब्जिन्छ नै कहाँ ? विमति बन्ने नै थिएन । विमति सहमति होइन । सहमति त विमति बन्न सक्दैन । सहमति त सेतै हुन्छ । सातरङ्ग घोलिएर बेपत्ता फन्को चक्रबाट प्रदर्शित हुन पुग्ने सेतोजस्तो ! त्यसैले त हो सेतोरङ्ग सबै रङ्गहरूमा उच्च घरानका रङ्ग बन्छ । रङ्गहरूका राजा रङ्ग ! भनौं राजर्षिरङ्ग ! सेतो रङ्गमा सबै रङ्गहरू समाविष्ट रहन्छ । सेतो रङ्गका लागि कुनै पनि रङ्ग अछुतो रहन्न । अधुरो रङ्ग समाबेशीकरण आन्दोलनका शुद्धप्रतिनिधि रङ्ग ! सेतो रङ्ग बोलिरहेको हुन्छ, 'म मात्र समाबेशीकरणका प्रतीक रङ्ग !' अरू रङ्गहरूलाई सेतोको अर्थ बोध छ छैन । थाहा मलाई नि हुन्न । यस्तै यस्ता सोचसित म फेरिफेरि रङ्गका विभीषिकाहरूका फन्दामा पर्छु ! आफैँ बेतोड फन्काबाजीबाट पैदा भएको सेतो रङ्ग सप्तरङ्गका फन्कैफन्काको फन्के रङ्ग ! रङ्ग विभीषिका त्रासदीपूर्ण बन्ने अवस्था रङ्गभित्रका विज्ञान नबुभनु पो रहेको ज्ञात हुनपुग्छ । फेरि पनि उही घैँटोमा घाम लाग्न पुग्छ । घाम नलागेको घैँटो त आफ्नै चोला बन्दोरहेछ । घैँटो त ज्ञानको उज्यालो पस्न बाँकी चोलाको प्रतीक पो रहेछ ।


रङ्गहरूका त्रासदीपूर्ण विभीषिका रङ्गको आफ्नै आख्यान रहेनछ । ती त अरूले जोडे-जडेको वस्तुस्थिति पो रहेछ । अरूले जोडे-जडेको धारणा जतिसुकै वस्तुपरक भनिए पनि कुनै हदसम्म आत्मपरक हुँदोरहेछ । आत्मपरकता आफैँ धारणागत अनुभूतिका ज्ञापन भइदिँदो रहेछ । आत्मनुभूतिपरक अभिव्यञ्जना सबैका लागि उत्तिकै मान्य नहुँदा रै'छन् । आत्मनुभूतिपरक अभिव्यञ्जनामाथि सृजनाका धनी तिनमै जिकीरका जञ्जिर गाँस्छन् । कसैको जिकीर मान्य नठान्नेहरू आफ्ना तर्क पसार्छन् । जिकीर हाल्छन् । विचार पस्काउँछन् । यसमै वादविवाद उन्न थाल्छन् । वादविवादबाट सिकिलिनेहरू 'वादेवादे जायते तत्व वोध' भन्दाहुन् । भन्दछु मै पनि HUMAN BEINGS ARE MORE RATIONALISING THATINAL अर्थात् मनुष्य प्राणीहरू औचित्यपूर्णभन्दा उचितताका तर्क प्रेषक छन् । मानिसहरू नितान्त तर्कयुक्त प्राणी हुन् । त्यसैले उनीहरू तर्क गर्छन् । तर्क बहसका बैशाखी बन्छन् । तर्कमाथि टेकेर अगाडि बढ्नु मानिसका वर्ण आश्रयका पनि आधार बन्छन् । त्यही भूमिमा ऋषिमुनिहरू कुटी कस्छन् । आश्रम बाँध्छन् । प्रत्येक आश्रम एक न एक विचार पद्धतिको आश्रय बन्छन् । विचार पद्धतिहरूलाई सूर्य आलोकबाट निस्केका किरणका रेखाले रङ्गग्याउँछन् । विचारहरू रङ्गिएपछि विचारलाई रङ्गले र रङ्गलाई विचार पद्धतिले वशीभूत पार्छन् । वर्णाश्रम धर्म यसरी सुरु भइदिन्छ कि प्रत्येक वर्णाश्रम मान्नेहरू वर्णाश्रमी भइदिन्छन् । वर्णाश्रमीहरू आफ्ना वर्णाश्रमका विशेषताहरू विस्तृत पार्न खोज्छन् । वर्णाश्रमी सदस्यहरूको सङ्ख्या वृद्धि हुन थाल्छ । शाखा प्रशाखाहरू बन्छन् । रङ्गभेदका विभीषिकाहरू उफ्रन थाल्छन्, वर्षादमा भ्यागुताभैँ । चुनावको बेलामा दलहरू र दलीय कार्यकर्ता अनि उम्मेदवारहरूभैँ । रङ्गहरू मुठभेद गर्छन् । वाकयुद्ध मच्चिन्छन्, मच्चाइन्छन् । वातावरण चारैतिर रङ्ग विभीषिकाका चपेटामा चपेटिन्छन् । रङ्ग विभीषिकाका पिङ मच्चिन्छन्, मच्चाइन्छन् । निरीह रङ्गका विभीषिका नबुभ्नेहरू रङ्ग विभीषिका मृत्यु शैयामा लेट्नपुग्छन ! मानौं रङ्ग विभीषिकाहरू मृत्युशैया निरीहका लागि बनाइएका अन्तिम संस्कार हुन् ।

रङ्ग विभीषिकाहरूको प्रसङ्गै-प्रसङ्गमा अन्तिम संस्कार उच्चारण गर्न पुगेछु । लाग्छ, रङ्ग विभीषिकाका प्रकरणहरूमाभ अन्तिम संस्कार मृत्यु संस्कार हो । मृत्यु संस्कार रङ्ग संस्कार पनि हो । मृत्यु संस्कार 'मृतङ्गमा अमृतङ्गमय' वेद वाक्यका पनि समाधि वाक्य बन्न थाल्छ यतिखेर । मरणशील जीवन चोलालाई अमरणशील बनाउने चेष्टा धारण गर्न थाल्छ ममा ।

सोच्छु, यस वेद वाक्यले पुनर्जन्म मुक्ति कामना भरिरहेछ ममा । 'भृतङ्गमा अमृतङ्मय !' कत्रो कामना ! कत्रो चाहना ‼ मरणशीलताबाट अमरणशीलताको कामना ! पुनर्जन्म नभइदेओस् हाम्रो चाहना ! उत्तिनै खेर लाग्न थाल्छ फेरि कि पुनर्जन्म पुस्तान्तरणमा भई नै त रहन्छ । पुस्तान्तरण प्रक्रिया शास्वत प्रवृति बनेको छ । यौन प्रवृत्ति पुस्तान्तरण प्रक्रिया ठहर्छ शारीरिक चाहनाका साथ घोलिएको अव्यक्त प्रवृत्ति ! शारीरिक प्रवृत्तिसित घोलिएको पुस्तान्तरण प्रक्रियात्मक प्रवृत्ति मानसिक पनि शारीरिक पनि, दुवै प्रवृत्तिमूलक छ । शरीर छ मानव धरातल बन्छ । शरीरमा जैविक चेत अटाएसम्म शारीरक र मानसिक उर्जा उद्भव भइरहन्छ । शरीर चेतनामूलक दैहिक र मानसिक प्रवृत्ति र चाहनाका डबली बन्छ । रङ्ग विभीषिकाका प्रसङ्गसित ममा संचेतनाका आलोक छिर्न थाल्छ । म रङ्ग विभीषिकाका अनेक आयामिक अर्थ बोध गर्न थाल्छु । बाँच्नुको 'मृतङ्गमा अमृतङ्मय' मन्त्र-तत्वबोध सुस्तरी खुल्न थाल्छ ममा । म रङ्ग विभीषिका बोधिज्ञानमा मगनमस्त रहेको रह्यै हुन्छु !

गीत

# सबै नौलो



मुटु छ उही धडकन नौलो; छन् मुग्ध नयन दर्पण नौलो ।
आकाशको नीलोपन नौलो; यस धरतीको कण-कण नौलो ॥
मुटु छ उही .......

जीवनको सफर एक्लै-एक्लै; थियो शून्य किन, थियो रित्तो किन ?
तिमीलाई भेटेपछि जानें; जीवन छ अधुरो साथी बिन ॥
छहराको त्यो छर्छर नौलो; खोलाको त्यो कल्कल नौलो ।
बादलको त्यो नर्तन नौलो; त्यो पर्वत-पाखा-वन नौलो ॥
मुटु छ उही .......

कुन जन्मको पुण्य फल्यो कुन्नि; धरतीमै स्वर्ग झरी आयो ।
ब्यूँझायो सुतेको मन उपवन; वासन्ती हावा सरी आयो ॥
यो मन भो पराई तन नौलो; भो आफ्नै यो जीवन नौलो ।
भो लक्ष्य नयाँ चिन्तन नौलो; हर पल छ नयाँ, क्षण-क्षण नौलो ॥
मुटु छ उही .......



चेतन कार्की

*- स्याङ्जा/हाल : ललितपुर*

# साँझमा समुद्र



दिनभरि हिँडेको थकित सूर्य
साँझपख ढल्केको छ टाउको मात्रै निकालेर
पानीको वाथटबमा
रङ्गिएको छ समुद्रको पानी
उसले पखालेको रातो रङ्गले

जहाजको माथिल्लो भागमा बसेर
आँखाले पिउँदैछन् समुद्रको मादक सौन्दर्य
उठिरहेछन्
छिनछिनमा लहरहरू समुद्रको किनारमा
र हृदयमा उसैगरी

किनारको बालुवामा पल्टेका छन्
शान्त मुद्रामा मानिसहरू
र हेरिरहेछन्
आकाशको ऐनामा समुद्रको गम्भीर अनुहार
एकछेउमा गुन्गुन्-गुन्गुन् कुरा गर्दै
रोइरहेछ भोलि टाढा हुने प्रेमीहरूको एक जोडी

यी सब दृश्यहरूबाट
अनभिज्ञ एक युवती बजाइरहिछ
गितारमा एक पुरानो धुन
र भूपरिवेष्ठित देशको एक जना विदेशी कवि
मग्न भएर एकटक
हेरिरहेछ समुद्रमा - समुद्रमा पानीको पहाड !



रमेश क्षितिज

# मातृत्व आगोको भुङग्रौं

– *डा. वीणा पौड्याल*

## परिचय:

मातृ देव भव : अर्थात् आमालाई देवतासरह सम्मान गर ! पूर्वीय धार्मिक ग्रन्थहरूमा नैतिकताको पाठ सिकाउँदा सधैं नै आमालाई सम्मान, श्रद्धा, माया गर्न सिकाइएको छ। आमा बाबु र गुरुलाई आदर गर्दा सबैभन्दा पहिला आमाकै नाम लिइन्छ। आमाले यस्तो सम्मान, आदर पाउनाको पृष्ठभूमिमा उनको त्याग तपस्याको ठूलो भूमिका छ। तिनलाई यस्तो विधि सम्मान गरेकोमा कोही पनि आश्चर्यचकित हुँदैनन्।

लाखौं-लाख वर्षसम्म प्रकृतिको वातावरण र विविध प्राणीसँग सङ्घर्ष गर्दै मानिस आजको स्वरूपमा आइपुगेको छ। प्रकृतिमा जो योग्य छ त्यही बाँच्दछ। Survival for the fittest भन्ने तथ्य प्रमाणित भैसकेको छ। पृथ्वीमा जन्मिएका विभिन्न प्राणीहरूले आफ्ना वंश वृद्धि गर्ने गुण जन्मैदेखि पाएका छन्। त्यही गुणले गर्दा नै मानिसको प्रजाति आज पृथ्वीमा हैकम चलाएर बस्न सफल भएको छ।

मातृत्व एउटा वरदान हो। जङ्गली अवस्थाको अष्ट्रोलोपिथेकस (नर वानर) र आजका मानिसको जीवन शैलीमा समयअनुसार ठूलै परिवर्तन आइसकेको छ। प्राग ऐतिहासिक समयमा महिला र पुरुष एउटै ठूलो परिवारमा समान स्तरमा जीवन यापन गरिरहेका थिए। विभिन्न कालखण्डमा सामाजिक संरचनामा परिवर्तन हुँदै गयो र विश्वभरि नै पुरुष वर्गको हैकम र प्रभुत्व कायम भयो।

## पितृसत्तात्मक व्यवस्था :

समाजको बनोट, पारिवारिक सङ्गठन दैनिक क्रियाकलाप आदि सम्पूर्ण कुरामा आजको मानवको जीवनशैलीमा परिवर्तन आइसकेको छ। त्यसैले सन्तानको जन्म र त्यसमा आमाको निर्णयको बारेमा अब गम्भीर भएर दोहोऱ्याएर सोच्ने समय आइसकेको

छ। पितृसत्तात्मक हाम्रो समाजमा महिलाले नौ महिनासम्म धारण गर्ने गर्भ र त्यस बालकको जन्मसँग सम्बन्धित विभिन्न कुरामा निर्णय अर्थात् प्रजनन् क्षमतामाथि नियन्त्रण गर्ने सम्पूर्ण अधिकार बाबु वा उसको परिवारका सदस्यलाई हुन्छ। हाम्रो ऐन, कानुनअनुसार नागरिकतामा बाबुको नाम र थर मात्र उल्लेख गर्ने र आफ्नो नामसँग बाबुको थर मात्र लेख्ने प्रचलन रहेकोले यस कार्यले अझै कानुनी संरक्षण र हौसला पाएको छ। आफ्नो थर गोत्रलाई निरन्तरता प्रदान गर्ने वंशको दीपक मानिने सन्तानको जन्मको निर्णय सधैं बाबुकै परिवारबाट हुन्छ। आमालाई त्यस्ता कार्यमा महत्व दिइँदैन।

विकसित र विकासोन्मुख राष्ट्रको नीति निर्माणकर्ताहरूले आवश्यकताअनुसार नारीहरूले थोरै वा धेरै बच्चा जन्माउने निर्णय गर्दछन्। विकसित राष्ट्रहरू जस्तै स्वीडेन, अष्ट्रिया, क्यानडा आदिमा दुईभन्दा बढी सन्तान जन्माउने दम्पतीलाई विभिन्न सहुलियत दिएर प्रोसाहन गरिन्छ। विकासोन्मुख राष्ट्र चीन, भारत र नेपालमा एक वा दुइटा सन्तान जन्माउने दम्पतीलाई मात्र विशेष सुविधा दिइन्छ। विश्वका अधिकांश राष्ट्रले नीति निर्माण गरेर नारीहरूको प्रजनन् शक्तिमाथि नियन्त्रण गर्ने प्रचलन बढ्दै गएको छ।

**मातृत्वको कठिन स्थितिबारे अनभिज्ञ**

आमा हुँदाको विभिन्न कठिन स्थितिबारे प्रायः धेरै महिलालाई जानकारी हुँदैन। शैक्षिक क्षेत्र र पारिवारिक परिवेशबाट महिलाहरूले मातृत्वको विविध पक्षबारे त्यति खुलेर जानकारी हासिल गरेका हुँदैनन्। साधारणतः मातृत्वको महत्व र गरिमाको बारेमा मात्र बुझाइन्छ। त्यसको कठिन पक्षबारे खुलेर कुरा गर्ने परीपाटी हामीकहाँ छैन। आमा बन्ने उचित उमेर, बच्चा गर्भमा आएपछि आमाको शारीरिक बनोट र मानसिक सोच परिवर्तन, सन्तुलित खाना, आवश्यक व्यायाम र बच्चाको जिम्मेवारीबारे महिलालाई तथ्य जानकारी गराउनु पर्दछ।

विदेशतिर गर्भिणी महिला तथा उनका परिवारका अन्य सदस्यलाई पनि गर्भ-धारणबारे जानकारी गराइन्छ भने बच्चा र गर्भिणी महिलाको हेरविचार, बच्चाको जन्मपछि जीवनको अन्य परिवर्तनबारे अवगत गराइन्छ। तर हामीकहाँ महिला गर्भवती भएको विषयलाई समान्य प्राकृतिक रूपमा लिने र गर्भवतीले त्यस विषयको कुरा गर्दा सङ्कोच मान्ने चलन छ। नयाँ पुस्ताका सचेत महिलाहरूले गर्भको बच्चाको बारेमा कुरा गर्दा प्रौढ पुरुष र महिलाहरूले उत्ताउलो भन्दै कुरा काट्ने प्रवृतिमा कमी आएको छैन।

बच्चा गर्भमा आएको केही समयपछि धेरै महिलाहरूलाई वाक-वाक आउने, केही खान मन नलाग्ने, खाएपछि बान्ता हुने, कमजोर भई रिङ्टा लाग्ने, ढाड दुख्ने, शरीरको बोझ थाम्न नसकी खुट्टा सुन्निनेजस्ता लक्षण देखिन्छन्। केही महिलाहरूलाई भने यस्ता लक्षण बढ्दै गएर सहिनसक्नु नै हुन्छ। दिनमै दर्जनौं पल्ट बान्ता भएर शरीरमा पानीको कमी भएपछि अस्पतालमै राखेर 'सलाइन' दिने र अन्य आवश्यक उपचार गर्नुपर्ने हुन्छ। गर्भको बच्चाको तौल तथा मानसिक स्थिति आमाको खानपान र व्यायाममा पूर्ण रूपले भर पर्छ।

त्यस्तै गरी गर्भको बच्चाको बसाइको स्थिति र तौलअनुसार आमाको दैनिक क्रियाकलापमा ठूलो असर पर्दछ। एक वा त्योभन्दा बढी बच्चा गर्भमा हुने आमाहरूले राती नसुतेर सात आठ महिना बिताउनुपर्ने अवस्था पनि आउन सक्दछ। राती राम्रोसँग सुत्न नसक्दा शरीरलाई आराम पुग्दैन, जसको नकारात्मक असर पर्दछ।

शरीरमा आउने परिवर्तनका कारण गर्भवती हुँदा कस्सिएका लुगाहरू लगाउनु ठीक हुँदैन। त्यसैले खुकुलो, नकस्सिने पहिरनको प्रयोगबारे जानकारी हुनुपर्दछ। जुत्ता सजिलो र अग्लो कुर्कुचा नभएको लगाउनु पर्दछ।

चुरोट, रक्सीजस्ता लागुपदार्थको अम्मल भएका महिलाले आमा हुनुभन्दा अघि एक पल्ट गम्भीर भएर सोच्नु पर्दछ। धुम्रपान र मध्यपानले आमा र बच्चा दुवैको स्वास्थमा सारै नराम्रो असर पार्दछ, त्यसैले आमा हुनेले यी पदार्थ त्यागेर स्वस्थ वातवरणमा बस्नु पर्दछ।

भारी गाग्री बोक्ने, कठिन शारीरिक परिश्रमको साथसाथै तीव्र गतिमा साइकल, मोटरसाइकल चढ्ने,

कुद्ने उफ्रने, दौडने, घोडा चढ्ने, रोटेपिङ खेल्ने, वन्जी-जम्पजस्ता साहसिक तथा कठिन कार्यबाट टाढै बस्नु पर्दछ। धेरै मानिस बन्द कोठामा बस्दा अक्सिजनको कमी हुन्छ, जसले गर्दा गर्भको बच्चालाई असर पर्दछ। त्यसैले त्यस्तो गुम्सिने स्थल, सिनेमा हल, नाइटक्लव र गोष्ठीहरूमा धेरै समय बिताउनु हुँदैन।

प्रत्यक्ष र अप्रत्यक्ष रूपको मानसिक शारीरिक हिंसाबाट गर्भवती महिला टाढै बस्नु पर्दछ। गर्भवती आमाको तनावग्रस्त स्थितिको प्रभाव गर्भस्थ शिशुमा पर्ने कुराको वैज्ञानिक पुष्टि भैसकेको छ। त्यसैले स्वस्थ सन्तानको कामना गर्ने आमाले आफूलाई तनावमुक्त स्थितिमा राख्नु पर्दछ। त्यसको लागि कार्यालय र घर परिवारका सदस्यहरूले पनि वातावरण बनाउन मद्दत गर्नु पर्दछ।

**परम्परागत सोचाइ**

सन्तानको स्याहार-सुसार लालन-पालनको जिम्मा महिलाहरूले नै लिनुपर्ने पम्रपरागत सोचाइमा अझै परिवर्तन आएको छैन। दक्षिण एसियाका सबै राष्ट्रहरूमा पम्रपरागत सोचाइले अझै पनि मल-जल पाइरहेको छ। सन्तानको हुर्काइमा बाबुको जिम्मा आर्थिक भारमा मात्र टुङ्ग्याउने सोचाइले गहिरो जरो नै गाडेको छ। प्रेम-विवाह गर्ने नयाँ पुस्ताका जोडा-जोडीमा भने परम्परागत विचारमा झिनो परिवर्तन आउन थालेको छ।

अधिकांश दक्षिण एशियाली राष्ट्रहरूमा संयुक्त परिवार प्रथा प्रचलित भएकोले परम्परागत सोचाइमा परिवर्तन ल्याउन त्यति सजिलो छैन। स्तनपानको कारणले गर्दा नवजात शिशु र आमाको शरीरिक र मानसिक सम्बन्ध पक्कै जिम्मेवारीपूर्ण र घनिष्ट हुन्छ। तर त्यसको मतलब बाबुले बच्चाको अन्य काम गर्नै नहुने हैन। जस्तो; बच्चाको सरसफाई, तेल लगाउने, थाङ्ना धुने पट्याउने आदि र भान्साको काम बाबुले पनि गर्दा हुन्छ। दूध खुवाउने काम गर्दैमा सम्पूर्ण खानपानको जिम्मेवारी आमाको नै हुनु पर्दछ भन्ने हैन।

**अधिकांश दक्षिण एशियाली राष्ट्रहरूमा संयुक्त परिवार प्रथा प्रचलित भएकोले परम्परागत सोचाइमा परिवर्तन ल्याउन त्यति सजिलो छैन। स्तनपानको कारणले गर्दा नवजात शिशु र आमाको शरीरिक र मानसिक सम्बन्ध पक्कै जिम्मेवारीपूर्ण र घनिष्ट हुन्छ।**

**उपसंहार :**

नौ महिनासम्मको रोमाञ्चकारी र कठिन स्थितिपछिको सन्तान प्राप्तिको वर्णन शब्दद्वारा गर्न निकै कठिन पर्दछ। यसरी नै सन्तान जन्मादाको व्यथा भने त्यो स्थितिबाट गुज्रिएका महिलालाई मात्रै जानकारी हुन्छ। हाम्रोजस्तो अविकसित देशहरूमा गर्भिणी-स्त्रीको मृत्युदर सारै नै उच्च छ। कठिन भौगोलिक बनोट, स्वास्थ्यकर्मी र अस्पतालसँगसँगै चेतनाको कमीले गर्दा हाम्रो देशमा गर्भिणी महिलाहरू आमा बन्न नपाउँदै मृत्युको मुखमा पुग्ने तथ्य विभिन्न सङ्घ संस्थाबाट जानकारीमा आइसकेको छ। वर्षेनी एक करोड छ लाख ५ वर्षमुनिका बालबालिकाहरू र करिब ६ लाख आमाहरू मर्दछन्। विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेका प्रतिवेदनअनुसार यस्तै असुरक्षित गर्भपतनका कारण वर्षेनी ६८ हजार आमाहरू मर्दछन्। दक्षिण एसियाका प्रत्येक एक हजार महिलामा २२ जना असुरक्षित गर्भपतन गराउनेमा पर्दछन्। त्यसैले यस तथ्यको जानकारी पनि गर्भिणी-स्त्रीलाई हुनु पर्दछ।

अन्त्यमा, महिलाको प्रजनन् शक्ति र श्रममाथि पुरुषको मात्रै नियन्त्रण नरहेर दुवै महिला र पुरुषको समझदारी भएमा थुप्रै समस्याको समाधान हुन्छ। आमा बन्नु जति गरिमामयी, ममतामयी र सम्माननीय छ, त्यति नै चुनौतिपूर्ण पनि छ। यसबारेमा आवश्यक ज्ञान हुँदाहुँदै वा नहुँदा पनि मातृत्व आगोको भुङ्ग्रो काँडाको विछ्यौना र मरुभूमितुल्य हुनसक्छ।

कविता

# दिग्विजयी तिम्रा समरनामहरू





मुरारि पराजुली

लाचार जिब्रो चपाएर
मैले मुर्दाघाटको शान्तिलाई अनुमोदन गरिनँ
क्रान्तिको मसाल सल्काउने नाममा
बन्दुकले पनि सलामी चढाइनँ
म निर्भय
परेवाहरू उडेको देख्न चाहने मान्छे
बारुदको बादल उठाएर मैले
परिवर्तनको चल्ला कोरल्ने सपना देखिनँ
मलाई थाहा छ
सङ्गीतले घोचेर सत्ताहरू चलेका हुन्छन्
बन्दुकको बहुलट्टीमा
विधानका विरासत ठडिएका हुन्छन्
तर युद्ध जित्ने नाममा
बन्दुकको सनकसँग लड्न
बन्दुकै बोक्नुपर्छ
मैले कहिल्यै स्वीकार गरिनँ ।


मेरो अर्थमा युद्ध भनेको
मान्छेमाथि प्रेमको निरङ्कुशता हो
जो बन्दुकले होइन
विचारले लडिने हुन्छ
यसको अर्थ
वर्गसमन्वयको मुतेधारामा
अत्याचारी सम्झौताको स्नान होइन
विचारले
ठडिएका थिए भने सभ्यताहरू
मूर्खअवसानको सङ्ग्राममा
मैले कहिल्यै
रगतको पैँचो मागिनँ ।

मैले भनेँ र कहिले
बन्दुकले युद्ध जितिँदैन

कहिले भनैं र मैले
बन्दुकले तिम्रो दुश्मन परास्त हुँदैन
मेरो भनाइमा
फरक यत्ति मात्रै छ
बन्दुकको विजय उन्मादले उठेको हुन्छ
बन्दुकको विजय
अस्थायी शिविरमा बाँचेको हुन्छ
जब खिया लाग्छ उन्मादमा हठात्
बन्दुकको ट्रेगरमा
सन्तप्त शोकको आँसु खसेको हुन्छ ।

असहिष्णु बन्दुकको सङ्गीतले
जब मेरो नीद खोसेर
आफू निदाउने बहाना गऱ्यो
मलाई छटपटीको बर्कोले ढाके पनि
मैले देख्दै थिएँ बन्दुकको पीडा
ऊ त झन् साह्रो छटपटाइरहेको थियो
गिदी रूपान्तरणको वाटिकामा
खरानीको आविष्कार अनुमोदन हुँदा
मैले भनैं
जीवन विवेकको फूलले सुन्दर हुन्छ
बन्दुक
जबर्जस्ती पराधीनताको आविष्कार हो
पराधीनता
त्रासको बारुदले अग्लिन्न
त्रासको घोडामाथि चढेर
जतिसुकै विजयका फूलमाला पहिरिए पनि
आतङ्कित फूलमा प्रेमको रङ्ग फक्रदैन
र सधैं ताजा रहँदैनन्
बन्दुकका साम्राज्य र श्रीपेचहरू
मैले बुझेको शान्तिको कखरा
शान्तिको समरबाटै
शान्तिको सम्प्राप्ति समेलिन्छ
बन्दुकबाट
मात्र आतङ्कको दिग्विजय त उठ्छ
तर एक दिन
जब हातबाट खस्नेछन् तिम्रा बन्दुकहरू
खरानीको धूलोझैँ
हावाले उडाएर सकिनेछन्
दिग्विजयी तिम्रा समरनामहरू ।

## गजल


डा. घनश्याम 'परिश्रमी'

निकै भो नि तिम्रो सहरमा म छु
र तिमै नशालु नजरमा म छु ।

तिमीले दियौ चोट धोका भयो
त्यसैको नमीठो असरमा म छु ।

मलाई नसोध्नू कहाँ पुग्छु खै !
हिंडेकै छु लामो सफरमा म छु ।

कतै चल्छ हल्ला हरायो भनी
कतै सूचनामा-खबरमा म छु ।

अँध्यारो छ मेरो अगाडि खडा
बढेको नदीको बगरमा म छु ।

*- रूपन्देही*

समालोचना

# 'अनुराधा' उपन्यासको संक्षिप्त अध्ययन र विश्लेषण



डा. खेम दाहाल

प्रारम्भ

विजय मल्ल (१९८२-२०५६) उपन्यास र कथाजस्ता विधामा स्थापित स्रष्टा हुन्- जसको स्मरण यस्ता विधामा अनुराधा (२०१८) र 'कुमारी शोभा' (२०३९)बाट गर्न सकिन्छ। उनको जीवन आर्थिक रूपमा सुखसमृद्धिमा रमाउन मिल्ने प्रकारले सम्पन्न थियो; जागिर खानु र अड्डा धाउनुपर्ने अवस्था रहेको थिएन। तर प्रज्ञाप्रतिष्ठानको उच्च ओहोदामा काम गर्न समयले मौका दिएको हुँदा प्राज्ञ भएका थिए। अरू विषयलाई साधारण ठान्दै साहित्यसिर्जनामा लाग्ने तथा मनोविज्ञानको अध्ययन र साहित्यका पात्रमा यसको प्रयोग गर्ने अध्ययन उच्च बौद्धिक तथा आधुनिक तहको देखिएको छ। उनले सम्पन्नहरूका घरभित्र मनको अग्लोहोचो स्थिति, आत्मरति, परपीडा, पितृरति र मातृरति ग्रन्थिका प्रभावका अनुभूति फ्रायड तथा युङ्गलाई आधार बनाई घरपरिवारका पात्रमा प्रक्षेपण गर्ने कोशिस गरेको पाइन्छ। अनुराधा उपन्यासले काठमाडौंमा बसोबास गर्ने प्रतिष्ठित एवम् कुलीन नेवार सम्प्रदायका मानिसलाई समेटेको छन्। यस कृतिले समेटेको युग नारी स्वतन्त्रताको प्रारम्भको चरणसँग नजिक हुन गएको देखिन्छ। यसबाट कृतिले विसं २०१५ का आसपासको युग निर्देशन गर्दछ। उपन्यासकारले काठमाडौं, वीरगञ्ज र कालिम्पोङको भौगोलिक वस्तुस्थितिलाई मिश्रित पारेर देखाएका छन्। यस उपन्यासमा नयाँ पुस्ताले स्वतन्त्रता खोजेको तर पुरानो पुस्ताले प्रतिबन्ध लगाएको समय, प्रेमविवाह तथा अभिभावकका रुचिको विवाहबाट प्रभावित घटना मूल विषय रहेका देखिएका छन्। मल्लले यस उपन्यासको लेखनकार्य सं. २०१४ देखि सुरु गरेका थिए तथा सं. २०१७ मा भूमिगत हुँदा पूरा गरेका थिए। यस कृतिको प्रथम प्रकाशन *शारदा* प्रकाशनबाट भएको बुझिन्छ। उनले पाण्डेको 'रूपमती' (१९९१) कालिक उपन्यास वृत्तिलाई भत्काएर इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) उपन्यासका प्रवृत्तिको उपयोग २०१८ सालपूर्व नै गरेका हुन् (*त्रिपाठी; २०२८ : ११४-११५*)। त्रिपाठीले

निर्देश गरेअनुसार उपन्यासकार मल्लले जीवनलाई सामाजिक, मानसिक र बौद्धिक तीन स्तरबाट हेरेका छन्।

### समाजशास्त्रीय मान्यता

युगको चेतना र पर्यावरणको सजीवता दिनसक्ने क्षमता 'अनुराधा' उपन्यासका उपन्यासकारले निकास गरेका छन्। उनले तराईको विवरण सजीव रूपले दिएको पाइएको छ; खेतीपाती तथा चारकोशे भाडी, सिकार खेल्न सकिने घना जङ्गल हुँदाको युगसँग यस कृतिले सम्बन्ध जोडेको छ। मानिसको विचारमा अन्तर हुने कुरा पुस्तान्तरले देखाएको छ; पुराना पुस्ताले त्यसको विरुद्धमा उठेर स्वतन्त्रता रुचाउँछ। यस्तो युगको प्रतिविम्ब कृतिमा अङ्कित हुनु साहसिलो समाजशास्त्रीय मान्यता रहिआएको छ।

सामाजिक संस्कृतिलाई उपन्यासकारले कुनै न कुनै रूपमा स्थान दिएका हुन्छन्। यसको उदाहरणका लागि साहित्यिक कृति **अनुराधा** मा नेपालीहरूको धर्मअनुसारको कार्यपूर्ण गरिएको छ। यसमा रोगी वा अशक्त कोही पनि समाजका अगाडि अलपत्र रह्यो भने कसैलाई नसोधी उपचारको सेवा गर्ने ठाउँ र तीर्थमा नेपालको गुहेश्वरी प्रसिद्ध पनि छ। यहाँ 'अनुराधा'को विवाहको तयारी यसै तीर्थमा गरिएको घटनाले सांस्कृतिक अध्ययनमा 'अनुराधा' उदाहरण बनेको पाइन्छ।

साहित्यको समाजशास्त्रमा कार्यकारणको अनुकूलताका घटनाले यसलाई साकार रूप दिएका छन्। यसमा कोमलमान पात्र अर्ध-विक्षिप्त पात्रको आमाको मृत्यु मूलकारण रहेको छ। यसमा पात्रको इच्छाको विरुद्ध दाजुले आफ्नी सालीसँग भाइको विवाह गराउन चाहेर अनेक प्रयास गरेपछि उक्त पात्र निरास हुन पुगेको पाइएको छ। 'अनुराधा' स्वतन्त्रताप्रेमी पात्र भएकाले धनको आडम्बर रुचाउने पात्रका विरुद्धमा युद्ध भिडेको हो। यहाँ अनुराधाले कामुक र चरित्रहीन पात्रलाई तिरस्कार गरेको कारण नैतिकताको प्रश्न उठेको हो।

साहित्यको समाजशास्त्रमा 'अनुभूतिको संरक्षण' अध्ययनको एउटा सिद्धान्त हो। यसले रेमन्ड विलियम्स (१९२१-१९८८) लाई सम्झाउँछ। उनी नाटकको अध्ययनमा लागेका थिए र आफैँ एक उपन्यासकार थिए। उपन्यासको पठन गर्दा एक पाठकको दिमागमा एउटा विम्ब रचना वा स्थिर हुन्छ- जसले कुनै समाजको एउटा पक्ष निर्देश गरिएको काम गर्छ। उपन्यासकारले प्रस्तुत गरेको समाज कुन तहको तथा कुन वर्गको रहेछ, यसका कतिपय कुरा समेटिएका भए पनि कतिपय सन्दर्भहरू नअटाएका पनि हुन्छन्। उपन्यासको अध्ययनबाट यस्ता प्रस्तुत भएका र छुटेका धेरै सन्दर्भहरूको एक आकारात्मक रूपलाई 'अनुभूतिको संरचना' भनिएको छ। **अनुराधा** उपन्यासको अध्ययनबाट वैश्य वर्णका नेवार समाजको कथा उल्लेख भएको रहेछ भन्ने अनुभूति हुन्छ।

यस कृतिबाट नारीशिक्षाको विषय उद्घाटित हुन्छ र कृतिको रचनाकालमा नारी शिक्षाको स्थिति पर्यवेक्षण हुन्छ। समाजको परम्परा देखाउँदा धनको पछि लागेर अज्ञानताको कारणले गरिने निर्णयहरू गलत रहेका हुन्छन् भन्ने विम्ब प्रतिविम्बित हुन्छ। यसको ठीकविपरीत पछिल्लो पुस्ताका व्यक्तिहरूमा धनको पछि लागेर मानवीय मूल्यको हत्या गर्ने प्रवृत्ति रहेको हुँदैन। यसमा पछिल्लो पुस्ताले जात र रुढीभन्दा पनि नवीन प्रकारको ढाँचा अर्थात् प्रेम र स्वतन्त्रता अँगाल्दा अभिभावकको मान्यता भत्किएको देखिन आउँछ। यसमा नयाँ पुस्ताको इच्छा परिभाषित रहेको छ र त्यस कामनालाई नबुझ्दा समस्यासँग महत्वपूर्ण जम्काभेट हुने स्थिति विकसित भएको अनुभूति संरचित भएको हुन्छ। यसरी उपन्यासमा अन्य जातजातिका संस्कारहरू भने अटाइएका छैनन् र साधारण मानव समाजतिर उपन्यासकार नफर्किएकाले यस्तो रचना भएको हो। यस कृतिको विषय चरित्रचित्रण केन्द्रित भएकाले उपन्यासले निश्चित पात्रमा गहिरो अध्ययन कायम गरेको कुरालाई नकार्न सकिँदैन।

### मनौवैज्ञानिक बुँदा र उपन्यास 'अनुराधा'

मानिसको जीवनमा जीवनशक्तिले सक्रिय भूमिका निर्वाह गरिरहेको हुन्छ। यस जीवनशक्तिलाई लिविडो (Libido) भनिन्छ। जुन शक्तिबाट आत्मसंरक्षण प्रजातिप्रवर्धन, आत्मप्रेम र अरूसँगको प्रेमवृद्धिमा सहायता पुग्नेगर्छ। यसले जीवनशक्ति तथा कामशक्ति दुवै किसिमका कार्यहरू सम्पन्न गर्छ - जसबाट व्यक्ति व्यावसायिक जीवनप्रति आकृष्ट हुन्छ। यही शक्तिका प्रभावले आस्था, प्रेरणा र प्रतियोगिताको सफलतातर्फ व्यक्तिउन्मुख हुन्छ। यसै वृत्तिले प्रेरित भएर प्रेम गर्ने व्यक्तिले प्रेमी-प्रेमिका आदिलाई केन्द्रमा राखेर काव्य, कला र शिल्पको साधना गर्छ भन्ने जस्ता भनाइहरू सिग्मन्ड फ्रायड (१८५६-१९३९) बाट ग्रहण गरिएका छन्। फ्रायडले जीवनमूल प्रवृत्ति (Life Instinct) भित्र यस कामशक्ति (Libido) को व्याख्या गरेका छन् (*भण्डारी; २०५८ : १९-२०*)। यसरी

मानवलाई काम गर्न लगाउने मानवीय आन्तरिक शक्ति (लिविडो) का ठीक विपरीतमा मृत्युमूल प्रवृति (Morbid) विवेचित रहने गरेको छ । **अनुराधा** (२०१८) उपन्यासको अग्र भागमा प्रथम पुरुष दृष्टिबिन्दुमा उभिएको आफूलाई आफैं चिनाउने पात्र कोमलमान मृत्युमूलप्रवृत्ति (मोर्विड)बाट प्रेरित रहेको पाइन्छ । जैविक दृष्टिले मृत्युमूल प्रवृत्तिले जीवनलाई समाप्त पार्न चाहने सत्रुतापूर्ण आक्रमक प्रवृत्ति देखाउने, आफू र आफ्नो प्रजातिको विनष्ट गर्ने, जीवनको अन्त्य मृत्यु हो भन्ने ठानेर मृत्युसित जम्काभेट गर्न खोज्ने लक्षण धारण गरेको हुन्छ । यस्तो प्रवृत्तिको सिग्मन्ड फ्रायडले कुनै नाम नराखेका भए पनि यस्ता शक्तिलाई आक्रमण प्रवृत्ति (Aggressive Instirct) भन्ने नाम पछि दिइएको हो । उनले प्रथम विश्वयुद्धमा मर्ने मार्ने कार्य अत्यधिक भएको देखेका थिए । यसमा प्रशस्त चिन्तन पनि गरेका थिए । सामान्य जीवनमा मानिस निरासाको कारणले आफ्ना र अरूका वस्तुहरू तोडफोड गर्ने र अरूबाट आफू मारिएमा कुनै फिक्री नलिने हिसाबले काम गर्ने शक्ति यसै शक्तिको बलले पाउँछ *(मल्ल; २०५८ : २३)* । हाम्रो शरीरमा जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति द्वन्द्वात्मक अवस्थामा रहेका हुन्छन् । जीवनमूलप्रवत्तिको शक्ति पुग्दा उत्साह, आकर्षण र उमङ्ग कामय हुन्छ भने जीवन कालमा प्रियजनको मृत्यु, आर्थिक हानि, विफलता र कुण्ठाको शिकार हुनुपरेको स्थिति अगाडि आएमा जीवन आकर्षणरहित हुँदै जान्छ । व्यक्तिले आफ्नो जीवनको रक्षाका लागि शक्ति र साहस बटुल्न सकेमा त्यस मृत्युमूल प्रवृत्तिबाट उम्कन पनि सक्छ । उपन्यास **अनुराधा**को प्रारम्भमा पुनः शक्ति सञ्चय गरेर समस्यालाई चुनौती दिन नसकेको पात्र कोमलमानको अवस्था चित्रणमा उपन्यासकार एक प्रकारले केन्द्रित भएका छन् र निरासापूर्ण स्थितिमा अग्र भागको वक्तालाई आफ्नो विचार राख्न जीवनको व्याख्या गर्न दिएका छन् *(मल्ल; २०५९ : ११-१८)* । उपन्यासकारले पात्रलाई आफैं बोल्ने अनुमति दिएका छन् र आफ्नो निरासपूर्ण व्यथा प्रकाश गर्न लगाएका छन् । कथानकको आरम्भमा वक्ताबाट आफू निरास रहेको देखाउँदै आफूलाई गह्रुँगो बोझले थिचेको, व्यग्रताले निरन्तर लखेटिरहेको हुँदा स्रोतसँग दुःख बाँड्न चाहेको अवस्था प्रकाशमा ल्याएको पाइन्छ ।

वक्ता पात्रका अगाडि अनुराधालाई उभ्याएर आमाको प्रतिमूर्ति देखाउने प्रयास गरिएको छ । कोमलमान वक्ता पात्र आफ्नो इच्छा जुर्मुराएर उठ्न खोजेको थाहा पाउँछ । उसले आमाको मृत्युबाट गुमाएको वस्तु फेरि पाउने आशा प्रकट गर्दछ । 'म' पात्र कोमलमानका सामुमा एक पात्र उपस्थित हुन्छे । बौलाही, पगली, रुने-कराउने, कोपर्ने-चिथोर्ने गर्छे र उसलाई त्यस विषयमा थाहा पनि छैन । यसमा रूप, शरीर, हिँडाइ, बोलीचाली, कपालको घुँगुराइ आदिले निरास पात्रको अन्तरमनमा रहेको मृत्युमूलशक्ति (Morbid) एवम् जीवनमूल शक्ति (Libido)को भेट गराएका छन् । वक्ताले प्रकाशन गरेका आधारमा उसको जीवनको क्रम तथा मानसिक असन्तुलनका कारणले अझ खस्कँदो स्थिति रहेको चेतना प्रकाशित भएको छ । बेहोस रहेको पात्रको अवस्था चिन्ताजनक भएको छ, वक्ताको अस्तित्व र व्यक्तित्व पागल रहेकी महिला पात्रबाट अलग हुने स्थिति छैन, उसको अवस्था मर्न तथा बौलाउनबाट धेरै टाढा छैन, महिलासित उसको परिचय कहिल्यै नरित्तिने सम्पत्ति भएको छ, किनभने वक्ताको अन्धकार कोठारूपी जीवनमा एक पटक बत्ती बलेको छ । ऊ तुरुन्त बेहोस भएकी छे र अँध्यारो हुने सम्भावना छ । यसमा विक्षिप्त दिमागकी महिलाले कसैसित बदला लिन चाहेको हाउभाउ र मानसिक अस्थिरताले दिमाग जर्जर भएको स्थिति छ । यस प्रसङ्गमा वक्ता पात्र कोमलमानले आत्मपीकड ग्रन्थिबाट ग्रसित लक्षण प्रकाशन गरेको छ । ऊ अनुराधाको ताडनाबाट खुसी हुनुका साथै तराईको प्रखर गर्मीमा एक्लै बस्दा जीवन रमाइलो देखिएको अनुभव गर्छ । उसको आत्मपीडक प्रवृत्ति प्रबल छ, सिकार खेल्ने क्रमा बाघले आफैँलाई मारे राम्रो हुन्थ्यो भन्ने लागेको अवस्थाले यही कुरा देखाउँछ ।

**अनुराधा** उपन्यासको आरम्भदेखि नै समाख्याताले आफू रोगबाट ग्रसित भएको थाहा पाएको तथा आफ्नो चिकित्सक आफैं भएको र आफ्नो मृत्युमूलशक्तिले आफूलाई खान खोजेको सन्दर्भमा बृहत् सम्प्रेषण गरेको छ । उसको कारिन्दालाई कारण थाहा नभएको तथा उदासीनता र निस्पृहताको पराकाष्ठाले हरेका कार्यहरू अगाडि बढाएका उदाहरणमा गरिबहरूलाई धन सम्पत्ति वितरण गर्ने नाममा उडाइएको दौलत एउटा उदाहरण देखिन्छ । उसले आफ्नो मनोदशा असन्तुलित हुन खोज्ने स्थिति थाहा पाएको कारण र कार्यको उचित व्याख्या गरेर आफ्ना लक्षणहरू अन्जानमा विनष्ट हुँदै गएको देखाउने प्रयास गरेको छ । कतिपय प्रसङ्गमा आफ्नो समस्या आफैँले यसरी व्यक्त गर्नसक्ने कुरा हुँदैन । यसमा आफ्नो खस्कँदो साहस र बढ्दो वैराग्यको

चित्रण यसरी भएको छ जसरी पात्र आफैँबाट यथार्थ जीवनमा हुने ठाउँ छैन । यहाँ वक्ताले प्रकाशन गरेका प्रतिकारात्मक अभिव्यक्तिहरू, प्रतिद्वन्द्वी दाजुको जागिरमा भएको बढुवा एवम् आफैँले राखेका महत्वाकाङ्क्षाहरूको निर्बाध विनष्टता एवम् लक्ष्यहीन ढङ्गबाट अगाडि बढेका दिनहरूको प्रकाशन सामान्य जीवनमा रोगीले आफैँ सूचित गर्न सकेको स्थिति देखिन्छ । फ्रायडको स्वतन्त्र-साहचर्य (Free Associatitopon) अन्तर्गत मनोविश्लेषणका अगाडि मनोरोगीले मनमा रहेका दमित इच्छा, अनुभूति, भावना निःसङ्कोच व्यक्त गर्दछ भन्ने धारणा अवलम्बन गर्ने गरिन्छ । **अनुराधा** उपन्यासमा नाटकीय ढङ्गले मनोरोगी पात्र कोमलमानका अगाडि एउटी बिरामी तर सुन्दरी, आकर्षण जीउडालकी युवती प्रवेश गराउँदा उनले सुन्ने गरी वा स्वगतकथनमा कोमलमानको मनभित्रको आकाश खुला गराइएको पाइन्छ (*मल्ल; २०५९ : २१-२२*) । मनोरागी कोमलमानको निराशाका कारणमा आमाको मृत्यु तथा त्यसबाट जन्मिएको नारीको अगाध स्नेहबाट विमुख भएको भन्ने कारणले उसमा 'मातृरतिग्रन्थि' (Oedipus Complex) नामक विषमता वा जटिलताले घर गरेको देखिएको छ । बालककालदेखि केटामा सञ्चित हुने यौनरागका कारणले मातासित रूपरङ्ग आकार प्रकारमा लहसिने वृत्तिलाई 'इडिपस कम्प्लेक्स' भनिन्छ (*फ्रायड; १९९३ : १४३*) । कोमलमानको बाल्यकाल आमासित लाडिएर बितेको हुनु, बाबुसँग खास सम्बन्ध नहुनु र आमाको देहावसानपछि एउटा भयावह जटिलताको सिकार हुनुजस्ता विषयहरू मिसिएका छन् र आमाको प्रतिमूर्तिका रूपमा अनुराधाको प्रवेश हुँदा जीवनेच्छा जागृत भएको छ । इडिप्स-कम्प्लेक्स एउटा विषमता हो जसमा प्रेमको वस्तु आमा हुने र बाबुसँगको सम्बन्ध जोरीपारीको जस्तै हुनेगर्छ । यसले बालकदेखि स्थान ग्रहण गर्दै लगेर जीवनको यौनव्यापारमा यस्तै स्वरूप लिने गर्दछ, यो मनोरोग जस्तै हो जसलाई नियन्त्रणमा राखिएको हुन्छ । कोमलमानमा यस **अनुराधा** उपन्यासमा यस्तै लक्षणको पुनःस्थापनाको प्रयोग गर्ने लेखकको अभिलाषा रहेको छ (*मल्ल; २०५९ : २२*) । आमासित भएको आत्मीय प्रेम तथा आमाको मृत्युपछि कुनै पनि महिलासित त्यही प्रेमको प्रयोजन देखाउँदा मृतआत्माप्रति अन्याय गर्न लागेजस्तो ठानेर एमए पढ्ने कारण देखाई हिँडेको पात्रमा मातृरति ग्रन्थिको कडा प्रभाव रहेको हुने अवस्था पाइन्छ । वक्ता पात्रले स्टेसनमा अलपत्र रूपमा छाडिएकी, मूर्च्छान्वमा पल्टिएकी एक युवतीको प्रवेशलाई महत्वका साथ लिएर मातृरति ग्रन्थिको अनुकूल स्थिति ठानेको छन् । यसैमा उपन्यासकारले मातृरति ग्रन्थीका प्रभावबाट क्रियाशील रहेको पात्र आशाको डोरीमा अल्झिएको देखाएका छन् । उनको दृष्टिबिन्दु पात्र त्यस महिलाको विशेष अनुराग राखेर बोल्छ जसको जीवनलाई सम्पूर्ण रूपले परिवर्तन गरी जीवित तुल्याउन समर्थ हुने भन्ने नसोचेको पुरानो स्थिति प्रकाशन गर्दछ (*मल्ल, २०५९ :२६*) । तर त्यस्तो प्राप्तिका धारमा रहेको वस्तु स्वतः प्राप्त हुनुको सट्टा एक पटक चेतमा आएर पुनः पागल भएको स्थितिमा हुनाले विसङ्गतिको धार देखाउँछ । सहयोगीहरूलाई खबर पठाई अनुराधाबाट कोमलमानलाई आह्वान गरिएको छ– 'नजिकै आउनोस् न ! तपाईं नै हैन कोमलमानजी ?' (*पृ-२९*) भन्ने भनाइबाट माताको स्वरूप, स्तनको आकार, नितम्बको आकर्षण, सुन्दर चेहराको सञ्चारण आदि कुरा आफ्नै अगाडि प्रत्यक्ष देख्दा अनुराधा नै आमा हुन् भन्ने भाव विकसित हुने देखिएको छ ।

मातृरति ग्रन्थिबाट प्रेरित पात्रले औषधीको बाकस तथा झोला खोलेर देखाएको अनुराधाको सेवाका लागि उठाएको जोखिम, रुचि र मानवताका साथै मनोरोगको निवारणका लागि उठाइएको कदम एक प्रकारले जीवनमूलप्रवृत्ति (Libodo) बाट प्रेरित भएको पाइएको छ । यसको उदाहरणमा मनोरोगी पात्र कोमलमानले अर्का मनोरोगी पात्रको औषधोपचारमा देखाएको रुचिलाई लिन सकिन्छ । यसमा अनुराधा नामक महिलाले आफू झुकेको रूप देखाएकी छे जब उसले कोमलमानबाट उपचार पाएकी हुन्छे । दुवै पात्रको पारिवारिक भलाकुसारी एवम् आपसी सम्बन्धका विषयहरू यसरी खुल्दछ जसरी पुराना मित्रहरू धेरै समयको अन्तरालमा भेट भएर गफगाफमा प्रवृत्त भएका हुन्छन । यिनीहरूको मित्रताले सदीयौंदेखिको मित्रताको स्वरूप धारण गरेको देख्न सकिन्छ । यी पात्रहरूमा काठमाडौंवासीको एउटा अनौठो रैनक पनि आभासित हुन्छ । यस प्रकारले मातृरतिग्रन्थिबाट पीडित पात्रको क्रियाकलाप अगाडि बढ्ने भएकाले उनीहरूले आपसमा एकअर्काको चाकरी र सेवामा स्वादको सन्तोष चरम रूप पाउने कुरा विकसित भएको पाइएको छ । एउटी अपरिचित युवतीको स्वभाव पनि सामान्य भएको छ र प्राप्तिको एउटा सुस्वादु रूप मीठो भएको छ । आमाको सेवामा पाउने सन्तोषको प्राप्ति एउटा गम्भीर विषय हुन्छ, आमाको खतिले पीडित भएको व्यक्ति विनीत भएर चाकर गर्दा आफ्नो

जीवनमूलप्रवृत्तिको विकास गरेको देख्छ । उसको कामेच्छाले स्वरमा अन्तर पनि आउन थाल्छ । यस प्रकारबाट पात्रको रतिराग वैलाएको मात्र हुन्छ, मरेको हुँदैन । उसले शम्भु र हरिलाई वरिपरि लगाएर बिरामीको उपचार सुरु गरिरहेको छ जसको अवस्था वा रूप आफन्तको जस्तो देखिएको हो र कोमलमानकी प्रेमिका अनुराधा होजस्तो लाग्दछ ।

कोमलमानजस्तो चिकित्सक पाएकी अनुराधाको सन्दर्भ परिच्छेद छैटौँदिखि अझ गहिरो रूपमा प्रकाशित हुन्छ । कोमलमानको मानसिकतामा हलचल मच्चाउन सफल भएको नाम अनुराधा हो, अर्थात् नामको उच्चारणले मात्र पनि मानसिकता अदलबदल हुन्छ । 'म' पात्र कोमलमानसित अनुराधा पात्रको उपस्थिति अझ गाढा र हस्तक्षेपी तहबाट जोडिएकाले उपन्यासको दृष्टिबिन्दु प्रथम पुरुषको केन्द्रीय किसिमको रहेको पाइन्छ । यसमा दुई पात्रहरू आफू आफैँ आफ्ना विषयमा प्रकाश पार्दछन्; आफ्नो व्यथा देखाउँछन् । आन्तरिकभित्रको केन्द्रीय दृष्टिबिन्दु पात्र त्यस्तो पात्र हो जसबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ ( *श्रेष्ठ; २०६० : ११*) । यसमा एउटा पात्रको सम्बन्ध अर्को पात्रसित हस्तक्षेपी तहको पाइएकाले अनुराधाको व्यक्तित्व प्रकाशन गर्न कोमलमान आएको देखिँदा केन्द्रीय दृष्टिबिन्दु विकसित भएको छ ।

बाहिरबाट काठमाडौँ एक्लै आउने जाने युवती पितृरतिग्रन्थि (Electra Complex) को प्रभावमा परेकी मनोरोगी पात्र हो । उसले विकास गरेको इच्छा 'मोर्विड' (Morbid) वा मरणेच्छाबाट अनुप्राणित छ । अरूलाई मार्ने र आफू पनि मर्ने मृत्युमूलशक्ति 'लिविडो'को विपरीतमा काम गर्न सक्रिय भएको पाइन्छ । युवतीले यस्ता विषयमा आफैँ प्रकाश गरेकी छे; यस्तो इच्छा दृश्यात्मक पद्धतिबाट प्रकाशित गरेको छ । संवादका सिलसिलामा श्रोता भएको कोमलमानले आफू मोहित हुने कुरा पत्ता लगाएको छ । उसका अगाडि बसेकी अनुराधाको मुस्कान आफ्नो वास्तविक अवस्थालाई बिर्साउने किसिमको पाइएको छ । कोमलमानको अनुराधातर्फको झुकाउले आफू जीवित रहेको स्थिति बोध गराएको छ र जीवनेच्छा उठ्नसक्ने तहमा बसेको बोध गरेको छ । त्यस रहस्यको पर्दा खुल्ने डरले अलिकति लुक्ने, लजाउने र एक पाइलो पछि सर्ने कोशिस यस पात्रबाट भएको छ । त्यसैले उसको क्रियाकलाप चेतन-मनबाट सञ्चालित हुन गएका पाइएको छ । आधुनिक उपन्यास लेखनको युगमा एउटा परिपाटी र नियम बसेको छ जसमा सीमाबद्धताको अनिवार्यता रहेको छ । वि.सं. २०२० भन्दा अगाडिको उपन्यासलेखनमा परिपाटीबद्धतामा कथानक, पात्रपात्रा, दृष्टिबिन्दु, कथनपद्धति, द्वन्द्व, उद्देश्य, विचार तत्व, देशकाल र परिस्थितजस्ता तत्वहरू क्रमशः सन्तुलित रहेर आएका छन्; त्यस्ता विविध तत्वहरूको उचित निर्वाह गरिएका आख्यानहरूलाई यथार्थवादी युगका रचना मान्ने गरिएको छ । त्यस्ता कृतिले नियममा बसेर समयका लक्षण तथा ऐतिहासिक, सामाजिक र आर्थिक पक्षहरू प्रकाशन गर्दा सुहाउने गरी यथार्थको भ्रम सिर्जना गरेर वस्तुलाई सजीव बनाएका उदाहरणहरू पाइन्छन् । उपन्यास विधामा 'नवयुग' (२०२०) आउनुभन्दा अगाडिका रचनाहरूले पालन गर्ने धर्म **अनुराधा** उपन्यासले अनुसरण गर्दै मानिसको मनोविश्लेषणको विषयलाई प्रयोगका रूपमा लिएको पाइएको छ । यस कृतिका स्रष्टा विजय मल्ल मानिसको मनको विश्लेषणका सिलसिलामा पशुको मनोविज्ञान अध्ययन गर्छन्; लुरे कुकुरले फ्याउरोलाई भेट्टाउन नसकेको अवस्थामा शिर झुकेको देखेका जस्ता विषयहरू अध्ययन गरिन्छन्, यहाँ सबै प्राणीमा यौन, भोक र शोकको राज्यसत्ता देखिएको विचार र व्याख्या गरिएको पाइन्छ । समाख्याताले कोमलमान र हरि दुवै पात्रलाई एकै पटक एक महिलाको सेवामा झुकाएका विषयमा जीवनमूलशक्तिको परीक्षण भएको छ । दुवै पात्रमा त्रास र व्यग्रता छ; हवाइजहाजबाट अठार मिनेटमा काठमाडौँ पुग्ने भएकी एउटी महिलाको उपस्थितिमा जीवनमूलशक्तिको सन्दर्भ रहेको छ जसले यौन आकर्षण, निर्माण तथा भविष्यमा स्थापित हुने आशाको द्योतन गर्दछ । पात्रको मनको अचेतन पक्षमा बसेको वासनात्मक रागले उठ्ने र उन्माद देखाउने विषयमा प्रकाश पार्न कोमलमानलाई परीक्षणमा लिइएको छ जसले निदाएकी अनुराधालाई क्षणभर हेरेर संयम धारण गरेको छ । रूखको फेदसम्म घुमेर फिरेको कोमलमानका लागि अनुराधाको चेतन अवस्था प्रेरक हुने सम्भावना देखाइएको छ । उसको उपस्थिति र बायाँ भागको रहरलाग्दो मुस्कानबाट अर्को थप्पड लाग्दछ जसले सेलाएको वा मर्‍यो भनी ठानेको इच्छाउत्प्रेरणा पुनः जाग्रत रहेर जीवनलाई बाँचेको देखाउन सक्रिय भूमिका खेल्छ । त्यस बेला अनुराधाबाट पूर्वदीप्तिको ढङ्गमा आफ्नो पूर्वकथा सुनाउने प्रस्ताव आएको पाइएको छ । यहाँ वर्तमानको घटनालाई अलिकति राखेर पुनः पहिले पहिलेका घटना अनुराधाले

सुनाउने तथा कोमलमानले सुन्ने मौका आएको अवस्था उपन्यासकारले विकास गरेका छन्। अनुराधाले विगतको तीतो भाग कोमलमानका अगाडि प्रस्तुत गरेर आत्मरतिमा लागेको चोट शान्त गर्ने प्रयास गरेको बुझिएको छ।


युवती सुरुमा आत्मरति (Narcissism) बाट प्रेरित रहेकी छे भन्ने विषयको प्रकाशन उसको आफ्नै भनाइले सिद्ध गरेको छ। उसले आफैँ आफ्ना रूपरङ्गमा, आकारआकृतिमा रमाउने शैलीमा कालिम्पोङको जीवन बेग्लै र राम्रो भएको विषयमा प्रकाश पारेकी छे। उसले गुज्रिएका सबै घटनाहरू बिर्सिएर केटाकेटी भइरहनु एउटा रमाइलो क्षण देखेको विषयमा प्रकाश पारेको सन्दर्भ पाइएको छ। उसले बालकालदेखि पछिसम्म रूप फेरेर बिताउनुपर्ने महिलाका अवस्थाहरूको समीक्षा गरेकी छे।

मनोरोगी पात्र र चिकित्सक आपसमा नजिक भए भने विश्वासको सङ्कट हुँदैन; त्यही स्थितिमा अनुराधा र कोमलमान पुगेका छन्। यसमा प्रति स्थानान्तरण (Transference) को स्थितिमा रोगीका साथ चिकित्सकको संवेगात्मक आशक्ति देखापर्ने, मनोचिकित्सकले रोगीका प्रति सहानुभूति एवम् सद्भावनाको दृष्टिकोण अपनाउनुपर्ने हुँदा संवेगात्मक जीवनमा यस्तो स्थिति आउने गर्दछ, कुशल मनोचिकित्सकले यो स्थानान्तरणलाई चिन्दछ तथा सावधानी अपनाउँछ जसमा प्रेम र अनुराग स्थानान्तरण हुन्छन् भन्ने कुरा फ्रायडले व्यक्त गरेका छन् (*भण्डारी; २०५८ : १४३*)। सन् १८९५ मा ब्रेउर (Breuer) सँग सहकार्यमा लाग्दा विकृत उत्तेजना (Hysteria) को रोगमा ऐतिहासिकता हेर्ने सिलसिलामा यस कुराको प्रतिपादन हुन गएको पाइएको छ (*फ्रायड; १९९३ : १५*)। स्नायुविकार (Neuroses) को व्याख्या मनोविश्लेषण (Psychonalysis) को अभिमुख हुने कार्य हो जसमा अवरोध (Resistance) र स्थानान्तरण (Transference) सुरुका दुइटा बिन्दुहरू हुन्छन् र तेस्रो तथ्य स्मृतिरोग (Amnesia) हो। दबाब (Repression) को सिद्धान्तमा स्नायुविकार र अचेतनको स्थितिले यौनकामनालाई उत्तेजित गर्छन्। दमनको सिद्धान्तको लक्ष्य पनि यौनइच्छासँग जोडिएको छ। (*फ्रायड; १९९३ : ११०*)। फ्रायडको भनाइलाई लिँदा मानव मनोविश्लेषणमा प्रयोग हुने पूर्णसिद्धान्त कहिल्यै पनि प्रतिपादन भएको छैन ; साथै जे जस्तो प्राप्तिका रूपमा आएको हुन्छ त्यसैलाई प्रयोगमा ल्याइएको छ। यस्तै स्थानान्तरणको सिद्धान्त अनुराधा उपन्यासको मध्यभागदेखि उपयोग गरिएको पाइएको छ। अनुराधाले आफ्ना कुरा कोमलमानलाई सुनाउने प्रयत्न गरेको विषय र आफू युवती भएपछि माग्न आउनेहरू, प्रस्ताव राख्नेहरू र पछि लाग्नेहरूको समर्पणको स्वरूप देखाउँदा प्रभावकारी सम्प्रेषण गर्ने प्रयास गरेको पाइन्छ।

अनुराधा आफैँले बालककालमा आत्मरति र पितृरति ग्रन्थिबाट आक्रान्त रहेको प्रवेश अवस्था प्रस्तुत गरेकी छे। उसले यौवनकालमा प्रवेश गरेपछि विकृत भएको अतृप्त चाहनालाई अलिक राहत पुग्ने गरेर कोमलमानका अगाडि समाख्यान गर्दा स्थानान्तरणको तह कायम भएको पाइएको छ। आत्मरति (Narcissism) को सिद्धान्त सर्वप्रथम सन् १९१० मा प्रतिपादन भएको थियो, यसलाई आफ्नो माया आफैँले गर्ने ग्रन्थि हो भनिएको छ। आत्मरति महत्वपूर्ण सैद्धान्तिक प्रगति हो जसको प्रयोग जीवनमूलशक्तिको सिद्धान्तदेखि 'अहम्'को दमनसम्म हुन्छ। आफू उत्कृष्टताको विचारमा मग्न हुने प्रवृत्तिमा आफूलाई आफ्ना अङ्गप्रत्यङ्ग राम्रा लाग्न थालेपछि 'अहम्' मा असर पर्छ र मानिसले आफ्नो व्यक्तित्वलाई सबैभन्दा राम्रो देख्न थाल्छ। यसै विषयमा अनुराधाको अभिव्यक्ति प्रकाशमा आएको, त्यसैले आफैँमा सन्तुष्ट भएको कुरा बताइएको छ (*मल्ल; २०५९ : ७१*)। उसमा आएको आफैँमा पूर्णताको भावना एउटा भ्रम थियो। त्यही अभिमानले गर्दा उसले कसैलाई समर्पणको भावना देखाउन सकिन र आफ्नो बाधा आफैँ भई। त्यो उसको रहर थिएन, त्यस्तो हुने एउटा बन्धन थियो जसबाट मुक्ति पाउन कठिन हुन्थ्यो। त्यस युवतीमा अठार वर्षे यौवनको सुन्दरता भए पनि मनको बनोटमा जटिलता आइसकेको थियो। त्यस्तो आत्मरति र आत्मअभिमानको भावनाले आफूलाई विशेष ठान्नेबाहेक कसैलाई नगन्ने भावनाको विकासले स्थिति बिग्रन गएको थियो। उसको भित्री गहिराइमा त्यस्ता अभिमान र गर्वले फुङ्कार गरिरहेका थिए जसका कारणले अनुराधा आफूलाई सुन्दरी मान्ने किसिमका आत्मरतिको विवश सिकार भएकी हुनाले भविष्यको बाटो बिगारेको कुरा आफैँ प्रकाश गर्दै थिई (*मल्ल; २०५९ : ७२*)। अनुराधाले समयलाई बलियो ठानेकी छे, विगतलाई मीठो मान्दामान्दै अहिलेको दुःखद सन्दर्भलाई आत्मसात् गर्नु परेको सिलसिलामा भागेर हिँडने स्थिति बनेको विषय उठाएकी छे। उसको विगत सुन्दर थियो, त्यसैले आमा ईर्ष्या गर्थिन्। उसको स्वतन्त्रता प्रेम गर्ने अभिलाषा थियो, कसैलाई पुरुष जाति भनेर ठूलो ठान्ने बानी थिएन। उसमा विद्रोही गुणको विकास भएको थियो,

त्यस्ता अन्य नारीहरू पनि काठमाडौँमा जन्मिएका थिए, सोही लहरमा अनुराधा थिई ।

उपन्यासकारले अनुराधाको 'अहम्' (Ego) मा ठेस पुगेको विषय उत्तर भागमा प्रवेश गरेपछि प्रकाशित गर्ने लक्ष्य राखेका छन् । 'अहम्'लाई मनको गत्यात्मक पक्ष (Dynamic Aspect Of Mind) अन्तर्गत राखिएको छ । यस गत्यात्मक पक्षमा 'इद', 'अहम्' (Ego) र 'पराअहम' (Super-ego) जस्ता मनका रूप रहेका विषय मनोविज्ञानका आधारभूत सन्दर्भ हुन् । 'अहम्' भनेको व्यक्तित्वको त्यो भाग हो जो एकातर्फ बाह्यजगत्को सम्पर्कमा रहन्छ र अर्कातर्फ कामवृत्तिको सम्पर्कमा हुन्छ । 'अहम्'ले विचार, निर्णय, व्याख्या र व्यवहारलाई वास्तविक जीवनअनुसार प्रयोजनपरक र कुशल बनाउने प्रयास गर्दछ (*भण्डारी; २०५८ : ४८*) । 'अहम्'को सम्बन्ध वास्तविकताहरूका साथ भिडन्त एवम् तनाव कायम हुँदा हाम्रो मानसिक संरचनामा 'अहम्'को विकास हुन्छ । बालकको उमेर बढ्दै जाँदा सामाजिक कुराहरू सिक्न थाल्ने इच्छागत मूल स्वभावका विपरीत काम गर्न बाध्य हुँदा मानसिक संरचनामा नवीन संरचना विकसित हुन्छ जसलाई 'अहम्' भनिन्छ । यसले इद (Id) को नियन्त्रणका साथमा संयमको भूमिका निर्वाह गर्दछ । यसले पराअहम्का इच्छा र वास्तविकताका बीचमा सन्तुलनको भूमिका पनि निर्वाह गर्दछ । अहम्ले व्यक्तिको मुख्य केन्द्रीय समन्वयात्मक विभाग भएर काम गर्दछ । कामवृत्तिले म चाहन्छु भन्छ, पराअहम्ले म चाहन्न भन्छ, अहम्ले सम्बन्ध कायम गर्ने कोशिस गर्दछ (*भण्डारी; २०५८ : ५०*) । **अनुराधा** उपन्यासका सन्दर्भमा यही अहम्मा गम्भीर चोट पुग्न गएको अवस्थाले पात्रलाई असन्तुलित कार्यतर्फ प्रेरित गराएको छ । उपन्यासकारले पात्रलाई ठेस लागेका कारणहरू प्रकाशन गर्न दिएर काठमाडौँ फर्किएको देखाउँदै आमाबाट बोलाइएको तथा नाटक गरेर भविष्य बिगारिदिएको जानकारी दिन लगाएका छन् (*मल्ल; २०५९ : ७८*) । **अनुराधा** काठमाडौँ आएपछि बाबु र दाजुको अनुपस्थितिमा पूजाको बहाना गरेर भिनाजु र दिदीहरूबाट स्वार्थसिद्ध गर्नका लागि युवतीको अनुभूति नलिई कुनै व्यक्तिसित विवाह गराइदिएर 'अहम्'मा चोट पुऱ्याएको वृत्तान्त प्रस्तुत गरिँदा नारी इच्छाको हत्या भएको अवस्था प्रकाशित हुन्छ । यसमा स्वभाव, इच्छा, रुचि भिन्न भएकी महिलालाई आमाहरूका इच्छाअनुसार बलि चढाउने कार्य सम्पन्न गरिँदाको गुहेश्वरीको घटनालाई प्रमुख घटनाका रूपमा पात्रबाट समाख्यान गराइएको छ । पात्रबाट आफ्नी आमाको आलोचना तथा आमाको हकडकका अगाडि अरूले बोल्न नसकेको स्थिति र कारणले आधुनिक युग र पुरानो युगको संस्कारमा द्वन्द्व रहेको देखाइएको छ । यही घटनाले **अनुराधा** उपन्यासमा पात्रलाई ठेस लागेको छ, त्यसैले 'इद' (Id) तिर पल्ला ढल्किएको छ । 'अहम्' बीचमा रहेर दुवैलाई अँचेट्दा सन्तुलन कायम हुन्छ; जस्तै :





चित्र 'क' मा सन्तुलन कायम भएको छ, दिमागले उचित कार्य सम्पन्न गर्दछ । चित्र 'ख' मा 'अहम्' पराअहम्तर्फ ढल्किएको अवस्था छ, सन्तुलित र व्यावहारिक काम गर्न सकिँदैन । चित्र 'ग' मा 'अहम्'ले 'इद'तिर खिचिएको रूप लिएको छ जसबाट दिमागको सन्तुलन गुमेर जान्छ र भोगको स्थिति रुचाउने, मानसिक रोगको सिकार हुने लक्षणहरू देखिन जान्छन् । उपन्यास **अनुराधा** मा पनि 'अहम्'ले सन्तुलन कायम गर्न नसकेको अवस्था पात्रले भोगेकी छे । त्यस्तो असन्तुलित अवस्थाबाट पात्रले कोमलमान पात्रमा भर गरेकी छे; चिटिक्क परेको दाप र छुरीलाई अगाडि सारेकी छे । यसरी हत्याको भावना जाग्रत रहनु एउटा प्रबल असन्तुलित अवस्था हो । अनुराधाले रत्नमान डाइरेक्टरलाई त्यही छुरीले प्रहार गरेर बदला लिने निश्चय गरेको विषय; रत्नमानले आफ्नो कामनाअनुसार नारी इच्छाको विपरीत युवतीसँग विवाहबन्धन गाँस्न चाहेको विषय आदिमा मनोवैज्ञानिक प्रयोगहरू भएका छन् । अनुराधा मार्ने र मर्ने योजनाबाट अगाडि आएकी छे ।

उपन्यासकारले कृतिको उत्तर भागमा पात्रबाट एउटाको चाकरी गर्ने ढङ्ग र अर्काको बदला लिने शैलीमाथि प्रवचन गराएका छन् । यसमा रत्नमान नामक पात्र आफ्नो षड्यन्त्र सफल पार्न लोलोपोतो गर्ने र खुशी पारेर मन जित्ने तथा यौनप्यासको जलकुम्भी भर्ने प्रयत्न गर्छ भने अनुराधा उसलाई तड्पाउने गर्छे । यसका लागि रत्नमानले धन, भद्रता र चाप्लुसी प्रयोग गरेको नाटक गरेर सताउने तथा उत्तेजित गर्ने कार्य अगाडि बढाएकी हुन्छे । यस नाटकमा प्रयोग भएको पात्र रत्नमानको भाइ समुद्रमान हो, त्यससँग प्रेमको अभिनय गरेर रत्नमानलाई घायल बनाएपछि दुवै भाइलाई

सुकाउने प्रकारबाट काम गरेको देखाउँदा स्थानान्तरण अविच्छिन्न रहेको देखिएको छ । यस विषयको चर्चामा रत्नमान र समुद्रमानको झगडा, अनुराधा र रत्नमानको प्रेमलीला तथा अनैतिक सम्बन्धको चर्चाका विषय तथा दाजुको इज्जतका लागि भाइ घर छाडेर भाग्ने तयारी गरेको विषय खुलाइएको छ । अनुराधाको नाटकमा समुद्रमान पनि फूलमा लोभिएको छ भन्ने विषय कर्ताबाट बोध भएको र हतियार बनाएर प्रहार गर्नुपर्ने भएकाले नचाहेर पनि समुद्रमानको पतनको स्थिति बनाउनु परेको बाध्यता खुलस्त हुन्छ । अनुराधाले दुवैलाई पीडा दिएर मार्ने योजना नबनाए पनि दाजुको कामको बदला लिँदा भाइलाई बीचमा पारेर हतियार बनाइएको सत्यतामा विशेष जोड दिएर आफ्नो गल्ती प्रकाश गरेकी छे ।

'अनुराधा' उपन्यासमा पात्रको मनोदशा मनको आकारात्मक पक्ष (Topographic Aspect of Mind) का आधारबाट गरिएको छ । आकारात्मक पक्षमा चेतन (conscious), अवचेतन (Foreconscious) र अचेतन (Unconscious) गरी तीन भाग हुन्छन् । अनुराधालाई चेतन मनले बचाउन नसकेपछि अचेतन मनले थिच्छ अनि पागल हुन्छे ।




मानिसको मनको विश्लेषण गर्ने सूत्रका अधिष्ठाता सिग्मन्ड फ्रायडले चेतन, अवचेतन र अचेतन मनको आकारात्मक रूप हुने विषयमा प्रकाश पारेका छन् *(फ्रायड; १९९३ : २०५)* । यसमा अचेतन मन भनेको मनको ठूलो भाग हो; प्रत्येक आन्तरिक एवम् बाह्य क्रियाकलापको सञ्चालक यही हो । हामीलाई अचेतन मनको रहस्य, मानसिक सङ्घर्ष, त्यसको सुप्त कार्यप्रणाली, जागृत र कुण्ठित इच्छा भावनाहरूजस्ता अनेक सत्य कुराहरूको बोध प्रायः हुँदैन । फ्रायडले यो अचेतन मनको प्रभाव प्रत्येक व्यक्तिको वैयक्तिक तथा सामाजिक जीवनमा परिरहने कुरामा प्रकाश पारेका छन् । त्यसैले मानिसका अव्यक्त इच्छाहरू छदम् रूपमा प्रकाशमा आउने गर्छन् । यसमा मनको काल्पनिक हिमशैल (Iceberg) वा पानीमा डुबेको बरफको चट्टानको उपमा दिएर यस विषयको व्याख्या गर्ने गरिन्छ । यसमा पानीको सतहदेखि माथिको तटबाट देखिने छायाँ परेको भाग अवचेतन मन र पानीको गहिराइमा लुकेको ठूलो भाग अचेतन मन गरेर विभाजित मनको आकार देखाइएको छ । यस्ता भागको कार्यको लक्षण पनि मोटामोटी रूपमा अवगत गर्न सकिन्छ । यी सूर्यको किरण राम्ररी पर्ने चेतन मन, सूर्यको किरण मध्यदिनमा मात्र पर्ने अवचेतन मन तथा सूर्यको किरण कदापि नपुग्ने भाग अचेतन मनका प्रतिरूप हुन् *(भण्डारी; २०५८: ३१- ३२)* । चेतन मन वर्तमान विश्व र जनजीवनप्रति सचेत हुन्छ, यसले गरेको काम हामीलाई थाहा हुन्छ । आकारात्मक पक्षको दोस्रो भाग त्यस्तो भाग हो जसले सम्झनामा ग्रहण गर्न सकिएका अनुभूतिहरूलाई ताजा राखेको हुन्छ । आजको खाना कस्तो थियो वा आज कुन पाठ पढिएछ इत्यादि कुराहरू सम्झन खोज्दा माथि आउन सक्छन् । यस प्रकारका स्मरणहरू समयको अन्तरालमा लुप्त पनि हुन सक्छन् । अर्को ठूलो र अचेतन भाग मनको तल हुन्छ; यो हिमशैलको त्यस्तो भाग हो जो माथिबाट देखिँदैन । यस भागका अनुभूति र स्मरणहरू मानिसले सहजै माथि तान्न सक्दैन । यस्ता अचेतन मनका घटकहरू निष्क्रिय नभएर सक्रिय भएकाले मानिसको जीवनमा तिनको प्रभाव स्पष्ट रूपमा देख्न सकिन्छ भन्ने विचार फ्रायडबाट स्थापित रहेको छ । **अनुराधा** उपन्यासमा यही प्रक्रियाबाट चेतन मनलाई निष्क्रिय गराइएको छ । अचेतन मनले खिचेर चेतन मनलाई निष्क्रिय गराएको अवस्थामा अनुराधा पागल हुने गर्छे । उसको चेतन मन सक्रिय हुँदा; पानीबाट माथि आउँदा कोमलमानसँग गफ गर्दै हुन्छे तर अचेतनले चेतनलाई थिचेर निष्क्रिय गराएपछि चिथोन-कोपर्न थाल्छे ।

**अनुराधा** उपन्यासमा रत्नमानको 'अहम्' 'इद'तिर ढल्किएको पाइएको छ । उसले सबैकुरा छाडेर नारीको सुन्दर रूप र शरीर पाउन अभियान चाल्दा समुद्रमानले घर छाडेर हिँड्नु परेको छ भने रत्नमान र अनुराधाको नैतिक बेइज्जती भएको छ, किनभने दाजुलाई होइन भाइलाई शरीर अर्पण गरेको हल्ला र झगडाले व्यापकता लिएका

छन् । अनुराधाले पटक पटक घृणा गरेकी छु भने पनि रत्नमानको आफ्नो गति कायम रहेको छ र फकाउने प्रयास कायम रहेको छ । अनुराधा र रत्नमानको सम्बन्ध नजोडिने विषयमा पटक पटक प्रतिवादका काण्डहरू भएका छन् । अनुराधा छुराको प्रहार गर्दा आफैं घाइते भएकी छे । दुवैलाई अनैतिकताको लाञ्छना लागेको छ तर अनुराधा तथा रत्नमान दुवैले सकेसम्म आफ्नो डेग छाडेका छैनन्; आफ्नो 'अहम्' कायम राख्न खोजेका छन् ।

**अनुराधा** उपन्यासले पागल पात्रको स्थिति र त्यस्तो अवस्था हुनाका कारणहरूमा प्रकाश पार्न पात्रको सहायता लिएको छ । 'म' पात्र अनुराधाले आफू वेश्या बनाइएको अन्यायको विरुद्धमा सङ्घर्ष गर्दागर्दै अचेतन मनले सम्पूर्ण शासन आफ्ना हातमा लिएको स्थिति आउँछ (*मल्ल; २०५९ : १२६*) कोमलमानले उपचार गरेर सचेत-सञ्चो बनाउने बल गरेको हो, अनुराधाका पिताले अनुराधालाई आफैंसँग लगेका विषयका साथै बदला लिन्छु भन्ने भावनामा सत्रुको रूपको रत्नमान जीवित रहिरहेको विषय उसको समस्या भएको छ । अनुराधा पागल हुनुभन्दा अगाडि रत्नमानको अस्तित्व समाप्त गर्न चाहन्थी । तर बौलाउने काम अगाडि भएको छ । यस्तो अवस्थामा उसका रहरहरू पूरा हुन सकेका छैनन्; प्रेम गरेर दिने कुरा दिन्छु भन्ने कोमलमानको बोली ढिलो भएको छ । उसका इच्छाभित्र सानो घर, सानो बगैंचा, दुई छोराछोरी र एउटा गतिलो लोग्ने रहेका छन् । कोमलमानको प्रेरणा पाएर अनुराधा बाँच्छे भन्ने लाग्न थाल्छ; तर कुरै कुरामा रगत, छुरी र ध्वंश भएका विषयहरू अगाडि नाच्न थालेपछि अनुराधाको भविष्य अन्धकारमय हुन्छ (*मल्ल; २०५९ : १४३*) । कोमलमानले अल्पअल्प रूपमा जीवनेच्छा प्रकट गरेको भए पनि पूर्ण रूपले प्रेम गर्ने र बिहे गर्ने प्रस्ताव आइरहेको स्थिति छैन । यहाँ अनुराधालाई आत्मविश्वासको खाँचो रहेको अवस्था देखिन्छ जसको भरणपोषणको कार्य कोमलमानबाट गरिँदा चिकित्सक कोमलमान र बिरामी अनुराधा बनेका छन् ।

अनुराधाले कोमलमानसँग जीवनको सहारा मागेको तथा जीवनको अन्त्य भएपछि पनि विपक्षीलाई मृतशरीर छुन नदिने अनुरोध गरेकी छे । यस प्रकारको समर्पण पाएको मातृरति-ग्रन्थिको विकारी पात्र कोमलमान आशावादी बन्दै गएको, जीवनेच्छा पलाउँदै गएको थाहा पाउँछ; विपरीतमा अनुराधाको अचेतन मनले चेतन मनलाई पूरै निष्क्रिय गराएको पाइएको छ (*मल्ल; २०५९ : १४८*) । यहाँ उसले कोमलमानलाई रत्नमानजस्तो देखेर प्रतिकार गर्दै चिथोर्ने लागेकी हुँदा सम्बन्ध सामाजिक हुन सकेन । ऊ पागल भएको विषय अन्त्यमा प्रस्तुत हुन्छ र उपन्यासको अग्र भागसँग जोडिन्छ । कोमलमानको जीवनमूलकशक्ति सक्रिय भएको छ र भारतका विभिन्न अस्पतालमा अनुराधालाई उपचारका लागि पुऱ्याएर प्रेमीको प्रयास देखाएको छ । कोमलमान धैर्यशील पात्र देखिन्छ, किनभने रत्नमानको पोइल गएकी हो भन्ने आरोप भए पनि सामाजिक लाञ्छनाको पर्वाह नगरेर सेवा र उपचारमा लीन भएको पाइएको छ । उसले अनुराधाका पितासित पनि सम्बन्ध कायम गर्दै उपचारका लागि अनुराधाको दायित्व आफैंले लिएको छ । कोमलमानले अनुराधाका इच्छा पूरा गर्ने अठोट लिएर पूर्वतयारी पनि गरेको छ । यसरी कथानक वृत्ताकारीय बन्दै जान्छ; सुरुको घटना पुनः अन्त्यमा घुमेर सुरुतिर मोडिँदै जान्छ । यसमा प्रयुक्त दुवै पात्र आपसमा हस्तक्षेपी भूमिकामा भएकाले प्रथम पुरुषको केन्द्रीय तहको दृष्टिबिन्दु विकसित रहेको पाइएको छ र रूपविन्यास विवृतका लक्षणबाट बनेको छ ।

## निष्कर्ष

**अनुराधा** उपन्यास औपन्यासिक संरचनाका दृष्टिले भिन्न प्रकारको कृति हो । मनोविश्लेषणका आधारमा 'गोठाले'को 'पल्लो घरको झ्याल' (२०१६) पहिलो उपन्यास हो र मल्लको **अनुराधा** दोस्रो उपन्यास हो । यस कृतिमा आफ्ना बारेमा बताउने पात्रले आफू र आफ्नो साथमा रहेका पात्रका विषयमा मनोविश्लेषणात्मक जानकारी गराउनुका साथै स्थितिविचलनको कारण पनि देखाएको पाइन्छ । यी दुई पात्रहरू आफू आफ्ना मनोविकृतिका बारेमा खुलेर प्रस्तुत भएको देखाउँदा वृत्ताकारीय कथावस्तु विकसित हुन्छ । यस कृतिको रूपविन्यास सामान्य छैन, विवृत किसिमको देखिन्छ । संवृतमा आख्यानकार सरल अभिव्यक्ति प्रस्तुत गर्छन् भने विवृत रूपविन्यासमा विशिष्ट प्रकारको अभिव्यक्ति ढङ्ग खोज्ने प्रयास गर्छन् । **अनुराधा** उपन्यासको प्रस्तुतीकरण सरल छैन; विषय पनि मनोविज्ञानको माथिल्लो तहको उत्पादन हो । त्यसैले यस उपन्यासको विश्लेषणमा विविध मनोवैज्ञानिक आधारहरू खोज्न सकिने अवस्था रहेको छ ।

# मध्यमार्गी



महेश प्रसाईं

पृथ्वीतलमा भक्तजनहरू क, ख र ग वर्गमा विभक्त थिए ।

'क' वर्गी भक्तजनहरू क्रिस्तान धर्मको गरिमालाई सर्वोपरि मानेर जीवन बिताइरहेका थिए । 'ख' वर्गी भक्तजनहरू वैष्णव धर्म नै मनुष्यलाई चिन्नसक्ने ठहरमा थिए । तर पृथ्वीतलमा यस्ता पनि मनुष्य थिए जसको कुनै दर्शन र मार्ग थिएन । यिनीहरू 'ग' वर्गी मा पर्थे ।

एकपल्ट अनेक धार्मिक सम्प्रदायमा विभक्त यी नगरहरूमा आ-आफ्ना भक्तजनहरूको परीक्षा लिने विचार गरेर प्रभु येशु र भगवान विष्णु साक्षात् प्रकट हुनुभयो ।

आ-आफ्ना अहम् र प्रतिष्ठामा आसक्त यी 'क' र 'ख' वर्गी भक्तजनहरूले प्रभु येशु र भगवान् विष्णुलाई पटक्क चिनेनन् । 'क' वर्गी र 'ख' वर्गीबीच आ-आफ्नो धर्मको श्रेष्ठतालाई लिएर कलह सुरु भइसकेको थियो ।

विस्तारै यो कलहको बीजले घमासान युद्धका रूप लियो । यता 'ग' वर्गका मध्यमार्गीको कुनै धर्म र दर्शन थिएन । तर आफ्ना अगिल्तिर घटेका यी दृश्यहरूले तिनीहरूको स्वविवेक चुप रहन सकेन । पृथ्वीमा बढ्दो अनर्थलाई रोक्न यिनीहरूले यथासम्भव प्रयास गरे ।

अन्तमा युद्धले विशाल रूप लियो । कैयन् मारिए । कतिपय घाइते भए ।

मध्यमार्गीहरूले युद्धमा घाइते भएकाहरूलाई मल्हमपट्टी लगाउने कार्य सुरु गरे ।

मारिएका व्यक्तिहरूको लास खोजखबर गरी टुङ्गो लगाउनेतर्फ दत्तचित्त रहे ।

छेउमा रमिता हेरेर बसेका प्रभु येशु र भगवान् विष्णुले आफ्ना भक्तजनहरूमाथि दोषारोपण गर्ने कुनै आधार थिएन । किंकर्तव्यविमूढ भएर रहनुभएका भगवान् विष्णु र प्रभु येशु ती मध्यमार्गीलाई नै आ-आफ्नो ताज पहिऱ्याएर पृथ्वी तलबाट लोप हुनुभयो ।

कविता

# तिमी रुँदा मेरो देश रुन्छ





सरस्वती शर्मा 'जिज्ञासु'


तिमीले शून्यका कुरा गऱ्यौ
मैले ब्रम्हाण्डका कुरा गरैँ
तिमीले यथार्थका कुरा गऱ्यौ
मैले अति यथार्थका कुरा गरैँ
तिमीले वर्तमानका कुरा गऱ्यौ
मैले भविष्यको कुरा गरैँ,
भिन्नता यति मात्र हो कि-तिमी, तिमी मात्र हौ
समानता यति मात्र हो कि-म, म मात्र हुँ ।

पदचाप तिम्रो र मेरो एउटै
श्वास प्रश्वास तिम्रो र मेरो एउटै
मन तिम्रो र मेरो एउटै
त्यसो हो भने किन हिँड्नु एक्लाएक्लै ?

जति आँसु झारेर माया गरे पनि
ढुङ्गा आखिर ढुङ्गै हो-त्यो कठोर हुन्छ
तिमी कठोरताको बीउ उमारेर
फूल कुहाउन सक्दैनौ
म पनि कोमलताको बीउ उमारेर
ढुङ्गा फुलाउन सक्दिनँ ।

विवेक तिम्रो पनि हो र मेरो पनि
चेतना तिम्रो पनि हो र मेरो पनि
तर सङ्गीतको भाषा र आँसुको भाषा
उस्तै उस्तै हुन्छ, अव्यक्त भाषा
त्यसैले तिमी सपनामा नरुनू है !
तिमी रुँदा मेरो देश रुन्छ, हिमाल रुन्छ
पहाड अनि तराई रुन्छ ।

# राजनीति र साहित्यबीचको लक्ष्मणरेखा



नगेन्द्रराज रेग्मी

कुनै भाषा वा देशका ती सम्पूर्ण (गद्य–पद्य) ग्रन्थहरू, लेखहरूको तरिका वा जुटाइएको अंश आदिको स्थायी उच्च र गूढ विषयको राम्रो रुपमा नियमवध्द तरिकाले विवेचना गरिएको वाङ्मयलाई साहित्य भनिन्छ । साहित्य समाजको ऐना हो । यसले राष्ट्रको यथार्थ तस्विर खिचेको हुन्छ । अतः कुनै पनि देशको अवस्था, स्थिति कस्तो छ भनी जान्नु बुझ्नु परेमा त्यो राष्ट्रको साहित्यको अध्ययन गरे थाहा पाउन सकिन्छ ।

कुनै पनि देशको राजनीतिले त्यस देशको साहित्यलाई केही न केही प्रभाव पारिरहेकै हुन्छ । लेखन प्रक्रियाका प्रारम्भिक दिनहरूमा साहित्यकारहरू शासकका स्तुतिगानमै अलि बढी रमेका हुन् कि भन्ने भान हाम्रो साहित्यमा नपर्ने पनि होइन । त्यसो त हाम्रो जस्तो हिन्दू राजतन्त्रात्मक मुलुकमा राजा–महाराजाहरूको कीर्ति फैलाउनुलाई एक किसिमले गर्व नै गर्ने प्रचलन थियो । यस कममा गाउँघरमा गई शासकहरूका सवाईहरू गाउने, वीरगाथाहरू सुनाउने, पुस्तकहरू प्रकाशन गरी प्रचार प्रसार गर्ने, ठाउँ ठाउँमा ताम्रपत्र, शीलापत्रजस्ता स्तम्भ अभिलेखहरू राख्ने, विशेषाङ्क र स्मृतिग्रन्थहरू निकाल्ने आदि जस्ता कार्यहरू भइआएकै हुन् ।

असल शासकहरूको यश गाउनु त स्वभाविकै हो, तर कहिलेकाहीँ आफ्नो क्षणिक स्वार्थ र प्रलोभनका कारण अनावश्यक रुपमा शासकहरूको स्तुतिगान गाउने गरिएको परम्पराले देशको इतिहासलाई नै बङ्ग्याइएका वा अल्मल्याइएका प्रशस्त उदाहरणहरू छन् ।

यो सत्य हो, शासकहरू शक्तिमा रहेका हुन्छन् । शक्तिको उपयोग गर्न वा त्यसको नजिक पुग्न जो कोही चाहन्छ । यसै सिध्दान्तलाई आधार मानेर आफूलाई भाट रुपमा प्रस्तुत गराउँदै साहित्यकार हुनु पक्कै पनि निःसन्देह लज्जास्पद कार्य हो । इतिहास प्रसिध्द कुरा हो राजा साहसाङ्कले हृदयस्पर्शी समाजपयोगी सिर्जनाका सर्जकहरूलाई लाखौं असर्फी पुरस्कार दिन्थे । त्यस्तै अर्का राजा भोज पनि थिए । यी पनि सिर्जनाकर्मीहरूलाई प्रोत्साहित पार्दथे । त्यसो त, मुगलसम्राट अकबरको दरवारमा पनि कवि, सङ्गीतकारहरूले राम्रो आश्रय पाएका थिए ।

तर हाम्रो देशमा भने यसरी प्रोत्साहित पार्नेभन्दा बरु जेलका कालकोठरीमा बन्द गर्ने वा भावना मार्ने, डर, धाक, धम्की तथा प्रलोभनसमेत दिने कार्यहरूले नै बढावा पाउने गरेको देखिन्छ । यसको प्रत्यक्ष उदाहरण 'मकै पर्व'लाई नै लिन सकिन्छ । वि.सं.१९७७ सालमा श्री ३ चन्द्रशमशेरको पालामा कौशलअड्डाका सुब्बा कृष्णलाल अधिकारीले छपाएको "कृषि शिक्षावली प्रथम भाग" नामक पुस्तकको एक ठाउँमा भनिएको छ - "मकैलाई चोरबाट बचाउन भुस्याहा कुकुर चाहिन्छ, जुन खोले खान्छ, परिआएमा चोर, बाघसँग पनि ज्यान अर्पेर लड्छ, तर आजकाल त्यसको वास्ता नगरेर बेलायती कुकुर पाल्न लागेका छन् । दूध, भात खाएर वालिष्टमा बसेर मालिकको पछिपछि हिँड्दै, देख्दैमा राम्रो मात्रै बेलायती कुकुरले केही काम गर्दैन ।" अङ्ग्रेजहरूका भक्त श्री ३ चन्द्रशमशेरलाई नै बेलायती कुकुर भनेको हो भन्ने राजकाजी अर्थ लगाएर सुब्बा कृष्णलाल अधिकारीले ९ वर्ष कैदको सजाय पाए । यस पुस्तकमा "राता टाउके" र "काला टाउके" किराबाट जोगाउने उपाय पनि उल्लेख थियो , तर राता टाउकेको अर्थ रातो फरेज टोपी लगाउने चन्द्रशमशेर र कालो टाउकेको अर्थ कालो टोपी लगाउने मु. भीमशमशेरलाई कीरा भनिएको भन्ने अर्थ लगाइयो । यस पुस्तकको पद्य भाग शम्भुप्रसाद ढुंगेलले लेखेका थिए । यिनीहरू सबैलाई कारवाही गरियो । यो पुस्तकले त्यत्रो काण्ड मच्चाएपछि चन्द्रशमशेरले राममणि आ.दी.को संशोधन सहित "कृषि शिक्षवली प्रथम भाग "को नाउँले लेखक कृष्णलालको नाम नराखी छपाउन लगाए । यसरी यस पुस्तकको साहित्यिक महत्व नभए पनि नेपाली साहित्यिक इतिहासमा अविस्मरणीय घटना भने भई नै रहने छ । यसले नेपाली साहित्यमा छुट्टै इतिहास कायम गराएको छ ।

*राजा–महाराजाका केही साहित्यिक उपनामहरू*

प्रताप मल्ल–कवीन्द्र,
विदग्धचूडामणि शस्त्रशास्त्रसंगीतादिसकलशास्त्रपाराग
जीतामित्र मल्ल–सुमति
रणोद्दीप सिंह–रामबहादुर
राजा पृथ्वीवीरविक्रम शाह – कस्यापि
राजा महेन्द्र–मविवि शाह
रानी रत्न–रञ्जना शाह
रानी ऐश्वर्य–चाँदनी शाह
राजा ज्ञानेन्द्र–जी. शाह
अधिराजकुमारी प्रेक्ष्या–सोहनी शाह
शान्तिराज्यलक्ष्मीदेवी शाह–शा. शाह

यस कालमा राणाहरूको अन्याय र अत्याचारबाट जनताहरू त्राहीमाम त थिए, थिए । चाकरी तथा चुक्ली प्रथा पनि अत्यन्तै झाङ्गिदै थियो । मन नपर्दा-नपर्दै पनि उनीहरूका प्रशंसा र गुणगान गाउन लेखक, कविहरूलाई बाध्य बनाइन्थ्यो । कसैलाई प्रभाव र प्रलोभनसमेत दिइन्थ्यो । त्यसो त, कोही भने विरोधमै पनि उत्रिने गर्दथे । यस अवधिमा राजा को भन्दा श्री ३ कै स्तुतिमा साहित्यहरू अधिक रचिए, पुस्तकहरू प्रकाशित भए । किनभने श्री ३ नै यस कालखण्डका सर्वशक्तिमान व्यक्तित्व थिए । जुध्दमहिमा, चन्द्रलहरी, वीरचरित्र, देवमञ्जरीजस्ता तत्कालीन श्री ३ हरूलाई एक–एक ओटा पगरी गुथाएर काव्यहरू रची आशीर्वाद पाउन लालायित हुनेहरू पनि मनग्गे थिए ।

शासकीय पदमा बसेर साहित्यमा संलग्न हुने व्यक्तिहरू हामीकहाँ पनि थुप्रै देखिन्छन् । स्वयम् हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटा डा.के.आई.सिंहको प्रधानमन्त्रीत्वकालमा केही समय शिक्षामन्त्री जस्तो शासकीय पदमा आसिन भएका थिए । २००२ सालतिर प्रधानमन्त्री पद्मशमशेर जबरालाई स्वागत अभिनन्दन गर्दै तत्कालीन *शारदा* मा संस्कृत, नेपाली, बंगाली, उर्दू, अंग्रेजी, फ्रेन्च, चिनियाँ र जर्मन गरी नौ भाषामा देवकोटाले कविता प्रकाशित गराएका थिए । यसरी हाम्रा महाकविले राजा, प्रधानमन्त्रीको स्वागत गरे पनि २००४ सालमा बनारस गएर युगवाणी पत्रिकाको सम्पादक भई राणा शासनको विरोध गर्दै जनतामा जागरण र चेतनाको शंखघोष पनि नगराएका होइनन् । भारतीय लेखक देव र अङ्ग्रेजी लेखक डम मोरे देवकोटालाई भेट्न आउँदा - "मलाई उनीहरूले कम्यूनिष्ट भने किनकि म रूस गएँ, तर म त एउटा कवि मात्र थिएँ" भनेका छन् । यस भनाईले देवकोटा राजनीतिबाट भन्दा साहित्यबाटै आफ्नो स्वपहिचान खोज्न चाहन्थे भन्ने बुझिन्छ ।

योबाहेक राजनीतिमा लाग्ने अन्य साहित्यिक व्यक्तित्वहरू पनि नभएका होइनन् । प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको अर्को व्यक्तित्व साहित्यिक थियो । उनी साहित्यको कथा विधामा देखा परे पनि उनले प्राय सबै विधामा कलम चलाउने गरेका थिए । कथाकार कोइरालाको आफ्नै रचना "गोर्खा संसार" (१९८३) देखि देखिन थालेको हो । ईश्वर बरालद्वारा सम्पादित "झ्यालबाट"

भन्ने पुस्तकको प्रथम संस्करणमा उहाँको "पिपाको हवल्दार" भन्ने उत्कृष्ट कथा छापिएको छ ।

प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला साहित्यिक क्षेत्रका अर्का विशिष्ट व्यक्ति हुन् । नेपाली कथा साहित्यमा वी.पी.कोइरालाको नाम अत्यन्त सम्मानका साथ लिइन्छ । उनले –"राजनीतिमा गरिब मानिसलाई पनि पोशाक चाहिन्छ, तर साहित्यमा भने सम्राट पनि निर्वस्त्र रहन्छ" भनेर साहित्यको शाश्वत मूल्य र महत्ता बताएका छन् । बी.पी.का 'हिटलर र यहुदी', 'दोषी चस्मा', 'श्वेत भैरवी', 'नरेन्द्र दाइ', 'सुम्निमा', 'मोदिआइन', 'बाबु–आमा र छोरा,' 'विश्वेश्वरप्रसाद कोइरालाको आत्मबृतान्त', 'जेल जर्नल' लगायत थुप्रै कृतिहरू प्रकाशित छन् ।

साहित्यकार स्व. उत्तम कुँवरले राजा महेन्द्रप्रति लक्षित गर्दै कवि म.वि.वि. शाहको रुपमा आफूलाई दिएको अन्तर्वार्तामा –..... "बालकृष्ण सम, बी.पी.कोइरालाले नेपाली साहित्यरुपी बृक्षलाई मलजल हाली आजको अवस्थामा ल्याइपुऱ्याए ...." भनेर साहित्यकारको सम्मान गरेको तर त्यतिखेरै बी.पी.कोइराला सुन्दरीजलको कठोर बन्दीगृहमा थुनिएको स्मरण गर्दै साहित्यलाई राजनीतिबाट पृथक राखिएको योभन्दा ठूलो उदाहरण अरू के हुन सक्छ भन्ने निष्कर्ष निकालेका छन् । यसलाई पनि एउटा राजनीति र साहित्यको रोचक र सान्दर्भिक प्रसङ्ग मान्न सकिन्छ ।

वि.सं.२००४ सालका योध्दामध्ये गणेशमान सिंह, बालचन्द्र शर्मा, कृष्णप्रसाद भट्टराई लगायतले राजनीति बाहिरका थुप्रै विषयमा कलम चलाएको देखिन्छ । २००४ सालमा बनारसबाट प्रारम्भ भएको 'युगवाणी' मूलतः राजनीतिक प्रकाशन भए पनि त्यसमा साहित्यले धेरै स्थान पाउने गरेको थियो । गणेशमान सिंहले लेख्नुभएको एक उत्कृष्ट व्यङ्ग्य "श्री ३ मोहनको स्वर्गारोहण" त्यहाँ पाउन सकिन्छ । त्यसै पत्रिकामा बालचन्द्र शर्माको कथा पनि भेटिन्छ ।

२००७ सालको क्रान्तिमा तत्कालीन साहित्यकारहरूले दिएको योगदान अत्यन्त अविस्मरणीय छ । लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, विजय मल्ल आदि यस कालका उल्लेखनीय योध्दा थिए । २०१७ सालपछिको साहित्यमा पनि यो परम्परा भेटिन्छ । 'प्रगति' पत्रिकामा पनि राजनीतिज्ञहरूका साहित्यिक लेखहरू पढ्न पाइन्छन् । यस क्रममा सूर्यविक्रम ज्ञवाली, गोपालप्रसाद भट्टराई, पूर्णप्रसाद ब्राम्हण, महानन्द सापकोटा, जनकलाल शर्माजस्ता राजनीतिक चेत साहित्यमा पनि स्पष्ट देख्न सकिन्छ ।

त्यसो त, कवि म.वि.वि.शाह पनि साहित्यलाई राजनीतिबाट अलग रुपमा हेर्छन् । उनी भन्छन्– विषय र प्रसङ्गले नजोडेसम्म साहित्य र राजनीति बेग्लबेग्लै हुन् । यिनीहरूको अस्तित्व नै भिन्नै बौध्दिकतामा अवश्य पनि भिन्दै कुरा हो (*स्रष्टा र साहित्य, प्र.सं.पृ.२९३*) । उनले यस कुरालाई पुष्टि गर्दै अझ अगाडि भनेका छन्–साहित्यलाई राजनीतिमा ओराल्नुचाहिँ आफ्नो आदर्शलाई शिरमा वा सामु राख्नुको सट्टा पैतालामा राख्नुसरह हुनेछ ।

'बाह्रौं खेलाडी', 'हिउँको तन्ना' जस्ता कृतिहरू नेपाली साहित्य भण्डारमा पस्किसकेका अर्का पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द पनि राजनीतिभन्दा साहित्यिक क्षेत्रमै आफू बढी रम्ने कुरा बताउँछन् । यस सम्बन्धमा उनको धारणा छ – "राजनीति मस्तिष्कप्रधान र साहित्य हृदयप्रधान हुन्छ भन्ने विचारसँग म सहमत छु, तर मैले जुन साहित्यिक सिर्जना गरेको छु, त्यसमा राजनीति बिलकुल छैन । साहित्य र राजनीति दुईमध्ये कुनै एउटालाई रोज्नुपर्ने भए म साहित्यलाई नै चुन्थे । "

कवि केदारमान व्यथित राजनीतिमा संलग्न हुँदै गृह र निर्माण तथा यातायात मन्त्रीसम्म पनि हुन पुगे । राणा शासन फाल्नमा मात्र होइन, नेपाली कांग्रेसमा संलग्न हुँदै पछि पञ्चायत व्यवस्थामा समेत काम गरेर राजनीतिमा चुर्लुम्म डुबेका व्यथितले त यतिसम्म भनेका छन् कि– राजनीति भनेको शौचालय हो भने साहित्य भोजनालय ।

युगकवि सिध्दिचरण श्रेष्ठ अर्का त्यस्ता कवि हुन् जो निरङ्कुश शासनसत्ता नहटी नेपाली जनताले शान्ति र सम्बृध्दि प्राप्त गर्न सक्दैनन् भन्ने धारणा राख्दथे । राणा शासन फाल्नका लागि ९७ सालपछि यिनले पनि आफ्ना कलमहरू अझ सशक्त ढङ्गले अगाडि बढाएका थिए । "क्रान्ति नभई शान्ति हुदैन" भन्ने नेवारी कविता लेखेबापत श्रेष्ठलाई जेल समेत हालिएको थियो ।

'जाग, जाग, अब जाग न जाग' भन्दै जनतालाई चेतना र जागरणको उद्घोष गर्ने धरणीधर कोइरालाले राजनीतिमा पनि उत्तिकै आफ्नो चेत नदेखाएका होइनन् । 'शिरिषको फूल' लगायतका थुप्रै चर्चित कृतिकी श्रष्टा

पारिजात पछिल्लो समयमा राजनीतिमा पनि उत्तिकै संलग्न भएकी विष्णुदेवी वाइवा हुन् । उनी राल्फाली आन्दोलनसँग पनि आवध्द भएकी थिइन् । 'घुम्ने मेचमाथि अन्धो मान्छे' जस्ता चर्चित कृतिका श्रष्टा भूपि शेरचन एकताका 'सर्वहारा' उपनामबाट कम्यूनिष्ट राजनीतिमा अत्यन्त सक्रिय रहेका साहित्यकार हुन् । मोहनविक्रम सिंह अर्का राजनीतिज्ञ हुन् उनले 'गंगा कावेरी एक्सप्रेस' नामक खण्डकाव्य प्रकाशित गरेका छन् । त्योबाहेक उनका समालोचनाहरू पनि देखिन्छन् । तारिणीप्रसाद कोइराला काव्यका साथसाथ 'सर्पदंश' नामक उपन्यासका स्रष्टा हुन् । 'साहित्यकार ध.च. गोतामे' र मदनमणि दीक्षित कम्यूनिष्ट पार्टीमा रहेर काम गरिसकेका स्रष्टा हुन् । 'लुटिएको दुई थुँगा फूल' लेख्ने राधाकृष्ण मैनाली अर्का राजनीतिक व्यक्ति हुन्, उनले आत्मकथा पनि प्रकाशित गरिसकेका छन् । माओवादी नेता मोहन वैद्य किरण 'चैतन्य' साहित्यिक उपनाम लिएर समालोचना र कविताहरू लेखिरहेका छन् भने 'रोहित' नामबाट प्रसिद्धि कमाएका राजनीतिज्ञ नारायणमान विजुक्छेले अनेकौं उपनाममा उत्कृष्ट साहित्यिक सिर्जना गर्ने गरेको धेरैलाई थाहा नहुन सक्छ । कविता र समालोचना क्षेत्र रुचाउने ईश्वरचन्द्र ज्ञवाली माओवादी जनसांस्कृतिक महासंघका अध्यक्ष हुन् भने डा. ऋषिराज बराल समालोचना, कथा र उपन्यास विधामा देखा पर्ने अर्का श्रष्टा हुन् । माओवादी विधायक गंगा श्रेष्ठ र सत्या पहाडी पनि काव्यका क्षेत्रमा रम्ने प्रतिभा हुन् । यीबाहेक अन्य श्रष्टाहरू खोज्ने हो भने 'द्वन्द्वको अवसान' लेख्ने राजेश्वर देवकोटा हुन् कि 'मानव' महाकाव्यका मोदनाथ प्रश्रित, 'गामवेसीका गीत' लेख्ने क्षेत्रप्रताप अधिकारी हुन् कि 'देउमाईको किनार'का प्रदीप नेपाल हुन् अथवा डि.पी.अधिकारी, केशवराज पिंडाली, पुरुषोत्तम बस्नेत, नारायणप्रसाद शर्मा, नरहरि आचार्य, आनन्ददेव भट्ट, बलदेव शर्मा मजगैया, गोविन्द भट्ट, नारायण ढकाल, विष्णु आभूषण, कुन्ता शर्मा, निनु चापागाई, डा.विष्णु राई, मुकुन्द न्यौपाने, अमर गिरी, प्रदीप ज्ञवाली, नेत्रलाल अभागी, कृष्णसेन इच्छुक, पुरुषोत्तम दाहाल, विश्वप्रकाश शर्मा आदि थुप्रै स्रष्टाहरू राजनीतिमा पनि उत्तिकै संलग्न देखिन्छन् । यी सबै स्रष्टाहरूले आफ्नो सिद्धान्त उक्त सिर्जनामा थोपरेका भए कसैको पनि साहित्यिक क्षेत्र त्यति रुचिकर रूपमा पाठकले ग्रहण गर्ने थिएनन् ।

*राजनीति र साहित्य दुवै क्षेत्रमा संलग्न केही व्यक्तित्वहरूको साहित्यिक उपनाम*

*केदारमान–व्यथित*
*भूपि शेरचन–सर्वहारा*
*केशव राज–पिंडाली*
*विष्णुकुमारी वाइवा–पारिजात*
*मोदनाथ पौडेल–प्रश्रित*
*प्रदीप नेपाल–संजय थापा*
*मेघराज नेपाल–मञ्जुल*
*कृष्ण सेन–इच्छुक*
*रामेश्वर श्रेष्ठ-रामेश*
*नारायणभक्त श्रेष्ठ-रायन*
*मोहन वैद्य–चैतन्य*
*विष्णुकुमार राई–आभूषण*

साहित्य मूलतः एउटा भावनात्मक उपज हो । यसले मस्तिष्कमा होइन, भावनामा नै गएर आफ्नो स्थान सुरक्षित गराउँछ । मस्तिष्कको अपेक्षा भावना अत्यन्तै पूर्वाग्रहरहीत संवेदनशील मानवीय चेतनस्थल पनि हो । त्यसैले सबै बौध्दिक अथवा राजनीतिक व्यक्ति साहित्यिक हुन् भन्न सकिन्न । न त सम्पूर्ण साहित्यिक व्यक्तिहरू बौध्दिक मात्र हुन्छन् नै भन्न सकिन्छ । साहित्य र राजनीति परिपूरक र अन्तरसम्बन्ध भए पनि अलग–अलविधा हुन् ।

आज हाम्रो देशमा साहित्यको व्याख्या गर्न राजनीतिक नेताहरूलाई निम्त्याएर शोभा बढाइरहेका हुन्छौं । वरिष्ठ साहित्यकारलाई आमन्त्रण गरेर पुस्तक विमोचन गराउनुभन्दा कनिष्ट मन्त्री वा जिल्लास्तरीय नेता मात्र आए पनि भाग्यमानी सम्झन्छौं । त्यसो त, साहित्यिक व्यक्तिहरू पनि एक–एक ओटा राजनीतिक व्यक्ति वा पार्टीको छत्रछायाँमा ओत खोजिरहेझैं महसुस हुन्छ । यसले साहित्यको विकास त हुन्न–हुन्न राजनीतिले पनि आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैन ।

साहित्यको सीधा सम्पर्क मानवको आन्तरिक संवेदनासँग हुन्छ । राजनीति त एउटा बाह्य वस्तु मात्र हो, जसको अन्तरात्मासँग प्रत्यक्षतः कुनै प्रकारको सम्बन्ध हुँदैन । त्यस्तै राजनीति एक परिवर्तनशील विषय हो, तर साहित्यको स्वरूप भने शाश्वत हुन्छ । निश्चय नै कुनै पनि देशको राजनीतिक अवस्थाले त्यस देशको साहित्यलाई केही न

केही प्रभाव पारिरहेको हुन्छ तर त्यहाँको राजनीतिक व्यवस्थाले त्यस देशको साहित्यलाई निर्देशित गराउनु भने हुँदैन । बरु त्यहाँको साहित्यले नै त्यस देशको राजनीतिलाई दिशावोध गराउनु पर्छ । हामीकहाँ त्यसो हुन सकिरहेको छैन ।

पञ्चायतकाल र अझ त्योभन्दा अगाडिको राणाकालदेखि नै आफ्नो शासनसत्ता टिकाइराख्न साहित्यकारहरूलाई राजनीतिक व्यक्तिहरूले यदाकदा प्रयोग गरिरहन्थे । विरोधमा उत्रने लेखक कविहरूलाई यातना, डर, त्रास मात्र होइन पुस्तक–पत्रिका जफत, प्रकाशन बन्द र कारावास जानुपर्नेजस्ता कार्यहरू पनि नभएका होइनन् ।

साहित्यजस्तो नवीन चिन्तन र सृजनात्मक प्रतिभा कतै राजनीतिक नेताको भाषण तयार गर्ने वा तिनका नारा र सिद्धान्तलाई आकर्षक बनाउने साधनको रूपमा मात्र प्रयोग भयो भने त्यसको वाञ्छनीय विकास कदापि हुन सक्दैन । तत्कालीन रूसको साम्यवादी साहित्य आज निरर्थक मानिन थालिएको छ, कमसेकम यस्तो प्रचार साहित्य त्यहाँ नभइदिएको भए आज त्यहाँको साहित्यको विकास कति उच्च तहसम्म पुगिसक्ने थियो भनेर त्यहाँका जनता आज पश्चाताप गरिरहेका छन् । यसर्थ स्वतस्फूर्त साहित्यले मात्र मानव सभ्यताको गरिमा बढाएको हुँदो रहेछ भन्ने कुरा यो घटनाबाट बुझ्न सकिन्छ । राजनीतिक नारा या वादमा थुनिएको साहित्यले कुनै राजनीतिज्ञ वा यसको दलको स्वार्थपूर्ति गर्नमा सघाउ पुऱ्याउन सक्ला तर त्यहाँको साहित्यले भने आफ्नो स्वतन्त्र अस्तित्व गुमाउनुपर्ने निश्चित छ ।

साहित्यकारहरू वैज्ञानिकजस्तो विभिन्न दिशातिर स्वतन्त्र र मौलिक रूपले चिन्तन गर्ने गर्दछन् । यस क्रममा साहित्यले पनि विभिन्न नाममा आफ्नो स्वपहिचानका लागि लडाई लड्नु पऱ्यो, आन्दोलन गर्नु पऱ्यो । यसैको फलस्वरुप देशमा राजनीतिले जनताका मुख र कलम बन्द गर्नेजस्ता क्रियाकलाप हुनासाथ त्यहाँ कुनै न कुनै रूपले साहित्यकार अगाडि आउन बाध्य बन्छ । नेपालका पूर्वी पहाडी जिल्लाहरूमा २०२३ सालदेखि चलेको 'राल्फा आन्दोलन' यसैको उपज हो । पञ्चायती व्यवस्थाको दबदबामा अन्याय, अत्याचार र शोषणविरुद्ध एकजूट हुन आह्वान गर्दै साहित्य र संगीतको माध्यमबाट जनचेतना जागृत गराउँदै गाउँ, गाउँ डुल्ने पारिजात, मञ्जुल, रामेश, रायन, निनु, विमल, अरिम आदि यसका प्रयोक्ताहरू थिए । त्यसै गरी वाक् तथा प्रकाशन स्वतन्त्रताको मुख्य माग गर्दै २०२६ सालमा मोहन कोइराला, मदन रेग्मी, द्वारिका श्रेष्ठ, पुरुषोत्तम बस्नेत लगायतले 'अमलेख' नामक आन्दोलन चलाएका थिए । पत्रिका प्रकाशनमा प्रतिवन्ध लगाइदिएकाले २०३१ सालतिर 'यङ्ग राइटर्स फ्रन्ट' नाम दिएर भाउपन्थी, मोहन घिमिरे, ध्रुव सापकोटा, शैलेन्द्र साकार आदि मिलेर यो साहित्यिक अभियानको आरम्भ भएको थियो । २०३१ सालमा नयाँ सडकको पीपलको बोटमा बसेर साहित्यकारले बूट पालिस गर्दै सामाजिक विद्रोह गरेका थिए । २०३६ सालको जनमत सङ्ग्रहमा बहुदलको पक्षमा जनमत बटुल्न 'सडक कविता क्रान्ति'को आयोजना नभएको होइन । त्यस्तै 'भोक कविता, साहित्य सञ्चारका लागि 'हवाई आन्दोलन' आदि साहित्यिक आन्दोलनहरूले पनि देशको राजनीतिक अवस्थाका प्रति तीव्र विरोध प्रकट गरेका थिए । कुनै विशेष परिस्थितिमा अथवा राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्कट आइपर्दा सङ्गठनात्मक रूपले एकजुट हुनु स्वभाविक हो तर चिन्तन, मनन र आविष्कारको क्षेत्रमा गूट, उपगूट, जमात, समूह र सिध्दान्त बोकी कार्यकर्ता उत्पादन गर्दै हिड्नु सही र उपयुक्त मानिँदैन । साधना गर्नेहरूलाई सहयोग चाहिन्छ तर प्रचार र समर्थन चाहिँदैन भन्ने दृष्टिकोणहरू हिजोआज निकै सुनिँदै आइएको छ । साहित्यकारहरू विचार, बुद्धि र विवेकका धनी मानिन्छन्, गलत काम क्रियाकलापहरूलाई चुप लागेर, कलम बन्द गरेर बस्न सक्दैनन् ।


अन्त्यमा, के चाहिँ भन्न सकिन्छ भने राजनीतिले राजनीतिबाटै र साहित्यले साहित्यकै मार्गबाट आ-आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी अगाडि बढ्नु पर्छ । एकको मार्गमा अर्कोले अवरोध तथा हस्तक्षेप नगरी लक्ष्य प्राप्तिमा बढ्नु नै वुद्धिमानी ठहर्नेछ । तब मात्र हाम्रो देशको साहित्यिक विकासमा अझ थप उर्जा मिल्नेछ । साहित्यकारले राजनीतिक नेताको ओत खोज्नुपर्ने आवश्यकता छैन भने राजनीतिक व्यक्तिले आफ्नो स्वर्थ खातिर साहित्यकार नगुहार्नु नै आ-आफ्नो कर्तव्य ठहर्नेछ ।

# हिउँको बस्ती

हिउँका ढिस्का
हिउँका पहाड
हिउँका खोँच
हिउँका ओढार
हिउँका गल्ली र बाटाहरू
बग्रेल्ती छन् हिउँको बस्तीमा

अँध्यारो भएपछि
हिमनदीमा नुहाउँछ हिमाल
र सखारै चुलिन थाल्छ
घामका श्वेत रङ्गहरूसँगै

हिउँका थुप्रावरिपरि
लुकामारी खेल्दै
हिउँजस्तै चोखो मन लिएर
प्रीति गाँस्छन् नोर्बु र फुर्बाहरू



जून त चिसो छँदै थियो
घाम पनि
चिसो भएर लाग्छ हिमालमा
सायद हिउँमै अभ्यस्त भएर होला
घामको अलिकति न्यानो पनि नसहेर
हिमालतिर फर्किंदै
धुपीजस्तै बाक्लो पुच्छर डोलाउँछ
चौंरी गाई

सैलुङ्गे लेकमा
हिउँका डल्लाहरू चपाएर
जिउभरि
बाक्ला र नरम कपासका बिरुवाहरू उमार्दै
भैंडीगोठ फर्कन्छन्
भैंडाका बथानहरू



टंक भट्टराई

लाक्पा र डोल्माहरू
हिउँका ऐनामा
आफ्नो अनुहार हेर्छन्
ऐनामा
तारुण्य फुटेका स्याउका गाला देखेर
अलिकति शर्मिन्छन्
र उत्साही भएर
अग्लो हिमालसँगै
जीवनका उकालाहरू चढ्छन्

कति हिउँद खाएर
गालामा
हिउँका खोल्सा र खोपिल्टाहरू देखिए पनि
अझै
हिमाल चढ्ने आँट गर्छ
हिउँ चितुवा

ऋतुहरू फेरिँदै छन्
हिमालमा हिउँ थपिँदै छ
बाक्लिँदै छ हिउँको बस्ती

तर
हिउँबासीहरूको एउटै सपना
उनीहरूको कल्पनालोकबाट ओर्लेर
हिमालझैँ मुस्काउँदै
कहिले आउँछ-त्यो ?
जसलाई उनीहरू
युगयुगान्तर खोजिरहेछन् ।
आँखाले नदेखे पनि
हिमालमा उसले बजाएका
कर्णप्रिय घँघुँराहरू
सुनिरहेछन्

अब साँच्चिकै छुने गरी
अब साँच्चिकै देख्ने गरी
हिमालको रक्षक
हिउँबासीहरूको राजा
त्यो देवतातुल्य - यति
कहिले देखापर्छ हँ
हिउँको बस्तीमा ?

*- खोटाङ*

## गजल


ज्ञान उदास

नहुनेले गुहार्दासम्म पनि कोही बोल्दैन
हुनेले चाहेजति ओसार्दा पनि कोही बोल्दैन ।

हामी मान्छेहरू आपसमा काटाकाट गर्छौं
साँझमा घरभित्र सुसेल्दा पनि कोही बोल्दैन ।

हामी मान्छेले मान्छेलाई नै ठग्छौं हेप्छौं
भुँडिवालाले जति हसुर्दा पनि कोही बोल्दैन ।

बनावटी जीवन कति दिन बाँच्छौ
कुबेलामा भाले कोरोल्दा पनि कोही बोल्दैन ।

तिमी हामी मान्छेको मति नै बिग्रिसक्यो
सम्साँझै पोथी बास्दा पनि कोही बोल्दैन ।

# विस्मय



कन्हैया नासननी

'बूढो भइसकेछ तपाईंको फोटो, कपाल सबै सेतो निस्क्यो, लिनुहोस् !'

आफ्नो साराका सारा चेहरा डाम्नसम्मन् डामी लपेटिएर कानभित्र पसेको जेठको तातो लूको लपेटाजस्तो लाग्यो श्यामशरणलाई आफूले सुनेको फोटोग्राफरको यो वाक्य । त्यहाँ भएकाहरूमध्ये धेरैजसो रमाएर हाँसे । उसले आफ्नो अप्रसन्नता लुकाउने ठाउँ खोज्यो तर भेट्टाउन सकेन । तातो लूले उसको मन पनि पोल्यो । उसको अनुहार तत्क्षण राँकिएर रातो भयो । आफ्नो छाती असजिलो भएको पनि तत्क्षण उसलाई अनुभूत भयो ।

उसले फोटोग्राफरकहाँ आफू व्यर्थै गएको सम्झायो । वास्तवमा ऊ डाक्टरकहाँ ब्लडप्रेसर जँचाउन गइरहेको थियो । बाटोमा फोटोग्राफरको स्टूडियो परेकोले दुई हप्तापहिले उसले काम गरेको बैङ्कका आफ्ना हितैषीहरूले बैङ्ककै हलमा दिएको पार्टीमा खिचिएको एउटा एकल फोटो लिन ऊ त्यहाँ पसेको थियो । बिहान ऊ निद्राबाट साबिकभन्दा ढिलो ब्यूँझियो । यता केही दिनदेखि नै उसलाई टाउको दुख्ने, जति सुते पनि निद्रा नपुग्ने, खुट्टा झम्झमाउने भएको थियो ।

कति प्रयत्न गर्दा पनि श्यामशरणले फोटोग्राफरको ठट्टा पचाउन सकेन । आँखा तरेर उसले फोटोग्राफरलाई हेऱ्यो । फोटोग्राफरको अनुहार नीलोकालो थियो, सम्भवत: श्यामशरणको अनपेक्षित प्रतिक्रियाको फलस्वरूप लाज र भयले भन्दा पनि आफ्नो विनोदप्रिय स्वभावको कारण अकस्मात आफूबाट हुन पुगेको गल्तीको बोधले गर्दा । आफ्नो बोली सच्याउने प्रयास गर्दै उसले थप्यो - 'मैले ठट्टा गरेको सर, आफू बूढो नभए त भइहाल्यो नि ! होइन सर, फोटो बूढो भएर के पो होइन्छ र ?'

तर आफ्नो बोली सच्याउने उसको प्रयास मसीले लेखिएको इरेजरले मेट्न खोजेजस्तै मात्र भइदियो । श्यामशरण झनै मर्माहत भयो । तैपनि सकेसम्म

संयमित हुन खोज्दै उसले भन्यो - 'भइहाल्यो, ठीकै छ। भन्नोस्, पैसा कति फोटोको ?'

'पैसा पर्दैन । जाबो एउटा फोटोको के पैसा लिने आफ्नो सरसँग ?'

उसको जवाफ श्यामशरणलाई उसले आफ्नो सहृदयता देखाएको भन्दा पनि आफ्नो गल्तीको मूल्य चुकाएको प्रतीत भयो । पैसा लिन कर गर्नुपर्ने औपचारिकता निभाउँदै उसले भन्यो -'त्यसो त कहाँ हुन्छ र ? पहिलेजस्तो होइन, मैले अफिस छाडिसकेको छु । तपाईंलाई थाहै छ ।'

'अफिसले पहिले नै तिरिसकेको छ, त्यसो भएर ....।' फोटोग्राफरले स्पष्टीकरण दियो ।

'अघि नै त्यसो भनेको भए त हुन्थ्यो नि ! वाहियात मान्छे......... !' यति भनेर फोटो आफ्नो ब्रिफकेशमा हाली श्यामशरण स्टूडियोबाट निस्कियो । पाइला चाल्दै गर्दा अकस्मात उसलाई फोटोग्राफरले होइन बरु आफूले गल्ती गरेजस्तो लाग्यो । उसले सोच्यो - 'किन त्यसो भनेको हूँला, मैले ! उसको निधारमा 'वाहियात मान्छे'को लेवल टाँस्ने मेरो के अधिकार ? आखिर उसले जे बोले पनि नम्र भएरै बोलेको थियो । उसले 'बूढो' मलाई होइन, मेरो फोटोलाई भनेको । अवश्य पनि मेरो रक्तचाप उच्च भएको हुनुपर्छ ।'

श्यामशरणले फर्केर हेऱ्यो । उसको अनुमान सही निक्लियो, फोटोग्राफरले उसलाई हेरिरहेको थियो । फोटोग्राफरको हेराइमा पश्चाताप होइन, विस्मयको झलक थियो, विस्मय - 'कस्तो मान्छे होला' किसिमको । श्यामशरणले उसलाई लक्ष गरेर फोटोग्राफरले मनमनै भनेको अनुमान गऱ्यो -'मान्छे बूढो' भएपछि त्यस्तै हुन्छ । दशा लाग्यो यसलाई ।'

पर पुगिसकेको भएर पनि ऊ फनक्क फर्कियो र स्टूडियोभित्र पस्यो । उसको दम फुलेको थियो । हतप्रभ भएर फोटोग्राफरले उसलाई हेऱ्यो । फोटोग्राफर मानौँ कुनै पनि सम्भावित प्रहारको लागि तयार भएको मान्छेजस्तो देखियो । श्यामशरणले एक छिनअघि आफूले बोलेको सच्याउन खोज्दै भन्यो - 'हेर्नोस् भाइ, तपाईंले मेरो फोटो बूढो भयो भन्नुभयो । तपाईंले निर्धक्कसँग मलाई नै 'तिमी बूढो भइसक्यौ' भने पनि के फरक पर्थ्यो र ? मलाई न कसैलाई छकाउनु छ, न कसैलाई फकाउनु छ । कोही कसैको दुश्मन बन्नु राम्रो कुरा होइन, बुझ्नुभो ?'

यति भनेर प्रत्युत्तरको प्रतीक्षा नगरी श्यामशरण निस्कियो । कति प्रयत्न गर्दा पनि ऊ आफूलाई अझै बूढो भई नसकेको अनुभूतिमा धकेल्न असमर्थ भयो । जीवनमा पहिलो पटक उसलाई अनुभूत भयो - ऊ वास्तवमै बूढो भइसकेको छ । बूढेसकाल लाग्नु र दशा लाग्नु एक अर्काको पर्याय हो । दशा लागे पनि नलागे पनि उच्च रक्तचापको रोग उसलाई लागेको निश्चित छ । सितिमिति उसलाई त्यसरी रीस उठ्दैनथ्यो । तर यो जागीर छँदाको कुरा हो ।

◉ ◉ ◉

'हो त नि, हाई छ तपाईंको ब्लड-प्रेसर । छ सात महिनापहिले मात्र हो क्यारे मैले तपाईंको हेल्थ चेक-अप गरेको । त्यस बेला त्यस्तो थिएन । डाइट कन्ट्रोल गर्नु पऱ्यो । फेरि तपाईं यो चुरोट-सुरोट खान चट्टै छाडिदिनुहोस् । यो ब्रोङ्काइटिस कस्तो भने यसले पछि गएर दमको बिरामी बनाउँछ । हात-खुट्टाका जोर्नी दुख्छन् भन्नाले तपाईंको युरिक एसिडको लेभेल नर्मलभन्दा धेरै हाई भइसकेको हुनुपर्छ । एक चोटि रगत पनि जँचाइहाल्नोस् ! म लेखिदिन्छु । रिपोर्ट मलाई देखाउनोस् ! औषधि त्यस बेला एकै चोटि लेखिदिउँला । मलाई त तपाईंको ग्यास्ट्रिक पनि छ भन्ने शङ्का लाग्यो । तपाईं चिन्ता धेरै लिनुहुन्छ जस्तो छ, यो स्वास्थको सबैभन्दा ठूलो दुश्मन...।"

मूर्तिवत तर अधैर्य भएर श्यामशरण डाक्टरको कुरा सुनिरहेको थियो । डाक्टर अरू पनि के के भन्दै थियो, उसलाई बीचैमा रोकेर श्यामशरणले भन्यो –'डाक्टर सा'ब, म अहिले जान्छु । तपाईंलाई फी कति तिर्नुपर्ने ?'

डाक्टर आश्चर्यचकित भयो । आफ्नो पावर भएको चश्माभित्रबाट उसले श्यामशरणलाई घुरेर हेऱ्यो । श्यामशरणलाई यस्तो लाग्यो, मानौँ डाक्टर उसको मनस्थितिको पनि परीक्षण गरिरहेको छ । नानाथरीका प्रश्न सोधेर डाक्टरले आफ्नो बेचैनी बढाउने आशङ्काले ऊ भयभीत भयो । बैङ्ककै डाक्टर भएकोले उसलाई श्यामशरण राम्ररी चिन्दथ्यो ।

डाक्टरले केही बोल्न लागेकै बेला बीचैमा रोकेर उसले भन्यो - 'तपाईंले भन्नुभएको सबै के मलाई थाहा छैन भन्ठान्नु भएको ? मेरो ब्लड-प्रेशर हाई भइसकेको

छ भन्ने के मलाई थाहा छैन र ? तपाईंलाई मैले बताएकै छैन - भऱ्याङ्ग उक्लँदा मलाई स्वाँस्वाँ आउन थालिसकेको छ । तपाईं मलाई चुरोट खान छाड्ने सल्लाह दिनुहुन्छ । हेर्नोस्, म सबथोक छाड्न सक्छु तर धुम्रपान होइन । भइहाल्यो, छाडौं यस्ता कुरा ! मैले जागिर छाडिसकेको छु । अब त जँचाएबापत तपाईंलाई पैसा तिर्नुपर्छ होला । भन्नुहोस्, कति तिर्नु पर्ने ? अहिले म जान्छु ।'

डाक्टरले केही भन्नुअगाडि श्यामशरणले पाँच सयको नोट झिकेर उसको अगाडि राख्यो र जुरुक्क उठ्यो । डाक्टरको अनुहार कठोर थियो । उसले 'कस्तो मान्छे होला ? ' किसिमको हेराइ हेऱ्यो र सयसयको दुइटा नोट श्यामशरणलाई फिर्ता दियो । नोट सुरुक्क खल्तीमा घुसारेर श्यामशरण निस्कियो ।

तर ऊ फर्केर फेरि भित्र पस्यो र अर्को बिरामी जाँचिरहेको डाक्टरलाई भन्यो - 'हेर्नोस् डाक्टर सा'ब ! जागिर मैले छाडेको होइन, जागिरबाट मलाई निकालेको । चित्त बुझ्यो तपाईंको ? कोही कसैको दुश्मन बन्नु राम्रो कुरा होइन ।'

यति भनेर डाक्टरलाई विस्मयमा अल्झाई ऊ निस्कियो ।

सात महिनापहिले नियमित स्वास्थ जाँच गराउँदा त्यही डाक्टरले यसो भनेको थियो -'प्रेसर ठीकै छ । लो असी, हाई एक सय बीस । म त यसलाई आइडियल प्रेसर ठान्छु । एक्सरे क्लियर छ, छाती एकदम् सफा छ । तपाईं धुम्रपान गर्नुहुन्छ, यो मलाई थाहा छ । यो तपाईंले नै भन्नु भएको । तैपनि ब्रोड्काइटिसको लक्षणसम्म पनि छैन । वण्डरफुल ! युरिक एसिड लेवल सेवेन प्वाइन्ट टू छ । यसलाई नर्मलभन्दा अलिकति बढी नै मान्नुपर्छ । तर केही छैन, एक-दुई महिना खानापिना तथा अन्य कुरामा पथपरहेज गरेर यसलाई नर्मलमा ग्यारेण्टीका साथ ल्याउन सकिन्छ । अरू रिपोर्ट राम्रै छन् । मान्नुपर्छ, तपाईले आफ्नो हेल्थ राम्रो मेण्टेन गर्नुभएको हो । बधाई छ । जवानै देखिनुहुन्छ । मलाई त तपाईंले अर्को बिहाको निम्तो-कार्ड दिनु हुनेछ कि भन्ने पो डर लागिरहेछ ।'

यति भनी आफ्नो विनोदप्रियताको परिचय दिएर डाक्टर शर्मा पाकेको हलुवाबेदजस्तो हाँसो हाँसेको थियो । नहाँसीकन त श्यामशरण पनि रहन सकेको थिएन । तर अनायास उसलाई रत्नाको सम्झनाको बाडुली लागिहाल्यो । रत्ना उसकी पत्नी ! रत्नालाई सौता हाल्ने कल्पनासम्म पनि ऊ गर्न सक्दैनथ्यो । तैपनि डाक्टरको जवाफ उसले ठट्टामै यसरी दिएको थियो -'डाक्टर सा'बलाई भोज खान रहर लागेपछि मेरो के लाग्छ ।'

एक वर्षभित्रै स्वास्थमा त्यत्रो ठूलो परिवर्तन ! स्वास्थ गिर्ने क्रम एक महिना पहिलेदेखि भएको हुनुपर्ने, श्यामशसरणले अनुमान गऱ्यो ! उसको काम सन्तोषजनक नभएको गाइँगुइँ हल्ला चलेको थियो र उसले सुन्न पुगेको थियो पनि । एक जना पत्रकारले त आफ्नो पत्रिकामा उसले ऋण सापटी लिन आउनेहरूसँग खुल्लमखुल्ला हात थाप्ने गरेको समेत लेख्यो । पत्रकारले ऊसँग दश हजारको विज्ञापन मागेको थियो, उसले दिन मानेन । त्यसको लगत्तै उसलाई ऋण-विभागबाट मुद्दति-विभागमा सरुवा गरिदिएको थियो । तर उसलाई अनुभूत भएअनुसार स्वास्थ स्वाट्टै गिरेको जागिरबाट हटाइएपछि नै हो ।

जागिर निःसन्देह चानचुने थिएन - त्यत्रो ठूलो बैङ्कका निर्देशकहरूमध्येको एक जना । ऊ अफिस जाने तरखरमा थियो, अकस्मात चिठ्ठी उसको हातमा पुग्यो । अनिष्टको आशङ्का भए पनि चिठ्ठी जागिरबाट हटाइएको विषयमा होला भन्ने उसले सोचेकै थिएन । दुई दिनसम्म ऊ हतप्रभ र किंकर्तव्यबिमूढ भयो । उसले बाहिरकाहरू कोहीसँग भेटेन । कसैलाई उसले फोन गरेन, न कसैको फोन नै उसले लियो । निःसन्देह उसलाई निद्रा पनि राम्रो लागेन । तीन दिनपछि बल्ल उसको अवस्थामा सामान्यपन आउन थाल्यो । स्वविवेक स्वस्थानमा फर्केपछि उसले आफूले मात्र सुन्ने गरी पटकपटक दोहऱ्याएर भन्यो - 'विहारीलाल झुनझुनवालाले गर्दा यसो भएको । यो पक्का हो । तीस करोड रुपैयाँ बैङ्कलाई फसाएर एकाएक गायब भइदियो । बेवकूफ कहीँको !'

तर उसलाई आश्चर्य केमा लागेको थियो भने खास बैङ्ककै महानिर्देशकले विहारीलाल आफ्नो अफिसमा आएको बेलामा उसलाई बोलाएर ऊसँग परिचय गराएको थियो । वास्तवमा उसले त्यो एउटा सङ्केत सम्झेको थियो । त्यसपछि नै हो विहारीलालले उसको अफिस

धाउने गरेको । काण्डको सूत्रपात भएपछि सम्पूर्ण दोषको दाम्लो उसको थाप्लोमा बाँधियो । यो कुरा उसले रत्नालाई अहिलेसम्म बताएको छैन । कति गाऱ्हो भएको थियो उसलाई रत्नाको सामुन्ने आफ्नो बेचैनी लुकाउन ।

चौथो दिन ऊ बाहिर निस्क्यो र पैदलै डुल्दाडुल्दै नयाँ बानेश्वर, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रसम्म पुग्यो । बाटोमा के के भयो, उसलाई राम्रोसँग याद नभए पनि दुईचार ओटा कुराले उसको मन हदैसम्म खिन्न तुल्यायो । रिलाएन्स लाइफ इन्स्यारेन्सको महाप्रबन्धक गाडीमा आइरहेको देखियो । पहिले पहिले उसलाई त्यसरी देख्यो कि गाडी रोकेरै बकाइदा अभिवादन गर्थ्यो । त्यस बेला उसलाई देखेको नदेखेजस्तै उसको नजिकैबाट गाडी जोडले हुइँक्यायो । धराने कालो बङ्गुरको मासु पसलेले उसलाई हेरेर फिस्स हाँस्यो मात्रै । ऊ पहिले-पहिले उसलाई देख्नेबित्तिकै 'नमस्कार हजुर ! आज एकदम ताजा छ । टक्रयाऊँ कि !' भन्थ्यो । उसलाई जग्गा मिलाइदिने घर-जग्गा किन-बेचको दलाल निरञ्जन गोश्वामी उसलाई देख्यो कि दश औंला जोडी झुकेर अभिवादन गर्थ्यो, त्यस बेला पञ्जै नफुकाली ऊसँग हात मिलाउन खोज्यो र मिलायो पनि । उसलाई सबैभन्दा बढी रीस केमा उठेको थियो भने होटल लाली गुराँसको प्रोप्राइटर जसलाई उसले बैङ्कबाट ऋण दिन अस्वीकार गरेको थियो, उसले छल्न खोज्दाखोज्दै पनि ऊनजिकै उभिन सफल भयो, कुनै बेला आफूले गुण लाएको मान्छेलाई जस्तै ऊसँग हात मिलाएर 'के छ ?' भनेर सोध्यो अनि उसलाई त्यसै बस्नुको सट्टा शेयर सट्टापट्टाको काम गर्ने सल्लाह दियो र 'अलिकति पुगेन तँलाई' किसिमको दृष्टिपात गरेर आफ्नो बाटो लाग्यो ।

◌ ◌ ◌

श्यामशरण बेलुकी ढिलो घर पुग्यो । घरमा रत्ना र उसको जेठो छोरा राकेशकी पत्नी प्रभा बेलुकीको खाना नखाईकन उसलाई कुरिरहेका थिए । कान्छो छोरा राती अबेला घर फर्कन्थ्यो । श्यामशरणको परिवारका सदस्य यति नै थिए । केही दिनयता आफू परिवारको निरन्तर निगरानीमा परेको उसलाई थाहा थियो । यसबाट उत्पन्न भएको पीडा उसले मन मारेर कुनै प्रतिक्रिया नजनाई चुप लागेर सहिरहेको थियो ।

श्यामशरणलाई खाने मन थिएन । उसले साथीकहाँ खाएर आएँ भनेर ढाँट्यो ।

कोठामा एक्लै भएपछि उसले लुगा फेऱ्यो । अनायास उसले ब्रिफकेसमा राखिएको फोटो सम्झ्यो र अनायासै सम्झनाको हाँगामा फोटोग्राफर र डाक्टर अल्झिए । उसलाई तिनीहरू दुवै तँछाड्-मछाड् गर्दै उसले बोकेको चिन्ताको बोझ बढाउन तत्पर भएर लागेको प्रतीत भयो । व्यर्थै गएजस्तो लाग्यो उसलाई तिनीहरूकहाँ ।

एक छिन झोक्रिएपछि उसले लुगा राख्ने दराजमाथि राखिएका आलबमहरूमध्ये एउटा झिक्यो । त्यो उसको निजी आलबम थियो । त्यसमा उसले आफ्नी पत्नीकै सल्लाहअनुसार आफ्ना विशेष फोटोहरू मात्र राख्ने गरेको थियो । नागरिकताको प्रमाण-पत्र, पासपोर्ट, मतदाता परिचय-पत्र, अफिसको परिचय-पत्र इत्यादिमा उछिट्टिएर परेका तीन चार ओटाबाहेक अरू सबैजसो एकल फोटो उसले त्यसमा राखेको थियो । औधि रुचाउँथिन् रत्ना श्यामशरण पराई छँदा, प्रेमी हुँदा, आफ्नै बन्दा खिचिएका विभिन्न फोटोहरू भएको आलबम हेर्न ।

श्यामशरणले ब्रिफकेसबाट फोटो झिक्यो र आलबममा राख्यो । आलबममा केवल एकै पाना मात्र बाँकी थियो । के त्यसो हुनु केवल संयोग हो ! उसको मन चीसो भयो । उसले फोटो नियालेर हेऱ्यो, एउटा निश्वास फेऱ्यो र मनमनै भन्यो – 'हो त नि, फोटोग्राफरले ठीकै भनेको थियो । निश्चय नै बूढो भइसकेछ उसको फोटो । उसले फोटोग्राफरलाई व्यर्थै रीस देखाएको ।'

उसको प्रत्येक फोटो-उसको प्रतिरूप, उसको प्रतिआकृति । आफ्ना विभिन्न रूप र आकृतिको समष्टि बनेर आफ्ना फोटोहरूको एकिकृत समग्रताले सिङ्गो रूप धारण गरी आफ्नो अलग्गै निजी अस्तित्व र पहिचान बनाएको उसलाई प्रतीत भयो । उसले अनगिन्ती पटक त्यो आलबमका पानाहरू पल्टाएर हेरेको थियो तर त्यस्तो अनुभूत उसलाई आफ्नो जीवनमा पहिलो पटक भएको थियो । उसले हेर्दाहेर्दै फोटोहरूको समग्रतामा प्राण-सञ्चार भएको र उसलाई सम्बोधन गरेर बोलेको उसले कल्पना गऱ्यो – 'मित्र ! एक दिन तिमी नरहने अवश्यम्भावी छ । मैले अजम्बरी चोला पाएको छु ।

त्यसैले म त रहिरहने छु, तिम्रो कुनै बेलाको जीवन्तताको वफादार साक्षी बनेर । तिमी हुनुको निर्भरता नै मेरो हुनुमा छ । माया लाग्छ मलाई तिम्रो । अबदेखि तिमीले मेरो इर्ष्या गर्न थाल्ने छौ, मलाई यकिन भइसकेको छ । मलाई तयार पार्ने फोटोग्राफरले भनेको साँचो हो - तिमीलाई दशा लागिसकेको छ । अब के गर्छौ तिमी लालाला...?'

श्यामशरणले हडबडाएर आलबम बन्द गऱ्यो । आफ्ना फोटोहरूको समग्रताले कुनै दिन निहूँ खोजेर आफूसँग झगडा गर्ने कल्पनाले ऊ भयभीत भयो । केही गरी झगडा भएमा त्यसको सामना गर्ने सामर्थ्य र आत्मविश्वास आफूमा नभएको कल्पनाले पनि ऊ त्यत्तिकै भयभीत भयो । त्योप्रति वास्तवमै उसको मनमा इर्ष्याको बीजारोपण भयो । सुरूदेखि नै त्यसले अवचेतन अवस्थामै उसको समानान्तर जीवन गुजारा गरिरहेको उसलाई लाग्यो । उसको जीवन परिस्थिति र परिबन्दबाट निर्देशित सगोल दुनियाँको गुब्बाराभित्र फन्का मारिरहेको छ । तर त्यसको जीवन त्यस्तो छैन । आलबमका चारकुने पानाहरूकी चेप्टो भूगोलभित्र सत प्रतिशत सार्वभौमसम्पन्न भएर अवस्थित त्यसको आफ्नै दुनियाँ छ । त्यो उसलाई हाँक दिनेसम्मको हिम्मतदार भइसकेको छ । आफू बसेकै ठाउँबाट उसले दराजमाथि पर्ने गरी आलबम फ्याँक्यो । उसले चालै नपाईकन उसको मुखबाट निस्क्यो - 'दुश्मन बनेर निस्के सबै - फोटोग्राफर, डाक्टर, आफ्नै आलबम ....।'

रत्ना भान्छाबाट ओर्लिन् र सरासर आएर ऊसँगै बसिन् । उसले अकस्मात एक्कासी सोध्न पुग्यो - 'तरकारी के बनायौ ?'

प्रश्नबाट विस्मित भएकी रत्नाले त्यसको ठीक जवाफ दिन खोजेकी थिइन् । तर तिनको त्यो जवाफलाई तिनले प्रायसः सोध्ने गरेको प्रश्नले छोप्यो –'होइन, आज तपाईंको मुख अँध्यारो छ, किन ?

आफ्नो तात्पर्यहीन प्रश्नले आफैँ पनि विस्मित हुन पुगेको उसले प्रश्न सच्यायो -'तरकारी बेलुकीलाई थिएनजस्तो लाग्यो । बजार को गयो, जान्न मन लागेर त्यसै सोधेको ?'

त्यसपछि ऊ टोलायो । रत्ना सुत्न नगईकन ऊसँगै बसिरह्यो । दुई-चार दिन भयो, ऊ घरमा छँदा तिनी कुनै काम परे मात्र नत्र ऊसँगै रहने गरेकी । आफ्नो कोठामा पनि तिनीहरूसँगै गए । सुत्न पल्टँदा आफूसँगै पल्टेकी रत्नालाई उसले सोध्यो -'राकेशको आज ई-मेल आएको थियो ?'

'आएको हुनुपर्छ । खै, मैले प्रभालाई सोधिनँ । किन ?'

उसले केही जवाफ दिएन । साँच्चै, जीवनको हरेक यात्रामा सहयात्री बन्ने प्रण गरेर वरण गरेकी रत्नालाई उसले मुलुकबाहिर आफूले गरेको कुनै पनि यात्रामा सहयात्री बनाएन । वास्तवमा उसलाई त्यसो गर्ने अवसर नमिलेको पनि होइन ।

पाँच महिनापहिले हो क्यारे, क्वालालम्पुरमा साउथ-एसिएन बैङ्कर्स एसोसिएसनको तत्वावधानमा आयोजित तीनदिने सम्मेलनमा उसलाई भाग लिन जानु परेको थियो । पासपोर्ट र भीसा तयार पार्ने निर्देशन दिन उसले कर्मचारी व्यवस्था विभागको अधिकृतलाई आफ्नो अफिसमा बोलाएको थियो । कुरैकुराको सिलसिलामा अधिकृतले सोधेको थियो - 'पासपोर्ट र भीसा हजुरको मात्र कि म्याडमको पनि ?'


एक छिन सोचमग्न भएपछि उसले जवाफ दिएको थियो - 'ठीक छ, अहिलेलाई मेरो मात्र बनाउनोस् ! मिसेसलाई अनुकूल मिलेको खण्डमा यसै वर्ष, होइन भने अर्को वर्ष कमसेकम न्यूजिलैण्ड अवश्य डुलाउँछु । त्यहाँ मेरो जेठो छोरा राकेशलाई फिजिसिएनको काम मिलेको छ । हामी दुवै जनालाई 'आउनू, टिकट पठाइदिन्छु' भनेर केही दिनअघि मात्र ई-मेल पठाएको थियो । बाटोमा सिङ्गापुर र अष्ट्रेलिया पर्ने गरी मिलाउन सके दुई-दुई दिन मात्र भए पनि सिङ्गापुर र सिड्नीको सयर पनि कसो नगरिएला !'

विचरी रत्ना !

आँखा नचिम्ली टोलाइरहेकी रत्नालाई श्यामशरणले आफ्नो पाखुराको पनि तकिया दियो र त्यसो गर्दा तिनको निधारमा उत्तानो पर्न पुगेको एक झुप्पा केशराशीलाई जतनसँग मिलाइदिएर भन्यो -'रत्ना ! तिमी र म आउने फागुनमा चारधाम डुल्न जाने, है कन्या कुमारी, मिनाक्षी देवी, रामेश्वरम्, तिरुपती बालाजी, केदारनाथको दर्शन गर्ने । अब कति नै ...।'

त्यसपछिका शब्दहरूले अवरुद्ध भएको उसको कण्ठबाट निकास पाएनन् ।

# दुर्वाष्टमी, होवल (हवलो) गौरा पूजा



सरस्वती पन्त भट्टराई

जब मानिसको सृष्टि भयो यसको साथसाथै संस्कारको विकासको क्रम पनि सुरु हुँदै गयो । मानिसमा जमात, समुदाय, परिवारको सिर्जना भयो । पछि समुदायमा जातीयता जातीयतामा पनि निश्चित संस्कार विकसित हुँदै गयो । पछि आएर केही संस्कृति समयको परिवर्तनसँगै लोप हुँदै गए, केही फस्टाए । कामको विभाजन भयो, कामको आधारमा जाति विभाजन भयो भने स्थान, प्रकृति, संस्कारको विकाससँगै संसारमा विभिन्न धर्म संस्कृतिको विकास भयो । जस्तैः हिन्दु, मुस्लिम, बौद्ध र इसाई आादि ।

जगत्मा श्रेष्ठ धर्म हिन्दु धर्मलाई मानिन्छ । हिन्दु सभ्यतालाई कर्णाली सभ्यता वा कर्णाली, कैलाश, हिमाली, हिमाड पन्थी, हिन्दु, सिन्धु, सप्तसिन्धु, सिन्धु सरस्वती आदि नामले चिनिन्छ । नेपाली (खस) भाषा संस्कृतिको जन्मस्थल कर्णाली अञ्चल हो । यसबारेमा जान्नका लागि कर्णाली नदीबारे जान्न जरुरी छ । कर्णालीलाई विभिन्न नामले पुकारिन्छ । कर्णाली, माप्चाचुंगो मयुरमुखे, अवध क्षेत्र, सर्जु वा सुरयु र घाघरा आदि । प्रणवानन्दले सर्जु नदीको एक मुख्य धारा सियान शब्दबाट दूध पानी छुट्याउने क्षमता भएको वा सूर्यवंशीको आदि थलो हो भनेका छन् । उनले नेपालमा मात्र नभएर पूर्व जापान, इण्डोनेसियादेखि अमेरिकाका प्रचीन जाति सूर्य वंशीहरू हुन भन्दै नि-मानिरुसलाई सूर्यवंशीका रूपमा अर्थ्याएका छन् । हाल विश्वमा ठूला साना गरी ४७ धर्म सम्प्रदायहरू छन् । स्व. योगी नरहरिनाथका अनुसार सर+युत भनेको मानसरोवर, सूर्य अर्थात् दैवी ज्योति भनेका छन् । उनकै भनाइ छ - कालिकोट मान्मा खाडा चक्रमा सात द्विप र सात समुद्रका चक्रवर्ती सम्राट मनु थिए ।

जोर्डानको भाषामा काँग्रीकाचकि (कैलाशपुराण)ले उल्लेख गरेका चार महानदी सतहलाई गंगा, ब्रम्हपुत्रलाई पक्षु, सिन्धुलाई सीता र कर्णालीलाई सिन्ध भनिएको छ । पौराणिक कालमा पनि सिन्ध भनेको कर्णाली नदी हो । सिन्धु वा सिन्धु सरस्वती आदिको थलो पनि कर्णाली हो । भनाइ छ - सिन्धु शब्दबाट सिन्ध, सिन्धु, सिन्जोहारा, सिजा, सिन्जोमाची,

सिन्जुक, सिन्साइवाशी, सिन, चिन आदि सिन्धु सभ्यतासँग सम्बन्धित छन् । ग्रीक भाषामा 'स' लाई 'ग' अथवा 'ह' ठाँउअनुसार प्रयोग गरिन्छ । त्यसैले सिन्धु क्षेत्रमा बस्नेलाई सिन्धु भनियो वा हिन्धु र यही शब्दपछि हिन्दु भएको हुनुपर्छ । ग्रीक भाषामै ढुङ्गामा, मूर्ति, चित्र, तस्बिरमा देवता भएको विश्वास गर्ने जातिलाई खिन्दु अथवा हिन्दु भनिन्छ । हिन्दु शब्दबाट नै हिनदु, हिन्दु, हिन्दुस्तान, हिन्दचिन, हिन्दसा आदि नाम भनिएको पाइन्छ । प्राचीन कालमा ढुङ्गामा मूर्ति कोरी पूजा गर्ने गरिएकोमा हिजोआज आएर कागजमा तस्बिर छापी देउता ठानी पूजा गर्ने चलन चलिआएको छ । यस्तै परम्परालाई ॐ कारधारी ६ धर्मावलम्बीबाहेक इसाई, बौद्ध धर्मालम्बीहरूले पनि ढुङ्गा वा कागतमा देवताको मूर्ति वा आकृति बनाई ईश्वर मान्दै आएका छन् । ॐ कार ६ धर्महरूमा बौद्ध, जैन, शिख, हिन्दु, शैविक र वैष्णवी आदि पर्दछन् । समग्रमा ॐ कार धारी हिन्दु भनिन्छ ।

यस्तै हिन्दु धर्ममा, मनुस्मृतिमा कामको अधारमा चार जात छत्तीस वर्णमा विभाजन गरेर ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र । जातीयताको आधारमा काम पनि यसरी विभाजन गरियो - ब्राम्हणको पूजापाठ, क्षेत्रीको लडाइँ, वैश्यको व्यापार र शुद्रको सेवा । तद्नुरूप जातको आधारमा कामको बाँडफाँड हुँदै संस्कृतिको विकास भयो ।

## हवलो अर्थात् गौरा पूजा :

हवलो अर्थात् गौरा पूजा तागाधारी कुमाईहरूले मान्ने एउटा धार्मिक पर्व हो । यो पर्व कुमाउँगढबाट बसाइ आउँदा ल्याइएको पर्व हो । विकास भने पनि विनास भने पनि समाजमा परिवर्तनका साथै सामाजिक तथा सांस्कृतिक परिवर्तन भएको हुन्छ । कतिपय संस्कृतिहरू अरूको लिइन्छ र कतिपय आफ्नो संस्कृति छोडिन्छ । त्यस्तै त्यस्तै छोडिँदै जाने क्रममा कुमाईहरूले परापूर्व कालदेखि मान्दै आएको हवलो पूजा पनि छ । यो पूजा पहिले विवाह गरेकी महिलाले अनिवार्य गर्नुपर्ने चलन थियो ।

दुर्वाष्टमी पूजाको इतिहास, कथाअनुसार ब्रह्माजीले युधिष्ठिरलाई भनेका थिए रे, पछि द्वापर युगमा लोमस ऋषि वासुदेवका घरमा आएका बेला बासुदेवले आफ्नी पत्नी देवकीका सात गर्भमा एक गर्भ पनि नरहेकोमा दुःख व्यक्त नगर्ने राजाकी रानीलाई पुत्र शोक पर्दा गरेको ब्रत विधि बताए । उनका विह्भु शर्मा नामका ब्राह्मण पुरोहित थिए । उनका दुई ब्राह्मणी थिए तर सन्तान भने थिएनन् ।

यता ब्राह्मणीले पनि आफ्ना सातै ओटी बुहारीलाई दर्वाष्टमी ब्रत लिन लगाइछन् । सबै बुहारीमध्ये ६ ओटी बुहारीले ब्रत पूरा गर्न नसकेको कारण कुनै सन्तान भएनछन् । छ ओटी जेठानीहरूलाई ईर्ष्या लागेर उनीहरूले षड्यन्त्र रची 'बाबु सिकिस्त बिरामी छन्, छिटो भेट्न जाऊ' भनी माईत पठाएछन् र उनको छोरालाई पानीको कुवामा फालिदिएछन् । उता कान्छी बुहारी माईत पुगिन् । छोरी एक्लै आएको देखी बाबु आमाले सोध्दा जेठानीहरूले बाबु बिरामी छन् भनी भेट्न पठाएको कुरा बताइन् । बाबुले मलाई सन्चै छ, तँलाई छल गरी पठाएछन् तुरुन्त घर जा भने । उनी घर फर्कँदा बाटोमा प्यास लागेर कुवामा पानी खान झुकिछन् त्यसै समयमा घाँटीमा लगाएको डोरोमा कसैले समातेछ र यसो हेर्दा आफ्नै छोरा रहेछ । छोरा लिएर घर गइन् । उता घरमा नाति हरायो भनी ब्राह्मणीले यताउता खोजिन् र नपाएपछि बुहारी आई के भन्ली के गर्ली भनी कुशको पुतला बनाई सुताइछन् । दुर्वाष्टमीको ब्रतको प्रभावले कुशको पुतलामा पनि प्राण पसेछ । त्यसपछि निरन्तर यो ब्रत गर्दै गए । यो ब्रत गर्नाले सन्तान वृद्धि हुने र दीर्घायू हुने भएकोले यसलाई होवल भनी ठाउँ-ठाउँमा नाम दिएछन् । होवल भन्ने सम्प्रदाय पनि छ ।



## हवलो पूजाः

शिवजी र पार्वतीको मूर्ति बनाएर गरिने यो पूजामा तितेपाती जरासहित उखेलेर मकैको डाँठ वा फूल चढाउने पात सहितको हाँगा पनि प्रयोग गरिन्छ । शिवलाई धोती, कमेज, फेटा, जनै, माला पहिराइन्छ । पार्वतीलाई सारी, चोलो, चुरा पोते सिन्दुर टीका तिलहरी माला पहिराई सजाइन्छ ।

अमुत्ताभरण सप्तमी अगाडिको पञ्चमी तिथिमा विरौंला भिजाउँदा तामा, वा काँशका भाँडामा नौ किसिमका गेडागुडी जस्तैः बोडी, सिमी, मास, केराउ, चना, राज्मा, रहर वा ठाउँअनुसार पाइने, विरौंला फूल, तिल जौ, अविर, केशरी राखेर बाँधिन्छ । तर भटमास,गहत,मसुरो आदि अशुद्ध मानिने समावेश गरिँदैन । सप्तमी र अष्टमी तिथिमा पूजा गरिन्छ । पूजा गर्दा विरौला फलफूल, रोटी, हलुवा, मनभोग, अपुङ्गो, पञ्चामृत, पान, सुपारी, जनैवस्त्र, सौभाग्यका सामानहरू चढाइन्छ । हवलोमा धागो सात वा आठ ओटा ग्रन्त डोरो हुन्छ । बाटेको धागोमा सात ओटा ग्रन्त (शिखा) भएको डोरो सात ग्रन्ते र आठ ओटा ग्रन्त (शिखा) भएको आठ ग्रन्ते हुन्छ ।

अमुक्ताभरणको सप्तमीमा बिहान सबेरै उठेर भक्तालु विवाहित महिलाहरू नजिकको नदी, पधेरा, तलाउ, पोखरी तथा धारामा गई स्नान गरी शुद्ध लुगा लगाइएपछि तामाको कुँडीमा गाईको गोवरको कुण्ड बनाएर गाईको दूध राखी दुबोको मुठाले चोप्दै यसरी गीतको भाकामा सेचन गर्दछन् - 'काशी गयौ, प्रयोग गयौं ओलिया धारो टक्रक्क...।' भिजाएको विरौंला सफासँग धोएर पूजा गर्ने ठाँउमा राखी टोल छिमेकका पूजा गर्न मूर्ति स्थापना गरी महादेव पार्वतीको मूर्ति सजाएर पूजा गरिन्छ । त्यस दिनको पूजापछि साकाहारी खाना खाइन्छ । साँझ शिव - पार्वतीको नाममा भजन किर्तन पनि गर्ने चलन छ ।

अष्टमीका दिनमा पनि विधिपूर्बक पूजा गर्दा कथा पनि सुनाइन्छ । कथाको बीचबीचमा 'हवलो' भन्दै एक एक दाना चढाउँदै पूजापछि कर्ताले सात दाना नचपाई निल्ने चलन छ । विरौंलाको पोकाहरू र फलफूल आदि नाङ्लोमा राखी पालैपालो गीत गाँउदै भाग्यको कुरा उठाई रमाइलो गर्ने चलन छ । पूजा सकिएपछि विरौंलासहित प्रसाद बाँडी पकाएर वा काँचो पनि खाइन्छ । विरौंला भिजाएपछि पूजा नसकिँदासम्म कर्ताले दाल वा गेडागुडी खाँदैनन । यो ब्रत गर्नाले सन्तान फैलिने, विश्वास छ भने अर्कोतिर सामाजिक मेलमिलाप वा एकताको रूपमा मान्न सकिन्छ । अन्त्यमा शिव पार्वतीलाई नदी धारा, पँधेराको चोखो ठाँउमा सेलाइन्छ । यो पर्व सुदुर पश्चिमाञ्चलमा मनाइने गौरा पर्वसँग मिल्दोजुल्दो छ । तर आजकल आफूलाई बढी संस्कारवादी मान्ने कुमाईहरूले यो संस्कृतिलाई बिर्सदै गएको देखिन्छ ।

## गजल


मणिचन्द्र कैदी राना

चिल्लो कारमा परेपछि, पाउ नेताजीको ।  
धरहराझैं आकाशियो, भाउ नेताजीको ॥१॥

ढिलो गऱ्यौं बुझ्नलाई, देश र जनताले ।  
मन्त्री भै धन कमाउने, दाउ नेताजीको ॥२॥

दरबारजस्तै घरबारमा, रम्न थालेपछि ।  
समयानुकूल फेरिएछ, नाउँ नेताजीको ॥३॥

सहरमा नेताजीले, कुकुरलाई खिर दिन्छन् ।  
भोकमारीले उजाडियो, गाउँ नेताजीको ॥४॥

गरिबी र गाउँघरलाई, घृणा गर्छन् उनी ।  
प्याला अनि प्यारीलाई छ, ठाउँ नेताजीको ॥५॥

*- सेन्टर जेल, काठमाडौं*

कविता

# तीतो यथार्थ




मुहारमा हिलो पोतेर
हिलो-हिलो
पानी-पानीसँग
सम्झौता गर्न
शालीन दस्तावेजहरू
गरिबी लुकाएर हाँस्छन्
पीडा लुकाएर बाँच्छन्,
उनीहरूका नाममा
गरिने राजनीतिले
कोल्टा फेरेको पत्तो छैन
एउटा युग यसरी बितिरहेछ ।

महलमा त्यही चामल पाक्छ
हातमा ठेला उठाइएकाहरू
युगौं - युगसम्म पिल्सिन्छन्,
भोकै-नाङ्गै
जीवन गुजारिरहेछन् ।
काल-चक्रभन्दा माथि कोही छैन
कलियुगीन मान्छेहरू
रङ्ग फेर्दै रौनक देखाउँछन्
र, एक दिन
आफैंले आफ्नो
मुहारमा कालो पोत्छन्,
मुहारमा हिलो पोत्नेहरूको
हिलो पखालिन्छ,
र,
सत्यता फैलाउँछन् ।

मुहारमा कालो पोत्नेहरू,
इतिहासमा नै
कालो पोतेर बिलाउँछन् ।



छबिरमण सिलवाल


Panchakanya
PANMIX
ReadyMix Concrete
Defining New Standards in Construction
R
M
पञ्चकन्या
SALIENT FEATURES
- Quality Assurance.
- Time Saving.
- No Material Wastage.
- Hassel Free Procurement
- Environment Friendly
- No Storage Space Required.
Head Office : Krishna Galli, Lalitpur
Tel : 5526551, 9741000446
Fax : 5526529, 5520418
Factory : Jadibutti Tel : 2050656
Naikap Tel: 4315414
Email; panmix@panchakanya.com.np
www.panchakanya.com.np


तपाईंको बच्चाले
कुन नयाँ शब्द
सिक्यो ?
अपेक्षित प्रतिफल पाउनको लागि
आयोडिनको कमीले बच्चाहरू मानसिक एवं शारीरिक रूपले कमजोर भई पढाइमा पटक-पटक फेल हुनुको साथै खेलकुदमा समेत पछाडि पर्न सक्छन् ।
विश्वभरका आयोडिनयुक्त नुन प्रयोग गर्ने १३० वटा राष्ट्रहरू मध्ये ८०% भन्दा बढी घरपरिवारले आयोडियुयुक्त नुन प्रयोग गर्ने उत्कृष्ट २० देशहरू मध्ये नेपाल पनि एक हो ।
साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड



# पारिजातका नाटकको विश्लेषण र नाटचप्रवृत्तिहरू



कृष्णप्रसाद घिमिरे

## पृष्ठभूमि

पारिजातले नाटक लेखेकी छन् भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । उनले एकाङ्कीहरू पनि लेखेकी छन् । पारिजातको **एक जोडी अन्तराल** नामक पूर्णाङ्की नाटक विमल भौकाजीको सम्पादनमा निस्कने *'घुर्यैत्री'* द्वैमासिक पत्रिकामा (वर्ष २, अङ्क १, पूर्णाङ्क ३, वैशाख-जेठ, २०५६) तीन दृश्यसम्म प्रकाशित भएको देखिन्छ । त्यसपछि बाँकी भाग सोही पत्रिकाको वर्ष २, पूर्णाङ्क ७, पुस-माघमा छापिन्छ । यस पूर्णाङ्की नाटकमा जम्मा सात दृश्यहरूको संयोजनद्वारा कथानकलाई गति प्रदान गरिएको छ । यसको पाण्डुलिपि कलाकार शैलेन्द्र सिङ्खडाले मञ्चन गर्नका लागि भनेर २०४३ सालतिर पारिजातसँग लिएका हुन्छन् । नाटकमा अभिलिखित विचारका कारणले पञ्चायतकालमा यसको मञ्चन हुनु सम्भव हुँदैन । वि.सं. २०४६ सालको परिवर्तन र बहुदलको आगमन भएको केही समयपछि नाटकको 'रिहर्सल' सुरु गरिन्छ ।

समयको संयोग, त्यसै बेला पारिजातको स्वास्थ्यस्थितिमा गडबडी देखिन्छ । कलाकारदेखि सबै मानिस उहाँको उपचारमा लाग्न थाल्दछन् । नाटकको मञ्चन हुने अवस्था रहन्न । उहाँको मृत्युपछि मञ्जुल र रायनको रोहबरमा नाटकको पाण्डुलिपि कलाकार सिङ्खडाद्वारा विमल भौकाजीकहाँ पुऱ्याइन्छ । यस कुरामा सम्पादक भौकाजीको पनि सम्मति देखिन्छ । त्यसपछि दुई पटक गरी नाटक प्रकाशित हुन्छ । तर एउटै कृति बनेर भने **'एक जोडी अन्तराल'** (२०६४) नाटकले साझा प्रकाशनबाट नै पहिलो पटक प्रकाशित हुने अवसर पाउने आशा गरिएको छ ।

## परिचय

नेपाली साहित्यमा पारिजातको उपस्थिति कवि, कथाकार, उपन्यासकार, संस्मरणलेखक र समीक्षकका रूपमा विद्यमान देखिन्छ । तर एकाङ्की र नाटक लेखेर पनि नाटककारको रूपमा कतै चर्चा भएको पाइन्न । **एक जोडी अन्तराल** नाटकको नाटचवस्तु नेपाली समाजमा विद्यमान सामाजिक अवस्था र चिन्तनको पक्षसँग सम्बन्धित

देखिन्छ । पारिजातले यसको लेखनकार्य वि.सं. २०३८ देखि २०४२ सालसम्म गरेको अनुमान गर्न सकिन्छ ।

नेपालमा राणाशासनको आगमनसँगै सामन्ती संस्कारले मौलाउने अवसर पाउँछ । उनीहरूले जनताको करबाट उठेको रकमलाई व्यक्तिगत सुख-सुविधा र विलासिताका लागि प्रयोग गरेका हुन्छन् । राणाहरूका दरबारमा नाचगान र सुरासुन्दरीको प्रयोग प्रशस्त गरिन्छ । शासकहरूले 'खुट्टा भए जुत्ता कतिकति' तथा 'मर्दका दस ओटी' भन्दै धेरै श्रीमती बनाउँछन् र नराम्रा उखान चलाउँछन् । त्यही चलन २००७ सालपछिको शाहकालमा पनि भित्रिन्छ । **एक जोडी अन्तराल** नाटकमा त्यही शासनका भन्सार अधिकृत भएका विक्रमबाबूले अदृश्य तरिकाबाट कमाएको सम्पत्तिद्वारा प्रत्येक दिन ह्विस्की खाने, नारीलाई अनपेक्षित व्यवहार गर्ने कुरालाई प्राथमिकता दिएको देखिन्छ । "यो नाटक सामन्ती समाजभित्रको नारी समस्यामा केन्द्रित छ" (शर्मा, २०६२ : ३०) ।

## कथावस्तु

**एक जोडी अन्तराल** नाटकको कथावस्तु सामाजिक यथार्थमा आधारित छ । यसमा जम्मा सात दृश्य छन् । पहिलो दृश्यमा वन्दनालाई भेट्न गएकी सानू (मीनू) ले उसका जीवनको आन्तरिक सङ्घर्षको परिचय प्राप्त गर्छे । उसको जीवनका दुई ओटा समस्या देखिएका छन् । एउटा हो - महेशसँग प्रेम भए तापनि जबर्जस्ती विक्रमसँग बिहे हुनु, दोस्रो हो - श्रीमान्को व्यवहारबाट आफू प्रताडित बन्नु र आमा बन्ने रहरमा पनि त्यो नहुनु । यही आन्तरिक सङ्घर्षको कथा वन्दनाको व्यथा बनेको देखाइन्छ । दोस्रो दृश्यमा श्रीमान्को भ्रष्टाचारी व्यवहारले जागिर खोसिएको र मुद्दा लागेर जितेको सन्दर्भ छ । त्यसरी नै वन्दनाको आत्मनिर्भर भएर बाँच्ने चाहना हुन्छ भने कतै जीवन नै सङ्कटपूर्ण हुन्छ र छोरा अनिलको जीवन बर्बाद हुन्छ कि भनेर सानूलाई जिम्मा लगाउने कुरा हुन्छन् । यही दृश्यमा सानूले एउटा कथा दिदीको छोरा अनिललाई भन्छे र कष्टपूर्ण जीवन जिउन बाध्य पार्ने प्रतीकात्मक कथा सुनाउँछे । यो कुरा बुझेर विक्रम उत्तेजित बनेको हुन्छ ।

तेस्रो दृश्य काठमाडौँको सानूको कोठामा केन्द्रित छ । भैरहवाबाट मीनू काठमाडौँ आएकी हुन्छे । रमेशले भैरहवामा बस्दाको सन्दर्भ कोटचाउँछ र आर्थिक आत्मनिर्भरताका साथ बाँच्ने मीनूको भावनालाई सम्मान गर्छ । तर आफ्ना श्रमको मूल्य खोज्न आग्रह गर्छ । त्यस्तैमा एउटा भरियाको आगमन गराएर रमेशले मीनूसँग मेरो बिहे हुँदैन भन्ने

पारिजातद्वारा लिखित पूर्णाङ्की नाटक
**एक जोडी अन्तराल** प्रकाशित *'घुयेँत्रो'* का अङ्कहरू




मनोविश्लेषणात्मक सन्दर्भ जोडिन्छ । यसपछि मीनूको अवस्था अवलोकनीय देखिन्छ र पारिजातले मध्यान्तर भनेर नाटकमा सङ्केत गरेकी छन् ।

चौथो दृश्य पनि काठमाडौँमा नै केन्द्रित छ । यसमा मीनूको मानसिक अवस्थालाई देखाइन्छ । यो छोटो दृश्य हो । पाँचौँ दृश्यमा भैरहवाबाट आएका युवकले वन्दना दिदीको मृत्यु विषसेवनबाट भएको खबर सुनाउँछ । मीनूले आवेशमा आएर युवकको कलर च्यातिदिन्छे । रमेशले मीनूलाई सम्झाउँछ । यी सबै घटना काठमाडौँको मीनूका डेरामा भएका हुन्छन् ।

छैटौँ दृश्य भैरहवामा संयोजित छ । अनिल पढेर घर आउँदा बुबाले आफूजत्री सानी केटीलाई बिहे गरेको देख्छ । विक्रमले कान्छी आमालाई सम्मान नगरेको भन्दै गाली गरेर निकाल्न खोज्छ । **एक जोडी अन्तराल** नाटकको सातौँ दृश्य पुनः काठमाडौँमा प्रदर्शित छ । अनिलको चिठी आउँछ र मीनूले पढ्छे । केही दिनपछि अनिल आफैँ आइपुग्छ । घर छोडेर आएको भन्दा मीनूले आफू मात्रै नबाँचेर आफ्नो वर्गका लागि बाँच्न सिकाउँछे । अन्यायका विरुद्ध सङ्घर्ष गर्ने प्रणका साथै नाटक समाप्त हुन्छ । यसरी नाटकमा सामन्ती र पुँजीवादी चिन्तनले समाजमा ल्याएका खराबीलाई तिरस्कार गर्ने सन्देश प्रवाहित गरिएको देखिन्छ ।

## चरित्र-चित्रण

पारिजातको **एक जोडी अन्तराल** की मुख्य नायिका मीनू हो । बी.एड्. पास गरेर शिक्षण गर्दै गरेकी मीनूलाई रमेशले वर्गीय विषमताविरुद्ध उत्रन प्रेरित गरिरहेको पाइन्छ । आफू गोरु जोतिएझैँ जोतिएर पनि श्रमको मूल्य नपाएको चिन्तन उसमा देखिन्छ । मीनूले एकतर्फी रूपमा रमेशलाई मन पराएकी हुन्छे । एक दिन भरिया बूढासँगको संवादमा रमेशले हाम्रो बिहे हुन सक्दैन भनेपछि मीनू

मानसिक रूपमा पीडित बनेको चित्रण देखाइन्छ । यसमा रगतको नाता मात्रै आफन्तको नाता होइन, वर्गीय नाता नै सच्चा नाता हो भन्ने सन्देश प्रवाह गर्न खोजिएको छ । सानू भनेर वन्दनाले भने तापनि उसको सही नाम मीनू हो र उसको उपस्थिति नाटकको ५ दृश्यमा बाहेक सुरुदेखि अन्त्यसम्मका अरू सबै दृश्यमा विद्यमान देखिन्छ । मीनूले केही शिक्षा आफ्नै योगेश दाइसँग पाएकी छ भने बढी रमेशसँग । पेसाले शिक्षिका भए पनि उसमा नारी स्वभावोचित मानवीय गुणहरू छन् । वन्दनाको मृत्युको समाचारले ऊ बढी आक्रोशित र आवेशमय देखिएकी छे । तर रमेशले सम्भाएपछि सबै कुरा बुझेर चित्त शान्त पार्छे ।

मीनूले आफूले सिकेको कुरा अनिललाई पनि सिकाउँछे । उसकी आमा कसरी मारिई भन्ने कुरा सम्भाउँदै वर्गीय विभेदकारी दमनबाट मुक्तिका लागि सङ्घर्षरत रहन प्रेरित गर्छे । नाटकको शीर्षक नै मीनू र वन्दनाको एक दशकपछिको भेट र अनिल र मीनूको एक दशकपछिको भेटलाई इङ्गित गर्नमा केन्द्रित छ । यसको मुख्य सन्दर्भ भने रमेश र मीनू एक जोडीजस्ता देखिन्छन् तर ती दुईबीच ठूलो अन्तराल छ । दुवै अविवाहित भएर पनि एक हुन सकेका छैनन् । बिहे भएको छैन भन्ने कुरासँग सम्बन्धित छ । नाटकमा समयको प्रवाहसँगै बगेका पात्रहरूमा राज्यव्यवस्थाको अङ्ग बनेका कर्मचारीले जनताको सेवा गर्न राज्यको तलब खाने र तिनै जनताबाट घूस खाएर राज्यको राजस्वसमेत नउठाई आफू मोटाउने प्रवृत्तिको अङ्कन सूक्ष्म रूपले गरिएको छ । यस नाटकमा मीनू पारिजातकी मानसिक प्रतिछाया बनेको प्रतीत हुन्छ । उसको सशक्त उपस्थिति, लुङ्गी र कमिज लगाउने बानी, विद्रोही स्वभाव आदिले मीनू तामाङनी केटी हो कि भन्ने कुराको सङ्केत पनि पाइन्छ ।

विक्रमबाबूको उपस्थिति नाटकको एक, दुई र छ दृश्यमा पाइन्छ । ऊ यस नाटकको खलनायक हो । बाबु र श्रीमान्‌को भेषमा मञ्चमा उपस्थित भए पनि ऊ हैकमवाला शङ्कालु चरित्र भएको व्यक्ति हो । उसको व्यवहारबाट नारीहरू पीडित भएका छन् । श्रीमती वन्दनाको मृत्युमा पनि नाटकमा उसैको हात देखिन्छ । आफ्नै छोरा अनिललाई समेत बन्दुकको बलमा अधीनमा राख्न चाहने सोचाइ तत्कालीन शासकवर्गको चिन्तनमा आधारित व्यवहार हो । त्यसैले विक्रमबाबू शोषकवर्गको प्रतिनिधि पात्र हो । भन्सारको कर अधिकृत भएर अनधिकृत कर हसुर्ने बानीले भ्रष्टाचार लागेर जागिर खोसुवामा परे पनि मुद्दा आफैँले जितेको देखाइन्छ । यसरी हरेक पक्षबाट हेर्दा उसको चरित्र निन्दनीय कार्यमा लागेको व्यक्तिका रूपमा देखिन्छ ।

यसरी नै रमेश र महेशनामक पुरुष पात्रहरूको पनि नाटकमा उपस्थिति छ । रमेशले मीनूलाई सक्षम र सशक्त बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । उसले धनीहरू सुगरकोटेड खुसीयालीमा मात्रै बाँचेका हुन्छन् । वास्तविक रूपमा उनीहरूभित्र पैसाले सुख दिएको हुँदैन भन्ने कुरा मीनूले वन्दनाको कुरा सुनाउँदा भन्छ । वन्दना मरेको खबर पाएपछि अनिलको खोजी गर्न मीनूले भनेअनुसार भैरहवा जान्छ र नैनितालको बोर्डिङमा अनिल पढ्दै गरेको खबर तारद्वारा जानकारी दिन्छ । यसरी रमेश सामान्य रूपले बुद्धिको मात्र सहयोगी होइन, व्यवहारमा समेत मीनूको सहयोगी हुन्छ ।

महेश पात्र भने वन्दनाको प्रेमी हो । उसले भित्री मनले वन्दनालाई चाहन्छ । ऊ गरिब भएका कारण वन्दनाका बाबुले छोरीको बिहे अन्तै गराएर उसलाई जेलमा हालिदिन्छन् । एक वर्षपछि छुटेर आई वन्दनालाई भेट्छ र आफ्नो क्षमताअनुसार सङ्घर्ष गरिरहन वन्दनालाई भनेर जान्छ । यसबाट महेश परिस्थितिलाई सहज रूपमा लिने चरित्रका रूपमा देखिन्छ ।

वन्दना धनीकी छोरी हो । एक जोडी अन्तराल नाटकको पहिलो दृश्यमा नै मीनू वन्दनालाई भेट्न गएबाट नै यसको उपस्थिति छ । वन्दनाको बिहे विक्रमसँग जबर्जस्ती भएको कुरा स्वयम् उसैले बताउँछे । आफ्नै आमाबुबाबाट दोस्री श्रीमती बनाएर बिहे गराएकोमा केही सङ्घर्ष गर्छे तर ऊ सफल हुन सक्दिन । वन्दना चरित्र सम्पूर्ण धनी बाबुआमाले छोरीको इच्छाविपरीत आफ्नै प्रतिष्ठाका लागि बिहे गराउने नारीकी प्रतिनिधि पात्र हो । यसले नै मीनूलाई रगतको नाताभन्दा नजिकको सम्बन्ध आफ्नो भावना बुझेर आफूमाथि अन्याय नगर्ने व्यक्तिहरूको हुन्छ भन्ने सिकाउँछे । आफ्नै श्रीमान्‌का विरुद्ध छोरालाई उभ्याएर अन्याय र अत्याचारको विरोध गर्ने पक्षमा देखिन्छे । यसरी वन्दना भूसको आगोजस्तै राँकिएकी तर शक्तिहीन अवस्थामा रहेकी पात्रका रूपमा चित्रित देखिन्छे । सङ्घर्षमा हारे पनि पुनः आफ्नो अस्तित्व र स्वाभिमानका लागि सधैँ सङ्घर्ष गर्दा मृत्यु भएको कुरा नाटकमा उल्लेख गरिएको छ । यीबाहेक शान्ति नामकी तेस्री श्रीमतीको पनि चर्चा छ । त्यसको सशक्त भूमिका छैन । त्यस्तै कौशलको वर्णन छ तर त्यसको प्रत्यक्ष प्रस्तुति देखिँदैन । नोकरहरू, वन्दनाका मृत्युको खबर लग्ने युवक र योगेश दाइहरूको वर्णन नाटकलाई गति दिने सन्दर्भमा मात्रै केन्द्रित देखिन्छ ।

## संवाद

पारिजातको पूर्णाङ्की नाटकको संवाद, नाट्य-संयोजन र प्रस्तुतीकरणका दृष्टिले गरिमाशाली छ। संवादले कथानकलाई अघि बढाउँदै चरित्रमा सशक्तता ल्याएको छ। पारिजातको लेखनमा स्त्रीलिङ्गीको प्रयोगमा भिन्नता न्यून देखिन्छ। यसमा प्रयुक्त बोलीको मिठास र व्यावहारिक संवादले प्रगतिवादी नाटकको उच्च शिखर चुम्न नाटक सफल भएको छ। संवादमा कतै बनावटीपन पाइँदैन। सामाजिक यथार्थको प्रतिविम्बन भएको छ। मीनूले अनिललाई कथा सुनाउँदा विक्रमले देखाएको व्यवहार र बोली त्यस वर्गका चरित्रको सटीक प्रस्तुति हो। मनमा एकथोक भए पनि मुखले अर्कै कुरा ओकल्नु यस्ता पात्रको वर्गीय विशेषता हो। पारिजातका कवि व्यक्तित्वको छाप **एक जोडी अन्तराल**मा पनि छ तर त्यसले किचेको छैन। यस नाटकमा सरसता र प्रवाहमयता थप्दै आह्लादकारी संवादको संयोजन गराएको पाइन्छ। संवाद कलाका दृष्टिले नाटक पूर्ण सफल देखिन्छ।

## भाषा-शैली

पारिजातले **एक जोडी अन्तराल** नाटकमा कथ्य र स्तरीय दुवै नेपाली भाषाको समानुपातिक प्रयोग गरेकी छन्। तराईवासीको भाषा र चौतारावासी भरिया बूढाको भाषामा स्पष्टै भिन्नता छ। त्यस्तै मीनू, वन्दना र विक्रमजस्ता शिक्षित व्यक्तिको भाषामा अङ्ग्रेजीका शब्दहरू मिसिएका छन्। पहिलो दृश्यको अन्त्यतिर विक्रमले राती घरमा रक्सीले मात्तिँदै आएर बोलेको वाक्य यसको उदाहरण हो। दोस्रो दृश्यमा वन्दनाले भन्छे– 'मान्छेको मन ढुङ्गा होइन सानू, यसमा आँसु-हाँसो दुवै हुनु अनिवार्य छ।' यस भनाइमा जति सहजता छ त्यत्तिकै भाषामा सरलता छ र जीवनको मार्मिक स्पर्श छ। यस्तै सुगरकोटेड खुसीयालीहरू, फोकसिङ मीनूलाई, स्लिभलेस कमिज, 'भिक्टिम,' 'निल योङ' को 'कम्स ए टाइम,' बेल बज्नु , मीना 'म्याचुएड' देखिनुजस्ता अङ्ग्रेजी भाषाका नामबाहेकका शब्दहरूले दाँतमा ढुङ्गो लगाउने काम पनि गराएका छन्।

पारिजातका नाटकको शैली आद्यन्त एउटै छैन। कतै संवादप्रधान वर्णनात्मक शैली छ भने कतै विचारप्रधान कवितात्मक। उनी आफ्ना विचारलाई सूक्ष्म र विशिष्ट शैलीद्वारा पाठकमा गहिरो प्रभाव पार्दछिन् (*पौडयाल, २०४४ : ९*)। यसरी पारिजातका भाषाले भावलाई बोकेर शैलीको शिखरमा पुऱ्याएको छ। अभ्र कोष्ठकभित्र सङ्केत गरिएका सन्दर्भले अभिनयलाई जीवन्त बनाएको छ। दृश्यात्मक र संक्षेपात्मक पद्धतिलाई प्रकाशद्वारा सन्तुलन गराई प्रस्तुति दिइन्छ। यस्तै फ्ल्यासब्याकको प्रयोग र प्रकाशको समुचित संयोजनले नाटकमा गति र यतिको प्रखरता ल्याएको छ। समकालीन नाटकमा प्रयोग नभएको नितान्त नयाँ प्रविधिलाई पनि उनले उपस्थित गराएकी छन्। नाटकभित्र उपनाटकहरू हुन्छन्। तर नाटकभित्र कथा भन्ने चलन भएको पाइँदैन। पारिजातले कथा भन्ने र चिठीद्वारा वस्तुस्थितिको बोध गराउने काम यसमा गराएकी छन्। दृश्य सातको चिठी भएको स्थानमा पत्रात्मक शैली पनि छ। समष्टिमा पारिजातका नाटकको भाषाशैलीले मान्छेलाई मन्त्रमुग्ध बनाएको देखिन्छ।

## वातावरण

पारिजातको **एक जोडी अन्तराल** नाटकमा सामाजिक, मानसिक तथा आर्थिक पक्षको उद्घाटन गर्न वातावरणको प्रयोग भएको छ। देश, काल र परिस्थितिको ज्ञानलाई भाव, भाषा र अभिनयद्वारा दिइएको छ। पारिजातले आधुनिक संयन्त्रको माध्यमद्वारा पनि कालको सङ्केत गराएकी छन्। प्रकाश (लाईट) द्वारा दिन-रात बितेको देखाइएको छ। मान्छेको मनोभाव परिवर्तन भएको देखाउन पनि उनी पछि परेकी छैनन्। रमेशसँग भरिया बूढाको संवाद हुँदा मीनूको पहिला उज्यालो अनुहार हुनु र पछि अँध्यारो देखाउने काम प्रकाशद्वारा नै गराइन्छ। यसरी मनोभावना, संवेग र आवेगको द्वन्द्वात्मक प्रस्तुतिमा वातावरणको महत्वपूर्ण भूमिका देखिएको छ।

खलनायक विक्रमबाबूको चरित्र र मनोद्वेगको प्रस्तुति पहिलो र दोस्रो दृश्यमा गरिएको छ। ह्विस्की खाँदै सानूलाई कथा भन्न भने तापनि उसको भित्री मनसाय सानूले कथा नभनोस् भन्नेमा देखिन्छ। यसलाई वातावरणद्वारा नै प्रस्तुत गरिएको छ। व्यक्तिको मानसिक स्थितिको चित्रण मात्र होइन, सामाजिक स्थिति र आर्थिक असमानतालाई पनि वातावरणले नै चित्रण गरेको छ। यसरी नै पहिलो दृश्यमा प्रस्तुत फ्ल्यासब्याकले महेश र वन्दनालाई कसरी छुट्याएका रहेछन् भन्ने ज्ञान दर्शकलाई दिन्छ। सानूले कथा भनिरहँदाको परिस्थितिलाई कोष्ठकद्वारा यसरी स्पष्ट पारिन्छ। (अनिल कथामा एकाग्र हुन्छ, विक्रम पसिना पुस्छ र घडीको चेन खोल्दै-लाउँदै गर्न थाल्छ; अनुहारमा एक प्रकारको छटपटी देखिन थाल्छ)। दोस्रो दृश्यका यस्ता भनाइहरू मात्र होइन, नाटकमा आद्योपान्त कोष्ठकका भनाइहरू छन्। जसले

समाजका पात्रका मनोदशाको र परिवेशको यथार्थ दृश्य प्रस्तुत गरेका छन् । अङ्ग्रेजी भाषाका 'सिचुएसन,' 'सेटिङ' र इन्भार्नमेन्ट' ले जे कुरालाई जनाउँछ त्यसको उचित प्रयोग पारिजातले दृश्यसंयोजनदेखि चरित्रको मनोभाव, रोपाइँ गर्दाको दृश्य र रोपारहरूको अवस्थालगायत सबैतिर सन्तुलित रूपमा उल्लेख गरेकी छन् । समग्रमा हेर्दा नाटकीय वातावरणलाई **एक जोडी अन्तराल** नाटकले सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ ।

## उद्देश्य

पारिजातको पूर्णाङ्की सामाजिक नाटकको उद्देश्य हेपाहा प्रवृत्तिको अन्त्य र स्वस्थ समाजको सृजनामा केन्द्रित देखिन्छ । **एक जोडी अन्तराल** पूर्णाङ्कीले सामाजिक समस्यालाई नाटकीयता प्रदान गरेको छ । वर्गीय विषमताको अन्त्य र समतामूलक समाजको सृजना यसको मूल उद्देश्य रहेको छ । यसमा निजामती कर्मचारीले भ्रष्टाचार गर्नु, नारीलाई दोस्रो दर्जाको नागरिक ठान्नु, धनको बलमा सोझालाई चोर भन्दै जेलमा राख्नु, अन्यायको राज चल्नु तथा दुई नम्बरी काममा कर्मचारी र ठूलाबडाकै हात हुनुजस्ता समस्यालाई चिरफार गर्दै उद्घाटन गराइएको छ । नाटच अवयवहरूको सन्तुलन र समस्याहरूको समाधानमा हुनुपर्ने जागरूकतालाई यस नाटकमा सटीक रूपले प्रस्तुत गरिएको छ । यसरी सामाजिक यथार्थताको अङ्कन र वर्गीयताका आधारमा दिशानिर्देश गर्नु यस नाटकको मुख्य उद्देश्य हो । वन्दना पात्रले भनेको निम्न अभिव्यक्तिमा प्रच्छन्न रूपले उद्देश्य लुकेको भेटिन्छ; 'रगतको नाता मात्र मान्छे-मान्छेलाई घनिष्ठ बनाउने नाता होइन रहेछ; मान्छेलाई मान्छेसँग जोड्ने अरू नै केही रहेछ सानु, अरू नै केही रहेछ ।'

नाटककार पारिजातले नारीवादी भएर कतै पनि वर्गीयताको उल्लेख गरेकी छैनन् । तर समाधानको एक मात्र विकल्प रमेशको भनाइद्वारा त्यसैलाई लिएको पाइन्छ । यसरी समाजका विकृति र विसङ्गतिलाई नाटचाङ्कन गर्दै मानवचरित्रका महत्तम पक्षलाई समाज र राष्ट्रको उत्थानमा अग्रसर गराउनु यस नाटकको अभीष्ट उद्देश्य देखिन्छ ।

## पारिजातका नाट्चप्रवृत्तिहरू

पारिजातको नाटचयात्रामा समानता देखिँदैन । त्यसैले वि.सं. २०२८ अघि र पछिको लेखनमा पर्याप्त भिन्नता आएको छ । यसलाई पूर्वार्द्धको नाटचप्रवृत्ति र उत्तरार्द्धको नाटचप्रवृत्ति भनेर छुटचाउनु आवश्यक हुन्छ । उनको व्यक्तिगत जीवन र सोचाइमा समेत परिवर्तन देखिएको हुँदा लेखनमा पनि भिन्नता आएको हुन्छ । यहाँ उत्तरार्द्धको नाटचप्रवृत्तिलाई मात्र अङ्कन गरिएको छ ।

अहिलेसम्मको नाटचयात्रालाई हेर्दा पारिजातले उत्तरार्द्धको समयमा एउटा मात्रै पूर्णाङ्की नाटक लेखेकी छन् । उनको नाटक **'एक जोडी अन्तराल'** (२०६४) हो । पारिजातले यसमा नेपाली जनताको मनोकाङ्क्षासहित सामाजिक तथा सांस्कृतिक परिवेशलाई आधार बनाएकी छन् । यस नाटकमा निम्नवर्गका प्रतिनिधि भरिया बूढा, युवक र विक्रमका नोकरहरू बनेका छन् । निम्न मध्यमवर्गको उपस्थिति महेश, रमेश, मीनू आदिद्वारा गराइएको छ । यसरी नै उच्च मध्यमवर्गका पात्र वन्दना र उसको लोग्ने विक्रमबाबू बनेका छन् । यी तीनै वर्गको संयोजनद्वारा उच्च मध्यमवर्गले यसमा अरू दुई वर्गलाई शोषण गर्ने प्रवृत्ति रहेको उल्लेख गरिएको छ । आफ्नै वर्गमा पनि पुरुषले नारीलाई शोषण गर्ने सामाजिक संस्कार बनेको सामन्ती चरित्रलाई यसमा उद्घाटन गरिएको छ । यो पारिजातका नाटकको पहिलो प्रवृत्ति देखिन्छ ।

पारिजातको पूर्णाङ्की नाटक **'एक जोडी अन्तराल'** मा काठमाडौँ र भैरहवालाई स्थान चयनमा राखिएको छ । काठमाडौँमा मीनू बस्ने भाडाको एउटा कोठा छ भने भैरहवामा विक्रमबाबूको आफ्नै घर छ । योगेश दाइको जागिर, भैरहवा हुँदा त्यहीँ हुर्केर पढेकी मीनू पछि दाइको सरुवा विराटनगर भएपछि ऊ काठमाडौँ आएर बी.एड्. गरी शिक्षिका बनेकी छे । दाइले विराटनगर बोलाउँदा पनि आत्मसम्मानका साथ स्वाभिमानी भएर बाँच्न चाहने इच्छाले ऊ दाइसँग गएकी छैन । श्रममा विश्वास गरी आर्थिक रूपले आत्मनिर्भर भएर बाँच्नु नै उसको लक्ष्य बनेको छ । यसरी आर्थिक-आत्मनिर्भर भएर बाँच्नु स्वतन्त्रताको पहिलो कडी हो भन्ने देखाउनु पारिजातको दोस्रो प्रवृत्ति हो ।

नाटककार पारिजातले मीनूलाई सहयोग गर्ने र राय-सल्लाह दिने काममा रमेश पात्रलाई उभ्याएकी छन् । जसको चरित्र पनि स्वच्छ र निर्मल देखाइएको छ । दुवै अविवाहित हुँदा पनि मीनूप्रति रमेशको धारणा दुराशयपूर्ण कतै देखिँदैन । मीनूले बरू एकतर्फी रूपमा रमेशलाई चाहेकी रहिछे । रमेशका मुखबाट भरियासँग हाम्रो विवाह हुन सक्तैन भन्दा मीनू असंयमित बनेकी छे । उसलाई छटपटी भएको छ । जब मीनूले एकान्तमा बस्न खोजेको कुरा गर्छे अनि मात्र रमेश जान्छ । यसरी अचेतन मनमा दमित इच्छाले निकासको बाटो बन्द भएको सुन्दा असन्तुलित व्यवहार देखाउनु स्वाभाविकै हो, जसलाई मनोविश्लेषणको

भाषामा अनुकूल-प्रतिकूलको द्वन्द्वबाट सृजित वातावरण भनिन्छ । यस्तै केही समयपछि वन्दनाको मृत्यु भएको खबर लिएर युवक आउँदा मीनूले आवेशमय बनी उसको कलर च्यातेको देखाइन्छ । मानसिक रूपमा सोच्दै नसोचेको कुरा एक्कासि हुँदा मीनूले त्यस्तो व्यवहार गरेकी छे । पहिलो घटनामा यौनमनोविज्ञानले काम गरेको छ भने दोस्रोमा समाज-मनोविज्ञानको स्वरूपले कार्यनिर्धारण गरेको छ । विक्रमको अवस्था र मानसिक आवेगलाई देखाउने क्रममा पनि मीनूले कथा सुनाउँदै गर्दाको अवस्थामा उसले गरेका व्यवहारलाई लिन सकिन्छ । यसरी पात्रका मानसिक अवस्थालाई मनोविश्लेषण गरेर नाटकमा देखाउनु पारिजातको तेस्रो प्रवृत्ति हो ।

नाटककार पारिजातले आफ्नै वर्गले समवर्गीलाई सहयोग गर्छन् भनेर प्रस्तुत नाटकमा देखाएकी छन् । वन्दनाको मृत्युपछि उसका छोराको खबर लिन मीनूका तर्फबाट रमेश भैरहवा गएको छ । उसले तारबाट प्राप्त भएका जानकारीलाई मीनूसँग पठाएको छ । मीनूलाई पहिला मानसिक चोट पुग्दा मृदुल भाषामा सम्झाएको छ र साथ दिएको छ । यसरी अन्तर्मनबाटै वर्गीय सहयोगको भावना मानिसमा विद्यमान रहन्छ । तर त्यो समवर्गीय हुन्छ भनेर उल्लेख गर्नु उनको चौथो प्रवृत्ति हो ।

नाटककार पारिजातका यी प्रवृत्तिबाहेक अरू प्रशस्त प्रवृत्तिहरू रहेका छन् । तिनीहरूलाई बुँदागत रूपमा तल उल्लेख गरिएको छ ।

क) नारीको अस्तित्व र अस्मितालाई उच्चवर्गले स्वीकार नगरेको देखाउनु ।
ख) प्रगतिवादी मूल्य र मान्यतालाई अवलम्बन गरी उत्कृष्ट नाटक लेख्नु ।
ग) वर्गीय पक्षधरतालाई प्रश्रय दिनु ।
घ) करिब दुई दशकको अवधिलाई नाटकीय आधारमा उल्लेख गर्नु ।
ङ) नाटकका पात्रहरू मुक्तिका लागि सङ्घर्षरत रहनु ।
च) नाटकमा कथा-कथनको नाटकीय शैली भित्र्याउनु ।
छ) अङ्कलाई दृश्यका रूपमा प्रयोग गर्नु ।
ज) अत्याधुनिक मञ्चव्यवस्थानुसारको नाटकमा अभिलेख हुनु ।
झ) तीस र चालीसका दशकको सर्वोत्कृष्ट प्रगतिवादी नाटक सृजना गर्नु ।
ञ) दार्शनिक विचारलाई कलात्मक अभिव्यक्ति दिनु ।
ट) नेपाली भाषाप्रतिको मोह र सम्मान व्यक्त गर्नु ।
ठ) रूप र अन्तर्वस्तुको सुन्दर प्रयोग नाटकमा सन्तुलित रूपले गर्नु, आदि ।

**पारिजातको देन**

पारिजातले साहित्यका प्रायः सबै विधामा कलम चलाएकी छन् । उनको कलम कविता, कथा, उपन्यास, एकाङ्की र पूर्णाङ्की नाटक हुँदै संस्मरण, समीक्षा, भूमिका-लेखन र लेख-निबन्धमा समेत दगुरेको पाइन्छ । त्यसैले उनी बहुमुखी प्रतिभा भएकी साहित्यकार हुन् । उनको लेखनयात्रा आभ्यासिक चरण, पूर्वार्द्धको चरण, उत्तरार्द्धको चरण र शिथिल चरणका रूपमा विकसित भएको पाइन्छ । मोटामोटीमा भन्दा पनि पूर्वार्द्धको चरण भनी वि.सं. २०२८ सम्मलाई लिन सकिन्छ भने उत्तरार्द्ध भनेर वि.सं. २०२९ पछि आजीवनसम्म रहेको पाइन्छ । उनको नाटयात्रा पनि पूर्वार्द्ध र उत्तरार्द्धको वर्गीकरणका आधारमा विकसित भएको देखिन्छ ।

पारिजातले आफ्नो व्यक्तिगत जीवनको बाल्यकाल र किशोरावस्थामा जति सुखमय तथा आनन्दले समय बिताइन्, उनको युवावस्था आर्थिक र शारीरिक दृष्टिले त्यत्तिकै पीडादायी बनेर बित्यो । प्रौढावस्थामा भने उनले केही शारीरिक स्वास्थ्यता प्राप्त गरिन् । आफ्ना जीवनका भोगाइबाट उत्पन्न चिन्तनका विभिन्न स्वरूपलाई उनले साहित्यमा पोखेकी छन् । त्यसैले उनका लेखनमा प्रतिविम्बित चिन्तनधारा सुरुदेखि अन्त्यसम्ममा एकै प्रकारको देखिँदैन ।

पहिलो पटक कविता छापिने बेलामा पारिजात तेईस वर्षकी भइसकेकी थिइन् । यसरी नै पहिलो एकाङ्की नाटक 'एक कठिन निष्कर्ष' (२०२३) प्रकाशित हुँदा उनको उमेर तेत्तीस वर्षको भएको थियो । करिब २८-३० वर्षकी हुँदाखेरी उनी रोगको कारणले थला परिन् । त्यसले उनको शरीरलाई कुँजो बनाइदियो । उनका मनमा जीवनप्रतिका निराशा, छटपटी र कुण्ठाहरू दमित भएर बसे । उनले आफ्नो र आफू जन्मेको अस्तित्व खोज्न थालिन् । पारिजातको शरीरलाई रोगले व्यथित बनाए पनि उनको चेतना प्रखर हुँदै गयो । उनमा सुरुदेखि विद्यमान रहेको विद्रोही स्वभावले फणा फैलायो । त्यसलाई पारिजातले साहित्यका विभिन्न विधामा सृजना दिएर स्थायित्व प्रदान गरिन् । उनका तत्कालीन समयका एकाङ्की, नाटक, कथा, कविता, उपन्यास र अन्य रचनाहरू त्यही सत्यका प्रतिफल हुन् र तिनमा पारिजातका चिन्तनको समकालीन विचार मुखरित भएको देखिन्छ ।

पारिजातका अहिलेसम्म 'एक कठिन निष्कर्ष' (२०२३), 'अँध्यारोको नदी' (२०२७) र 'आफ्नो रात' (२०२८) एकाङ्कीहरू लेखनयात्राको पूर्वार्द्ध चरणका हुन् भने पूर्णाङ्की नाटक उत्तरार्द्ध चरणको हो । एकाङ्कीहरूमा पारिजातको चेतनाले विश्वभ्रमण गरी अस्तित्व र विसङ्गतिवादलाई पछ्याएको छ । त्यहाँ पारिजातका कुण्ठा, मानसिक आवेग र फ्रायडीय चिन्तनले प्रश्रय पाएका छन् । जीवनलाई बौद्धिक विलासको स्थलका रूपमा लिँदै सार्त्र, नित्से, किर्केगार्ड आदिका अस्तित्ववादी चिन्तन र काफ्काको विसङ्गतिबोधलाई उनले साहित्याङ्कन गरेकी छन् ।

पारिजातको नाटचयात्राको उत्तरार्द्ध चरण समाजवादी (प्रगतिवादी) मान्यतालाई वरण गर्दै अगाडि बढेको चरण हो । यस बेला उनको रोग पनि दबाई खाँदै गरे नबढ्ने र पीडा नहुने सङ्केत डाक्टरले दिएको पाइन्छ । व्यक्तिगत जीवनमा धेरै वामपन्थी विचारधाराका सशक्त नेताहरूसँग त्यस बेला उनको सम्पर्क हुन्छ । उनलाई द्वन्द्वात्मक भौतिकवादी दर्शनले आकर्षण गर्छ र उनी तार्किक र वस्तुवादी विचारलाई मन पराउन थाल्दछिन् । आफूले चाहेको कुरा पारिजातले आफ्ना सृजनामा अभिव्यक्त गर्दछिन् । त्यसैको सशक्त नाटकीय प्रस्तुति **एक जोडी अन्तराल** बन्दछ । त्यसमा उनले आफ्नो जीवनचेतना, सौन्दर्यचेतना र कालचेतनालाई सुन्दर ढङ्गले इङ्गित गरेकी छन् । जुन कृति तीस र चालीसका दशकको मूल्यवान् उपलब्धि बनेको देखिन्छ । यसले मानिसलाई मानिसको सहयोगी मात्र होइन, समाज परिवर्तनको संवाहक तथा वर्गीय दृष्टिकोणको पक्षधर रहने सन्देशसमेत प्रवाहित रहेको छ ।

यसरी पारिजातका नाटकको पूर्वार्द्ध चरण 'कला कलाका लागि' भन्ने मान्यतामा आबद्ध छ भने उत्तरार्द्ध चरण 'कला जीवनका लागि' भन्ने उच्चतम मान्यताले परिवेष्ठित देखिन्छ । दुवै मान्यताबाट हेर्दा उनका कृतिहरू महत्तम उपलब्धिका रूपमा प्रतिष्ठापित छन् । तर 'कला जीवनका लागि' भन्ने मान्यताले 'कला कलाका लागि' भन्ने पूर्वार्द्ध चरणका कृतिको मूल्याङ्कन गर्दा ती रचनाहरू हीनतर र निकृष्ट देखिन सक्छन् । त्यसैले उनी बाँचेको युग, तत्कालीन अवस्था एवम् पारिजातको तत्कालीन सोचाइका आधारमा उनका कृतिहरूको मूल्यनिरूपण गरी सामाजिक तथा साहित्यिक यथार्थलाई पुनः पारिभाषित गर्नुपर्ने आवश्यकता देखिन्छ । विश्वसाहित्यमा देखा परेका कलामापन गर्ने दुवै मान्यतालाई वरण गर्दै पारिजातले उत्कृष्ट कृतिहरूको सृजना गरेकी छन् । ती कृतिहरूको मूल्याङ्कन गर्दा कृतिभित्र प्रतिबिम्बित मूल्य र मान्यतालाई प्रधानता दिएर गर्नुपर्दछ । यसरी विश्लेषण गर्दा पारिजात नेपाली साहित्यको बीस, तीस र चालीसको दशककी सशक्त प्रतिभा तथा मूल्यावान् कृतिका सचेत स्रष्टा बनेकी देखिन्छिन् । यही नै पारिजातको साहित्यिक देन हो ।

* * *

## सन्दर्भसूची

घिमिरे, कृष्णप्रसाद (२०६२), 'पारिजातका धेरै कुराहरूमा विवाद छ', गोरखापत्र, फागनु २७ गते ।
घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली (२०६४), आख्यानकार पारिजात, दो.सं., काठमाडौँ : हजुरको पुस्तक संसार ।
पारिजात, (२०१३), 'व्यर्थ प्रयास, आज बिदाको दिन हो, को हो त्यो ?', धरती, (सम्पा. ईश्वर बराल), मासिक वर्ष १, अङ्क २ ।
---, (२०२३), 'एक कठिन निष्कर्ष', रूपरेखा, (सम्पा. बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवर), मासिक, वर्ष ७, अङ्क ६, पूर्णाङ्क ६६ ।
---, (२०२७), 'अँध्यारोको नदी', सिम्रिक, (सम्पा. आशा सिंह), मासिक, वर्ष १, अङ्क ४ ।
---, (२०२८), 'आफ्नो रात', झङ्कार, (सम्पादकमण्डल-रामप्रसाद लामिछाने र अन्य.), मासिक, वर्ष १३, अङ्क ३ ।
---, (२०५०), अध्ययन र सङ्घर्ष, पारिजातको आत्मसंस्मरण, भाग-३, काठमाडौँ : पारिजात स्मृति केन्द्र ।
---, (२०५६), 'एक जोडी अन्तराल', घुयेँत्रो, (सम्पा. विमल भौकाजी), द्वैमासिक, काठमाडौँ : वर्ष २, अङ्क १, पूर्णाङ्क ३ ।
---, (२०५६), 'एक जोडी अन्तराल', घुयेँत्रो, (सम्पा. विमल भौकाजी), द्वैमासिक, काठमाडौँ : वर्ष २, पूर्णाङ्क ७ ।
पोखरेल, रामचन्द्र (२०६२), नेपाली नाटक सिद्धान्त र समीक्षा, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
पौड्याल, रामहरि, (२०४४), 'विचार र कलाको समन्वय : पारिजात', जनजागृति, (सम्पा. नीरमान नेवा), साप्ताहिक, वर्ष १८, अङ्क २ ।
---, (२०४४), 'विचार र कलाको समन्वयः पारिजात', जनजागृति, (सम्पा. नीरमान नेवा), साप्ताहिक, वर्ष १८, अङ्क ३ ।
प्रसाई, नरेन्द्रराज (२०५७), पारिजातको जीवनकथा, (जीवनी), काठमाडौँ : एकता प्रकाशन, थापाथली ।
भण्डारी, कृष्णप्रसाद, (२०४५), मानसिक अन्तर्द्वन्द्व र कुण्ठा, काठमाडौँ : साझा प्रकाशन ।
वेलेक, रेने र आस्टिन वारेन (सन् २०००), साहित्य-सिद्धान्त, (अनु. बी.एस्. पालीवाल), इलाहाबाद : लोकभारती प्रकाशन ।
शर्मा, मोहनराज, (२०५५), समकालीन समालोचना सिद्धान्त र प्रयोग, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
शर्मा, सुकुम, (२०६२), पारिजातका कविताको अध्ययन, काठमाडौँ : सनलाइट पब्लिकेसन, कीर्तिपुर ।बग

कविता

# जन्मोत्सव



जिन्दगी हरेक सालको उमेरको सर्जीमन बक्छ
उहिले काटिएको सालनालको साक्षी ऊ
रक्सी वियरका वोतलहरूसंग जिस्किदै
मासुका व्यञ्जनसँग
व्हिस्कीको चुस्की लाउँदै
मान्छे उमेरको पात्रो फेर्दैछ ।

उसले दिन फटाएको छ
रात फटाएको छ
सिङ्गो जिन्दगी फटाएको छ
समय फटाएको छ
अर्थात् पात्रोभित्रको पात्र स्वयम् फाटेको छ ।
उमेरले एउटा हाँगो ताछ्दा
बूढो रूख आंसु चुहाउँछ
तरुनी साँझसँगै जिस्किने
स्वयम् जून फूलको पातमाथि आँसु झार्छ
जूनको आंसु थप्दाथप्दै झर्छ
र, नयाँ कायापलट फेरेर पलाउछ
पात, जूनको आँसु घामले पिउँदै शून्य बनाउंछ
अस्तित्व थियो कि थिएन ?

जिन्दगीको पात्रो हरेक साल फाट्छ
अनि जिन्दगी प्रत्येक दिन
प्रत्येक प्रहर र पल मर्छ, मरिरहन्छ
समय पत्र-पत्रमा मरिरहन्छ
हरेक वर्ष मृत्युउत्सव मनाइरहेछ जिन्दगी,
उमेरको पहाड टेकेर
छेवैको बूढो रूख उत्सव हेर्दैछ
जन्मोत्सव या मृत्युउत्सव प्रश्न गर्दैछ ?


फूल फुल्नुको उत्सव मनाउँदैछ
यहीँनिर, जिन्दगी,
उमेरको पात्रो फटाउँदै
अन्त्यको उत्सव मनाइरहेछ, मनाइरहेछ ।



झमक घिमिरे

यात्रा संस्मरण

# पिटर करिम र मेरा आँसु


रामप्रसाद पन्त

शान्तिसेनाको सबैभन्दा ठूलो मिसन भएको राष्ट्र हो - कङ्गो । हाम्रो सामान्य अनुमानले आङ्कलन गर्न सकिँदैन शान्तिसेनाको बजेट । आर्थिक वर्ष सन् २००६/०७ का लागि छुट्याइएको वार्षिक बजेट २.६ विलियन डलर रहेछ - कङ्गो मिशनका लागि मात्र । नेपालको बजेको कुरा गर्ने हो भने झण्डै दुई वर्षको बजेट ।

मिसन खडा भइसकेपछि धेरै विद्रोही समूह सरकारमा मिलिसकेका छन् । केही समूह सशस्त्र विद्रोह परित्याग गरेर राष्ट्रिय राजनीतिक पार्टीका रूपमा दर्ता भइसकेका छन् ।

वर्तमान राष्ट्रपति जोसेफ कबिलासँग राष्ट्रपति पदमा प्रतिस्पर्धा गर्ने नेता हुन् - बेम्बो । उनी पनि पहिले यस्तै विद्रोही समूहमा सामेल थिए । क्षेत्रको हिसाब गर्ने हो भने कङ्गोका ११ क्षेत्रमध्ये ६ क्षेत्रमा बेम्बो विजयी भएका थिए । राजधानी किन्सासा क्षेत्र त पन्चानब्बे प्रतिशत बेम्बोको पक्षमा रहेछ । तर बहुमतका कारण जोसेफ कबिला राष्ट्रपति निर्वाचित भए । राजनीतिक हल्ला छ - बेम्बोलाई उपराष्ट्रपति बनाएर लोकप्रियता कमाउने कबिलाको चाल छ । चुनाव हुनुअघि अन्तरिम सरकारमा छ/सात जना उपराष्ट्रपति थिए भने अहिले एउटा उपराष्ट्रपति बनाउन केको अप्ठ्यारो ? सन् २००४ मा कङ्गो सरकारले शान्ति सुरक्षाको जिम्मा ONUC (संयुक्त राष्ट्रसंघीय मिसन) लाई जिम्मा लगाइसकेपछि अहिलेसम्म धेरै ठाउँमा शान्ति सुरक्षा कायम भइसकेको छ । तर अहिले भने इतुरी जिल्लामात्र विद्रोही मिलिसियाहरूको प्रभावित क्षेत्र बन्नपुगेको छ । त्यसैमा पनि नेपाली ब्याट रहको पूर्वी इलाकामा FNI का प्रमुख नेता पिटर करिम स्वयम् बसेर विद्रोह सञ्चालन गरिरहेका हुँदा सरकार र पिटर करिमबीचको सम्झौतामा मध्यस्थता गर्ने जिम्मा नेपाली ब्याटलाई नै दिइएको छ । र, FNI ले राष्ट्रिय सेना (FARDC) भन्दा नेपाली शान्तिसेनाप्रति विश्वास गर्छ । त्यसैले नेपाली सेनाले सिर्जना गरेको सहज वातावरणबाट प्रवेशको सिलसिला अगाडि बढाउँदैछन् ।

भनिन्छ- राष्ट्रपति कबिला र पिटर करिमबीच आन्तरिक सम्बन्ध छ, जसका कारण गत डिसेम्बरमा भएको राष्ट्रपति चुनावमा पिटरले कबिलाको पार्टी MND को पक्षमा खुलेर लागेका थिए । त्यतिमात्र होइन, पिटर करिमलाई फूलकर्नेलको पद दिइसकिएको छ र राष्ट्रिय सेनामा प्रवेश गर्न सजिलो होस् भनेर करिमलगायत उनका मिलिसियालाई FARDC को पोशाकसमेत प्रदान गरिएको छ । पिटर करिमले अहिले पनि फूलिसहितको त्यो बर्दी लगाएर हिँड्छन् । तर पार्टीलाई पाँच हजार डलर दिनुपर्ने, युएनले आफूले गरेका सम्पूर्ण अपराध माफी दिनुपर्ने, इमनेष्टि इन्टरनेशनलबाट सफाई पाउनुपर्ने र ह्युमनराइट्सले अन्तर्राष्ट्रिय अदालतमा नउभ्याउने ग्यारेन्टी-पत्र दिनुपर्ने कुरामा पिटरले अडान राख्दै आएका छन् । यीमध्ये अरू सबै कुरा भइसकेको पनि छ । तर, ह्युमनराइट्सले सफाईपत्र दिएको छैन । त्यो दिँदैन पनि । किनभने उनको नेतृत्वमा भएको विद्रोहका कारण ४०/५० हजार जनता मारिइसकेका छन् । त्यसैले उनलाई डर छ । यस बेला पिटर करिमले चरणगत रूपमा मिलिसियालाई राष्ट्रिय सेनामा प्रवेश गराउँदै लगेर आफ्नो भविष्य परीक्षण गर्दैछन् । तर एक न एक दिन आफूलाई पनि अवश्य प्रवेश गराउने छन् ।

अर्को अप्ठ्यारो के पनि रहेछ भने त्यति धेरै नपढेका र सानै उमेरका पिटरलाई राष्ट्रपति कबिलाले फूलकर्नेलको पद दिँदा राष्ट्रिय सेनाका माथिल्ला दर्जाका सैनिकहरूले आफूसरह भई आउन लागेको मन पराउँदा रहेनछन् ।

सरकार र पिटरबीचको सम्झौतामा मध्यस्थताको भूमिका खेलिरहेका नेपब्याटका मेजर सोवेन्द्र महत भन्छन्- "हामीले वार्ताको मिति र वार्तास्थल तयार गर्छौं । वार्ताको वातावरण बनाउँछौं र सम्झौता गराउँछौं । मैले राष्ट्रपति कबिलाका एड्भाइजरमार्फत् आएको पाँचहजार डलर पनि जनवरी-७, २००७ मा पिटरको हातमा पारिदिएको छु । छ महिनामा आठ पटक करिमपछिका दोस्रा नेता लेफ्टिनेन्ट कर्नेल डिजि र अन्टोलाई भेटेको छु । त्यसै अवसरमा एक/दुईचोटि पिटर करिमलाई पनि भेट्ने अवसर पाएको छु । परेको बेला भिड्ने हिसाबले सयौंको सङ्ख्यामा सशस्त्र डफ्फा लिएर त्यहा पुगें । खाने कुरा र लगाउने लुगा उपहार दिएँ र मित्रता बढाउँदै गएँ । त्यसपछि मात्र उनीहरूको नेपाली सेनाप्रति विश्वास बढ्दै गयो । वास्तवमा म पाँच कुरामा विश्वास गर्छु - एट्टिच्युट, अप्टिच्युट, हार्डवर्क, अपर्च्युनिटी र लक । यी कुराहरूलाई साथमा लिएर चल्ने हो भने जीवनमा अवश्य सफलता हासिल गर्न सकिन्छ भन्ने मेरो मान्यता छ ।"

यसैको फलस्वरूप फेब्रुअरी २०, २००७ मा १७० जना मिलिसिया र २१ थान हतियार नेपाली शान्तिसेनाको मध्यस्थतामा सरकारको जिम्मा लगाइएको रहेछ । दोस्रो चरणको काम आज हुने मिति तोकिएको छ । आज (मार्च १०, २००७ मा) मिलिसिया १३० तथा १९ थान सटगन र एउटा विमानभेदी मेसिन गन, जिम्मा लगाउने काम हुनेछ । यस मौकाको सदुपयोग गर्न मसहित पत्रकार बन्धुहरूपनि सम्मिलित हुनेछौं ।

तीन ओटा निसान गाडी बिहानैदेखि तयारी अवस्थामा छन् । MPV अर्थात् युद्धक टेङकरहरू (जसलाई सानोतिनो बमले पनि क्षति पुऱ्याउन सक्दैन) यहाँबाट दुई ओटा मात्र जान्छन्, बाँकी क्वान्ड्रोमास्थित नेपब्याट (अप्रेसन युनिट) बाट पूरा बन्दोबस्त गरिने छ । किनभने त्यसै एरियाको उत्तरी क्षेत्र लाङ्कावेसीको घना जङ्गलमा पिटर करिम बस्छन् । त्यसै भएर त्यस क्षेत्रको अप्रेशन त्यहींबाट हुने गर्दछ ।

सरकार (FARDC) मा प्रवेश गराइएका मिलिसियालाई तालिम दिन क्वान्ड्रोमामा नै ट्रान्जिट क्याम्प बनाइएको छ र सामान्य तालिमपछि मात्रै सरकारी सेनामा प्रवेश गराइन्छ ।

कता कता डर पनि लाग्दैछ छिसिक्क कतै केही भइदियो भने त्यसले जति ठूलो रूप पनि लिन सक्छ । सुन्दैछु - पिटर करिम डराउने खालको मानिस होइन । २८ वर्षे युवकले ३/४ हजार (तर उनीहरूको भनाइमा ६ हजार) मिलिसियालाई साथमा लिएर पूरै इतुरी जिल्ला थर्काइरहेछ । मिलिसिया पनि नेताप्रति अत्यन्त वफादार छन् । तेस्रो नेपब्याटका मेजर कविन्द्रजङ्ग थापालाई वार्तामा गएर वार्ता गरी फर्कन लाग्दा गोली ठोकी मारेका थिए रे ! मन माफिक काम कुरो भएन भने उनीहरूमर्न र मार्न कत्ति डराउँदैनन् ।

तर युद्धमा जान खोज्नेले डराएर हुँदैन । हामीले यस मौकाको सदुपयोग गर्न खोजिरहेका छौं भने डराउनु हुँदैन । करसावले दुवै सम्भावना देखाइसकेका छन् । हामी सिभिलियनले परिस्थिति हेरी पिटर करिमलाई भेट्न पनि सक्छौं, भेट नपाउन पनि सक्छौं । भनेजस्तै भयो हामीले

देख्न त पायौँ तर वार्ता गर्न पाएनौँ ।

हामी ब्रेकफास्ट खाएर प्रस्थान गर्छौं - क्वान्ड्रोमामा खाना खानेगरी ।

+ + +

आज अरू दिनभन्दा बढी जाडो छ । पानी पनि परिरहेको छ अलिअलि । यति जान्दाजान्दै पनि मैले बुद्धि पुराउन सकेनछु । क्वान्ड्रोमा, काठमाडौँ उपत्यका नजिकैको नगरकोट हो भन्ने कुरामा मेरो ध्यानै गएन । यो मेरो व्यक्तिगत समस्या ।

तर आज राष्ट्रिय महत्वको दिन । इतिहासको पाना रचिने दिन । दोस्रो चरणको सम्झौता हुने दिन । जसरी नेपालमा माओवादीसँग वार्ता हुँदा कहिले हापुरे छानिन्थ्यो, कहिले गोदावरी ! कति सतर्कता अपनाउनुपर्थ्यो त्यस बेला । त्यो सम्झना मलाई भइरहेछ ।

विगतलाई थाँती राखेर वर्तमान कङ्गोको समस्या हेर्ने हो भने त्यो हो लिन्दु जाति र हेमा जातिबीचको सङ्घर्ष । लिन्दु जाति अर्थात् उच्च जमिन्दार वर्ग र हेमा अर्थात् तल्लो कृषक वर्ग । लेन्दुका नेता पिटर करिम ।

हामीले छुट्याउन नसके पनि उनीहरू आपसमा सजिलै छुट्टिन्छन् रे ! हेमा जाति थेप्चो आकृति भएका बढी काला । लेन्दु जाति कम काला अनुहार मिलेका । क्वान्ड्रोमा लेन्दुको प्रभावित क्षेत्र । तर फताकीभन्दा दक्षिणतिर हेमा जातिको सङ्ख्या बढी भएकोले लेन्दुबाट आकारमा भइरहने त्यो संवेदनशील क्षेत्र । जसको परिणाम हामीले यसअघि नै देखिसकेका छौँ ।

हामी क्वान्ड्रोमास्थित नेपव्याटको क्याम्पमा पुगिसकेका छौँ । क्याम्पमा रहेको भवन कङ्गो स्वतन्त्र हुनुअघिको कफी फ्याक्ट्री । फ्याक्ट्री मालिकलाई विद्रोही समूहले मारिदिएका रे ! जसको चिहान गेटैनिर गाडिएको रहेछ । त्यस बेला प्रशोधित कफी वर्षेनी ६० ट्रक बेल्जियम जान्थ्यो रे ! मालिकलाई मारिदिएपछि उनको परिवार बेल्जियममा विस्थापित भयो । उनका सन्तानको अहिले बेल्जियममा पानी जहाज छ रे ! डायमण्ड प्रशोधित कारखाना पनि छ रे ! त्यो परिवार कति धनी होला !

अहिले युएनले त्यो घर भाडामा लिएर नेपव्याट सञ्चालन गरेको छ । भाडा कङ्गो निवासी कुनै आफन्त मार्फत् पठाइन्छ रे ! त्यस धनाढ्यका लागि त्यो आम्दानी उसको कूल आम्दानीको कति प्रतिशत होला ! दोस्रो कुरा हामी के अन्दाज गर्न सक्छौँ भने पचास वर्षअगाडिको कङ्गो कति समृद्ध थियो होला !

वास्तवमा ९० प्रतिशत भाग जङ्गलले ओगटेको कङ्गो र सम्पूर्ण अफ्रिकाका ४७ प्रतिशत जङ्गल रहेको कङ्गोमा खेतीयोग्य भूमि बढी मात्रामा इतुरी जिल्लामा रहेछ । यद्यपि अहिले जातीय हिंसाकै कारण खेती कम लगाइन्छ, तथापि त्यहाँ आधुनिक ढङ्गबाट बाली उत्पादन गर्ने हो भने अथाह अनाज उत्पादन हुन सक्छ । भनिन्छ, बीउ-बिजन फालिदिएको भरमा अनाज फल्छ । एउटा अनौठो कुरा सुनेको थिएँ मैले यस बारेमा - तोरीलाई त उनीहरू ऐँजेरुजस्तै मन नपराउँदा रहेछन् । त्यो फैलियो भने के गर्ने ! तेल उत्पादन कारखाना छैन, कहाँ लैजाने ?

त्यस क्षेत्रमा उत्पादन बढी हुनुको कारण के रहेछ भने पूर्वीसीमामा अल्वर्ट लेक फैलिएको छ, त्यहाँबाट आएको मनसुनले त्यो क्षेत्र बेलबेलामा सिञ्चित भइरहँदो रहेछ ।

साँच्चै नै त्यहाँको मौसमसँग हामी पनि परिचित भयौँ । वर्षमा जम्मा दुई ओटा ऋतु (सुख्खा र वर्षा) हुने त्यस देशमा जुनसुकै महिनामा पनि बढीमा दुई हप्तामा कम्तिमा एकचोटी वर्षा भइरहने र त्यो वर्षा लगातार एक घण्टाभन्दा बढी नहुने रहेछ । अर्को रमाइलो कुरा त्यहाँ दुई ऋतु मात्र हुने भएकोले न बढी गर्मी न बढी जाडो । त्यहाँका वनस्पति हेर्दा अचम्म लाग्थ्यो मलाई, कतै पनि बोट सिखो छैन र एउटै बोटमा बतिलो पनि लाग्दैछ, पाक्दै पनि छ । बाह्रै महिना फलफूलको अभाव नहुने !

मैले कङ्गो टेकेको महिना मार्च भएको र मार्च अप्रिल वर्षा सुरु हुने महिना भएकोले आज वर्षाले प्रभाव पार्नसक्ने सम्भावना देखिँदैछ । फेरि पिटर करिम बस्ने लाङ्कावेशी ४०/४५ कि.मि. लामो विशाल जङ्गलको एरिया भएकोले त्यस ठाउँमा बढी वर्षा हुनेगर्दो रहेछ । उचाइ बढी भएकोले जाडो पनि बढ्दैछ ।

हामी क्वान्ड्रोमाबाट पूर्ण तयारीसाथ पिटर करिमले तोकेको निश्चित ठाउँमा जादैछौँ । उनी त्यस ठाउँबाट अरू २५/३० किमि भित्र जङ्गलमा बस्छन् रे ! जुन ठाउँमा राष्ट्रियसेना (FARDC) पनि जान सक्दैन । त्यसैले त्यो सम्पूर्ण क्षेत्र करिमको प्रभाव क्षेत्र रहेछ ।

+ + +

अहिले हाम्रा अघिपछि तीन ओटा निसान गाडी, तिन ओटा ट्रक र पाँच ओटा PVC युद्धक ट्याङक लामलस्कर

छन् । तीन ओटा गाडीमा सैनिक अधिकृतहरूर हामी सिभिलियन छौं । पाँच ओटा PVC मा सशस्त्र सेना छन् र तीन ओटा ट्रक मिलिसियालाई ल्याउन खाली जाँदैछन् ।

अब हामी क्वान्ड्रोमा- फताकी मार्गको २५ किमि जति पर पुग्नेछौँ र 'बुबा' भन्ने स्थानबाट पिटर करिमको पकेट एरिया बीस किलोमिटर उत्तर लाङ्काबेसीतिर लाग्नेछौं, जहाँ वार्तास्थल तोकिएको छ ।

\+ + +

हामी लाङ्कावेशी घना जङ्गलको अलिकति वरै एउटा हेलिप्याडमा पुगेका छौं । त्यसको वरिपरि घेरा हालेर करिव ३०/३५ ओटा गाडी/ट्रकहरू उभिएका छन् । युएनका प्रतिनिधि, युएनकै केही पत्रकार र दक्षिण अफ्रिकी टिमका एक/दुई सहजकर्ता छन् । सबै सतर्क देखिन्छन् ।

कोही पनि असहज रूपमा प्रस्तुत हुनुहुन्न । विद्रोही पक्षलाई शङ्का गर्ने ठाउँ दिनुहुन्न । पाँच ओटा पीभीसी ट्याङ्कमा गएका नेपाली सेनाहरूट्याङ्कबाट ओर्लेर बन्दुकको मुख उँधोपट्टि फर्काएर, काँधमा झुण्डाएर पङ्क्तिबद्ध उभिएका छन् । हाम्रा करसापले हामी सिभिलियनलाई अहिले गाडीभित्रै बस्ने सल्लाह दिएका छन् । सिमसिम पानी परिरहेको छ । जाडो बढिरहेकोछ । पिटर करिमको आगमनको प्रतीक्षा छ ।

स्थान तोकिएको थियो हेलिप्याड, तर एक छिनपछि खबर आउँछ - वर्षाका कारण वार्तास्थल बदलियो । आधा किलोमिटर जति पर एउटा चर्चको प्राङ्गणमा हस्तान्तरण कार्य हुनेछ । पिटर करिम आइसकेका छन् ।

हामी त्यस ठाउँमा पुग्छौं । चर्चको एक छेउमा एउटा स्कुल पनि रहेछ । त्यसै लाइनमा मिलिसियाहरू सिभिलड्रेसमा लामबद्ध उभिएका छन् । प्राङ्गणमा लस्करै हतियार फिँजाइएको छ । मानिसहरू कुनै समूहमा छन् भने कुनै लरड्मरड् गरिरहेका छन् ।

मैले सोधेँ मे. सोवेन्द्र महतसँग सुटुक्क - 'खोइ करिम यहाँ छन् कि छैनन् ?'

उनले देखाए, 'त्यही त हो बीचको फुच्चे ! हात हल्लाइ हल्लाइ चर्को स्वरमा कुरा गरिरहेको छ ।'

हो त रहेछ, साँच्चै नै हामीले पहिले नै रूप वर्णन गरेजस्तै । नेपाली सेनामा सबैभन्दा फुच्चे, सबैभन्दा दुब्लो, सबैभन्दा कालो र सबैभन्दा कुरूप अनुहारको संयुक्त रूप परिकल्पना गर्‍यौं भने त्यो पिटर करिम हुनेछ । अक्षरशः त्यस्तै रहेछ पिटर करिम । त्यस्तो मानिसको कस्तो कमाण्ड ! हो , यस्ता व्यक्तिले इमान्दार भएर शान्तिको मार्ग अपनाउने हो भने देशको कायापलट गरिदन्छन् । मैले सम्झेँ - डेङ् सिआओ पिङ् । र, यस्तै होचो कद हुने अरू पनि विश्वप्रसिद्ध नेताहरूलाई ।

आकाशमा ठूला ठूला अक्षरमा UN लेखिएका लडाकु हेलिकप्टरहरू घुम्न लागे । वातावरण अझै सशङ्क, भयप्रद र संवेदनशील हुँदै गयो ।

त्यसबेला म आफूलाई त्यस परिस्थितिमा उभिएको एउटा अचम्मको प्राणी ठान्दै थिएँ कि मजस्तो मानिस यहाँ कोही पनि छैन, जसको उल्लेख्य भूमिका त्यहाँ केही पनि छैन । मानौं म त्यहाँ तमासा हेर्न मात्र उभिएको छु । मसँग पत्रकारहरू छन्, वस् उनीहरूले पत्रकारिताको भूमिका निर्वाह गर्दैछन्, त्यहाँको स्वीकृति लिएर मुवीक्यामेरा तेर्स्याउँदैछन् । भोलि टेलिभिजनमा दृश्य देखाउलान् , समाचार लेख्लान् । म त त्योलायक पनि होइन । एउटा सरकारी अधिकृतमाथि त्यसको कुनै अर्थबोध हुन सक्दैन । त्यसैले पनि मैले आफूलाई एउटा अद्भूत प्राणी ठानिरहेकोछु र भाग्यमानी पनि मानिरहेको छु, यसर्थमा कि अफ्रिकाको एउटा राज्यमा गएर शान्ति सम्झौतामा सहभागी हुने अवसर पाइरहेको छु ।

अर्कोतिर यस्तो अनुभव पनि हुँदैछ कि - हो, मैले आफ्नो भूमिका निर्वाह गरिरहेकै त छु नि ! म निरीक्षणमा आएको मानिस निरीक्षकको धर्म निर्वाह गरिरहेकै त छु नि ! तर पिटर करिमका लागि म ग्राह्य छु कि छैन, कुरा यति मात्र हो ।

हतियार परिक्षण गर्ने काम भैरहेको छ । पिटर करिमसँग अन्तर्वार्ता लिने र भलाकुसारी गर्ने काम चलिरहेको छ । मिलिसियालाई राष्ट्रिय सैनिक पोशाक लगाइदिने काम पनि चलिरहेको छ । उनीहरू नारा लगाउँदैछन् । मेरो अनुमानमा उनीहरूले जनवादी गीत पनि गाउँदैछन्, आकाशमा लडाकु हेलिकोप्टरहरूले पहरा दिइरहेकै छन् । मलाई यस्तो भान पनि हुँदैछ कि म कुनै युद्धमोर्चामा सामेल भएको छु ।

क्रमशः हतियार जिम्मा लिने काम र पिटरद्वारा मिलिसियाहरूलाई सम्बोधन गर्ने काम सकिएपछि एउटा माइन्युट बुकमा युएनका प्रतिनिधि र करिमबीच हस्ताक्षर हुन्छ ।

हामी पाँच बजे प्रस्थान गर्छौं ।

युएनका प्रतिनिधि र अफ्रिकी टीमका सहजकर्ताहरू हेलिकप्टरतिर लाग्छन्, किनकि उनीहरूलाई युएनको हेडक्वार्टर बुनिआ पुग्नुछ । बाँकि सबै हाम्रा गाडीहरूलावालस्कर अगाडि बढ्छन् । अगाडि ट्रकमा मिलिसियाहरूले गगनभेदी नारा घन्क्याउँदै छन्, हामी पछिपछि ।

बाटोमा दायाँबायाँ उभिएका कङ्गोलीहरू हात हल्लाउँदै छन् र खुसीयालीका गीत गाउँदैछन्, नाच्दैछन् । उनीहरूको धारणा छ - नेपालेहरूले राम्रो काम गरे/गरिरहेका छन् । मिलिसियाहरूलाई यसै गरी लगिदिए राष्ट्रिय सेना आउँदैनन्, हामीलाई मार्दैनन्, हाम्रो घर जलाउँदैनन्, सामान लुट्दैनन्, हामी शान्तिसँग बस्न खान पाउछौं ।

अँध्यारो हुन थालिसकेछ । सिमसिम पानी परिरहेछ । जाडो पनि छ, तैपनि कति धैर्य गरेर उभिएका ! घर पनि नजिक देखिँदैनन् । कहाँ कहाँबाट आएका होलान् यिनीहरू ! थाहा पाउँदा रहेछन् यिनीहरूले पनि यस्तो कार्य हुँदैछ भन्ने । झन् पछि झन् बस्ती बढ्दैछ, भीड अझ बढ्दैछ । हात हल्लाउने र खुसियाली मनाउनेहरू खाल्डाखुल्डी परेको ठाउँमा गाडीनेरै आएर झुम्मिदैछन् । नेपाले, नेपाले ! गुड भन्दैछन् । त्योभन्दा बढी उनीहरू भन्न जान्दैनन् । म खुसीले आत्मविभोर हुन्छु , हृदय छचल्किन्छ, आँखा रसाउन थाल्छन् । म, चालकलाई एक मिनेट गाडी रोक्न लगाउँछु । गाडीबाट ओर्लिन्छु । उनीहरूसँग हात मिलाउँछु । बालक, वृद्ध, युवा-युवती सबैलाई अँगालो हाल्छु ।

हामी यसै गरी अगाडि बढ्छौं, प्यारले भरिएका हात हल्लाउँदै । प्यार बढ्दै जान्छौं । म बेहद खुसीको आलोकमा हराउँछु । सम्झन्छु - एन्ड्रेले बजार र त्यहाँको मेला । आज शनिवार, त्यहाँ मेला लाग्दोरहेछ । हामी यता आउँदा मेला भर्नेहरूको ताँती लागेको थियो । अहिले हामी उज्यालोमा त्यहाँ पुग्न पाएको भए हामीले गाडी नरोकेर के सुख पाउँथ्यौ होला ।

त्यसदिन हामी खान्डाखुल्डी भएको हिलोबाटोसँग संघर्ष गर्दै राती ११ बजे माहागी पुग्यौं ।

गीत

# कुन्नि के छ खबर



विष्णु सुवेदी

कुन्नि के छ खबर गाउँको नगएको धेरै भयो
कहिलेकाहीं भेट्ने भन्छन् गाउँले मनमा पहिरो गयो ।

पोहर परार सालजस्तो जात्रा देउसी हुँदैन रे
तल्लाघरको मान्छे मर्दा माथिल्लो घरको रुदैन रे
हेर्दाहेर्दै खोला-नाला पिउने पानी धैरो भयो
कहिलेकाहीं भेट्ने भन्छन् गाउँले मनमा पहिरो गयो ।


बूढापाका भन्छन्'अरे कलि लाग्यो सत्य भाग्यो
के-के देख्नु पऱ्यो आज मानिसकै बलि लाग्यो
मनमा खुसी के पो हुनु पीरकै बाण ओइरो भयो
कहिलेकाहीं भेट्ने भन्छन् गाउँले मनमा पहिरो गयो ।

दाजुभाइका एकता पनि गाग्रोजस्तै फुट्यो'अरे
भाइटीकामा टीको लाउने चेलीको साथ टुट्यो'अरे
जति सुन्छु गाउँको बेहाल चिन्ता झनै गहिरो भयो
कहिलेकाहीं भेट्ने भन्छन् गाउँले मनमा पहिरो गयो ।

*- दोलखा*

समीक्षा

# 'अग्निचक्र'को राजनैतिक दृष्टि र परिधि



रमेश गोर्खाली

आधुनिक नेपाली आख्यानशास्त्रमा तेस्रो दशकमा दृष्टिगत विजय चालिसे एक जना कुशल कथाकार हुन् । सिर्जना र साधनले इतिहास रचिसकेका भए पनि लामो समयदेखि यिनले यथावत रूपमा उर्वर कलम चलाइरहेको भेटिन्छ । सर्जक पूर्ववर्ती त्रिविध (संयुक्त २०४४) प्रयोग प्रत्यारोपण (२०४७) र भग्न आस्थाको खण्डहर (२०५६) मा झैं **अग्निचक्र** (२०६२) कथाकृतिमा समान रूपमा सशक्त रहेकोले अझै यिनले कालक्रमातः धेरै थोक दिन सक्ने देखिन्छ ।

समाज र राजनीतिलाई स्वच्छ राख्न प्रथमतः विग्रहकारी तत्व र बर्बर प्रवृत्तिको अन्त्य गर्दै यिनी सुकिलो पद्धतिका माध्यमले प्रत्येक नागरिकको उदराग्निको बुभुक्षाको शमन चाहन्छन् । समाज भन्नु मानवीय जमात, समूह , सङ्गठन र अन्तर्विकासको यौटा संरचना हो । सामाजिक जीवनको वैविध्यमा आआफ्नो संस्कृतिको छाप हुन्छ । मान्छेलाई व्यक्तिचेत र समाष्टिचेत दुवै दृष्टिले नियाल्न सकिन्छ । सामान्यतया मान्छेको सर्वाङ्गीण क्रियाकलाप भन्नु राजनीतिको समाजमा समाहित सूक्ष्म मूल प्रभाव हो ।

कतिपय ठाउँ र परिस्थितमा यो वैकल्पिक रूपमा देखिए पनि मान्छेको व्यक्तित्वले थुप्रै पल्ट र थुप्रै ठाउँमा राजनैतिक पद्धति र राजनैतिक प्रवृत्तिको लाक्षणिकतालाई प्रकट गरिरहेको हुन्छ । प्रायः गरी विकासोन्मुख र विकसित देशका नागरिक जीवनको जुन सोच छ त्यसमा राजनीति निर्णायक र निर्धारण रहेको हुन्छ तथा यसो हुनु आश्चर्यको कुरो होइन । अल्पविकसित देशहरूको वर्गीय सङ्घर्षमा कुरूप उठानमा आर्थिक पक्ष प्रमुख रहेको छ । राजनैतिक वातावरणमा ठूला नेता र विवेकी शासकहरूको उदय हुन नसक्दा जुन शून्यता प्रादूर्भाव हुन्छ त्यसलाई सर्जकले हृदयस्पर्शी ढङ्गमा उठाएका छन् र त्यो कटु यथार्थ हो ।

कथा सँगालाको सारांशअनुसार प्रथम रचना 'सपनाबाट ब्यूँझिएको क्षण' मा युवती शर्मिलालाई सुन्दरी प्रतियोगिताको नाउँमा प्राप्त उपभोक्तावादी पाश्चात्य शैलीको मानसिक उत्पीडन, 'अपराधबोधले लखेटिएको मन'मा रोगव्याधिका

कारण पर्वतीय तीर्थाटनमा यात्रु, डम्फाबाट एक्लिएका वृद्ध पति र तिनका युवती श्रीमतीलाई अन्य पदयात्रीले व्यक्त फोस्रो सहानुभूति, 'आफैसँगको एउटा युद्ध' मा राज्यपक्षबाट घाइते विद्रोही एवम् आश्रयदाता किशोरी र प्रौढको दोहोरो संवाद 'धरालो'मा बालअधिकार को प्रवक्ता ठहरिएका ढोङ्गी दम्पतीबाट अवशोषित बालक नोकर सन्तेको दुविधायुक्त मनोद्वन्द्व तथा 'झुमा'मा धार्मिक परम्परा र प्रथा को नाउँमा भोट प्रदेशमा बालिका आनीको शोषणको एक जना यात्रुद्वारा प्रकटित विचारणीय स्थिति छन्।

जीवन र जगतको व्याख्या र विश्लेषण गर्ने क्रममा सर्जकले प्रत्येक ठाउँमा भौतिकताले आक्रान्त यथार्थ र वस्तुवाद भेटेका छन्। पश्चिममा आदर्श समेट्नुको साटो युरोप र अमेरिकाको 'बजारीकरण र उपभोकतावाद'को नीतिलाई नेपाली युवा पुस्ताले आत्मसात गरेको यिनलाई अप्रिय छ। नारीसत्ताको प्राकृतिक प्रतीकको सौन्दर्यलाई विज्ञापन र सुन्दरी प्रतिस्पर्धाको नाउँमा वस्तुतुल्य उपभोग्य ठानिँदा यी व्यथित छन्। गाउँमा होस्, सहरमा होस्, तराईमा होस्, पहाडमा होस् वा उपत्यकामा होस् प्रत्येक स्थान र दिशामा विमानीयकरणको परिदृश्य र भावना व्याप्त छ।

वृद्धको तरुणी गृहिणी हुनु विसङ्गति भए पनि दुवैको अभिरुचि तीर्थाटनको सन्दर्भमा धेरथोर फरक हुँदो हो। पहाडी यात्रामा कमजोर स्वास्थ्य र हावापानीले गर्दा मरणासन्न बूढोलाई सहयात्रीले छोडे पनि मानवतावादका उपासक पदयात्री आफैँले केही गर्न नसकेकोमा अत्याधिक खिन्न भेटिन्छन्। अरूको राम्रो गरूँ भन्ने सद्भाव हुँदाहुँदै निजात्मक परिस्थितिले मान्छे दुविधाग्रस्त हुने तथ्य यसमा छ। नेपाली समाजले बान्ह वर्ष लामो सशस्त्र द्वन्द्व र 'जनसमर'को हत्या, हिंसा तथा अराजकताको हृदयविदारक असहय कालखण्डलाई भोगेको पाइन्छ। कथाकार लोकतान्त्रिक सत्ताको स्थायी व्यवस्थापन र सुरक्षाकर्मी एवम् विद्रोहीको नाउँमा राज्यमा रगतको खोलो नबगोस् भन्ने चाहन्छन्।

संवेदनशील हुनाले 'मूर्दाको राजनीति'लाई यी औधि घृणा गर्छन्। परिवर्तन र सत्तावादको लागि हिंसालाई अनिवार्य पार्दा तुरूपको पत्ताका रूपमा प्रत्येकले त्यो गतिविधि अँगाल्ने यथार्थलाई सर्जकले लुकाएका छैनन्। बालक, तन्नेरी, वृद्ध र महिला प्रभृति प्रत्येकको मौलिक अधिकार र नैसर्गिक इच्छाको परिपूर्ति समाज र राज्यको दायित्व रहेको स्पष्ट धारणा सर्जकको छ। समुन्नत समाज र कल्याणकारी राज्यको निम्ति प्रत्येक नागरिकमा वैचारिक स्वतन्त्रता, समानता, धीरता, राष्ट्रियता र भातृत्वपूर्ण साहचर्यको गुण विकसित हुनुपर्ने दिनको आख्यानात्मक जीवनदर्शन छ।

यसैप्रकार 'सिकार र सिकारीहरू'मा द्वन्द्वको समयमा आततायी जमातद्वारा बलात्कृत किशोरी र हताहत बूढो मिजारको प्रसङ्ग, 'मेनका'मा राजनैतिक पदको महत्वकाङ्क्षाले प्रतिनिष्ठ जीवन सहचरीलाई कामुक नेतासम्मुख अश्लील ढङ्गमा प्रस्तुत गर्ने दुर्जन श्रीमान्को चित्रण, 'काँचुली' मा राजनीति र प्रशासनको शक्तिपीठका भाग्यविधाताछेउ अवसरवादी र स्वाभिमानीको मनोविम्ब 'काले गाइने' मा जेठाबाबुले धेरै वर्षपश्चात राजदरबारको रक्तपर्वको कर्खा गाउने लुखुरे गाइनेको छोरो गाइने र नातिलाई भेट्दाको मार्मिक क्षण तथा 'अतृप्त सपनामा तैरिएका आँखाहरू'मा जीविकाको लागि दुर्गम थलोमा सेवारत निर्दोष प्रौढ शिक्षक पारसलाई बुर्जर्वा सत्ताको जासूस का रूपमा विद्रोही पक्षले गोलीले भुट्ने अश्रुपूर्ण कारुणिक दृश्य छन्।

द्वन्दात्मक भौतिकतावादका समर्थक र विश्लेषक हुनाले सामाजिक हितका लागि यी सामाजिक रूपान्तरणका पक्षपाती हुन् तथा शक्ति र सत्ताको प्रश्नमा कसैको होस् अतिवादिता त्याज्य ठान्छन्। पर्दाको आवरणमा रहेका दुष्ट, कपटी, सामन्त, तानाशाह र रक्तपिपासुको पतन आवश्यक भए पनि असम्बद्ध जनता हिंसामा पर्नु हुन्न, क्रान्तिकारी र सैनिक पक्षको आन्तरिक युद्ध र सशस्त्र द्वन्द्वमा सर्वसाधारणको रगत बग्दा जनाधारको अभावले इच्छित सत्ताको आयु क्षणिक हुने यिनको कथन छ। महात्मा गौतमको शान्तिभूमिमा पूर्वाधार का निम्ति राजनैतिक परिवर्तन आवश्यक भए पनि बाह्यान्तरिक दृष्टिले परिचालित आवान्दित रक्तपातलाई सर्जकले निन्दा गरेका छन्। स्वार्थका लागि आफन्त बेच्ने, मार्नेलगायत समाजघाती र राष्ट्रघाती जेसुकै कार्य गर्नसक्ने तह र तप्काबाट प्रत्येका व्यक्ति सतर्क हुनुपर्ने यिनको साउती

छ । समाजमा तहतह गरी बसेका गन्धर्व गाइने हाकिम नेता र राजा एवम् महाराजा आदि कोही किन नहोस् सबै जना एकैनासको देशको सम्प्रभु नागरिक छु । प्रत्येकको वर्गीय हक, हित र आर्थिक संरक्षणको प्रत्याभूति हुनुपर्ने सदाशय यिनको कथाकारितामा पाइन्छ । 'भाडाको कोख' कथामा रुग्ण श्रीमान् र परिवारका लागि दुस्साहसी निर्मलाले समाजाक्षेप खप्दै आफ्नो शरीरमा अरूको सन्तानेच्छाको प्रविधि अपनाउने प्रसङ्ग 'चेतनाको बीज' मा नेपालको सुदूर पश्चिमी भू-भागमा पानी नचल्ने र चल्नेको सामन्ती दोसाँधमा अन्तर्जातीय विवाह गर्ने भगी र किस्ने रोकायाको सामाजिक प्रतिक्रियाको स्थिति, 'सार्थकताको खोजी' मा विद्यार्थी जीवनपश्चात कालान्तरमा सज्जन सहपाठी विनयलाई भेट्दा बाँझी अनितामा टुसाउने नियोगविधिको सन्तान इच्छा, 'कलम्लरी'मा थारू समुदायका हरिया र विदेशीया दम्पतीले साहुकहाँ अर्थोपार्जनको लागि आफ्ना साना केटाकेटी नपठाउने निर्णय, 'सिर्जना'मा कुइरिनी मानमायाको नयाँ प्रेमले गर्दा विदेशिनका निम्ति विवाहितालाई छोडपत्र गर्न इच्छुक श्रीमान्सित प्रथम पत्नीको विद्रोह एवम् 'विस्थापन'मा निजीकरणले बेरोजगार बनेका लालबहादुर र फूलमतीले पैसाको अभावमा सहने छोरो पुन्टेको मृत्युको दारुण स्थिति छन् ।

तेस्रो सहस्राब्दीको विश्वजीवनमा प्रत्येक मान्छेले अनेक विधि र प्रविधिसित प्रत्यक्षीकरण गर्नुपर्ने परिस्थिति छ । समाजमा कतिपय व्यक्ति समृद्ध रहे पनि अगण्य नागरिक आर्थिक दृष्टिले दयनीय छन् । वर्गीय र आर्थिक कारणले प्रपीडित कोही पुरुष होस् वा नारी, प्रत्येकको आ-आफ्नो कथाव्यथा हुन्छ । सामाजिक यथार्थ र अस्तित्ववादी विसङ्गतिका सूक्ष्म, स्थूल र जटिल सबै पक्षलाई सर्जकले सिर्जनामा उतारेको पाइन्छ । जीवनोन्नतिको प्रथम सोपान र मेरुदण्ड आर्थिक भएकाले विजयले सम्बद्ध विषय, र घटनाक्रमलाई गहनताले रचनामा उठाएको देखिन्छ ।

मानवीय संचेतना र संवेदनाको केन्द्रमा असर पार्ने थुप्रै कुराको समाधानमा लागि प्रत्येक मान्छे भौतारिरहेको यथार्थ यिनले खुलाएका छन् । विकासोन्मुख देशका जति पनि भौतिक र अर्थजन्य कुरूपता छन् त्यसलाई दक्षिण एसिया र नेपाली समाजमा भेट्टाउन सकिन्छ । वस्तु चयन, देशकाल परिस्थिति, संवाद, दृष्टिविन्दु भाषाशैली, चरित्रीकरण र पात्र-विधानलाई निरूपण गर्दा मातृत्वको खोजमा बिटुलिन चाहने, पतित्वको आरोग्यका लागि सन्तानेच्छाको भाडामा जाने, स्वार्थी श्रीमान्सित विरोध गर्ने, अन्यायमा पर्ने र केटाकेटीनिम्ति कल्पिने अन्तर्विरोधी स्वभावको नारीसत्ता र पुरुष प्रवृत्तिको विविधता सर्जकका कथामा छन् ।

कथाबुनोट र त्यसको विस्तारणमा बालक, युवक, युवती बृद्ध, बृद्धा, सुरक्षाकर्मी, क्रान्तिकारी नेता र कर्मचारी अनेक थरीका चरित्र भेटिन्छन् । मूल रूपमा वर्गीय भेदभावले आक्रान्त दमित र उत्पीडित तन्नम जमातलाई उकास्न यिनी प्रतिबद्ध लाग्छन् तथा रोटी, कपडा र घरको आधारभूत पक्षको प्राथमिक अनिवार्यता औंल्याउँछन् । विविध आवश्यकताले बाँधिए पनि मान्छे समाजार्थिक नियतिले ग्रस्त छ । पद्धतिलाई ठीक राख्ने सन्दर्भ प्रवृत्ति हो । यथार्थतः प्रत्येक किसिमको वैधानिक केन्द्र, संकेन्द्र र नवकेन्द्र मान्छेको विवेकले निर्मित हुन्छ । कुरो जहाँ पनि जनमत र जनसामान्यको भए पनि संक्षेपतः प्रत्येक ठाउँमा आफन्त र निकटस्थको भलो गरिन्छ ।

प्रत्येक समय र युगका महत्वाकाङ्क्षी जमात, युवापुस्ता र परिवर्तनकामी पक्षले अन्तर्बाह्य चलखेलद्वारा विद्यमान सत्ता भङ्ग गरी आफ्नो स्वार्थअनुकूल संस्थापन र अभिमत लाद्न चाहन्छ । विश्व इतिहास र विश्व सन्दर्भको पुनरावलोकन गर्दा प्रायशः वैयक्तिक र सामूहिक दुराशाले सामाजिक जीवन बाध्यात्मक करकापमा पर्दछ । व्यावहारिक जीवनको 'ब' र सैद्धान्तिक पक्षको 'स' पनि राम्ररी पूर्वानुमान गर्न नपाएका एवम् नभ्याएका नवपुस्ता केही धूर्त टाठाबाठाको राजनैतिक कुटिलतामा लिप्त रहन्छन् र यसको स्वार्थकेन्द्री गूढता तिनले आत्मोसर्गपश्चात पनि कहिल्यै बुझ्न पाउँदैनन् ।

कथाकृतिमा 'सपनाबाट ब्यूँझिएको क्षण', 'अपराधबोधले लखेटिएको मन', 'आफैँसँगको एउटा युद्ध', 'धरालो', 'झुमा', शिकार र शिकारीहरू, 'मेनका', 'अभिव्यक्ति' 'काँचुली', 'अभिनय', 'काले गाइने', 'अतृप्त सपना तैरिएका आँखाहरू', 'भाडाको कोख', 'चेतनाको बीज', 'सिर्जना' तथा 'विस्थापन'

गरी १६ ओटा रचना छन्। समय समयमा लिखित यी कथाहरूको दृष्टिघनत्व र आयाम एकै किसिमको छैन। तीबीच कतिपय विशिष्ट र केही विवेचनीय छन्।

प्रस्तुत विवेचनामा 'आफैँसँगको एउटा युद्ध', 'शिकार र शिकारीहरू', 'काले गाइने', 'अतृप्त सपना तैरिएका आँखाहरू', 'चेतनाको बीज' र 'कम्लरी'जस्ता छ ओटा कथाको आधारमा सापेक्षतः सर्जकको राजनैतिक उठान, सिर्जनात्मक उद्देश्य र सन्देशलाई छाम्न खोजिएको छ।

सर्जक प्रत्येक रचनामा मान्छेको 'सर्वपक्षीय अस्तित्वसत्ता'लाई मूल्य र परिवर्तनका दृष्टिले नियाल्छन् एवम् आफ्नो भावचेष्टा प्रष्टयाउँछन्। समकालीन चेतनशील समाजमा राजनैतिक मनोविज्ञान (पोलिटिकल साइकोलोजी) ग्रहण नगरी र नठम्याई मान्छे अगाडि बढ्न नसक्ने हुन्छ। विकसित र अल्पविकसित देशका आर्थिक प्राविधिक र वैज्ञानिक वा अन्य चाँजोपाजो जस्तोसुकै होओस् राजनीतिको ज्ञान र सुनिश्चित 'मापदण्डको जानकारी सबैलाई अत्यावश्यक छ। प्रत्येक वातावरण र परिवेशका आन्तरिक र बाह्य स्थितिहरू फरक भए पनि मूल प्रवृत्तिले प्रत्येक ठाउँको व्यक्ति निर्देशित रहेको हुन्छ।

कथाकारले आफ्ना केही रचनाहरूमा राजनैतिक अतिवादलाई सीमातीत भर्त्सना गरेर प्रत्येक ठाउँको राजनैतिक पद्धतिमा विगत र वर्तमानको तालमेलले यौटा स्वस्थ पद्धति जन्मोस् भन्ने शुभेच्छा प्रकट गरेको भेटिन्छ। पारिवारिक, सामाजिक र याथार्थिक दृष्टिले सर्जकका कथालाई भावचेत वैशिष्ट्यको उत्कृष्ट नमूना मान्न सकिन्छ र यिनका आत्मपरक दृष्टिबिन्दुको मन्थन एवम् निष्कर्ष सराहनीय छन्। यसो भए पनि पूर्णाङ्गी दृष्टिले यिनले कथासूचक शिल्पाधानमा ध्यान दिँदै जानुपर्ने स्थिति छ। संरचनात्मक दृष्टिले कतिपय रचनाका अन्तर्वस्तुको शिल्प संयोजन दुर्बल छन्।

कथावस्तु, चरित्र, संवाद, पर्यावरण, शैली, उद्देश्य, दृष्टिविन्दु र विम्बप्रतीक प्रयोगजस्ता तत्वहरू प्रायशः धेरै कथामा सुपुष्ट र समुन्नत भए पनि केही विश्लेषणोन्मुख स्थितिमा छन्। हामी सामाजिक यथार्थ, आलोचनात्मक यथार्थ र प्रगतिवादी यथार्थको उत्तम बान्की यिनका निर्दिष्ट र संकेन्द्रित कथाहरूमा पाउँछौं। सजर्कले 'आफैंसँगको एउटा युद्ध'मा आस्थाको अन्तर्द्वन्द्वमा परेका विद्रोही घाइतेलाई प्रौढ घरबेटी र उनकी किशोरी छोरीले बचाएको प्रसङ्ग देखाएका छन्। आफूहरू स्वयम् सशस्त्र द्वन्द्वको विषयमारले थालिएको परिवार भएकाले युद्धाहत बचेका हुन्। वन किन्नरीझैँ रहेकी जनजातिकी युवतीको आमा सैनिक पक्षबाट र भाइ विद्रोही गुटबाट मारिएकाले एक्काईसौँ शताब्दीको चेतनशील पृष्ठभूमिमा राजनैतिक अभीष्टका लागि कुनै पनि प्रकारको पारस्परिक हिंसालाई सर्जकले त्याज्य ठानेका छन। 'शिकार र शिकारीहरू'मा दमग्रस्त मिजार बूढो र उनकी तरुणी छोरीको विम्बात्मक वृत्तान्त छ। राज्यपक्षका हृदयहीन क्रूरहरूले फगत सङ्ख्या बढाउन कसरी ती दुईको हत्या गर्छन् त्यसको विश्लेषण कथ्यसम्वद्ध रचनामा छ। सर्जक राज्यपक्ष र विद्रोही समूहबाट हताहत अधिसङ्ख्यक व्यक्ति साधारण नागरिक रहेको यथार्थ व्यक्त गर्छन्। यसैप्रकार 'काले गाइने' मा जेठोबाबुले देखेको तीनपुस्ते गाइनेका पीर र व्यथा रचनामा छ। नायकले धेरै वर्षपश्चात् कालक्रममा गन्धर्वहरूको सारङ्गी रेटाइ तिनीहरूको मनोरञ्जनको कार्य व्यापार नभई कठोर जीवनयापनको रोजगारीको साधन रहेको यथार्थ बुभ्दछ।


गरीब र उत्पीडितको लुखुरे, काले र पिउसो नाउँ पनि ठूल्बडा अभिजातले राखेकाले कतिपय निरीह नागरिकको सीमान्तीकरणले गर्दा मौलिक सामाजिक पहिचान गुमेको पक्ष सर्जकले जनाएका छन्। 'अतृप्त सपना तैरिएका आँखाहरू' मा मध्यमवर्गीय परिवारका कर्मवीर शिक्षक पारस आफूले शिक्षाको सुनौलो ज्योति फैलिएको दूर्गम थलोमा दुराग्रह वस गोलीले भुटिन्छन्। दशौँ वर्षदेखि उक्त अनकण्टार ठाउँमा रहेर छोरी आउने दिन विद्रोही पक्षमा संलग्न शोषकका मतियारबाट अनायास पारस मारिन्छन्। प्रतिक्रियावादी भूलले जीवन गुमाएका त्यागी र निर्दोष शिक्षाप्रेमीको जीवनगाथा यसमा छ।

'चेतनाको बीज' मा नेपालमा विद्यमान छुवाछुत र जातीय उत्पीडनको संकीर्णताको शब्दचित्र छ। गौतम, गान्धी, अम्बेडकर र वाचनशिरोमणि नारायणप्रसाद पोखरेलले संसारभरका समस्त मान्छे एकै हुन् भने पनि मानवीय समाजमा वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय विषय विभेद

जस्ताका तस्तै छन् । कालक्रमिक ऐतिहासिक जनदिशा २०६४ ले यस महारोगको परितापलाई एक्कासी समाप्त गर्न सकेको देखिँदैन । जाति बन्धन तोड्ने भगी र किस्ने रोकायाको विद्रोहसूचक विवाह दुश्चिन्ताले त्यो यथार्थ खुल्दछ ।

आशयकेन्द्रित अन्तिम कथा 'कम्लरी' मा सुदूर पश्चिमाञ्चलका थारु समुदायमा वर्ष वर्ष दिनको माघीमा द्रव्यार्जनका निम्ति स-साना गाउँले केटाकेटी साहु र पुँजीपतिकहाँ पठाउने परम्परा र कुप्रथाको प्रस्तुतीकरण छ । गरिब दम्पती हरिया र विदेशियाले पार्वतिया र रुकमतीजस्ता दुई कलिली चेलीबेटी घर-गृहस्थीको खर्चका लागि साहुकहाँ पठाउनुपर्ने आर्थिक बाध्यतालाई यसमा दर्शाइएको छ । आदिवासी जनजाति दलित र अशिक्षितका छोराछोरीले विपन्नताले गर्दा सानैदेखि अरूको दासत्व सहनु पर्ने आत्मपीडा यस कथामा छ । सर्जकका रचनाहरूलाई राजनीतिपरक, नारी संवेदनापरक, बाल मनोविज्ञानपरक र आदर्शोन्मुख यथार्थपरक बुँदाको आधारमा वर्गीकरण गर्न सकिन्छ । अधिकांशले नेपाली राजतन्त्र र सामन्तीतन्त्रलाई प्रशस्त नकारात्मक किसिमले प्रस्तुत गरे पनि यसका केही विगतकालीन श्रेयांशलाई कसैले विस्मृत गर्न नहुने देखिन्छ । सामान्यतः सामन्तवादको प्रतीक १०४ वर्षको राणाकालीन कुटुम्बतन्त्र र राष्ट्र एकीकरणकर्ता राजतन्त्रको भूमिकालाई पृथक रूपमा हेर्नु उचित छ । लोकतन्त्रवाद र साम्यवादमा आधारित राजनैतिक पद्धतिहरूको निष्कर्षात्मक विशिष्ट स्वरूप प्रजातान्त्रिक समाजवाद हो ।

शाक्य गणतन्त्र र लिच्छवि गणतन्त्रको इतिहास रहेको नेपालमा लोकतान्त्रिक गणतन्त्रको नारा सुनिए पनि गणतन्त्र हिंसातन्त्र अर्थात बन्दूकतन्त्रमा परिणत नहोस् त्यसमा प्रत्येकको सजगता आवश्यक छ । राजनैतिक उद्देश्य र सत्ता प्राप्तिको लागि प्रत्येकबाट भएका वैध र अवैध गतिविधि आफ्ना ठाउँमा भए पनि धरातलीय यथार्थ र राजनैतिक संस्कृति (पोलिटिकल कल्चर) बिर्सेर स्थापित कुनै पनि शासनप्रणाली नेपालमा आफाप हुने प्रष्ट छ । यसको मार्मिकतालाई राजनीतिका पण्डितहरूले थेरथोर समाङ्कलन गर्न जरुरी रहेको यथार्थ सर्जकले प्रस्तुत गरेको महसूस हुन्छ ।




सर्जकले आफ्ना राजनीति र सशस्त्रद्वन्द्व केन्द्रित कथाहरूमा उग्रवामपन्थी, उग्रदक्षिणपन्थी र सैन्यपन्थी कुनै पनि प्रकारको असहभागी अधिनायकवादी शासन शैलीलाई नेपाली जनताले दुत्कारेको सारयुक्त अर्थवत्ता खिचेका छन् । मध्यमार्गी र अग्रमार्गी मिलेर नेपालको सुधारोन्मुख राजनीतिलाई सामाजिक न्याय र सुदृढ दिशा दिनुपर्ने सङ्केत सर्जकले गरेको पाइन्छ । राजनैतिक दृष्टि (भिजन) र परिधि (पेरिफेरि) मा सोच्दा सर्जकले सीमान्तीकरण र सामन्तीकरणको दुरी घटाई समृद्ध नेपालको चिन्तन गरेको भेटिन्छ । यिनका सिर्जनालाई आधुनिक नेपाली आख्यानशास्त्र र बौद्धिक क्षेत्रमा विकल, ध्रुवचन्द्र गौतमजस्ता कथामहारथी तथा अन्य अगुवा समवर्तीसित समीचिनात्मक दृष्टिले तुलना गर्न सकिन्छ ।

समकालीन कथा धारामा समायोजना र नवचेतनाको आलोक छर्ने सर्जकको **अग्निचक्र** (२०६२), विविध दृष्टिले प्रशंसनीय छ । विशेषीकरणको मानकमा यिनका युद्धकथाहरूको अभिव्यजना संप्रेषणीय छ तथा रहने छ । पालिसे नभएकोले सामाजिक यथार्थका अग्रणी चिन्तक विजय चालिसे विद्रोही स्रष्टा हुन् । प्रतिक्रियाभन्दा अन्तर्क्रिया ठूलो, घृणाभन्दा प्रेम ठूलो एवम् युद्धभन्दा शान्ति ठूलो मान्ने मानवतावाद, बहुलवाद, यथार्थवादका संवाहक वधिष्ठगोत्री विजय चालिसे (सम्वत २००८) आधुनिक नेपाली साहित्यको नवलेखनका प्रतिनिधि हुन् ।

मानवीय संस्कृति र सभ्यताको क्रमिक अन्तर्विकासका लागि यिनी पारस्परिक सहकार्य, समभदारी र सहमति आवश्यक ठान्छन् । कथाकृतिको 'अग्निचक्र' शीर्षकले जीवनसङ्घर्षको उपयोगिता र दुस्साहसिकता सूचित गरेको लाग्दछ ।

बीरगञ्ज

# रहर

- *एकनारायण पौड्याल*

दसैंका दिन नयाँ लुगा लगाउन पाएको हुनाले हरि निकै खुशी थियो । टीका थाप्ने समय भएपछि बाबुले उसलाई टीका लगाइदिए र आशीर्वाद दिँदै भने - 'राम्रोसँग पढेर चार कक्षामा फस्ट भइस् भने साइकल किनिदिन्छु । पछि एस.एल.सी.मा राम्रो अङ्क ल्याएर पास भइस् भने साइन्स पढाइदिन्छु, बुझिस् ! अनि डाक्टर-इन्जिनियर बन्लास् नि पछि ।'

हरिले कुम हल्लाएर बाबुले दिएको आशीर्वाद अस्वीकार गऱ्यो ।

बाबुले सोधे - 'किन ?'

उसले भन्यो - 'नाइँ म त डाक्टरसाक्टर बन्दिनँ ।'

बाबुले फेरि हाँस्दै भने - 'के बन्छस् त, हली ?'

'नाइँ नाइँ केही पनि बन्दिनँ ।' उसले फेरि पनि कुम हल्लाउँदै मुखले पनि अस्वीकार गऱ्यो ।

यसैबीच उसको हाउभाउ नियालेर बसिरहेकी आमाले भनिन् - 'ल भन त आफैँ, तिम्रो के बन्ने इच्छा छ ?'

यसरी 'तिमी' भनी आमाले सहानुभूतिपूर्वक सोधेपछि भुइँमा खसेको जमरा कानमा अड्याउँदै हरिले भन्यो - 'म त सुमनका बाजस्तै ठूलो नेता बन्ने हो । हेर्नू न सुमनलाई ! पोहरसाल सस्तोमा पाएँ भनेर चोरीको साइकल किन्दा एक रात प्रहरीचौकीमा बसाथ्यो; अहिले बाबु मन्त्री भएपछि सँगै पजेरोमा हिँड्या छ । हजुर (बाबुतिर हेर्दै) पनि एमएस्सी गरी प्रर्ध्यापक (प्राध्यापक) हुनुभएको होइन ? साइन्स पढेर के भयो खै ? न मेरो पढ्ने कोठा छ न स्कुल जाने साइकल छ । हजुरहरू जेसुकै भन्नुहोस्, म त सुमनका बाजस्तै ठूलो नेता नै बन्ने हो ।'

*-पाल्पा*

# सजाय

- *अरुणबाबु खत्री 'नदी'*

रामचन्द्रले आफ्नो बाबुलाई सञ्चो नहुँदा अस्पताल लैजान ट्याक्सी खोज्यो । उसले एउटा ट्याक्सी खाली देख्यो र ट्याक्सी ड्राइभरसँग भन्यो - 'मेरो बुबालाई अस्पताल लैजानुपर्ने भएको छ जाऊँ न मेरो बुबालाई लिन !'

ट्याक्सी ड्राइभरले 'हुन्छ' भन्दै उसको बाबुलाई लिन ट्याक्सी लिएर ऊसँग गयो ।

उसको घरसम्म ट्याक्सी नपुग्ने भएकोले बाटोको मोडमै ट्याक्सी रोक्न लगायो र ड्राइभरलाई भन्यो - 'एक छिन यहाँ नै बस्नू है, म घरबाट बुबालाई ल्याइहाल्छु ।'

यसै क्रममा, त्यहीँ ठाउँमा एउटा ट्राफिक-प्रहरी आइपुग्यो र उसले सिठी फुक्दै ड्राइभरलाई गाली गर्न लाग्यो -'किन राखेको हँ यहाँ ट्याक्सी ?'

'त्यहाँ भित्र घरबाट एक जना बिरामीलाई अस्पताल लानुपर्ने भएकोले पर्खेर बसेको ।' ड्राइभरले स्पष्टीकरण दियो ।

'यहाँ कहाँ रोक्न पाइन्छ ट्याक्सी ?' ट्राफिक-प्रहरीले ठूलो स्वरमा ड्राइभरलाई हकाऱ्यो ।

ड्राइभरले सानो स्वरले भन्यो - 'बिरामी लिएर गइहाल्छु नि दाजु म ।'

ट्राफिक-प्रहरीले नियमको कुरो उठायो - 'हुँदैन, यस्तो नियमविपरीत काम गरिसकेपछि कारबाही हुन्छ ।'

'के ? कस्तो कारबाही ?' ड्राइभरले प्रश्नसूचक दृष्टिले ट्राफिकलाई हेऱ्यो ।

ट्राफिक-प्रहरीले कारबाहीको विवरण सुनायो - 'कि दुई सय रुपैयाँ जरिवाना तिर, होइन भने मसँग बग्गीखाना हिँड !'

कथा

# चा

# खाडल



हिरण्यकुमारी पाठक

रैतिर पहाडैपहाडको सुन्दर मनोहर दृश्य देखिने सानो चिटिक्क परेको घर लिएकी थिइन् अलकाले। हरियो गाढा रङ्गको घाँस जसको चारैतिर विभिन्न रङ्गको फूलहरू फुलेका हेर्दैमा मन शान्त हुने। यही मनोहर दृश्यले शान्तिको लागि नै यो घर रोजेकी हुन् उनले। बगैँचामा आरम कुर्सीमा विभिन्न फूलहरू फक्रिएको, फुल्न लागेको, कोपिला भएका र झर्न लागेका आदिको लेखा-जोखा गरिरहन्थिन् अलका। अनि कुन बोटलाई कति स्याहार, कस्तो मल र स्याहारको आवश्यकता छ तुरुन्त व्यवस्था गरिहाल्थिन्। फूलका बोटहरूसँग अलकाको कुरो मिल्दथ्यो।

मायाले मुसार्दै कोपिला गुलाफलाई धेरै बेरसम्म गालामा लगाइरहन्छिन्। यसो गर्दा उनलाई आफ्नी प्यारी छोरीको सम्झना सलबलाइरहन्छ। एकै छिन उनको मायाको आँसुले रसाउँछ गुलाफको कोपिला। गुलाफभित्रै हराउन चाहिन्छिन् अलका।

उनले त्यो गुलाफको बोटको नाम राखेकी थिइन् सृष्टि। हो, उनकी छोरी सृष्टि। छोरीको आगमनको खुशी पूर्ण रूपले मनाउन नपाउँदै सृष्टिलाई निमोनिया भयो र जीवनको चौथो दिन नै आमा बाबु भन्न नपाउँदै आफ्नो प्यारो गुलाफको फूलजस्तो नरम, रातो-रातो प्यारो गाला, सानो नाक र चिम-चिम गरिरहेको हँसिलो सा-साना आँखाको स्मृति छाडेर गई सृष्टिले। यही अतीत अलकाको आँखासामु आइरहन्छ र त्यसैलाई आत्मसात गर्न उनी साँझपख यिनै गुलाफको बोटमा आइबस्छिन्। र, यो गुलाफी रङ्को प्यारो गुलाफलाई सृष्टिलाई प्रेम गरेझैँ गर्दछिन् जसबाट उनलाई अपार शान्ति हुन्छ। सन्तानप्रतिको चाहनाको वात्सल्यको सुखद अनुभूति हुन्छ अलकालाई।

तर आज अलकालाई यो गुलाफलाई माया गर्दा पनि शान्ति प्राप्त भएन। उनी बगैँचाको चारैतिर घुम्दै आफ्ना सबै प्यारा-प्यारा फूलहरूलाई मुसार्दछिन्। तर

पनि मन चन्चल भइरहेछ । विगतका पानाहरू पल्टाउन मन लागिरहेछ । उनी त्यो बगैंचामा भएको आराम-कुर्सीमा पल्टिन्छिन् । आकाशमा टुक्रा-टुक्रा बादलहरू छरिएका छन् । ती टुक्राहरू कहिले बिस्तारै जोडिएजस्तै, कहिले फेरि पर-पर गएझैं । अलकालाई यस्तै आफ्ना जिन्दगीका घटनाहरू पनि बिस्तारै पर-पर गएझैं लागिरहेको थियो । त्यो दिन कस्तो अनौठो घटना भयो ! सृष्टिको मृत्युको कुरा सुनेपछि उनको श्रीमान्लाई उनले कहिले पनि साथमा पाइनन् । हुनसक्छ, यसमा उनकै कमजोरी पनि थियो होला । अलकालाई अकस्मात् आमा भएर पनि शून्य कोख भएकोमा ठूलो चोट पुगेको थियो । उनी न रुनु न हाँस्नु भन्ने स्थितिमा थिइन् । अस्पतालबाट घर आएपछि उनी एकान्तप्रेमी भइन् । छोरीको सम्झना र आकस्मिक शून्यताले अलकाको हृदयले सामान्य रूप लिनै सकेको थिएन । उनी र उनको श्रीमान् सज्जनबाहेक घरमा कोही पनि थिएनन् । उनलाई पतिबाट कुनै ढाढस वा सान्त्वना र मायाका शब्दहरू आएनन् । उनी एकदमै मौन भइन् । दैनिक घरधन्दापछि कोठामा नै एक्लै बस्ने भइन् । सज्जनले कुनै प्रतिक्रिया देखाएनन्, बरु उनी राती-राती आउन थाले ।

एक दिन अलकाको साथीले आएर अलकालाई सम्झाई - 'यसरी मृत छोरीको सम्झनामा आफूलाई हराएर बस्दा आफ्नो घर-गृहस्थी नै तैले बिगार्न लागिस् अलका ! तेरो सज्जनलाई म अर्कै केटीसँग हिंडेको देख्छु । के गरेकी यो आफ्नो घर ? लोग्नेलाई हेर् र आफ्नो जिन्दगी कसरी सफल बनाउनेतर्फ ध्यान दे अलका ।' अलकालाई मित्रले आफ्नो कर्तव्यतर्फ सजग गराइन् । अलकाको मनमा पनि लाग्यो - हो त नि, आजकल सज्जन राती-राती आउँछन् । हाम्रो बीच केही कुराकानी पनि छैन । मलाई यस्तो दुखद अवस्थामा पनि हेर-विचार, माया केही गरेका छैनन् । के हो यस्तो ? किन यस्तो परिवर्तन ?

त्यस दिन धेरैपछि अलकालाई होश आयो । तर ढिलो भइसकेको थियो । त्यस दिन राती अलकाले सज्जनसँग कुरा गरिन्, राती-राती आउनका कारण सोधिन् र आफूलाई यस्तो सन्तानको दुःख परेको बेलामा पनि एक शब्द पनि मायाको सान्त्वना नदिएकोमा दुःख प्रकट गरिन् । तर सज्जनलाई केही असर भएन । ऊ सधैंझैं खाना खाएर ओछ्यानमा पल्टिहाले । अलकालाई आज उनीसँग खोजीनीति गर्न मन लाग्यो । उनले पुनः बिस्तारै सज्जनसँग कुरा कोट्याउन थालिन् र अन्तमा कुरो टुङ्गोमा पुग्यो । केटीको बारेको कुरो उठ्नेबित्तिकै सज्जन एकदमै उत्तेजित भएर आवेशमा चिच्यायो - 'हो, हो मेरो सम्बन्ध छ केटीहरूसँग, के गर्छौ तिमी ? मलाई रोक्छौ ?'

अलका एक छिन अवाक भइन, तर आफूलाई सम्हाल्दै सोधिन् - 'किन, किन सज्जन ! तिमीलाई के नपुगेको छ र तिमी बाहिर केटीहरूसँग घुम्ने गर्छौ ?'

अलकाको प्रश्न र भावनाले सज्जनलाई कुनै असर भएन ऊ एकनासले भन्दैगयो - 'म तिमीसँग वाक्क भैसकें । म एउटा खुला दिलको मानिस हुँ जसलाई चाह्यो मन पराउँछु, घुम्छु । कसैले मलाई रोक्न सक्दैन, बुझ्यौ ? तिमीलाई घर छ, बस ! नत्र जहाँ जान मन छ जाऊ, मलाई केही वास्ता छैन ।'

सज्जन अर्को कोठामा गएर सुत्यो । एकै छिनमा कोठामा भयङ्कर तुफान आएझैं भयो अलकालाई । आफूले नसोचेको कुराहरू सुन्नु पऱ्यो । तर यसमा आफ्नो त केही गल्ती नै भेट्टाउन सकिनन् अलकाले । सम्पूर्ण घरको रेखदेख गरी कति राम्ररी जीवन-यापन भइरहेकोमा आफूलाई दुःखको पहाड आएको बेला झन् यत्रो निर्णय । 'बस्न मन भए बस नत्र जहाँ गए पनि वास्ता छैन ।' यो वाक्यले आफूलाई त एउटा फाल्तु वस्तुजस्तो लाग्यो । अलकाको मन विचलित भयो, नारी एक फाल्तु वस्तु त होइन पहिले चाहियो भित्र्यायो, मन परेन लत्यायो । यो के हो ? नारीको अस्तित्वसँग खेलवाड गर्ने अधिकार कसले दियो पुरुष जातिलाई ? दुःख-सुखको साथी भनी विवाह गरेपछि कति सजिलै आफूखुशी पन्छाउन सक्ने र एकाधिकार निर्णय सुनाउन सक्ने कस्तो अहम् पुरुष जातिमा ? उनलाई सज्जनको यो रूप अति नै घृणित लाग्यो । मन खिन्न त छँदै थियो, अब एक छिन पनि यस घरमा बस्न मनले साथ दिएन ।

त्यसै रात सुटकेसमा आफ्ना जरुरी सामान लिएर

अलका निस्किन् स्वछन्द जीवनको खोजीमा । उनको मनमा आदिकालदेखि शोषण भइरहेकी नारीजस्तो भएर बाँच्न ऊ चाहन्न थिइन् । दुई आत्माको मिलन र प्रेमबाट नै जिन्दगीको रथ दौडिन्छ । तर घृणा र अवहेलनाबाट बाँच्नुभन्दा आफ्नै एउटा स्वच्छन्द जीवनयापन गर्नुमा अलकाले गौरव ठानिन् । उनले त्यस रात उनको साथीकहाँ आश्रय लिइन् । र भोलिपल्टदेखि एउटा डेराको खोजी गरिन् ।

अलकालाई यस सहरबाट टाढा बस्न मन लागेकोले पहाडै पहाडको मनोहर दृश्यमा एउटा सानो घर लिइन् । जहाँ उनी छिन् पहाडका उदय हुने दृश्यहरू छ र निश्चल माया गर्ने एउटी त्यसै गाउँकी सानी छ । बिस्तारै अलकाले आर्थिक आर्जन गर्न घर कम्पाउण्डमा फूलहरू रोपिन् - जसले गर्दा घरको सुन्दरताको साथै आर्थिकोपार्जन गर्ने बाटो पनि भयो । उनलाई सानैदेखि फूलको शौक थियो ।

जीवनका शून्यता र कटुता यिनै फूलहरूसँग साटासाट गर्दै जीवन लम्केको पत्तै भएनछ अलकालाई । शान्त जीवन, कसैको कटु-शब्दका जन्जालभित्र कुँडिन नपर्ने भएकोले अलका आफ्नो बाटोमा धेरै नै खुसी छिन् । आत्मबल बढाई आज उनी उन्नतिको बाटामा अघि बढ्दैछिन् । उनलाई फूलको अर्डर ठाउँ-ठाउँबाट आउँछ । कतिपय फूलहरूको सुन्दरता विदेशमा पनि चर्चा भइसक्यो । समय-समयको चाडपर्वमा अलका अति नै वेफूर्सदी हुन्छिन् । आज आफ्नो मात्रै हैन उनले दश-बाह्र जना गाउँकी केटीहरूलाई आर्थिक टेवा दिन सफल भएकी छन् । हिजो आज उनको 'सृष्टि फूल' उद्योगको निकै चर्चा छ ।

यस्तै चर्चाको फलस्वरूप एक दिन उनको बगैंचामा बिहानी पख खोज्दै-खोज्दै सज्जन आज पाँच वर्षपछि अलकाको खोजी गर्दै त्यहाँ आइपुगे । उसलाई देख्दैमा अलकाको मन मैलो भयो । आँखामा घृणा उत्पन्न भयो । उसलाई बसाउने पनि मन भएन । यति टाढा आएर बस्दा पनि कसरी पछि लाग्न सकेको । एकै छिन त अलका तस्बिर भइ ठिङ्ग उभिइरहिन् ।

- 'किन ! किन मलाई चिनिनौ अलका ?' कोठाभित्र सरासर पस्दै सज्जले भन्यो ।

- 'चिनैं, किन नचिन्नु !' उत्साहविहीन स्वरमा उनले प्रत्युत्तर दिइन् ।

- 'कति राम्रो, कस्तो रमाइलो ठाउँ रोजिछौं अलका तिमीले ! मलाई त अति नै मन पर्‍यो ।'

- 'किन मन पर्‍यो तिमीलाई सज्जन ?'

सज्जन नाजवाफ भए ।


- 'त्यस रात त तिमी मसँग वाक्क भै सकेका थियौ । जहाँ गए पनि जाऊ भन्दै थियौ, आज अचानक किन सम्झना भयो तिमीलाई मेरो ?' आवेशमा अलकाका आँखा रसाए, गाला राता राता भए, ओंठ थरथर भयो ।

- 'हैन, हैन हेर अलका ! तिमी यसै रिसाएर गयौ । मलाई कति पछुतो भयो । मैले तिमीलाई कति खोजें । आखिर जीवन नै त हो कति दिन तिमीवेगर बस्न सक्छु र म ? तिमीलाई खोज्दै-खोज्दै आएँ । अब हाम्रो मिलन पुनः हुनेछ आऊ अलका आऊ ।' अलकाछेउ सज्जन आफ्नो पुरुषत्व देखाउँदै निर्लज्ज भएर अँगालोमा भित्र्याउन अघि बढ्यो ।

'तिमी ! तुरुन्त निस्किहाल सज्जन यहाँबाट ! निस्किहाल, म तिमीजस्तो छेपारोले रङ्ग फेरेझैं फेर्ने मानिस हैन । म एउटी स्वाभिमानी नारी हुँ । मेरो पनि एउटा अस्तित्व छ । जैले मन लाग्यो अँगाल्यो र जैले मन लाग्यो निस्की जा भन्ने अस्तित्वहीन मानिससँग बाँच्नमा कदापि सक्तिनँ । पति-पत्नी भनेको दुःख, सुखको साथी हो । एउटी आमालाई सन्तानको विछोडको असह्य पीडामा सान्त्वना दिई उसको आत्मबल बढाउन नसक्ने उल्टो अपशब्दको व्यवहार गर्ने मेरो पति कदापि हुन सक्दैन र त्यस्तो मानिससँग म जीवन सुखी भई बाँच्न सक्तिनँ । त्यसकारण तिमी जाऊ, मलाई मेरो शान्तिमय चौतारीमा बाँच्न देऊ !' अलकाले सज्जनलाई घरको ढोका सदैवको लागि बन्द गरिदिइन् ।

नजानी वा जानेर आफूले खनेको खाडलमा सज्जनलाई आफैं धँसिदै पाएको महसूस भयो ।

# पाँच मुक्तक





बरु

(एक)

सुन बेचेर नून किन्छौँ हामी
आकाश बेचेर जून किन्छौँ हामी
बेच्नलाई यति खप्पिस छौँ कि
भेँडा बेचेर ऊन किन्छौँ हामी ।

(दुई)

सबैलाई दुविधामा राख्ने भ्रम नरोकिए
गरिब अझै गरिब हुने श्रम नरोकिए
उठ्छ हिमाल, पहाड, तराई फेरि आगो बनी
जनतालाई दास बनाउने क्रम नरोकिए ।

(तीन)

समस्यासँग जुध्न लड्नसक्ने पो त मान्छे,
बाधा पन्छाई अघि बढ्नसक्ने पो त मान्छे,
तल बसी खुट्टा जसले तान्छन्-तिनैलाई,
सिँढी बनाई माथि चढ्नसक्ने पो त मान्छे ।

(चार)

हलोको काम गर्दैन बन्दुकले
माटोमा पसिना छर्दैन बन्दुकले
गरिबको गाँस काटी थुपार्ने किन त ?
जब केही गर्नुपर्दैन बन्दुकले ।

(पाँच)

अरूलाई मासी आफू फाङ्गिनलाई बेकार भन्छु
देख्नेले आँखा छोप्नुपर्ने नाङ्गिनलाई बेकार भन्छु
लिएपछि उचाइ त्यो, अटल रहोस् सधैँभरि
बाँसकोझैँ अग्लिएर बाङ्गिनलाई बेकार भन्छु ।

# अनूदित दुई पुस्तक

कृति : पृथ्वी घुमिरहेको छ
(अनुवाद नाटक)
नाटककार : बर्तोल्त ब्रेख्त
अनुवादक : होमर श्रेष्ठ
प्रकाशक : रत्न पुस्तक भण्डार
मूल्य : रू.१४५/–




कृति : अग्निपर्व
(अनुवाद उपन्यास)
उपन्यासकार : हिमांशु जोशी
अनुवादक : भागीरथी श्रेष्ठ
प्रकाशक : रत्न पुस्तक भण्डार
मूल्य : रू. ९५/–




नेपाली साहित्यसँगै विश्व साहित्यको पनि अध्ययनको खाँचोलाई महसुस गरेर रत्न पुस्तक भण्डारले नेपाली भाषामा अनूदित पुस्तक प्रकाशित गर्ने उपलब्धीमूलक सत्कार्य गरेको छ। यस कार्यअन्तर्गत झण्डै झण्डै एकै समयमा दुई ओटा अनूदित पुस्तकहरू बजारमा आएका छन्। पहिलो पुस्तक एउटा नाट्यकृति हो जसको नाम हो **पृथ्वी घुमिरहेको छ**।


प्रस्तुत पुस्तकको मौलिक नाम 'द लाइफ अफ ग्यालिलियो' हो। भौतिकशास्त्री एवम् खगोलविद् ग्यालिलियोको वास्तविक जीवनलाई आधार बनाएर लेखिएको चौध दृश्यमा विस्तारित यो पुस्तकका अनुवादक होमर श्रेष्ठ हुन्।

मनोविज्ञानको चेत बोकेको उपन्यास **अग्निपर्व**का मूल लेखक हुन् हिमांशु जोशी। नेपाली नारी-हस्ताक्षर भागीरथी श्रेष्ठले आफ्नो मौलिक लेखनको अतिरिक्त यो उपन्यासलाई अनुवाद गरेर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन्।

पुस्तकाकारको रूपमा यसरी आउनुअघि नै धारावाहिक रूपमा प्रकाशित भैसकेको यो उपन्यासले गरिब समाजको व्यथालाई मूल केन्द्रबिन्दु बनाएको छ। उपन्यासभित्र नायिका गोमती एक त्यस्ती चरित्र हुन् - जसबाट पाठकहरू अत्यन्त द्रवित हुन पुग्छन्, पीडित हुन पुग्छन्। यही नै यो उपन्यासको सार्थक पक्ष हो।

# काव्यिक नियात्रा

कृति : अमेरिका
(लामो कविता/नियात्रा)
लेखक : शैलेन्द्र साकार
प्रकाशक : आश तथा निअ केन्द्र
मूल्य : रू.१५०/– र $ ५/–



विश्व साहित्यमा नियात्रालाई काव्यात्मक रूपमा लेखिएका पुस्तकहरू पाइन्छन् तर नेपाली साहित्यमा कवि शैलेन्द्र साकारकृत **अमेरिका** सम्भवतः पहिलो काव्यात्मक नियात्रा हो। एक दृष्टिकोणले, उत्तरआधुनिकताभित्र भन्ने गरिएको विधाभञ्जनको यो एउटा प्रयोग पनि हो - नेपाली साहित्यमा यो पुस्तक। त्यसो त, पुस्तकभित्र सिङ्गो रूपमा काव्यिक नियात्राको मात्रै आधिपत्य छैन, गद्यात्मक भएर अर्को खण्डमा विभाजित पनि भएको छ।

अमेरिकाको काल्पनिक उडान गर्ने पाठकहरूका लागि यो कृतिले भरपूर कवितात्मक सहयोग पुऱ्याउन सक्नेमा विश्वास लिन सकिन्छ।

## यौन कथा




कृति : यौन र पीडा
(कथासङ्ग्रह)
कथाकार : विश्वम्भर चञ्चल
प्रकाशक : पैरवी प्रकाशन
मूल्य : रू.१११/–

विभिन्न दृष्टिकोणहरू प्रयोग गर्ने सोचअनुरूप साहित्यमा 'यौन' विषयले पनि प्रवेश पाउँदै आइरहेको छ। मूलतः कथा विधामा यौनको प्रयोग गरिको भेटिन्छ। कथाकार विश्वम्भर चञ्चलको कथांसङ्ग्रह **यौन र पीडा**भित्रका कथाहरू यस तथ्यको पुष्टि गर्न सक्षम छन्। तर, यी कथाहरूलाई केवल सस्तो किसिमले यौन-दृष्टिकोणले मात्रै हेर्न मिल्दैनं। **यौन र पीडा**भित्रको भूमिकामा प्राडा डीपी भण्डारी लेख्छन् - '...उनको यौन चेतनामा यौन तृष्णाका छद्म घोषणापत्र अवश्य पनि होइन, एक अनुभवी साहित्यिक कलाकारको रोचक निरीक्षण हो।

- *विमल*

## स्मृति नै स्मृति




कृति : सम्झनाका तरेलीहरू
(संस्मरण निबन्ध)
लेखक : अमर नेम्वाङ लिम्बू
प्रकाशक : मोडर्न बुक्स, काठमाडौं
मूल्य : रू.१७५/–

**सम्झनाका तरेलीहरू** १५१ पृष्ठमा फैलिएको संस्मरणात्मक कृति हो। यसका सर्जक अमर नेम्बाङ लिम्बू हुन्। यसमा लामा छोटा आयतनका ३७ निबन्धहरू समेटिएका हुन्। यसले पूर्वी पहाडी जिल्ला ताप्लेजुङ र त्यस वरपरको सेरोफेरोलाई आफ्नो केन्द्रीय कथ्य बनाइएको छ। 'अमेरिका भ्रमणका केही संस्मरणहरू' भन्ने यात्रा संस्मरणात्मक कृति पस्किसकेका नेम्बाङ अत्यन्त प्रौढ परिपक्व सर्जकका रूपमा यस कृतिमा देखा परेका छन्। नियात्रा तथा संस्मरणात्मक निबन्धको फाँटमा उनको उपस्थिति धेरै मूल्य र मानेमा अर्थपूर्ण बनेको छ। उनले यस कृतिलाई सार्वजनिक गरेपछि आफ्ना दर्जनौं सहगामी सर्जकहरूलाई कोशौंपछाडि पारिदिएका छन्। गुणवत्ताका दृष्टिले उनको यस कृतिलाई उपल्लो कोटिमा दर्न सकिने आधारहरू यथेष्ट छन्।

पूर्वीय नेपाली भाषिकालाई उपयोग गरेर यस कृतिमा उनले आफ्नो गाउँठाउँ, प्रकृति, वनस्पति, रूखविरुवा, पशुपक्षीप्रति अपार माया बर्साएका छन्। स्थानीय रङ्गलाई अत्यन्त गाढा स्पष्ट र टड्कारो बनाउनसक्नु नै उनको सफलताको प्रमुख परिचायक हो। कसैले महत्व नदिएको अथवा चाहेर पनि बिर्सेको कुरालाई सम्झाइदिने उनी थोरैमध्येका एक उल्लेखनीय सर्जक हुनसकेका छन्। कविता, कथा, निबन्ध, उपन्यास विधाहरूको पाइन लागेजस्तो अनुभूति गराउने यस कृतिले लोकतत्वलाई ज्यादै सफल रूपमा आत्मसात गरेको छ। यहाँ बाढी-पहिरोको मर्मस्पर्शी कथा छ, गरिब गाउँलेहरूको दुःख छ, सङ्घर्ष छ, चाड-पर्वहरू छन्, संस्कृति र परम्परका सप्रेम सम्झनाहरू छन्। कवितामय बान्की भएका यस कृतिलाई स्वनामधन्य स्रष्टाहरूले पनि पढ्नैपर्छ।

- *लालगोपाल सुवेदी*

कैफियत



विमल भौकाजी
bimalbhaukajee@yahoo.com

# तर्कहरूले हार खाइरहेछन्

• • *धेरैका सामु थोरैको कुनै अर्थ छैन*
*जस्तो कि;*
*अग्लाइको सामुन्ने होचाइको कुनै माने छैन*
*अर्थात्, ठूलाको अधिल्तिर सानाको कुनै मूल्य छैन ।*

• • *हामी तर्क गरिरहेछौं / बेमतलव भइरहेछ तर्क*
• *बलका अगाडि बोलीको तर्क के तर्क ?*
• *बन्दुकका अघि शब्दको तर्क के तर्क ?*
• *तुजुककै विजयोल्लास छ जताततै ।*


• • *स्थापित भएको छ*
*टाउको गनेर 'सत्य' प्रस्ट्याउने मान्यता / त्यहाँ के तर्क ?*
• *बहुमतकै मात्र कदर छ यत्रतत्र*
• *स्पष्ट छ, 'सय'मध्ये सत्य एउटा*
*तर उनान्सय भूठले आधिपत्य जमाएको छ*
• *खोइ, अब किन तर्क गरिरहनु व्यर्थै ?*
*तर्कका तार्किकताहरूले पराजय भोगिरहेछन् ।*

• • *सायद, जीत हुने छैन तर्कहरूको कहिल्यै पनि*
*तर्कविरुद्धका हुङ्कारहरूको साम्राज्यमा*
*निरीह आवाजहरू पलायन हुँदै गइरहेका छन् ।*

• • *यस्तो लाग्छ अब*
• *जवाफ खोज्नुपर्ने कुनै प्रश्न बाँकी छैन*
• *कारण खोज्नुपर्ने कुनै तथ्य बाँकी छैन*
• *समाधान खोज्नुपर्ने कुनै समस्या नै बाँकी छैन ।*

• •

• • *तर्कहरूले पराजय भोगेको यो क्षण !*
*बस्, तर्कहीनहरूका बीच मौनता अँगाल्नुबाहेक अर्को विकल्प छैन ।*



COMMEMORATIVE YEAR
50th
1953 - 2003
GOLDEN JUBILEE
Triumph on Everest
Be at the top with
EVEREST
BEER
EVEREST
BEER
EVEREST
BEER
50th
GOLDEN JUBILEE
EVEREST
COMMEMORATIVE YEAR
50th
1953 - 2003
GOLDEN JUBILEE
Special
Limited Edition
EVEREST
Premium Lager Beer
"The Great Nepalese Beer" from Mt. Everest Brewery (P) Ltd.


IMAGE
CHANNEL
Available in over 70 countries | On-Air 24 X 7